२८५
भक्तपुर मासिक
Bhaktapur Monthly
साउन २०७७
ISSN 2705-4454
9 772705 445004



# वाकुपतिको फल्चा उद्घाटन

- प्रमुख सुनिल प्रजापतिसँगको अन्तरवार्ता
- नेपाली समाजको संरचना
- ज्यापू जातिको अर्थ र उत्पत्ति
- कानुन नै सबथोक हो र ?
- तुछिमलाको ऐतिहासिक विश्वकर्मा द्यःछँ
- सलह कीरा र व्यवस्थापन
- जङ्क खाना
- भक्तपुर नपाका गतिविधिहरू



नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छेँबाट कमलविनायकमा निर्माणाधीन बालउद्यानको निरीक्षण । (साउन ४ गते)



भक्तपुर नपा प्रमुख सुनिल प्रजापति तुछिमलास्थित ऐतिहासिक विश्वकर्मा आगंछें पुन:निर्माणको शिलान्यास गर्नुहुँदै । (असार ३० गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१०  फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

# भक्तपुर

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४०  म.पु.जि.हु.का.द.नं.१/०६१/०६२

वर्ष ३७ ★ अङ्क ९ ★ नेसं ११४० ★ विसं २०७७ साउन ★ A.D.2020

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)






'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

## ‘निर्लज्जको नाक नै हुँदैन, के काट्छौ !’

- सुकरात

### यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | ‘सम्पदा संरक्षणमा श्रमदान र आर्थिक सहयोग गर्नु भक्तपुरवासीको विशेषता’ | प्रमुख प्रजापति | ३ |
| २) | ‘क्यान्सर अस्पतालमा उपचारको अभाव भए पुरानो व्यवस्थापन समिति जिम्मेवार हुनेछ’ | प्रमुख प्रजापति | ५ |
| ३) | सिङ्गो समाज र देश बनाउन अगाडि बढ्ने अपेक्षा | प्रमुख सुनिल प्रजापति | ६ |
| ४) | सम्झनामा प्रद्युम्न प्रजापति (राजा दाइ) | सुनिल प्रजापति | ७ |
| ५) | ज्यापू जातिको अर्थ र उत्पत्ति | डा. हरिराम सुवाल | ९ |
| ६) | कानुन नै सबथोक हो र ? | रसिक | १३ |
| ७) | नेपाली समाजको संरचना | डा. बलराम कायस्थ | १६ |
| ८) | तुछिमलाको ऐतिहासिक विश्वकर्मा द्यःछेँ | ओम धौभडेल | १९ |
| ९) | जङ्क खाना | राजेन्द्रबहादुर कायष्ठ | २३ |
| १०) | सलह कीरा र व्यवस्थापन | सबिन ख्याजू | २६ |
| ११) | ‘विदेशीको सहयोग नलिँदैमा भक्तपुरको सम्पदा संरक्षण रोकिनेछैन’ | केशव तमखु | २८ |
| १२) | वाकुपति चाँगुनारायण मन्दिरः एक परिचय | हिना सुवाल | ३० |
| १३) | सम्पदा पुनर्निर्माणमा भक्तपुर मोडल | सुदर्शन अर्याल | ३१ |
| १४) | क्युवाली चिकित्सकहरू आफ्नो ज्यान जोखिममा राखेर संसारका जनताको सेवा गर्दैछन्’ | प्रमुख सुनिल प्रजापति | ३३ |
| १५) | स्वास्थ्यकर्मीहरूबीच अन्तरक्रिया (दुई मन्तव्य) | – | ३५ |
| १६) | भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ४३ |
| १७) | गाईजात्रा पर्वबारे नगर प्रमुख सुनिल प्रजापतिको सन्देश | – | ७१ |
| १८) | भक्तपुर नपाद्वारा गाईजात्रा पर्व २०७७ सञ्चालनबारे सरोकारवालाहरूसँग छलफल | – | ७५ |
| १९) | अपराधीलाई राजनैतिक संरक्षण दिने प्रवृत्ति भएसम्म भ्रष्टाचार नियन्त्रण नहुने | – | ७६ |
| २०) | राष्ट्रिय परिचयपत्र नागरिकतासँग जोडिएकोले सचेत हुनुपर्ने | – | ७९ |
| २१) | चिनियाँ कम्युनिष्ट पार्टीबाट प्राप्त सर्जिकल मास्क हस्तान्तरण | – | ८३ |
| २२) | समाजवादी देश महामारी नियन्त्रणमा सफल | – | ८७ |
| २३) | भक्तपुर नपालाई संस्थागत विद्यालयहरूको ध्यानाकर्षणपत्र | – | ८९ |
| २४) | ख्वप इन्जिनियरिङ कलेजका नयाँ विद्यार्थीहरूलाई अनलाइन अभिमुखीकरण | – | ९० |
| २५) | ३१८ वर्ष पुरानो ऐतिहासिक विश्वकर्मा आगंछेँको शिलान्यास | – | ९१ |
| २६) | वाकुपति नारायणका पाटी र ढुङ्गेधाराको उद्घाटन | – | ९२ |
| २७) | पूर्व वडाध्यक्ष प्रद्युम्न प्रजापतिको निधन | – | ९३ |
| २८) | ‘ख्वपको पहिचान’ सन्दर्भसामग्री सार्वजनिकीकरण | – | ९६ |
| २९) | भ्रष्टाचारविरोधी दिवसमा विविध कार्यक्रम | – | ९८ |
| ३०) | ङातापोल निर्माण कथा (५) | डा. जनकलाल वैद्य | १०२ |
| ३१) | सरकारको कार्य उल्टो ? (सम्पादकको पृष्ठ) | – | ११६ |

**साथमा :** बसिबियाँलो–२२/प्रकोप व्यवस्थापन कोषमा सहयोग गर्नेहरूको नामावली–३९/नेपालमा कोराना सङ्क्रमण–४०/विश्वमा कोभिड–१९ को स्थिति–४१/गाईजात्रा व्यवस्थापनका लागि स्वयम्सेवक इन्चार्ज बैठक–७२/गाईजात्रा प्रदक्षिणा मार्ग निरीक्षण–७२/गाईजात्रा पर्व सुरक्षित र औपचारिकतामा सीमित गरी मनाउन वडावासी भेला–७३/गाईजात्रा पर्वलाई औपचारिकतामा सीमित गर्नु समयको आवश्यकता–७४/भक्तपुर नगरका आधारभूत विद्यालयहरूको प्रतिवेदन हस्तान्तरण–७७/बजार अनुगमन–७७/ऐतिहासिक एवम् सांस्कृतिक पञ्चदान पर्व स्थगित गर्ने निर्णय–७८/‘वाटर रेस्क्यु ड्रिल’ अभ्यासका प्रशिक्षक तथा प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण–७८/नेपाल क्रान्तिकारी किसान सङ्घ ५३ औँ वर्षमा प्रवेश–८०/भनपाका प्रमुख प्रजापतिसित तुल्सीपुर उपमहा नपाका प्रमुख पाण्डेको भेट–८१/उच्च जोखिमकै बीचमा लकडाउन अन्त्य–८२/वडा नं. १० मा वडावासीको भेला–८५/वन्ती पाटी शिलान्यास–८५/माहेश्वरी दूब्यंके फल्चाको शिलान्यास–८६/फोटो प्रतियोगिताको पुरस्कार वितरण–८८/‘यो ‘ट्रम्प भाइरस’ हो’–८९/शुल्क नउठाउन र क्षतिपूर्ति दिन आग्रह–९०/श्रद्धाञ्जली सभा–९३/यस वर्षको गुँला पर्व स्थगित–९४/सलह कीराबाट बालीमा हुने प्रकोपबारे प्रवचन –९४/स्थानीय पाठ्यक्रमको सन्दर्भ सामग्री ‘ख्वपको पहिचान’ का लेखकहरूसँग छलफल–९५/कीटजन्य रोगहरूबारे अभिमुखीकरण –९५/भक्तपुर नपा पूर्ण खोप सुनिश्चित घोषणा हुँदै–९७/महाकाली क्षेत्र संरक्षण समितिको साधारणसभा –९७/प्रमुख प्रजापतिद्वारा दुई दिने प्राथमिक उपचार तालिम उद्घाटन–९९/सरिता गिरी पार्टीबाट निष्काशित–९९/एमसीसीबाट अमेरिकी कानुनले बाँधिन्दैन रे–१००/स्थानीय सरकार सञ्चालन ऐन, २०७४(९)–१०७/ओलफिल–१०८/पर्यटक तथ्याङ्क (वार्षिक)–१०९ ।

अन्तर्वार्ता

# ‘सम्पदा संरक्षणमा श्रमदान र आर्थिक सहयोग गर्नु भक्तपुरवासीको विशेषता’

- प्रमुख सुनिल प्रजापति

***प्रश्न : भक्तपुरका सम्पदाहरूको पुनःनिर्माणको स्थिति के कस्तो रहेको छ ?***

**उत्तर** - भक्तपुर २०७२ सालको भूकम्पले नराम्ररी क्षति पुऱ्याएको जिल्ला मध्ये एक हो । भक्तपुर नगरपालिका क्षेत्रभित्र मात्रै आठ हजार घरमा आंशिक र पूर्ण क्षति भएको थियो भने ११५ ओटाभन्दा बढी महत्त्वपूर्ण सम्पदाहरू आंशिक र पूर्ण क्षति पुगेको थियो । भूकम्प गएको ५ वर्ष बित्यो । लाभग्राही सूचीमा सूचीकृत मध्ये ५६८७ परिवारले पहिलो किस्ता लिएको, दोश्रो किस्ता लिएको जम्मा २०६० र तेस्रो किस्ता लिनेहरूको सङ्ख्या १८७५ रहेको छ । त्यसै गरी सम्पदाहरूमा ९५ ओटाभन्दा बढी सम्पन्न भइसकेको छ भने अरू दर्जनौं सम्पदाहरूको पुनः निर्माण कार्य जारी छ ।

***प्रश्न : भक्तपुर नगरभित्रका २०७२ सालको भूकम्पमा धेरै निजी घरहरूमा क्षति पुगेको तथ्याङ्क छ । भक्तपुरका निजी घर पुनः निर्माण कार्य ढिलाइ हुनुमा के-कस्ता कारणहरू छन् ?***

**उत्तर** - निजी घरहरू पुनःनिर्माण ढिलाइ भइरहेको सत्य हो । ढिलाइको प्रमुखकारणहरूमा भत्केको घरमा बहुस्वामित्व कायम हुनु, अनुदान रकम किस्ताबन्दीमा दिनु, अनुदान कम हुनु र दर्ताबिनाको जग्गामा घर निर्माण हुनु तथा गुथि र मोहियानी हकको जग्गामा घर बनाएर बस्नु हो । विभिन्न कारणले कतिपय घर धनीहरूले जग्गा धनी प्रमाण पुर्जा पेश गर्न नसक्दा धेरै पीडितहरू अनुदान पाउनबाट बञ्चित भए ।

छिटै घर बनाउन दिने सहज उपाय भनेको बहुस्वामित्वको घरमा जति जनाको स्वामित्व छ सबैलाई समान रूपमा अनुदानको व्यवस्था गर्ने, बाँकी रकम एकै किस्तामा दिने, अनुदान रकम वृद्धी गर्ने र नगरपालिकाले गरेको सरजमिनलाई आधारमानी जग्गाधनी पूर्जा नभए पनि अनुदान उपलब्ध गराउने हो ।

***प्रश्न : देशकै अग्लो भक्तपुरको ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धार कार्य चालु अवस्थामा रहेको छ । यसको हाल कसरी निर्माण भइरहेको छ ?***



**उत्तर** - ङातापोल मन्दिर जीर्णोद्धार अन्तिम चरणमा पुगेको छ । २०७२ सालको भूकम्पले ङातापोलको पहिलो तलामा नराम्ररी क्षति पुऱ्यायो । नगरपालिकाले प्राविधिकमार्फत क्षति विश्लेषण गर्न लगायो । प्राविधिकहरूको प्रतिवेदनको आधारमा जीर्णोद्धार गर्न रू ६५ लाख १३ हजारको लागत इष्टमेट स्वीकृत गऱ्यो ।

विश्व सम्पदा सूचीमा सूचीकृत देशकै महत्त्वपूर्ण सम्पदा हुँदा ङातापोल जीर्णोद्धारको लागि विभिन्न चार ओटा समितिहरू गठन गरियो–पहिलो नगर प्रमुखको संयोजकत्वमा ङातापोल जीर्णोद्धार निर्देशक समिति, दोश्रो केशव तमखुको संयोजकत्वमा उपभोक्ता समिति, वडा सदस्य बलराम न्हिसुतुको संयोजकत्वमा अनुगमन समिति र ख्वप कलेज अफ इन्जिनियरिङका पूर्व प्राचार्य चन्द्रकिरण कवाँको संयोजकत्वमा प्राविधिक समिति ।

निर्देशक समितिको निर्देशन र प्राविधिक समितिको सुपरिक्षणमा स्थानीय उपभोक्ता समितिमार्फत ङतापोलको जीर्णोद्धार भएको हो ।

***प्रश्न : कति लागत इष्टिमेटमा ङातापोल मन्दिर पुनः निर्माण हुने अपेक्षा गरिएको थियो ?***

**उत्तर** - भक्तपुर नगरपालिकाका प्राविधिकहरूका अनुसार रू ६५ लाख १३ हजारमा जीर्णोद्धार सम्पन्न हुने अपेक्षा

थियो । तर स्थानीय जनताको अपार सहयोगले लगत इष्टिमेट भन्दा निकै थोरै रकमले सम्पन्न हुँदैछ ।

***प्रश्न : ङातापोल मन्दिर जीर्णोद्धारमा देखिएको जनश्रमदानबारे केही बताइदिनुहुन्छ कि ?***

**उत्तर** - ङातापोल जीर्णोद्धार निर्देशन समितिले जीर्णोद्धारको लागि आर्थिक सहयोग र जनश्रमदान गर्न आह्वान गऱ्यो । टोल टोलमा जनताबीच सम्पदाको महत्त्वबारे बुझाउने कार्य गऱ्यो । त्यही आधारमा जनताले लकडाउनको बेला समेत आफ्नो व्यक्तिगत स्वास्थ्यलाई ध्यान दिएर श्रमदान गरे । अहिले सम्ममा झण्डै चार हजार व्यक्तिले श्रमदान गरिसके भने १२ लाखभन्दा बढी रकम चन्दा स्वरूप सङ्कलन भइसकेको छ । ईँटा, झिङ्गटी, बाँस जस्ता जिन्सी सामान सहयोग गर्ने पनि कम छैनन् ।

***प्रश्न : हुन त हाल बाँसको प्रयोग गरी जीर्णोद्धार भइरहेको छ । आधुनिक युगमा पनि बाँसको प्रयोग गर्नुको मुख्य कारण के होला ?***

**उत्तर** - बाँस भक्तपुरमै पाइने स्थानीय वस्तु हो । ङातापोल मात्रै होइन, भैरवनाथको मन्दिरलगायत अरू सम्पदा पुनः निर्माण गर्न समेत बाँसकै प्रयोग गरिएको थियो । यो हाम्रो मौलिक प्रविधि हो र यस्तो प्रविधिले हाम्रो मौलिकता जोगाउन मदत पुऱ्याउन्छ र नगरपालिकाको पैसा बाहिर जाँदैन ।

***प्रश्न : ङातापोल मन्दिर पुनःनिर्माणबारे संस्कृतिविद् एवम् इतिहासविद्हरूको धारणा के कस्तो रहेको छ ?***

**उत्तर** - जीर्णोद्धार गर्नु अघि भक्तपुर नगरपालिकाले इतिहासविद्, संस्कृतिविद्, पुरातत्त्वविद्लगायत सम्पदासँग सम्बन्धित सरोकारवालाहरू बोलाई ङातापोलबारे अन्तरक्रिया छलफल कार्यक्रम गरेको थियो । उहाँहरूको राय, सुझावअनुसार नै जीर्णोद्धार कार्य अगाडि बढाइएको हो ।

***प्रश्न : विश्व सम्पदा सूचीमा सूचीकृत यस मन्दिरको जीर्णोद्धार गर्न पाउँदा कस्तो महसुस गर्नुभएको छ ?***

**उत्तर** - विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदा जीर्णोद्धारको अवसर प्राप्त भएकोमा हामी अत्यन्त खुशी छौँ । हाम्रो सम्पदा हामी आफै पुनःनिर्माण/जीर्णोद्धार गरौँ ! भन्ने नगरपालिकाको भावनालाई आत्मसात गर्दै स्थानीय जनताले श्रमदान र आर्थिक सहयोग गरेकोमा हामी झनै खुशी छौँ । सम्पदा पुनःनिर्माणमा यसरी नै श्रमदान र आर्थिक सहयोगको भावनालाई निरन्तरता दिनुपर्छ । यो हामी भक्तपुरवासीहरूको विशेषता हो ।

***प्रश्न : भूकम्प गएको ४ वर्ष बितिसक्यो, किन यसको पुनःनिर्माण ढिलो हुन गएको ?***

**उत्तर** - भूकम्प गएको ५ वर्ष बितिसक्दा पनि सरकारको नीतिगत कमजोरीको कारण अझै गरिब जनताले घर बनाउन सकेका छैनन् । अब कमी कमजोरीलाई सुधार गर्दै पुनःनिर्माण तीव्र गतिमा सम्पन्न गर्नेतर्फ जोड दिनुपर्छ ।

***प्रश्न : भक्तपुर नगरपालिकाले सम्पदाहरूको मौलिकता गुम्न नदिन स्थानीय प्रविधिक र स्थानीय निर्माण सामग्रीको प्रयोग र सस्तो तथा गुणस्तरीय निर्माणको लागि सम्पदा पुनःनिर्माण लगायत पूर्वाधार निर्माणको काम स्थानीय उपभोक्ता समितिमार्फत गर्दै आएको हो ।***

**उत्तर** - ङातापोल जीर्णोद्धारको कार्यमा सहयोग गर्ने तमाम जन प्रतिनिधिहरू, निर्देशक समितिमा बसेर सहयोग सबै सदस्यज्यूहरू, उपभोक्ता समिति र प्राविधिक समितिमा बसेर सहयोग गर्ने तथा जनश्रमदान र आर्थिक तथा जिन्सी सहयोग गर्ने, सुरक्षामा विशेष ध्यान दिने जिल्ला प्रशासन कार्यालय भक्तपुर, महानगरीय प्रहरी परिसर भक्तपुरलगायत प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्ने सबैलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

*(भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसँग ङातापोँल मन्दिर जीर्णोद्धारमा केन्द्रित अन्तरवार्ता)*

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

'मजदुर' दैनिकसँग कुराकानी

# 'क्यान्सर अस्पतालमा उपचारको अभाव भए पुरानो व्यवस्थापन समिति जिम्मेवार हुनेछ'

*(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भक्तपुर क्यान्सर अस्पताल सञ्चालन र अस्पतालको पछिल्लो अवस्थाबारे 'मजदुर' दैनिकले असार २४ मा गरेको कुराकानी ।)*

**'मजदुर'** – *भक्तपुर क्यान्सर अस्पतालका कर्मचारीहरूमा कोभिड – १९ सङ्क्रमण देखिएको छ । यसमा अस्पतालको प्रबन्धमा कमजोरी भएको मान्न सकिँदैन र ?*

**सुनिल प्रजापति** – अस्पतालका चिकित्सक, नर्स र कर्मचारीहरूलाई तलब खुवाउन समस्या छ । लकडाउनको कारण आम्दानी कम भएपछि बिरामीहरूको सेवा गर्ने उद्देश्यले केही बढी बिरामीहरू जाँच्न थालियो । सायद त्यसैले सङ्क्रमण भएर २०७७ असार २२ गते त्यहाँ कार्यरत ४ जना कर्मचारीहरूमा कोरोना पोजिटिभ देखिएको छ । ती कर्मचारीहरूलाई क्वारेन्टिनमा राखिएको छ । तर, अस्पतालको समस्या समाधान भएन ।

अस्पताल राम्रोसँग सञ्चालन गरी समाजको सेवा गर्ने उद्देश्यले नगरपालिकाले व्यवस्थापन समिति गठन गरेको हो । सर्वोच्च अदालतका न्यायाधीशहरूले अस्पतालको अवस्था नबुझी आदेश जारी गर्दा आज बिरामीहरूले दुःख पाइरहेका छन् ।

क्यान्सर अस्पतालमा उपचारको अभावमा कसैको ज्यान गएमा वा कुनै घटना घटेमा पुरानो व्यवस्थापन समितिका पदाधिकारीहरूले जिम्मेवारी लिनुपर्छ । नगरपालिकाको जग्गा र पैसा खर्च गरी बनाइएको अस्पताल कुनै व्यक्ति वा संस्थाको एकलौटी बनाउनु गलत हो । क्यान्सर अस्पताल सारा जनताको साझा सम्पत्ति हो, साझा बनाउन निरन्तर नगरपालिकाले पहल गरिरहेको छ ।

**'मजदुर'** – *अस्पतालका बारेमा भक्तपुर नगरपालिकाको ध्यान त गएको छ तर सङ्घीय सरकारले ध्यान दिएजस्तो लाग्दैन । किन होला ?*

**सुनिल प्रजापति** – क्यान्सर अस्पतालमा भइरहेको आर्थिक अनियमितताबारे *सङ्घीय* संसदमा समेत पटक – पटक कुरा उठिसकेको छ । स्वास्थ्यमन्त्रीलाई पनि यसबारे यथार्थ जानकारी गराइसकिएको छ । त्यसको निकास दिन ढिलाइ गर्नुहुँदैन । *सङ्घीय* सरकारले तत्काल समस्या समाधानमा पहल गर्नुपर्छ ।

**'मजदुर'** – *अस्पताल सुचारू रूपमा सञ्चालन गर्न भक्तपुर नगरपालिकाले के के कोसिस गर्‍यो ?*

**सुनिल प्रजापति** – क्यान्सर अस्पतालमा भइरहेका करोडौँको भ्रष्टाचारका समाचारहरू पत्रपत्रिकामा आएपछि नगरपालिकाको तर्फबाट सो सम्बन्धमा सत्यतथ्य बुझ्न तत्कालीन व्यवस्थापन समितिका पदाधिकारीहरूसँग सम्पर्क गर्ने कोसिस भयो । तर, कुनै पनि पदाधिकारी नगरपालिकाको सम्पर्कमा आउन चाहेनन् ।

अस्पतालभित्र भ्रष्टाचारी पदाधिकारीविरुद्ध आक्रोश बढ्न थालिसकेको थियो । तत्कालीन व्यवस्थापन समितिका पदाधिकारीहरूलाई अस्पताल हाताभित्रै छिर्न नदिने नीति कर्मचारीहरूले लिएका थिए । अस्पतालमा कार्यरत डाक्टर, नर्स र कर्मचारीहरूले नगरपालिकाले नै अस्पताल व्यवस्थापनको जिम्मा लिन लिखित आग्रह र स्थानीय जनताले क्यान्सर अस्पताल व्यवस्थापनमा नगरपालिकाले ध्यान दिन आग्रह गरेपश्चात् २०७६ साउन ३० गते नगर प्रमुखको संयोजकत्वमा क्यान्सर अस्पताल व्यवस्थापन समिति गठन गरी कार्य सञ्चालन गरियो ।

**'मजदुर'** – *क्यान्सर अस्पतालको व्यवस्थापनमा भनपाको अड्चन छ भन्ने प्रचारबाजीमा यहाँ के भन्नुहुन्छ ?*

**सुनिल प्रजापति** – भदौ २ गते नयाँ व्यवस्थापन समितिले क्यान्सर अस्पतालमा भइरहेको भ्रष्टाचारबारे छानबिन गर्न समिति गठन गर्‍यो र तत्कालीन व्यवस्थापन समितिले गरेका सबै निर्णयहरू अध्ययन गरी कारबाहीको प्रक्रिया अगाडि बढायो । ती पदाधिकारीहरू आत्तिए । तिनीहरूले नगरपालिकाको कामलाई रोक्न विभिन्न शक्तिकेन्द्रहरूमा दौडधूप गरे ।

सँगै भदौ ४ गते सर्वोच्च अदालतमा नगरपालिकाले गठन गरेको अस्पताल व्यवस्थापन समितिविरुद्ध रिट दायर गरे । सर्वोच्च अदालतले दुवै पक्षको कुरा सुनेर अन्तरिम आदेश जारी गर्न आवश्यक भए नभएको ठहर गर्नुपर्नेमा भदौ १० गते नगरपालिकाद्वारा गठित व्यवस्थापन समितिलाई कुनै पनि काम नगर्न आदेश दियो । त्यसपछि नगरपालिकालाई काम गर्न अवरोध भयो ।

**अभिमुखीकरण कार्यक्रम**

# सिङ्गो समाज र देश बनाउन अगाडि बढ्ने अपेक्षा

*(ख्वप इञ्जिनियरिङ कलेजका स्नातकोत्तर तहका 'भूकम्प इञ्जिनियरिङ' र 'सहरी डिजाइन तथा संरक्षण' तथा शैक्षिक कार्यक्रममा भर्ना भएका नयाँ विद्यार्थीहरूको अभिमुखीकरण कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिको मन्तव्य)*

सर्व प्रथम भक्तपुर नगरपालिकालाई विश्वास गरी नगरपालिकाद्वारा सञ्चालित ख्वप ईञ्जिनियरिङ कलेजमा माष्टर तहमा अध्ययन गर्न भर्ना हुनु भएका तमाम साथीहरूलाई नगरपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दछु र यहाँहरू सबैलाई आ–आफ्नो विषयमा सफलता मिलोस् भनी शुभकामना पनि व्यक्त गर्दछु।

अहिले सिङ्गो विश्व कोरोना सङ्क्रमणबाट आक्रान्त छ। नेपालमा पनि २०७६ चैत्र ११ गतेदेखि लकडाउन भएकोमा अहिले केही खुकुलो पार्दै लगिएको अवस्था छ। यद्यपि सङ्क्रमणको सङ्ख्या दिनानुदिन वृद्धी भइरहेको छ। हालसम्म नेपालमा सङ्क्रमितहरूको सङ्ख्या १७ हजार भन्दा बढी भइसकेको जनाइएको छ। कोरोनाविरूद्ध अहिलेसम्म कुनै औषधीसमेत पत्ता नलागेको अवस्थामा हामी सचेत भई रोगबाट बच्नु बाहेक अर्को विकल्प छैन। त्यसैले online मार्फत यो कार्यक्रम गरिरहेका छौं। वातावरण सहज नभएसम्म हाम्रा Class हरू online मार्फत नै हुनेछ।

**साथीहरू,**

भक्तपुर नगरपालिका शिक्षालाई पहिलो प्राथमिकतामा राखेर अगाडि बढिरहेको नगरपालिका हो। शिक्षाको माध्यमबाट समाजमा परिवर्तन ल्याउने उद्देश्यले नगरपालिकाले ६ वटा कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको छ। सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने हाम्रो प्रतिवद्धता हो। हालसम्म नगरपालिकाद्वारा सञ्चालित कलेजहरूबाट उत्पादित जनशक्ति तुलनात्मक रूपमा राम्रा र गुणस्तरीय रहँदै आएको छ। शिक्षकहरूको शतप्रयाश र विद्यार्थीहरूको मिहिनेतको परिणाम अहिले नगरपालिकाद्वारा सञ्चालित कलेजहरू देशका स्तरीय कलेजको रूपमा स्थापित भएका छन्। यसमा हाम्रो गर्व छ।

देशमा अहिले प्रायःसंरचनाहरू अधिकांश ठेक्कापट्टाबाट हुने गरेको छ। ती संरचनाहरूबारे बारम्बार गुणस्तरमाथि प्रश्न चिन्ह खडा भएका छन्। हिलोमा पीच गऱ्यो, पीच गरेको तीन महिना मै पानीले बगायो, गुणस्तरहीन निर्माणको कारण ढलान भत्कियो, असारे विकास आदि समाचारका शीर्षकहरू निरन्तर आइरहेको पाइन्छ। त्यस्ता हरेक समाचारसित तपाइँ जस्ता इन्जिनियर साथीहरूको नाम जोडिएकै हुन्छ। यसमा हाम्रो गम्भीर चिन्ता छ।

हामीले आफ्नो निम्ति काम गर्ने कि देश र समाजको निम्ति ? यो अहं महत्त्वको प्रश्न हो। आफ्नो निम्ति मात्रै काम गर्नेले केही वर्षमा १/२ वटा घर त बनाउलान् तर समाजको निम्ति क्षति भएको हुनसक्छ। जब हामी समाजलाई बनाउने कोसिस गर्छौं, समाज भित्रका तपाइँ पनि राम्रो हुन्छ। त्यसैले सिङ्गो समाज र देश बनाउने काममा यहाँहरू सधै अगाडि बढ्ने अपेक्षा गर्छु।

हरेक कुरामा विदेशीको मुख ताक्ने बानीको अन्त्य हुनुपर्छ। हामी नेपालीहरूमा कुनै पनि भौतिक संरचना वा कार्यक्रममा कुनै अर्को देशले सहयोग गरिदिए हुन्छ भन्ने सोच्छौं। त्यस्तो सोचले हामीलाई परनिर्भर बनाउँछ। आर्थिक प्रलोभन देखाएर हामीमाथि शासन गर्न आउनेदेखि हामी सधैँ सतर्क रहनु पर्छ।

अहिले Mcc को प्रसङ्गले देश तातेको छ। सत्तारूढदलका नेताहरूबीच नै मत भिन्नता छ। यो सम्झौता संसदले अनुमोदन गर्नु हुन्छ या हुँदैन भन्ने बारेमा तपाइँ एक ईञ्जिनियर मात्रै होइन देशभक्त नागरिक भएर सोच्न आवश्यक छ। Mcc अर्थात मिलिनियम च्यालेन्ज कर्पोरेसन अमेरिकाले अन्य देशमा आर्थिक सहयोग गर्ने उद्देश्यले स्थापना गरेको एक कम्पनी वा निगम हो। नेपाल सरकारले जुन सम्झौता गऱ्यो त्यो सम्झौतापछि अमेरिका नेपाल प्रवेश गर्न बाटो खुल्ला बन्दैछ, संसदले अनुमोदन गर्नासाथ बिना रोकतोक नेपाल प्रवेश गर्नेछ।

नेपाल एक स्वतन्त्र र सार्वभौम देश भएकोले हाम्रो देशभित्र नेपालकै संविधान र कानून लागु हुन्छ। Mcc लाई अनुमोदन गरेमा हिन्द प्रशान्त सैन्य (आइपिएस) गठबन्धनको सदस्य बन्ने पक्का छ। त्यो हाम्रो देशको असङ्लग्न परराष्ट्र नीति समेतको विपरीत हुन्छ। नेपाल र Mcc को सम्झौतामा भारतको सहमति लिनु पर्ने, अमेरिकी कम्पनीले नै हिसाब जाँच गर्ने, नियुक्तिमा उनीहरूको स्वीकृति लिनुपर्ने, नेपालको कानूनभन्दा निगम वा कम्पनीको कानून बलियो हुने जस्ता प्रावधानले हामीलाई हाम्रै देशमा शरणार्थी बनाउने छ। त्यसैले देशैभरि Mcc को विरोध भइरहेको छ। हामी सचेत र देशभक्त नागरिकको नाताले सधैँ यस्ता विषयहरूबारे चिन्तन गर्नुपर्छ।

२०७२ सालको भूकम्पपछि नेपाल सरकार र जर्मनी सरकारबीच भक्तपुरको सम्पदा पुनः निर्माणको लागि झण्डै १ अर्ब २० करोड रूपैयाँ भक्तपुरलाई सहयोग गर्ने सम्झौतामा हस्ताक्षर भएको थियो।

भूकम्प पछि १०० वटा सम्पदाहरू सम्पन्न भइसके भने दर्जनौं सम्पदा पुनःनिर्माण गर्दैछौं।

सम्झौतामा निर्देशक समितिमा उनीहरू बस्ने, निर्देशक समितिको सिफारिसमा सामान खरिद गर्नु पर्ने, सम्पदामा दण्डी र सिमेन्ट प्रयोग गर्ने, अडिट उनीहरूले नै गर्ने, मुद्दा चलेमा जर्मनी अदालतमा चल्ने जस्ता बुँदाहरूमा हामीले आपत्ति जनायौं। पछि त्यो रकम फिर्ता गयो। ती सबै सम्पदाहरू हामीले १–१ गरी जनताको सहयोगमा सम्पन्न गर्दैछौं।

स्वाभिमानी भएर बाँच्न गाह्रो हुन्छ, तर आत्मगौरव प्राप्त हुन्छ। हामीले अरूको दास भएर अधिक सुख खोज्नुभन्दा गौरवपूर्ण जीवन बिताउने बाटो अँगाल्नु पर्छ। यही नै यहाँहरूमा शुभकामना !

# सम्झनामा प्रद्युम्न प्रजापति (राजा दाइ)



सुनिल प्रजापति



स्व. प्रद्युम्न प्रजापति

गएको असार २१ गते बिहान करिब ७ बजे, मोबाइलको घण्टी बज्यो । भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वको फोन रहेछ । सधैं झैं सामान्य कुराकानी भयो । उहाँले 'नराम्रो खबर छ दाइ' भन्नुभयो । म झसङ्ग भएँ र भनें – 'के हो त्यस्तो नराम्रो ?' उहाँले एकै श्वासमा भन्नुभयो – 'प्रद्युम्न दाइ (राजा) बित्नुभयो ।'

'साँच्चै' मैले आश्चर्यजनक स्वरमा भनें । उहाँले – 'हो दाइ, काठमाडौं स्टार अस्पतालमा हिजो राती बित्नुभयो रे, अहिले पशुपति ल्याउन नगरपालिकाको शव बाहन अस्पतालतिर लाग्दैछ ।' तुरुन्त मैले वडा नं. ४ का साथीहरूसँग सम्पर्क गरें, कुरा साँचो रहेछ । त्यसपछि साथीहरूलाई जानकारी गराएँ र पशुपतितिर लागें ।

त्यहाँ भेटेका उहाँका नजिकका धेरै साथीहरूसित जानकारी लिन कोसिस गरें । हामी जसरी उहाँहरूलाई पनि प्रद्युम्न दाइको स्वास्थ्यबारे जानकारी नभएको पायौं । पार्टीका साथीहरू र टोलवासीहरू उहाँका नजिकका मित्रहरूको साथमा पार्टीको झण्डा ओढाइ अन्तिम श्रद्धाञ्जली दियौं । एक असल मित्रलाई गुमाउनुपर्दाको पीडा सहन गाह्रो हुने रहेछ ।

प्रद्युम्न दाइसँग भेटघाट नभएको पनि करिब छ महिनाजति भयो । उहाँ सडक मापदण्डको विषयलाई लिएर श्रीमतीसहित कुरा गर्न भक्तपुर नगरपालिका आउनु भएको थियो । सायद् भौतिक रूपमा उहाँसँग प्रत्यक्ष भेट त्यो नै मेरो अन्तिम रहेछ । त्यसभन्दा अघि उहाँको घरमा गइरहने र फोनमा पनि कुराकानी हुने गर्थ्यो । कान कम सुन्नु हुन्थ्यो । त्यसैले भेटेरै कुराकानी गर्नेगर्थ्यौं ।

प्रद्युम्न दाइ पार्टीका खुला गतिविधिमा सक्रिय नदेखिएपनि भूमिगत रूपमा पार्टी सङ्गठन विस्तारमा योगदान गर्ने महत्त्वपूर्ण व्यक्तित्वमध्ये एक हुनुहुन्थ्यो । पञ्चायत कालमा सम्भ्रान्त परिवारमा जन्मेर पनि उहाँले नेपाल मजदुर किसान पार्टीमा आबद्ध भएर काम गर्नुभयो । त्यसबेला उहाँले विभिन्न चुनौतीहरूको सामना गर्नुभयो । देश र जनताको सेवा गर्ने भावनाले उहाँलाई पार्टी नजिक पुऱ्यायो र निरन्तर पार्टीलाई सहयोग गर्ने तथा तराईका जिल्लाहरूमा सङ्गठन विस्तारमा सहयोग गर्नुभयो ।

तराईमा गएर पार्टी सङ्गठनमा काम गर्ने नेपाल मजदुर किसान पार्टीका साथीहरू सिराहास्थित उहाँको घरमा नपुगेको सायदै होलान् । सिराहाको लाहानदेखि ७८ किमी दक्षिण पोर्टाहामा उहाँको प्रशस्त जमिन र घर छ । राणा कालमा उहाँका पुर्खा त्यहाँका ठूला जमिनदार थिए । भक्तपुरमा पनि उब्जाउ योग्य अधिकाँश जमिन नाइके परिवारकै थियो । 'कृष्णमान नाइके' को नाम नसुन्ने कमै होलान् । राणा कालमा उहाँ र उहाँको परिवार तथा वरपर बस्नेहरूको रवाफ कस्तो थियो होला ? अहिले हामी अनुमानमात्र गर्न सक्छौं ।

त्यस्तो पारिवारिक स्थितिमा जन्मनुभएका प्रद्युम्न दाइ नेपाल मजदुर किसान पार्टीको तर्फबाट साविक वडानं १२ बाट २०३९, २०४४ र २०४९ सालमा तीन पटक वडाध्यक्ष पदमा जित्नु भयो र जनताको सेवामा लाग्नु भयो । त्यति लामो समय जन प्रतिनिधिको रूपमा काम गर्नु भए पनि उहाँ खासै विवादमा पर्नु भएन । वडाध्यक्षको रूपमा काम गर्दा सार्वजनिक जगा, घर जग्गा नामसारी, नागरिकता जस्ता विषयहरूमा अलि गम्भीर हुन सकेन भने जनप्रतिनिधिहरू विवादमा पर्ने गर्छन् ।

गलत मनसाय नभए पनि सिफारिसको प्रकृतिले विवादमा परेका थुप्रै साथीहरू हुनुहुन्छ । सार्वजनिक सरोकारसित सम्बन्धित हरेक विषयमा साथीहरूसित छलफल गर्ने उहाँको बानी थियो । मैले उहाँसँग २०४४ र २०४९ गरी दुइ कार्यकाल सँगै वडाध्यक्ष भएर काम गर्ने अवसर पाएँ । म त्यसबेला वडा नं. २ (हाल वडा नं. ८) बाट वडाध्यक्ष पदमा निर्वाचित थिएँ ।

भनिन्छ, सङ्कटको बेला साथीहरूको पहिचान हुन्छ । सङ्कटमा सहयोग गर्नेमात्रै असल मित्र हुन्छ । २०४५ साल भदौ ५ गते बिहान अन्दाजी ५:०० बजेतिर ठूलो भूकम्प गयो । भक्तपुरमा धेरै धनजनको क्षति भयो । तत्कालीन प्रधानपञ्च आशाकाजी बासुकलाले बिहान ८.० बजेतिर नगरपंचायतको आपत्कालीन बैठक बोलाउनुभयो । नगरभरि सबैतिर घरहरू भत्केका थिए । रुवाबासी चलिरहेको थियो । यसैबीच प्रधानपंच आशाकाजी बासुकलाको अध्यक्षतामा नगरपालिका बोर्ड बैठक बस्यो र भूकम्प पीडितहरूलाई राहत वितरण गर्ने निर्णय गऱ्यो । कार्यालयमा कर्मचारी आउने र बैंकहरू खुल्ने सम्भावना थिएन । राहत वितरणको लागि रकम सापटीको कुरा उठ्यो । त्यसबेला प्रद्युम्न दाइ अग्रसर हुनुभयो । कति चाहिने ? कसैले प्रश्न गर्नुभयो । 'दुई लाखजति' – उत्तर प्रधानपञ्च आशाकाजी बासुकलाको थियो ।

उहाँ बाहेक त्यत्रो रकम सहयोग गर्न सक्ने त्यसबेला बोर्ड बैठकमा उपस्थितमध्ये कोही थिएनन् । उहाँले एक जना साथीसित घर गएर रकम ल्याएर दिनुभयो । तुरुन्तै दालमोठ, च्युरा र अन्य खाद्य वस्तुहरू खरिद गरी टोल–टोलमा जनप्रतिनिधिहरू गएर राहत वितरण गऱ्यौँ । जनप्रतिनिधि, पार्टी कार्यकर्ताहरू र जनताका धेरै घरहरू भत्केको हुँदा सबै कार्यकर्ताहरू एक आपसमा सहयोगी भावनाले काम गर्दै गयौँ ।

भदौ ९ गते 'भक्तपुर काण्ड' भयो । तत्कालीन सरकारको नियोजित षड्यन्त्रमा का. रोहितलगायत धेरै नेता, कार्यकर्ताहरू कर्तव्य ज्यानको अभियोगमा जेल पर्नुभयो । कयौँ साथीहरू भूमिगत बस्नुभयो भने कति साथीहरूले प्रवास जीवन बिताउनुपऱ्यो । त्यस्तो कठिन समयमा समेत प्रद्युम्न दाइ विचलित हुनुभएन । दुःखमा परेका साथीहरूलाई प्रत्यक्ष परोक्ष रूपले सहयोग गर्नुभयो । कति आफूलाई क्रान्तिकारी दाबी गर्नेहरू समेत पञ्चायतको झन्डा बोकेर पार्टीलाई धोखा दिएको बेला पार्टीप्रतिको अटल विश्वासमा उहाँ दृढ रहनुभयो ।

त्यसबेला निर्वाचित नगरपञ्चायत भङ्ग गरी मण्डलेहरूको समिति गठन गरी नगर पञ्चायत सञ्चालन गऱ्यो । मण्डलेहरूको हातबाट उहाँले भूकम्पकोबेला नगरपंचायतलाई दिएको सापटी पैसा फिर्ता लिनुभएन । २०४९ सालको निर्वाचनपछि उहाँसहित नेमकिपाका जनप्रतिनिधिहरू निर्वाचित भएपछि मात्रै रकम फिर्ता लिनुभयो । यही नै उहाँको त्याग, समर्पण र समाज सेवाको भावनाको एक उदाहरण हो । उहाँले जनता आपत्मा पर्दा गर्नुभएको अमूल्य सहयोगको हामीले उच्च मूल्याङ्कन गर्नु पर्दछ र उच्च सम्मान प्रकट गर्नुपर्छ ।

पार्टीप्रतिको निष्ठा र जनताको सेवा गर्ने भावनाको सम्मान गर्दै नेपाल मजदुर किसान पार्टीले उहाँलाई २०५६ सालको संसदीय निर्वाचनमा नेपाल मजदुर किसान पार्टीको तर्फबाट सिराहा जिल्लाबाट उम्मेद्वार बनाउने निर्णय गऱ्यो । त्यतिबेला माओवादी सशस्त्र सङ्घर्ष चर्किरहेको थियो । माओवादी धम्की र अराजकताबीच संसदको उम्मेदवार बन्नु कम चुनौतिपूर्ण थिएन । माओवादीहरूले उम्मेदवारहरूलाई छानीछानी कार्बाहीको सार्वजनिक घोषणा गरिएको अवस्था थियो । कयौं उम्मेदवारहरूलाई भौतिक आक्रमणसमेत गरिरहेको थियो । त्यस्तो कठिन स्थितिमा समेत उहाँले पार्टीको निर्देशन पालना गरेर उम्मेदवार बन्न तयार हुनुभयो । निर्वाचनपछि उहाँलाई माओवादीको नाउँबाट धेरै पटक दुःख दिए । उहाँको सिराहास्थित घर लुटियो । त्यसक्रममा उहाँको मोटरसाइकल लुटेर लगे । संसद पुनःस्थापनापछि उहाँले त्यो कुरा पार्टीसमक्ष राख्नुभयो । माओवादी नेताहरूसँग कुराकानीपछि त्यहाँका एरिया कमाण्डरसँग छलफल गरेर मोटरसाइकल फिर्ता लिनुभयो । त्यसबेला हामी पनि लाहान पुगेका थियौँ ।

आफ्नो व्यक्तिगत फाइदाको निम्ति उहाँले कहिल्यै केही कुरा गर्नु भएन । पार्टी र कार्यकर्तालाई सङ्कट पर्दा सधैँ उहाँले सहयोग गर्नुभयो । उहाँ औपचारिक रूपमा नेमकिपाको कुनै पदमा नरहे पनि पार्टीका एक जिम्मेवार, कर्मठ र अनुशासित कार्यकर्ताको रूपमा भूमिका निर्वाह गर्नुभयो ।

जीवनको महत्त्वपूर्ण समय पार्टी, देश र समाजको निम्ति योगदान गर्नु हुने प्रद्युम्न दाईको पार्थिव शरीर हाम्रो सामु नभए पनि उहाँले आफ्नो जीवनमा गर्नुभएका जनसेवाका कार्यहरूले उहाँलाई हामी सम्झिरहने छौँ । का. प्रद्युम्न प्रजापतिलाई हार्दिक श्रद्धाञ्जली !

कोरोनाबाट बच्न पटक पटक
साबुन पानीले हात धोऔं ।
शारीरिक दूरी कायम गरौं ।

# ज्यापू जातिको अर्थ र उत्पत्ति



डा. हरिराम सुवाल

नेवार समुदायमा पनि ज्यापू अलग्गै जातिको रूपमा रहेको छ । **कर्कपेत्रिक** (William J. Kirkpatrick) का अनुसार The Newars are divided into several casts or orders, most of which derive their origin, like those among the more ancient Hindoos, from a primitive classification according to trades and occupations. I reserve an enumeration of these, as well as a full account of the history, religion, government, customs, and manners of the Newar……

(नेवारहरू विभिन्न जातजाति र वर्णहरूमा विभाजित छन् । प्राचीन हिन्दु संस्कार र प्राचीनतम व्यापार र पेशा अनुसार जातजाति कायम भएका छन् । मैले इतिहास, धर्म, सरकार, प्रथा, नेवारहरूको रहनसहनबाट ब्याख्या गरेको....) (Kirkpatrick, 2007, p. 184). शाब्दिक रूपबाट हेर्दा ज्यापूको अर्थ अलग्ग छ । "ज्या" को अर्थ "काम" र "पु" को अर्थ "बीउ" अर्थात् "कामको बीउ" भन्ने अर्थ लाग्दछ । कामको बीउ भन्नाले कर्मठ वा कार्यशील वा कर्मयोगी भन्ने अर्थ लाग्दछ । "ज्यापू" शब्दले बहन गरेको अर्थले वास्तवमै पनि ज्यापूहरूको स्वभावलाई व्यक्त गर्दछन् । नभन्दै ज्यापूहरू खेतमा वर्षैभरि काममा तल्लीन भएर लाग्छन् । नेपाल भाषामा "ज्यापू" भन्नाले अलग अर्थ छ । "ज्या" भन्नाले "काम" र "पु" भन्नाले "गर्ने" भन्ने अर्थ लाग्दछ । काम गर्ने व्यक्तिलाई नै ज्यापू भनिन्छ । ज्यापूहरू खेतमा धेरै काम गर्ने भएकाले नै ज्यापू भनिएका हुन् । **तेजेश्वरबाबु ग्वंग**का अनुसार ज्यापू नितान्त उच्च घरानको शब्द भएको र ज्यापू शब्दले कृषि पेशामा दत्तचित्त रहने किसानहरू नै ज्यापू हो (ग्वंगः, २०६६, पृ. १९) । **डोरबहादुर विष्ट**काअनुसार Jyapus are the farmers of the community, whose grain and vegetable produce is seen in the market places (Bista, p. 2004, p. 23) (सुमदायको किसानसँग ज्यापूको सम्बन्ध छ जो अन्नवाली र तरकारी उत्पादन गरी बजारमा लान्छन् ।) नेवारहरूमा ज्यापू जाति निकै मिहिनेती, इमानदार र सरल प्रवृत्तिका देखिन्छन् । यिनीहरू खेतीपातीमा मात्र नभई, अन्य पेशामा पनि त्यतिकै दक्ष र सिद्धहस्त देखिएकाले ज्यापूहरू धेरै परिश्रमी भन्ने पुष्टि हुन्छ । ज्यापूहरू खेतमा मात्र नलागी व्यापार व्यवसाय क्षेत्रमा पनि लागेको देखिन्छ । अझ भन्ने हो भने ज्यापूहरूको परम्परागत पेशा व्यापार व्यवसाय हुन पुगेको देखिन्छ । काठमाडौँ उपत्यकालगायत उपत्यका बाहिरका ज्यापू जातिको अध्ययन गर्ने हो भने ज्यापूहरू कृषि पेशा र व्यापारमा निकै निपुण देखिन्छन् । त्यसकारण नेवार समुदायमा ज्यापूहरू निकै परिश्रमी जाति हुन् भन्ने कुरा पुष्टि हुन्छ । हाल काठमाडौँ उपत्यकाका ज्यापूहरूको आर्थिक स्थिति निकै राम्रो देखिन्छन् । कतिपय ज्यापूहरूले आफ्ना परम्परागत पेशा छाडेर आधुनिक पेशातिर लागेका छन् भने सरकारी सेवातिर प्रवेश गर्ने ज्यापूहरू पनि निकै देखिन्छन् । साथसाथै उच्च शिक्षा हासिल गरेका ज्यापूहरूको सङ्ख्या पनि निकै बढेको छ, जसले गर्दा ज्यापूहरूको आर्थिक स्थिति निकै सुदृढ हुनुका साथै उनीहरूको संस्कारमा पनि निकै सुधार आएको देखिन्छ । कतिपय ज्यापूहरू विदेशतिर पनि स्थायी बसोवास गर्दै आएको पाइन्छ । व्यापार व्यवसायको सिलसिलामा गएका ज्यापूहरू, उच्च शिक्षा हासिल गर्न गएका ज्यापूहरू, रोजगारीको लागि गएका ज्यापूहरू विदेशमै राम्रो अवसर आएपछि त्यही नै स्थायी बसोवास गरेको देखिन्छ । तिब्बतको ल्हासा, अमेरिका, जापान, भारतका विभिन्न प्रान्तहरूमा ज्यापूहरूको स्थायी बसोवास देखिन्छ । यसले पनि ज्यापूहरूको आर्थिक स्थिति निकै राम्रो भइसकेको आभाष हुन्छ । त्यसैले ज्यापूको जुन परम्परागत परिभाषा रहेको छ, त्यसमा हाल आएर व्यावहारिक तालमेल नमिलेको हो कि भन्ने आभाष हुन थालेको छ । तापनि ज्यापूहरूको मिहिनेत गर्ने परम्परागत प्रकृति भने यथावत नै देखिन्छ ।

नेवार समुदायको उत्पत्ति सम्बन्धमा विभिन्न मत भए जस्तै ज्यापू जातिको उत्पत्ति सम्बन्धमा विभिन्न मतहरू रहेका छन् । **तुलसीनारायण श्रेष्ठ**का अनुसार तलाउको रूपमा रहेको नेपाल उपत्यकाको पानीले चोभारको गल्छीबाट निकास पाए पश्चात् करिब तीन हजार वर्ष पहिले यहाँ मानव बस्तीको विकास भएको थियो । त्यसरी मानव बस्तीको विकासगर्ने गोपाली र महिषपालहरू नै (नेपाल भाषामा साःपु र मेःपु भनिने) वर्तमान नेवार जातिका आदिम पुर्खाहरू हुन् । यी गोपाली र महिषपाली वंशका राजाहरूले नै नेपाल उपत्यकाको

इतिहासको सुरुवातको अवधिमा नै राज्य सञ्चालन गरेका थिए। केही दशक अघिसम्म पनि साःपु र मेःपुहरूको बाक्लो बस्ती काठमाडौँको किलागल टोलमा थियो। (श्रेष्ठ, २०६६, पृ. १५-१७)। तिनीहरूका परम्परागत पेसा गाई भैँसी पाल्ने र दूध बेच्ने रहेको देखिन्छ। हाल यी साःपु र मेःपुहरू सहरका विभिन्न भागहरूमा छरिएर रहेका छन्। यिनीहरू ज्यापू जातिका अभिन्न अङ्गको रूपमा रहेका छन्। पछि किराँती शासकहरूले आफूले विस्थापित गरेका गोपाली र महिषपालीहरूका जमिन आफ्ना हात पारे र उनीहरूलाई आफ्नो जमिनमा कृषि मजदुरको रूपमा कार्य गर्न बाध्य पारे। फलस्वरूप उनीहरूको सन्तान वर्तमान ज्यापू महर्जन वर्गमा समाहित हुन पुगे (श्रेष्ठ, २०६६, पृ. १५-१७)। लिच्छविहरूको शासन पतन अगाडि काठमाडौँ उपत्यकामा किराँतहरूको शासन थियो। शासन सूत्र आफ्नो हातमा पार्न सफल भएपछि लिच्छवि र यिनीहरूसँगै आएका आर्य परिवारकै विदेहहरू अल्पसङ्ख्यक भएकाले यहाँका मूल निवासी नेपाल (वा नेपार) किराँतहरूकै भाषा, चालचलन र रीतिरिवाज अपनाउन बाध्य भएर अर्धकिराँत बने। यसरी आर्य संस्कार र किराँत संस्कारको मिलन भएर नेवारी संस्कार बन्यो। पछि भारतबाट आएका वैश्य ठकुरीहरूबाट पराजित भएका लिच्छविहरू राजकीय सेवामा सम्मिलित नगराइएका कारणले वैकल्पिक पेशाको खोजीमा लागे। शिल्प र वाणिज्यको पेशामा पहिलेदेखि नै बौद्ध धर्मावलम्बी लिच्छविहरूले आफ्नो नियन्त्रण कायम गरिसकेकोले उनीहरूसँग कठिन प्रतिस्पर्धामा सामेल हुनुको सट्टा यिनीहरू खेतीको कामतिर अग्रसर भए। वर्तमान समयमा ज्यापू समुदायका जति पनि नेवारहरू छन्, तिनमा अधिकांश यिनै लिच्छविहरूका सन्तान रहेको झलक पाइन्छ (**आचार्य**, २०५४, पृ. २६-७१)। किराँतीहरूलाई गुप्ता तथा बर्माहरूले अपदस्थ गरिसकेपछि धेरै किराँतहरू यहाँका ज्यापू समुदायमा विलय भएको विचार व्यक्त गरेका छन्। जसमध्ये कुम्हाः र अवालेहरू किराँतकै सन्तानहरू मानिन्छन् (**Tiwari**, 2002, p. 17)। किराँतहरूलाई गुप्ता तथा बर्माहरूले अपदस्थ गरिसकेपछि धेरै किराँतहरू इतिहासको विभिन्न कालखण्डमा उत्तर र दक्षिणबाट आएर भिन्नाभिन्नै भाषा तथा संस्कारका शासक वर्गहरू आफूहरू सत्ताबाट च्यूत भएपछि यहाँका आदिवासी ज्यापू समुदायमा समाहित भइगएको देखिन्छ (**खत्री**, २०७३, पृ. १६)। क्रमशः कलियुग लागेपछि, सारा राजाहरूका शिरपेचका मालाले पाउ सुहाएका श्रीमान् युधिष्ठिरको आदि राज्यमा, हिमाल पहाडको काखमा रहेको घना जङ्गल भएको भूमण्डलमा (नेपाल उपत्यकामा) प्रधान श्रीभृङ्गारेश्वर भट्टारकको प्रादुर्भाव भयो। त्यसपछि गौतम आदि ऋषिगण आई रहन लागे। अनि गौतमेश्वर आदि देवताको प्रतिष्ठा भयो। त्यसबीच श्रीभृङ्गारेश्वर भट्टारक श्लेष्मान्तक वनमा विहार गरिरहेको बेलामा गोपाल भए (**बज्राचार्य र मल्ल**, २०४१, पृ. ७३)। त्यस गोपालवंशमा पहिला राजा श्री भूमिगुप्त भए। त्यसपछि गोपाल राजालाई जिती महिषपालहरूले क्रमैले राज्य गरे (**बज्राचार्य र मल्ल**, २०४१, पृ. ७३)। यस तथ्यलाई सत्य मान्ने हो भने नेपालका पहिलो र दोस्रो शासकहरू गोपालवंशी र महिषपाल वंशी भएको पुष्टि हुन्छ। यही गोपाल वंशी र महिषपाल वंशीको पेशा गाई पाल्ने र भैँसी पाल्ने भएकोले नेपाल भाषामा साःपु र मेःपु भनिएको हो। नेपाल भाषामा साःपु भनेको गाई पाल्नेलाई भनिन्छ भने भैँसी पाल्नेलाई मेःपु भनिन्छ। ज्यापूभित्रको उपजातिहरूको विभाजन नितान्त रूपमा पेशाको आधारमा भएको देखिन्छ। जस्तै खेती काम गर्ने किसान, जग्गा नापी गर्ने डङ्गोल, धार्मिक तथा सांस्कृतिक पर्वहरूमा भुजा पकाउने सुवाल, माटोको भाँडा बनाउने कुम्हाः, झिँगटीको काम गर्ने अवाः, मुस्वां (एक प्रकारको फूल उमार्ने) मू, बुंगद्यः को रथ बनाउने ज्वाः, बुंगद्यः को रथजात्रामा घःकु राख्ने वा बाराही, गाई/ भैँसी पाल्ने साःपू/मेःपू आदि पेशाकै आधारमा विभाजित उपजातिहरू हुन् (**खत्री**, २०७३, पृ. १८)। एउटै जातिका पेशागत समूह भएर पनि स्थान विशेष तथा धर्मको आधारमा ज्यापूभित्र उच्च निचको भावनासमेत विकास भएको देखिन्छ। जस्तै : भक्तपुरका हिन्दु ज्यापूहरू समकक्ष बौद्ध ज्यापूहरूभन्दा आफूलाई उच्च ठान्दछन् र तिनीहरूसँग वैवाहिक सम्बन्ध राख्न रूचाउँदैनन् (**Nepali**, 1966, p. 167, **Toffin**, 2008, p. 187)। वर्तमान सयममा भक्तपुरमा हिन्दु ज्यापूहरूको बाहुल्यता रहेको पाइन्छ भने विशेषगरि पाटनमा बौद्ध ज्यापूहरूको बाहुल्यता रहेको पाइन्छ। इतिहासको कालखण्डमा हिन्दु र बौद्ध धर्मको प्रभाव यहाँ देखिन्छ। यसैगरी केही लेखकहरूले ग्वाः (सापू, मेपू), मू, लवत, पिही काब्जा, पुतुवार, राजथला, राजबाहक आदिलाई पनि ज्यापू जातिमा समावेश गरेका छन् (**शर्मा**, २०६३, पृ. २८)। यसैगरी नवौँ शताब्दीको अन्त्यतिर वैश्यहरूले लिच्छविहरूलाई अपदस्थ गरिसकेपछि तिनीहरूलाई ज्यापू बनाइ दिए (**आचार्य**, २००९, पृ. ११)।

यस तथ्यलाई सत्य मान्ने हो भने नेपालको पहिलो शासकहरू गोपालवंशीहरू भएबाट **ज्यापूहरूनै नेपालको पहिलो शासक भएको अनुमान गर्न सकिन्छ।** नेपालको इतिहासमा गोपालवंशी सात जना शासकहरूले शासन गरेको देखिन्छ। ती जयगुप्त, परमगुप्त, हर्षगुप्त, भीमगुप्त, मतिगुप्त, विष्णुगुप्त र यक्षगुप्त थिए (**पौडेल**, २०२०, पृ. ४५)। जसमा पहिलो राजा जयगुप्त थिए। त्यसपछि नेपालको इतिहासमा गोपालवंशपछि अहिर वा महिषपालवंशीहरू शासन सत्तामा आरोहण भएको

देखिन्छ। महिषपालवंशी राजाहरूमा श्रीवर सिंह, जयमती सिंह र भवन सिंह गरी तीनजना मात्र राजा भएको देखिन्छ (**पौडेल**, २०२०, पृ. ४५) । यसप्रकार वंशावलीअनुसार नेपालको इतिहासमा गोपालवंशी र महिषपालवंशी शासकहरूले शुरुमा शासन गरेको देखिन्छ। यिनीहरू नेवार समुदायका ज्यापू जातिसँग सम्बन्धित रहेको देखिएबाट नेपालका पहिलो शासकहरू ज्यापूहरू नै थिए भन्ने कुरा अन्य भरपर्दो प्रमाण प्राप्त नभएसम्म सजिलै अनुमान गर्न सकिन्छ।

ज्यापू जातिको उत्पत्ति सम्बन्धमा हिन्दु धर्मावलम्बीहरूको विश्वास फरक छ। हिन्दु धर्मावलम्बीहरूको विश्वासअनुसार भारतको द्वारिकाबाट भगवान् कृष्णले आफ्ना ग्वालाहरूको समूहसहित उपत्यका आई चोभारको गल्छी काटेर बस्न योग्य बनाए र आफ्नो साथमा आएका ग्वालाहरूलाई नै यहाँ बस्न लगाएका थिए। त्यस्तै बौद्ध धर्मावलम्बीहरूको विश्वासअनुसार महाचीनबाट मन्जुश्री आएर चोभारको गल्छी काटेर बस्न योग्य बनाएका थिए भन्ने भनाइ रहेको देखिन्छ। उपत्यकाको भौगोलिक अवस्था हेर्दा पनि चोभारको गल्छी काटेपछि मात्र यहाँ पानी निस्केर बस्न योग्य भएको देखिन्छ। यसरी तलाउको रूपमा रहेको उपत्यकामा सर्वप्रथम गोपालहरू नै आएर बसोवास गरेको देखिन्छ। ती गोपालहरू नै ज्यापू जातिको भएको अनुमान गर्न सकिन्छ। साथै भूगर्भविद्हरूले काठमाडौं उपत्यकाको माटोको परीक्षणबाट कुनै समयमा उपत्यकामा तलाउ रहेको कुराको पुष्टि गरेका छन्। त्यसैले हामी के अनुमान गर्न सक्दछौं भने यहाँ तलाउको रूपमा रहेका उपत्यकालाई केही कारणवस चोभारको गल्छीबाट पानी बहन गई बस्न योग्य भएको पुष्टि हुन्छ। यसरी बस्न योग्य भएपछि मानिसहरू आई बसोवास गर्न थालेका थिए। त्यसरी सबैभन्दा पहिले बस्न आएका मानिसहरू गोपालवंशीहरू रहेका जो ज्यापू जातिको भएको देखिन्छ। त्यसैले अन्य भरपर्दो प्रमाण फेला नपरेसम्म नेपालका पहिला शासकहरू ज्यापू नै भएको कुरा मान्न सकिन्छ।

ज्यापू जातिको उत्पत्ति सम्बन्धमा विज्ञहरूको फरक फरक विचार रहेको पाइन्छ। **पञ्चनारायण** महर्जनका अनुसार ज्यापू जाति नेपालका विभिन्न जातिहरूमध्ये एक हो। नेवारहरूमा ज्यापू जातिले खेतको काम गर्नेगर्दछन्। यिनीहरूको प्रकृति नै निकै मिहिनेती र लगनशील हुने गर्दछन्। यिनीहरू कहाँबाट, कसरी, कहिले नेपाल आए भन्ने सम्बन्धमा ठोस प्रमाण अहिलेसम्म भेटिएको छैन। त्यसैले कहाँबाट आए भन्ने सम्बन्धमा अनुमान बाहेक एकिनसाथ भन्न गाह्रो छ। इतिहासविद् **बाबुराम आचार्य र जगदीशचन्द्र रेग्मी**ले ज्यापूहरूको पुर्खा लिच्छविहरू भएको उल्लेख गरेका छन्। **लैनसिंह वाङ्देल**ले ज्यापू जातिको पुर्खा किराँतीहरू भएको र ज्यापू उपत्यकाका भूमिपुत्र अर्थात् आदिवासी भएको उल्लेख गरेका छन् (**महर्जन**, २०६४, पृ. १०६)। नेपालको इतिहासमा किराँतीहरूले महिषपालहरूलाई शासन सत्ताबाट हटाएर शासनसत्ता आफ्नो हातमा लिएको देखिन्छ। भाषा वंशावलीअनुसार किराँतीहरूमा जम्मा उनान्तीस जना राजाहरूले शासन गरेको देखिन्छ। जसमा हुमति, तस्क, सुयस्य, पर्व, जितेदास, पंच, कैक, स्वनन्द, थुंको, गीघ्री, जने, लुके, थोर, वर्मा, गुज, तुस्क, सुमकै, असु, संग, गुनंज, खिचु, गलिज राजा थिए (**पौडेल**, २०२०, पृ. ५०)। यिनीहरूको शासनकाल निकै सुदृढ देखिन्छ। किराँतकालीन सामाजिक व्यवस्था किराँती 'मुन्धुम' धर्मशास्त्रअनुसार हुने गर्दछन्। तर तत्कालीन शासकहरूको सम्बन्धमा प्रामाणिक अभिलेख अहिलेसम्म प्राप्त नभएकाले र वंशावलीको आधारमा मात्र भरपर्नु पर्ने बाध्यता भएको कारणले किराँतकालीन राज्य व्यवस्थाको सम्बन्धमा राम्रो विश्लेषण भएको छैन। किराँतीहरूले लामो समयसम्म नेपालको शासन सत्ता चलाएको विषयमा दुईमत छैन। यसबाट पनि उनीहरूको राज्य व्यवस्था राम्रो थियो भन्ने पुष्टि हुन्छ।

**तुलसीनारायण श्रेष्ठ**का अनुसार बाह्रौं शताब्दीको अन्त्यतिर वैश्य ठकुरीहरूलाई मल्ल वंशका राजाहरूले शासन सत्ताबाट विस्थापित गरी सम्पूर्ण शासनाधिकार आफ्नै हातमा लिए। भारतबाट नै नेपाल उपत्यका प्रवेश गरेका यी मल्ल वंशका राजाहरूले अठारौँ शताब्दीको उत्तरार्धसम्म नेपालमा शासन गरेका थिए। यी मल्ल राजाहरू राजपुत, क्षेत्री, ठकुरी नै हुन्। तथापि यिनीहरूले नेपाल भाषा र नेवारी संस्कार अङ्गीकार गरी नेवार राजपुत, क्षेत्री, ठकुरी भए र यिनीहरू नेवार राजाका रूपमा रूपान्तरण भए। यी मल्ल राजाहरूका सन्तानहरू वर्तमान नेवार समुदायको उच्च स्तरीय जातिको नेवारमा गणना भए। पृथ्वीनारायण शाहले नेपाल उपत्यकाको विजय गर्नु पूर्वसम्म पनि नेपाल राष्ट्रको खास निवासीहरूको प्रतिनिधि उपत्यका र वरपरका क्षेत्रहरूमा बसोवास गरेका नेवारहरूले गर्दै आएको कुरामा कुनै शङ्का छैन। पूर्व मध्यकालमा नेपाल उपत्यका र वरपरका क्षेत्रहरू नुवाकोट, धुलिखेल, बनेपा, दोलखा इत्यादि एउटै राज्यको रूपमा अस्तित्वमा रहेका थिए। उत्तर मध्यकालमा कान्तिपुर, भक्तपुर र ललितपुर गरी तीनवटा स्वतन्त्र राज्य उदय भएका थिए। प्रत्येक राज्य अन्तर्गत वरपरका केही गाउँ एवं क्षेत्रहरू रहेका थिए। त्यस्तै दोलखा पनि इतिहासको कुनै कालखण्डमा एउटा स्वतन्त्र नेवार राज्यको रूपमा अस्तित्वमा रहेको थियो (**श्रेष्ठ**, २०६६, पृ. १९)। यस तथ्यबाट के अनुमान गर्न सकिन्छ भने मल्लकालीन समयमा पनि नेपालको राजनीतिमा नेवारहरूले राजनैतिक सत्ता आफ्नो पकडमा राखेको देखिन्छ। नेवारहरूमा पनि ज्यापूहरू तत्कालीन समयमा राजसत्तामा महत्त्वपूर्ण भूमिकामा रहेका थिए।

**पञ्चनारायण महर्जन**का अनुसार जयस्थिति मल्लले आफ्नो शासन व्यवस्थालाई सुदृढ बनाउनको लागि भारो र भाबो गरी दुई जातमा मानिसहरूलाई बाँडेका थिए । भारो जातिले शासन समाल्ने र भाबो जातिले अरू कार्य गर्ने काम बाँडेका थिए । त्यसबेला ज्यापू जातिलाई भाबो भनिने र पछि जातीय वर्गीकरणको क्रममा त्यही भाबो जातिलाई नै ज्यापू भन्न थालेको उल्लेख छ । ज्यापू जातिलाई कामको आधारमा विभिन्न थरमा विभाजन गरिएको छ । जसमा सुवाल, प्रजापति, अवाल, डंगोल, महर्जन, ग्वाला, दुवाल, हन्जु आदि भएको उल्लेख छ (**महर्जन**, २०६४, पृ. १०६) ।

जयस्थिति मल्ल (वि.सं. १४३७–१४५३) ले तयार गरी लागू गरेको 'स्थिति' अनुसार तत्कालीन नेवार समुदायलाई ४ वर्ण ६४ जातमा विभाजन गरिएको थियो । यस्तो विभाजन विशेषतः पारिवारिक, व्यक्तिगत, वंशानुगत, पेशा र पारिवारिक वंशावलीहरूको आधारमा गरिएको थियो (**पौडेल र अन्य**, २०१३, पृ. ४७) । भाषा वंशावलीमा उल्लेख भए अनुसार जयस्थिति मल्लले ज्यापू जात ३२ थरमा विभाजन गरी कार्य विभाजन गरेको देखिन्छ । त्यसैले पनि ज्यापू समुदायमा धेरै थरहरू अहिलेसम्म पनि विद्यमान रहेका पाइन्छ (**पौडेल**, २०२०, पृ.३८) ।

**तुल्सीनारायण श्रेष्ठ**का अनुसार सत्ता प्राप्त गरिसकेपछि वैश्य ठकुरीहरूले लिच्छविहरूलाई शासन व्यवस्थाबाट पूर्ण रूपमा विस्थापित गर्नुका साथै सबै किसिमका राजनैतिक अधिकारबाट समेत वञ्चित गरेका थिए । उनीहरूलाई केवल शिल्प, व्यापार, व्यवसाय र खेतीपाती सम्बन्धी क्षेत्रहरूमा मात्र कार्यरत रहन बाध्य बनाइयो । फलस्वरूप कालान्तरमा ती लिच्छविहरू पनि ज्यापू जातिमा समाहित हुन पुगे (**पौडेल, टण्डन, भट्टराई, चौधरी, शर्मा, बिसुखें र अन्य**, २०१३, पृ. ४७) ।

नेपालको इतिहासमा आधुनिक कालको शुरुवात पछि ज्यापूलगायत नेवारहरूको अवस्था निकै नाजुक अवस्थामा पुगेको थियो । पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका विजय गरिसकेपछि नेपालको राजधानी काठमाडौं उपत्यकालाई नै बनाए । काठमाडौंलाई राजधानी बनाएर शासन गर्न थालेपछि पृथ्वीनारायण शाहले उपत्यका वरिपरि क्षेत्रीहरूको बसोवासगर्न लगाएर नेवारहरूलाई घेर्न लगाएका थिए । त्यसैले अहिले पनि उपत्यकाको डाँडाकाँडामा चारैतिर क्षेत्रीहरूको बसोवास भएको हो । रणनितिक रूपमा नेवारहरूलाई कमजोर पार्न र नेवारहरूको सम्भावित विद्रोहलाई दबाउनको लागि पृथ्वीनारायण शाहले यस्तो नीति लिएको हुनुपर्दछ । साथसाथै नेवारहरूलाई शासन सत्ताबाट र राजनैतिक रूपबाट शक्तिशाली पदहरूमा नेवारहरूलाई टाढै राखेको कुरा इतिहासको अध्ययनबाट पुष्टि हुन्छ । यसबाट नेवार ज्यापूहरूको स्थान झनै निकै नाजुक भयो भन्दा केही फरक नपर्ला । यसरी उपत्यकामा ज्यापूहरूको उत्पत्ति सम्बन्धमा विभिन्न धारणाहरू रहेका छन् । यसबाट ज्यापूहरू उपत्यकाका आदिवासी जनजाति रहेको पुष्टि हुन्छ । त्यसैले उनीहरूको विशेष किसिमको अलग्गै संस्कार रहेका छन् । यस्ता संस्कारहरू हालसम्म पनि चलिरहेको छ भने कतिपय संस्कारहरूमा केही सुधारहरू देखिएका छन् ।

## सन्दर्भ सामग्री सूची


आचार्य, बा. (२०५४), **नेपालको संस्कृति परम्परा**, काठमाडौं : श्रीकृष्ण आचार्य ।

खत्री, प्रे. (२०७३), **नेपालका जातीय सामाजिक संस्कार**, ललितपुर : साझा प्रकाशन ।

ग्वंगः, ते. (२०६६), **तःमुंज्या**, वार्षिक, भक्तपुर : नेपालभाषा साहित्य तःमुंज्या मु गुथि, असोज ।

बज्राचार्य, ध., मल्ल, क. (२०४१). **दी गोपालराज वंशावली**, काठमाडौं : नेपाल अनुसन्धान केन्द्र ।

श्रेष्ठ, तु. (२०६६), **नेपालका नेवारहरू**, काठमाडौं : अनुसन्धान तथा विकास संस्था ।

शर्मा, न. (२०६३), **नेपाली जनजीवन**, काठमाडौं : साझा प्रकाशन ।

पौडेल, न. (२०२०), **भाषा वंशावली**, काठमाडौं : पुरातत्त्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय ।

पौडेल, ज. प्र. (स.) (२०१३), **भिलेज डिभलपमेन्ट कमिटि एण्ड प्रोफाइल अफ नेपाल**, काठमाडौं : मेघा पब्लिकेशन एण्ड रिसर्च सेन्टर ।

महर्जन, पं. (२०६४), **नेवाः समाज**, काठमाडौं : नेवा देय् दबू ।

Bista, D. B. (2004), **People of Nepal**, Kathmandu: Ratna Pustak Bhandur.

Kirkpatrick, W. J., (2007), **An Account of the Kingdom of Nepaul**, New Delhi, Rupa Co.

Nepali, G. S. (1965), **The Newars**, Bombay : United Asia Publication.

Toffin, G. (2008), **Newar Society: City, village and periphery** (2nd Edt), Kathmandu: Himal Books.

Tiwari, S. R. (2002), **The bricks and the bulls**, Kathmandu : Himal Books.



अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं ।

**वडाध्यक्ष डायरी**

# कानुन नै सबथोक हो र ?

रसिक

विहानैदेखि उपभोक्ता समितिको बैठक भएकोले खाना खाएर कार्यालय पुग्दा एक घण्टाजति ढिलो भयो। ढोकाबाट कार्यालय छिर्दै गर्दा बैठक कक्षमा चर्को चर्को स्वरले विवाद भइरहेको सुनेँ। कार्यकक्षमा पुगेर वडा सचिवलाई डाकेँ।

'सचिवज्यू, माथि त चर्काचर्की छ, के विषयमा हो हँ ?'

वडा सचिवले नमस्कार गर्दै जवाफ फर्काए, 'बकसपत्रको विषयमा हो सर। कार्यालयमा हल्ला गर्नुहुन्न भन्दा एकछिन मधुरो बोल्छन्, एकैछिनमा फेरि चर्को भइहाल्छ। ८० वर्ष नाघेका बुढाबुढीहरू रोइरहेका छन्, ३० वर्ष पनि नकटेको नातिचाहीं कानुनको हवाला दिएर चर्काचर्की गरिरहेको छ, दुई भाइ छोराहरू केही बोल्न सकिरहेका छैनन्। के गर्ने सर ?'

वडा सचिवसँग थप बुझ्ने प्रयास गरेँ। अन्य वडा सदस्यहरूलाई फोनबाट विवादको विषयमा जानकारी गराई बैठकमा सँगै बस्न आग्रह गरेँ। उमेर र अनुभव दुवैमा मभन्दा पाको भएकोले उहाँहरूको उपस्थितिमा घर झगडा मिलाउन मलाई सजिलो हुने गर्दछ। मेरो आग्रहमा उहाँहरू तीनैजना तुरुन्तै कार्यालय पुग्नुभयो। समस्या समाधानको सम्भावित उपायको विषयमा उहाँहरूसँग छलफल गरेपछि हामी चारैजना बैठक कक्षमा गयौँ।

भऱ्याङबाट उक्लँदै गर्दा मैले देखेको थिएँ, एउटा केटा बुढाबुढीलाई चोर औंला देखाउँदै चर्को स्वरमा धम्कीपूर्ण कुरा गर्दै थियो। बुढाबुढीको गहभरि आँसु पनि देखेँ।

'नमस्ते है सबैलाई।'

हामीलाई देख्नेवित्तिकै बुढाबुढीको अनुहार उज्यालो भएको महसुस गरेँ, हामीले समस्या समाधान गरिदिन्छ भन्ने आश र जनप्रतिनिधिप्रतिको विश्वासले हुनुपर्छ। दुवैजना दुई हात जोडेर नमस्कार गर्दै हामीसँग टाँसिएर बस्न आइपुगे। दुई भाइ छोराहरूले हामीलाई देखेर मुसुक्क हाँसे मात्रै। नाति भने प्रतिकृयाविहीन भई बस्यो। अनुहारमा रिस र घमण्डी भाव प्रष्टै देखिन्थ्यो। हामीलाई चिनेन कि भन्ने लागेर हामीले आफ्नो परिचय पनि दियौँ तर उसलाई हाम्रो उपस्थितिको कुनै मतलव थिएन। ऊ हामी आउनुअघिकै मुद्रामा बुढाबुढीप्रति आक्रामक भई कराउन खोज्यो। परिस्थितिलाई सामान्य बनाउनु पहिलो कर्तव्य ठानेँ।

'हेर्नुस्, यो वडा कार्यालय हो। जनताको सबैभन्दा नजिकको सरकार हो। वडावासीहरू यहाँ आउँछन्, आफ्नो पीडा र समस्या पोख्न। यो कार्यालयले सबैका कुरा सुनिदिन्छ र समाधान गरिदिन्छ भन्ने ठूलो विश्वास हुन्छ। अहिले पनि तल थुप्रै वडावासीहरू हुनुहुन्छ।'

मैले यति भन्दासमेत नातिचाहीं प्रतिकृया शून्य भई बस्दा अचम्म लाग्यो। मैले उसलाई चकटीमा राम्ररी बस्न आग्रह गरेँ। ऊ फेरि पनि कराउन खोज्दै थियो, मैले रोकेँ। सबैजनालाई मिठो चिया खुवाउन कार्यालय सहयोगीलाई आग्रह गर्दै बकसपत्र पढ्न थालेँ। केही समय सबैजना मौन बसे।

ज्येष्ठ वडा सदस्यले मौनता भङ्ग गर्दै भन्नुभयो, 'म यो वडामा पंचायत कालदेखि नै जनप्रतिनिधि भएको मान्छे हुँ। अधिकांश वडावासीको विषयमा मलाई धेर थोर जानकारी छ। अधिकांशको सम्पत्ति विवाद छ। जनप्रतिनिधिहरूको रोहवरमा स्थानीय अगुवाहरू समेत बसेर छलफल गर्दा धेरैजसो सम्पत्ति विवाद हल भएका छन्। त्यसैले तपाइँहरूको पनि समस्या समाधान हुने विश्वास छ। सबैले पालैपालो बोलौं, चर्को कुरा गर्दैमा सही हुन्छ भन्ने पनि होइन। सबैभन्दा पहिला बुढाबुढीको कुरा सुनौं है।'

बुढाबुढीले एक आपसमा अनुहार हेर्न थाले। बायाँ हातले आँसु पुच्छ्दै बुढाले आफ्नो कथा सुनाउनुभयो, 'दुई छोराहरूलाई सानोमा अनेक कष्ट गरी हुर्कायौं। खान लाउन अहिले जस्तै कहाँ सजिलो थियो र ? मादल पार्टीका नेता तथा टोलका अगुवाहरू हाम्रो खेतमा आएर जग्गाधनीसँग झगडा नगरेको भए हाम्रो नाउँमा एक टुक्रा पनि जग्गा जमिन हुँदैनथ्यो। मैले छोराहरूलाई धेरै पढाउन त सकिनँ। ठूलो छोराले ४ कक्षासम्म पढ्यो क्यारे, सानो छोराले एसएलसी पास गऱ्यो। दुवैका सन्तानहरू अहिले हुर्कंदैछन्। यो नातिलाई वकिल बनाउनुपर्छ भनी ठूलो छोराले भनेपछि एक टुक्रा जग्गा बेच्यौं। सानोको छोरा विदेशमा डाक्टरी पढ्छु भनेकोले अर्को टुक्रा जग्गा पनि बेच्यौं। छोरा नातिको भविष्य बन्ने भयो भनेर खुशी बनेका थियौं। तर अहिले आफै घरवारविहीन हुन लाग्यौं। हामीलाई न्याय दिलाई पाऊँ हजुर।'

'हजुरआमा, अब तपाइँ बोल्नुस्।'

बुढीआमालाई नेपाली भाषा बोल्न आउँदैन। दुई हात जोड्दै उहाँले नेपाल भाषामा बोल्नुभयो, 'काय्पिन्ता यक्व

विश्वास यङ ध ध थाय् बुरां सही तल, अ जिमिता फल्वाबास याय् तान बाबु ।' (छोराहरूको विश्वासमा बुढोले भटाभट कागजमा सही गरे, अहिले हामीलाई पाटी बास गर्न खोजियो बाबु ।)

मैले ठूलो छोरोलाई बोल्न आग्रह गर्दा नातिचाहींले बोल्न खोज्यो । 'बाबु, पहिला बुवालाई बोल्न देऊ, तिमीलाई पनि पालो दिन्छु है ।'

'मेरो बुवालाई बोल्नै आउँदैन, त्यसैले मैले बोल्न खोजेको । उहाँलाई नेपाली भाषा राम्ररी बोल्न आउँदैन, कानुनको विषयमा त उहाँलाई पटक्कै थाहा छैन ।'

'जति थाहा छ, त्यति बोलोस् न त । ठूलो मान्छेदेखि क्रमशः बोल्ने पालो दिन्छु ।'

'कहाँ हुन्छ ? उहाँको सट्टा म बोल्छु । मैले नेपालको संविधान र देवानी संहिता दुवै साथमा ल्याएको छु ।'

'यो अदालत होइन नि बाबु, कानुन पल्टाउनलाई । व्यवहारिक कुरा गरौं, समाजलाई पच्ने कुरा गरौं ।'

मेरो जोडबलले जेठो छोरोले एक बाक्य मात्र बोल्यो, 'मलाई बोल्न आउँदैन सर, सबै कुरा मेरो छोराले भन्छ ।'

'वडा कार्यालयमा तपाईंले यति मात्र बोलेर कहाँ हुन्छ, थोरै थप कुरा राख्नुस् ।'

'होइन, मलाई बोल्नै आउँदैन ।'

'देख्नुभयो, उहाँलाई केही पनि बोल्न आउँदैन । मैले भनेकै थिएँ नि ।'

मैले फेरि कर गरिनँ । कान्छो छोरोलाई बोल्ने पालो दिएँ ।

'नमस्ते सर । हामी दाजुभाइ भिन्न बसेको ५ वर्ष भयो तर कानुनी अंशबन्डा भएको छैन । बुवा आमा मसँगै बस्नुहुन्छ । पुर्ख्यौली घरमा दाइको परिवार बस्छ, हामी श्रीमतीको नाउँमा किनेको जग्गामा घर बनाएर बसिरहेकाछौं । दाइले बुवालाई खुसखुस गरेर सबै पैत्रिक सम्पत्ति हालैदेखिको बकसपत्र गरेर लिनुभएको हामीलाई थाहा छैन । बुवाले न आमासँग सल्लाह गर्नुभयो, न त हामीलाई नै केही भन्नुभयो । अहिले मात्र यो कागज देखें । बाउ बाजेदेखिको पैत्रिक सम्पत्ति दाइले एक्लै खान खोज्नुभयो । पुर्ख्यौली सम्पत्तिमा मेरो अधिकार हुँदैन र सर ?'

मैले बोल्न अनुमति मात्र के दिएको थिएँ, नातिचाहींले आफ्नो पारा देखाइहाल्यो, 'म भर्खरै कानुनमा एलएलबी पास गरेको वकिल हुँ । मैले वकालत परीक्षा पनि पास गरेर लाइसेन्स लिइसकें ।'

उमेरले ३० नाघेको छैन होला । जमानाअनुसार झुसे दाऱ्ही पालेका छन् । बायाँ हातले स्टाइलिस चस्मा मिलाउँदै हातमा संविधान बोकेर बोल्न थाल्यो । उसले कसैप्रति सम्मान प्रकट गर्ने सामान्य औपचारिकता पूरा गर्न समेत नचाहेको बुझ्न गाऱ्हो थिएन ।

'वडाध्यक्षज्यू, हामीले बुढोलाई राम्ररी सम्झाएर नै बकसपत्रमा सही गर्न लगाएका हौं । उहाँले राजीखुशीले नै हामीलाई बकसपत्र दिनुभएको हो । हालैदेखिको बकसपत्र दिएपछि त्यो सम्पत्ति हामीले कसैलाई बाँड्नु पर्छ भनी कानुनले भन्दैन । सबै सम्पत्ति हाम्रो भएपछि अरुलाई किन टाउको दुखाइ ?'

'होइन वडाध्यक्ष बाबु । मलाई त सही गर भन्यो । जेठो छोरालाई धेरै विश्वास गर्छु, त्यसैले उसले भनेको ठाउँमा सही गरें । सही गर्दा कागज पढेर पनि सुनाएको थिएन । आफ्नै छोराले यस्तो गर्ला भनी सोचेको पनि थिइनँ बाबु ।'

'कहाँ हो बुढा ? मैले सबै कुरा भनेको होइन ?' नातिचाहींले हजुरबुवालाई थर्काउन खोज्यो ।

'यो कार्यालय हो बाबु । संयमित र अनुशासित भएर बोल । तिमीले पढेको कानुनका केही पाना हामीले पनि त पढेका हौंला नि । फेरि समाजमा सबै कानुनले मात्र चल्दैन । सामाजिक र व्यवहारिक पक्ष पनि त हेर्नुपर्छ नि ।'

'कानुनका ठेलीहरू कण्ठ गरेर उत्कृष्ट डिभिजनमा पास गरेको वकिल हुँ म वडाध्यक्ष ज्यू । तपाईंजस्तो राजनीति गर्ने, चुनावमा जितेर आएको मान्छे होइन म । फोहोरी राजनीति गर्नेले त कानुनलाई आफ्नो अनुकूल बङ्ग्याइहाल्छ नि ।'

केटाको आडम्बरपूर्ण कुरा गराइको कडा प्रतिवाद गरुँ जस्तो लागेको थियो । मुखभरि जवाफ दिन नआएको त होइन, तर सामाजिक पदमा बसेपछि संयमता आवश्यक हुँदो रहेछ ।

'पदको मान राख्न सिक बाबु । जथाभावी नबोल । तिमी त भर्खरै स्नातक पास गरेको मान्छे, उहाँले त स्नातकोत्तर पास गरिसकेर पनि कलेजमा पढाउन थाल्नुभयो ।' महिला सदस्यलाई असहय भएछ क्यारे, 'कालो कोट लगाउनेको मन पनि कालो हुन्छ भन्ने गरिन्छ । अन्यायमा परेका व्यक्तिको सेवाको लागि पनि कानुन पढिन्छ भनेर देखाउनु पर्ने मान्छेले उल्टो व्यवहार गर्न सुहाउँछ ?'

केटाको घमण्ड अझै तल झरेको थिएन, 'कानुनलाई नमान्ने भए यहाँ के कुरा गराइ भयो र ? अब अदालत जाऔँ बुवा । अदालतले जे फैसला गर्छ, त्यही हुन्छ ।'

अर्का वडा सदस्यले केटोलाई सम्झाउने प्रयास गर्नुभयो, 'तिमीले किताव पढ्यौ, तर समाज पढेनौ बाबु । तिम्रै कानुनको पछि मात्र लागेको भए, तिम्रो हजुरबुवाले पुर्खौंदेखि कमाई आएको जग्गाबाट बञ्चित हुनुपर्थ्यो । यो सम्पत्ति तिमीहरूको हुन्थेन । त्यतिबेला हाम्रा अग्रजहरूले कानुनी तथा गैरकानुनी

सङ्घर्ष नगरेको भए, तिम्रो हजुरबुवाको नाउँमा मोहियानी हक कायम हुन्थ्यो ? सोध त हजुरबुवासँग ।'

बाजेले विगत सम्झँदै विस्तारै भन्नुभयो, 'हो बाबु । त्यतिबेला जग्गामात्र हामीले गर्थ्यौं, जग्गाको पूर्जामा हाम्रो नाम थिएन । हामीले खाइनखाई परिश्रम गरेर फलाएको अन्न साहुलाई बाली तिर्दैमा सकिन्थ्यो तर बाली बुझाउँदा भर्पाई दिइँदैनथ्यो । साहुसँग भर्पाई माग्यो भने अर्को वर्ष खेतमा अर्कै किसानलाई कमाउन दिइन्थ्यो । त्यस्तो बेला गोसाई दाइ, दुवाल दाइ, न्याइच्याइ दाइ लगायतका किसान साथीहरू साहुसँग झगडा गरेर बाली बुझाएको भर्पाई ल्याउनु हुन्थ्यो, खेतमा बाली काट्दा साहुले पुलिस ल्याएर हामीलाई कुट्थ्यो । उहाँहरू सबैजना आएर बाली काट्नुहुन्थ्यो, पुलिससँग खेतमै लड्नुहुन्थ्यो । त्यतिबेला उहाँहरूले गुण नलगाउनुभएको भए यो सम्पत्ति कहाँ हुन्थ्यो र ? अनि कहाँबाट छोरा नातिहरूलाई पढाउन सकिन्थ्यो र ?'

'अहिलेको पुस्ताले उहिलेको दुःख बुझ्दैन बाबु । उनीहरूलाई पैसा भए पुग्छ, सम्पत्तिको लागि आफ्नो बुवा र बाजे पनि भनेन बाबु ।' बाजे पुर्पुरोमा हात राखेर रुन थाल्नुभयो ।

सम्झाउने पालो मेरो आयो, 'तिमीले एलएलबी त गऱ्यौ बाबु । धेरै राम्रो पढ्यौ । तर आफ्नै इतिहास भुल्दैछौ । इतिहास भुल्ने र धरातल बिर्सने मान्छे क्षणिक रूपमा माथि चढे पनि उसको दुःखद् अन्त्य हुन्छ । राजनीति सेवाभावले गरिन्छ, लुट्न र पैसा कमाउन होइन । राजनीति गर्नेहरू सबैजना अनपढ हुन्छन् भन्ने पनि होइन । उतिबेला हाम्रा अग्रजहरूले गरिव किसानहरूको पक्षमा राजनीति नगरेको भए तिम्रो हाम्रो सम्पत्ति जोगिन्नथ्यो होला र हामीले यति पढ्न पाउँदैनथ्यौं होला ।'

केटा मेरो कुरा सुन्ने पक्षमा पटक्कै थिएन । मैले कडा बोल्नै पऱ्यो, 'हेर बाबु, धेरै घमण्ड नगर । तिमीले पढेकै कानुनलाई टेकेर मैले यो बकसपत्र पढेँ । हालैदेखिको बकसपत्र गराएकोले तिमीले फूर्ति गरेका हौ । तर तिमीले यो बकसपत्रमा हजुरबुवालाई सही गराउँदा उहाँको उमेर ८० नाघिसकेको थियो । ज्येष्ठ नागरिकलाई सही गराउँदा संरक्षक चाहिन्छ भन्ने कुरा बिर्सेछौ कि ? संरक्षकबिनाको सही झुक्याएर जबरजस्ती गराइएको अर्थ लाग्छ । तिम्रो हजुरबुवा त्यही भन्दै हुनुहुन्छ । फेरि यो कागज गराउँदा अंशियारहरू कसैलाई पनि साक्षी राखेको देखिएन । पैत्रिक सम्पत्तिको अंशियार तिम्रो बुवा मात्र होइन, सबैभन्दा नजिकको अंशियार तिम्रो हजुरआमा अझै पनि जीवित नै हुनुहुन्छ । तिम्रो काका पनि अंशियार नै हो ।'

'लौ ठिक छ, तिमीले हजुरबुवाको राजीखुशीमै हालैदेखिको बकसपत्र गराएको हो भनी मानौं । तर हजुरआमाले अदालतमा अंशमुद्दा राख्नुभयो भने उहाँले पैत्रिक सम्पत्तिको आधा हक पाउनुहुन्छ नै । तिम्रो कागजी भाषा त त्यही नै हो । कागज छ भनेर मनपरि गर्न पाइन्छ ?'

ज्येष्ठ वडा सदस्यले मेरो कुरामा थप्नुभयो, 'कागज गराएँ भनेर बाजे बज्यैलाई सम्पत्तिबाट बेदखल गर्दा तिम्रो काकीले दुवै बुढाबुढीलाई घरबाट निकाल्नुभयो भने के गर्ने ?'

कान्छो छोराले भन्यो, 'मैले अघिदेखि यही नै भनेको हो । मलाई पैत्रिक सम्पत्ति नदिएपछि मेरी श्रीमतीको नाउँमा रहेको घरमा मैले आमाबुवालाई राख्नुपर्छ भन्ने के छ ? अहिलेसम्म मैले आमाबुवालाई पाप गरेको छैन । वडा कार्यालय र समाजका अगुवाहरूमार्फत मेरो हक सुरक्षा गराइ पाऊँ ।'

'कानुनी कागजमा लेखिएको कुरा पनि वडाले मिलाउँछ, समाजले मिलाउँछ ? वाहियात कुरा । अदालत जाने नि, अदालत । अदालतमा ठूलो वकिल चिनेकै छु, न्यायाधीस पनि चिनेकै मान्छे हो । हामी जितिहाल्छौं नि ।'

'घमण्डले मान्छेको विनास मात्र निम्त्याउँछ बाबु । अदालतले पनि एकैचोटि फैसला गर्ने होइन, मिलापत्रको निम्ति यही वडा कार्यालयमा नै पठाउँछ वा मेलमिलापकर्ता मार्फत समाजमै मिलाउन जोड दिन्छ । समाज र हामीबाट भागेर कहाँ जान्छौ तिमी ? जालझेल गरेर अरुको सम्पत्ति कुम्ल्याएका मान्छेहरू समाजबाट एक्लिएका थुप्रै उदाहरणहरू छन् है । त्यस्तो नियति तिमीले भोग्न नपरोस् ।' महिला वडा सदस्यले फेरि पनि सम्झाउने प्रयास गर्नुभयो ।

'जे होला देखा जायगा । मलाई समाजको मतलब छैन । जाऔं बुवा ।' केटाले बुवालाई तानेर बाहिर लग्यो ।

'कसैका कुरा नसुन्ने मै हुँ भन्ने घमण्डी नातिकै कारण जेठो छोरो बिग्रेको हो हजुर ।' बाजे भन्दै हुनुहुन्थ्यो ।

'चिन्ता नलिनुस् । म फेरि पनि नातिचाहिँलाई सम्झाउने प्रयास गर्छु । समाजका अगुवा र टोलवासीहरू बोलाएर फेरि बैठक डाक्छु र समस्या समाधान गर्ने प्रयास गर्छु । अदालत नै जान्छ भने पनि हामीसँग उपचार गर्ने तरिका छ । बरु कान्छो छोरोले बुवा आमाको चित्त दुख्ने काम नगर्नु है ।'

जनप्रतिनिधिप्रतिको विश्वासमा लामो स्वास तान्दै बुढाबुढीले हामीसँग विदा मागे । कान्छो छोरो पछिपछि लाग्यो ।

नयाँ पुस्तामा नजानिँदो रूपमा विकास भइरहेको व्यक्तिवादी स्वार्थी सोच चिर्न हतारै भइसकेको अनुभव भयो ।

# नेपाली समाजको संरचना



डा. बलराम कायस्थ

नेपाली समाजको संरचना कसरी भयो भन्ने कुरा बुझ्नका लागि नेपालको भौगोलिक अवस्थिति जान्नु आवश्यक हुन्छ, जसले नेपाली समाजको निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको छ। नेपाल एशियाका दुई विशाल मुलुक चीन(तिब्बत) र भारतको बीचमा रहेको एउटा सानो मुलुक हो। यसर्थ नेपाली समाजको निर्माणमा पनि यी दुवै छिमेकीका जातीय, धार्मिक, सांस्कृतिक आदि थुप्रै कुराको प्रभाव परेको पाइन्छ।

नेपाली समाजको निर्माण मूलरूपले मङ्गोल र आर्य नश्लका मानिसहरूको गठबन्धनबाट बनेको छ, जो इतिहासका विभिन्न कालखण्डमा उत्तर तिब्बत र दक्षिण भारतबाट नेपालमा प्रवेश गरेका देखिन्छन्। आर्यहरू पश्चिम र दक्षिणी भेगबाट नेपाल प्रवेश गरे भने मङ्गोलहरू उत्तर तिब्बत र भारतको उत्तरपूर्वी राज्यबाट नेपाल प्रवेश गरेका थिए। खस आर्यहरू उत्तरी भारतबाट आएका थिए। गुरुङ, शेर्पा, तामाङहरू तिब्बतबाट अनि राई, लिम्बुहरू पूर्वोत्तर भारतबाट आएका थिए। नेपालका यी दुई नश्ल– आर्य र मङ्गोलको बसाइँसराइ दुई प्रकारले भएको पाइन्छ –

१) प्राकृतिक प्रक्रिया) (Natural process)

२) आकस्मिक घटनाक्रम (Incidental phenomena)

**१) प्राकृतिक प्रक्रिया –** प्राचीन र मध्यकालीन समयमा राष्ट्रियताको कुनै छेकबार थिएन, नियम कानुन थिएन। यसैले पुरानो बासस्थानबाट नयाँ ठाउँमा सर्दा आफ्नो जीवनस्तर समुन्नत हुने देखेमा अर्थात् पुरानो बासस्थानमा उब्जाउ भूमिको अभाव हुन गएमा वा नयाँ ठाउँमा जीवननिर्वाहका राम्रा अवसरहरू पाउने भएमा मानिसको बसाइँसराइ संसारको एक ठाउँबाट अर्को ठाउँमा स्वाभाविक रूपले हुने गर्थ्यो। यो प्रागऐतिहासिककालदेखि चल्दै आएको परम्परा हो। तर प्राकृतिक रूपको यो बसाइँसराइ झुण्डका झुण्ड मानिसहरू आएर भएको थिएन, जीविकोपार्जन गर्ने उद्देश्यले स–सानो समूहमा आएका हुन्थे। बसाइँसराइको यो प्राकृतिक प्रक्रिया प्राचीन समयमा नेपालमा चलेको थियो। प्रचलित जनुश्रुतिअनुसार नेपालका केही मङ्गोल जातिका पुर्खाहरू याकको बथान लिएर तिब्बतबाट नेपालको हिमाली क्षेत्रमा प्रवेश गरेका थिए। तिब्बतमा चरनयोग्य भूमिको अभाव भएपछि आफ्ना वस्तुभाउको चरिचरनका लागि तिनले आफ्नो बसाइँसराइ यतातिर गरेका थिए। प्राकृतिक प्रक्रियाअनुसार मङ्गोलहरू जस्तै आर्यहरू पनि एकपछि अर्को गर्दै ठूलो सङ्ख्यामा नेपालमा बसाइँ सरेर आएका थिए।

**२) आकस्मिक घटनाक्रम –** जब छिमेकी देशहरूमा बाह्य आक्रमण, आन्तरिक राजनीतिक गडबडी, प्राकृतिक प्रकोप जस्ता घटना हुने गर्थे, तब त्यतिबेला ठूलो सङ्ख्यामा त्यतातिरका आप्रवासीहरू नेपाल प्रवेश गर्ने गरेका थुप्रै उदाहरणहरू नेपालको इतिहासमा पाइन्छन्। जस्तै – मध्यकालमा भारतमा मुगलहरूको आक्रमण हुँदा धेरै हिन्दूहरू आप्रवासीका रूपमा नेपाल आए। त्यस्तै प्राचीनकालमा पनि वैशालीमा शासन गर्दै रहेका लिच्छविहरू मगध सम्राट अजातशत्रुको साम्राज्यवादी आक्रमणबाट बच्न नेपाल प्रवेश गरे। अनि पावा, कुशीनगरमा चन्द्रगुप्त मौर्यले आक्रमण गर्दा त्यसबाट बच्न त्यहाँका मल्लहरू पनि आप्रवासीका रूपमा नेपाल आएका थिए। नेपालका शाह राजाहरू अर्थात् शाह वंशको आगमन पनि भारतबाटै भएको थियो।

यसरी आएका आप्रवासीहरू पनि दुई किसिमका थिए। एकथरी आप्रवासीहरू भारतीय राज्यका प्रतिष्ठित राजघराना शासकहरू र तिनका आसेपासेहरू थिए, जो सुरक्षित ठाउँको खोजी गर्दै एउटा निश्चित क्षेत्रमा आफ्नो प्रभुत्व कायम गर्न नेपाल प्रवेश गरे। स्थानीय आदिवासीहरू (घले, जाड, मगरहरू)भन्दा बुद्धि, ज्ञान, विवेक र युद्धकलामा यी आप्रवासी राजपूतहरू (सेन, मल्ल, शाह, खाँण, खान, बम, बर्मा, ठकुरी आदि) बढी प्रवीण थिए। अनि बिस्तारैबिस्तारै तिनले स्थानीयवासीलाई हातमा लिई विभिन्न क्षेत्रमा आफ्नो शासन कायम गर्नमा सफलता प्राप्त गरे। जसको फलस्वरूप कालान्तरमा गएर पश्चिम नेपालमा बाइसी र चौबिसी जस्ता राज्यहरूको निर्माण हुन गएको देखिन्छ। अर्काथरी आप्रवासीहरू आफ्नो धर्म र जातित्वको रक्षाका खातिर नेपाल प्रवेश गरेका थिए। तिब्बतमा सातौं शताव्दीमा धार्मिक सम्प्रदायहरू – हीनयान (बौद्ध धर्मको प्राचीनतम रूप) र महायान (सुधारिएको रूप) अर्थात् बौद्ध धर्मका दुई हाँगा कट्टरपन्थी र सुधारवादीहरूबीच सङ्घर्ष हुँदा थुप्रै तिब्बतीहरू आप्रवासीका रूपमा नेपाल प्रवेश गरेका थिए। आकस्मिक घटनाहरू तिब्बतमा केही मात्र भएको पाइन्छ भने भारतमा धेरै भएको बुझिन्छ। जेहोस् यसबाट एकातर्फ यहाँको शासनको स्वरूप निर्माण हुनसक्यो भने अर्कातर्फ धार्मिक सामाजिक संरचना पनि तयार भयो। छिमेकमा प्राकृतिक प्रकोप, दैवी विपत्ति, भूकम्प, महामारी जस्ता प्रकोपका घटनाहरू हुँदा पनि थुप्रै आप्रवासीहरूको नेपाल आगमन भएको थुप्रै दृष्टान्तहरू पाइन्छन्।

प्राकृतिक प्रकोपका कारणले नेपाल प्रवेश गरेका मानिसहरू सामान्यतः नेपालको सीमावर्ती क्षेत्रमा नै बसोबास गर्न लागे।

तर राजनैतिक शरणका लागि नेपाल पसेकाहरू भने नेपालको भित्री भूभागमा नै प्रवेश गरे । समयको दौरानमा तिनीहरू नै नेपालका विभिन्नससाना राज्यका स्थानीय शासक, प्रशासक, भारदार आदि बने । जहाँसम्म नेपाल प्रवेश गर्ने शुरुका जाति आर्य हुन् कि अनार्य भन्ने प्रश्न छ, त्यसमा शुरुका आप्रवासीहरू मङ्गोल मुखाकृतिका थिए भन्ने देखिन्छन् । किनभने आर्य कुलका मानिसहरू आउनुभन्दा अघिदेखि नै तिनीहरू यहाँका पहाडी भेगमा आदिम् निवासीका रूपमा रहेका थिए ।

नेपालको पहाडी प्रदेशमा आर्य जातिका मानिसहरूको प्रवेशपछि मङ्गोल र आर्य दुवै जातिका मानिसहरू स्थायी रूपले एउटै ठाउँमा मिलेर रहन थाले । त्यसपछि तिनले आम सुखदुःखलाई सँगसँगै झेल्दै गए । तिनले परस्परमा आपसी सद्भाव, सहअस्तित्व, भाइचारा, असल छिमेकीपन, आत्मीयता, सहृदयी भावना प्रस्तुत गर्न थाले । समयको दौरानमा तिनको संस्कार, संस्कृति, जीवनशैली एकअर्कोबाट प्रभावित हुन पुग्यो । यद्यपि प्रारम्भिक



दिनमा तिनका जीवनशैली, संस्कृतिहरू एक अर्कोबाट पूर्णतः भिन्न थियो । तर समय बित्दै जाँदा तिनीहरू आफू बसाइँ सरेर आउनुभन्दा अघिको ठाउँ र आफ्ना पुराना नातेदारहरूको सम्पर्कबाट टाढिँदै गए । र यसको बदलामा नयाँ ठाउँ, नवीन परिवेशमा आफ्ना केही पुराना परम्परा र जीवनशैली आदि छोड्दै गए भने केही नयाँ परम्पराहरू अँगाल्न पुगे । यसरी तिनले आफ्ना केही संस्कृति सांस्कृतिक र जातिगत रूपले पूर्णतः भिन्न रहेका आफूसँगै बस्दै आएका आफ्ना छिमेकीहरूलाई बाँडे । यसैगरी अर्को जातीय समूहले पनि आफ्ना केही सांस्कृतिक परम्परा बाँडे । यसबाट एउटा नयाँ संस्कृति निर्माण भयो, जसलाई **विशुद्ध नेपाली संस्कृति** भनिन्छ ।

यो नेपाली संस्कृति न त पूर्णतयाः भारतमा रहेको आर्य संस्कृति हो, न त तिब्बतमा रहेको मङ्गोल संस्कृति हो, बरु दुवैको सम्मिश्रित रूप हो । तर सीमा क्षेत्रमा आएर बसेका आप्रवासीहरू भने आफ्नो मूल थलो, नातेदारहरूसँग नियमित सम्पर्कमा आई नै रहे । यसैले नेपालको हिमाली भेग र तराई क्षेत्रका बासिन्दाहरूको सांस्कृतिक परम्परा अपरिवर्तनीय रह्यो अर्थात् तिनको जीवनशैली, खानपिन, भेषभूषा आदिमा छिमेकी देशको सांस्कृतिक प्रभाव रहेको प्रत्यक्षतः देख्न सकिन्छ । किनभने तिनीहरू स्थायी रूपमा आफ्ना पुराना नाता कुटुम्बहरूको सम्पर्कमा आइ नै रहे । तिनले कुनै ठूलो परिवर्तन बिना आफ्नो पुरानै परम्परा सम्हाल्दै रहे । तर नेपालको भित्री भागमा रहेका अन्य सम्पूर्ण बासिन्दाहरू आफ्ना कुल, थातथलोको सम्पर्कमा आउन सकेनन् । फलस्वरूप तिनले एउटा नयाँ संस्कृति निर्माण गरे, जसलाई **नेपालको मौलिक संस्कृति** भनिन्छ ।

धार्मिक दृष्टिकोणले हेर्दा आर्यहरू हिन्दूधर्मका अनुयायी थिए । यसभित्र अनेक सम्प्रदाय रहेको पाइन्छ । मङ्गोलहरू बौद्ध धर्मका अनुयायी थिए । यसभित्र पनि विभिन्न सम्प्रदाय थिए । यिनीहरू नै नेपाली समाजको मूल अङ्ग भएकोले के भन्न सकिन्छ भने यी विभिन्न जाति, धर्म र संस्कृतिमा आएको परिवर्तनले नै **नेपाली समाज निर्माण** भएको हो ।

संसारको कुनै पनि समाज स्थायी हुन सक्तैन । समय परिस्थितिअनुसार समाजमा पनि परिवर्तनहरू देखा पर्ने गर्छन् । यसैकारण प्राचीन समयको नेपाली समाज पनि जस्ताको तस्तै रूपमा रहन सकेन । दुई जातिको आपसी सम्मिश्रणले थुप्रै नयाँ जातहरू देखापरे । यसरी लिच्छविकालभन्दा पहिले नै नेपाली समाजको प्रारम्भिक संरचना बनिसकेको थियो । लिच्छविकालको अन्त्यसम्ममा यसमा थुप्रै जटिलताहरू देखापरे । बौद्ध र हिन्दूहरूको पुरानो सन्तुलन पहिले नै टुटिसकेको थियो । किनभने बौद्ध धर्ममा निक्कै कमजोरीहरू देखापर्न थाले । वज्रयानको प्रभावले गर्दा थुप्रै बौद्धहरूले बौद्ध विहार छोड्दै घरगृहस्थीमा प्रवेश गरे । यसक्रममा हिन्दूहरूले निक्कै राम्रो प्रगति गरेकाले तिनीहरूको सङ्ख्या क्रमशः बढ्दै गयो । यसैले यो नयाँ विकासले उत्पन्न भएका सामाजिक समस्याहरूको व्यवस्थापन मध्यकालीन सशक्त शासक जयस्थिति मल्लले लागु गरेको सामाजिक सुधारले धेरै हदसम्म पूरा गऱ्यो । उनका सामाजिक सुधारलाई दुई भागमा बाँड्न सकिन्छ । जस्तै–

१) नेपाली ऐनकानुन, नियमविनियम, विधिसंहिता आदि सबै हिन्दू धर्मदर्शनमा आधारित गरिनु,
२) पेशाका आधारमा जात निर्धारण गरी वर्गीकरण गर्नु अनि थुप्रै नयाँ जात श्रृजना गर्नु ।

यस सुधारले नेपाली समाजलाई पूर्णरूपले हिन्दू सामाजिक

सङ्गठनभित्र ल्यायो । उनले यो सुधार किन गर्नु पर्‍यो भन्दा एकातर्फ समाजको विकाससँगसँगै नयाँ नयाँ पेशा गर्ने पेशाकर्मी जातिहरू श्रृजना हुँदै गए भने अर्कातर्फ अनेक आप्रवासी जातिहरू पनि थपिन्दै गए । यसैले समयमै तिनको उचित व्यवस्थापन नगरे पछि भयावह स्थिति देखापर्ने सम्भावना थियो । बौद्ध धर्ममा पनि हीनयान र महायानको प्रादुर्भावले गर्दा विचलन देखापरिसकेको थियो । सोहीक्रममा तिनको आफ्नो पुरानो प्रथा (बौद्ध विहारमा बसी आजन्म बौद्ध भिक्षु बन्नु पर्ने) समाप्त भयो । यसबाट बौद्ध धर्ममा विकृति देखा पर्‍यो । बेलाबेलामा हिन्दू धर्मको प्रचारका लागि नेपाल आएका शंकराचार्यहरूले पनि यहाँका कतिपय बौद्धहरूलाई हिन्दू बनाएर गए । यसरी उल्लिखित कारणले गर्दा गृहस्थ जीवनमा प्रवेश गरेका बौद्ध धर्मावलम्वीहरूका बीच आपसमा जातित्वको श्रृजना नभएपनि उँचनीचको भेदभाव भने श्रृजना भयो ।

यसप्रकार मध्यकालसम्म आइपुग्दा यहाँ थुप्रै जातिपातिहरू देखापरे, जसलाई नियमबद्ध गर्नुपर्ने आवश्यकता जयस्थिति मल्लले देखे । यसैले उनले समाजमा हिन्दू नियम लाग्न सक्नेदेखि हिन्दू पण्डितहरू जस्तै– मैथिली ब्राम्हण, दक्षिणी भट्ट ब्राम्हण, पूर्वीया ब्राम्हण आदि सबैसँग छलफल गरी एउटा सामाजिक व्यवस्था शुरु गरे । लामो समयसम्मको हिन्दू राजाहरूको शासनकालले गर्दा पुरानो नेपाली समाज विस्तारै हिन्दूकरणको बाटोमा लाग्यो । यस परिवर्तनले हिन्दू र बौद्धहरूको पुरानो सन्तुलन हट्न गयो । अब समग्र समाजलाई ब्राम्हण, क्षत्री, वैश्य, शुद्र गरी चार भागमा बाँडियो । यस सुधारले मानिसलाई थुप्रै जातजातिमा बाँडेकाले थुप्रै जटिलताहरू पनि आए । यस सुधारका विरुद्ध आलोचकहरू पनि देखापरे । किनभने हिन्दू सामाजिक सङ्गठन वर्ण र जातमा आधारित हुन्छ । र ध्यान दिनुपर्ने कुरा के छ भने समाज जातिपातिमा विभाजित भए, त्यो कमजोर बन्न जान्छ । तर त्यसोभएता पनि जयस्थिति मल्लका सुधारहरू प्रभावकारी रूपमा लागु हुँदै गए । कुनै परिवर्तन बिना काठमाडौं उपत्यकाको समाजमा यो सुधार लामो समयसम्म कायम रह्यो ।

यद्यपि पेशाका आधारमा जातपातको सृजना गर्न जयस्थिति मल्ल सफल थिए, तर सम्पूर्ण जनतालाई हिन्दू जातित्वमा ल्याउन उनी असफल रहे । उनले बौद्धमार्गीहरूलाई अर्को क्रममा राखिदिए । साथै सम्पूर्ण नेवार समुदायलाई ब्राम्हण, क्षत्री, वैश्य, शुद्रको हिन्दू वर्ण व्यवस्थाभित्र राख्न उनी पूर्णतः सफल भएनन् । यसप्रकार उनको सामाजिक सुधारले त्यसबेला देखिएका सामाजिक समस्यालाई व्यवस्थापन गरेको भएता पनि त्यो कुनै प्रगतिशील कार्य थिएन । यसले सामाजिक एकतामा विभाजन मात्र ल्याएको थियो । र राज्यको सामाजिक सुदृढिकरणलाई कमजोर बनाएको थियो ।

मध्यकालका अर्का प्रसिद्ध समाज सुधारक शासक गोरखाका राजा राम शाह थिए । उनले पनि आफ्नो राज्यमा केही सामाजिक नीतिनियमहरू लागु गरेका थिए । तर नेपाल उपत्यकाको जस्तो विकराल सामाजिक समस्या गोरखामा थिएन । यसैले राम शाहको सामाजिक नीतिनियमले समाजमा नयाँ जातको श्रृजना भएन । उनको यो सामाजिक नीतिनियम केवल दैनिक जीवनलाई व्यावहारिक बनाउने खालको थियो । मानिसका व्यावहारिक समस्यालाई समाधान गर्ने उद्देश्यले ती सामाजिक नियमहरू बनाइएका थिए । जस्तो कि – नापतौलका लागि ढक, तराजु, माना, पाथी, मुरीको निश्चित् व्यवस्था गर्नु । त्यस्तै गरगहना लगाउने नियमहरू, बिर्ता जग्गा प्रदान गर्दा बिर्तावालले अनिवार्य रूपले पालन गर्नु पर्ने निश्चित् शर्तहरू, राजा न्यायाधीशका रूपमा न्यायकचहरीमा आउँदा उनी प्रति दर्शाउने सम्मानका नियमहरू, खेतको सिँचाईका लागि पोखरीको पानी पालैपालो लगाउने आदि । उनी न्यायप्रिय चरित्रका भएकाले उनले न्यायनिसाफलाई सर्वसुलभ गरे । उनको प्रसंशनीय न्यायव्यवस्थाले गर्दा नै *'धर्म हराए काशी जानु, न्याय नपाए गोरखा जानु'* भन्ने लोकोक्ति नेपाली समाजमा बहुप्रचलित रहेको छ । त्यस्तै प्रशासनतर्फ छ थर घर र पण्डित्याइँतर्फ चार पुरोहितको व्यवस्था उनैले कायम गरेका थिए ।

राम शाहले ललितपुरका राजा सिद्धिनरसिंह मल्लसित राम्रो सम्बन्ध कायम गरेर ललितपुरका २४ कोठी व्यापारीलाई गोरखा झिकाएर गोरखालीहरूलाई कपडा बुन्ने, छालाको काम गर्ने, खानी खन्ने, पित्तल, काँस आदि धातुको भाँडा–वर्तन बनाउने विद्या र कलाको ज्ञान दिन लगाएका थिए ।

जयस्थिति मल्ल र राम शाहका यी सामाजिक नीतिनियम र सुधारहरूले नेपाली समाजलाई एउटा निश्चित् नियमभित्र ल्याइ दियो । यस नीतिनियमलाई सबैले मर्यादापूर्वक पालना गरेका थिए । फलस्वरूप नेपाली समाजमा यी सामाजिक नीतिनियमहरू प्रभावकारी ढङ्गले स्थायी रूपमा लागु हुँदै गयो । वास्तवमा भन्ने हो भने यी सामाजिक नीतिनियमहरू नै आधुनिक नेपाली समाजको संरचनाको जग थियो भन्दा फरक नपर्ला । धर्म, संस्कारकर्म, रीतिस्थिति, जातिप्रथा, दासप्रथा, सतीप्रथा, जातीय छुवाछुत जस्ता नेपाली समाजका विशेषताहरू तिनै सामाजिक नीति नियम (social rules र regulation) का देन थिए । यसप्रकार ती नीतिनियमहरूले नेपाली समाजको संरचनामा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । अस्तु

## सन्दर्भग्रन्थ सूची


१) थापा, कृष्ण बहादुर, **मेन अस्पैक्ट अफ सोसल, इकोनोमिक एण्ड एडमिनिस्ट्रेटिभ हिस्ट्री अफ नेपाल**, काठमाडौंः अम्बिका थापा, सन १९८८ ।

२) बुढाथोकी, चन्द्रविक्रम, **जयस्थिति मल्लका सुधारहरू**, काठमाडौंः साझा प्रकाशन, वि.सं. २०३९ ।

३) वैद्य, टि.आर. र अन्य, **सोसल हिस्ट्री अफ नेपाल**, न्यु दिल्लीः अनमोल पब्लिकेसन्स, सन १९९३ ।

४) भण्डारी, ढुण्डीराज, **नेपालको ऐतिहासिक विवेचना**, वाराणसीः कृष्णकुमारीदेवी, वि.सं. २०२७ ।

५) शर्मा, बालचन्द्र, **नेपालको ऐतिहासिक रूपरेखा**, वाराणसीः कृष्णकुमारीदेवी, वि.सं. २०३३ ।

# तुछिमलाको ऐतिहासिक विश्वकर्मा द्यःछेँ



ओम धौभडेल

मानिसले माटोको भाँडाकुँडा पोलेर पाको बनाए जस्तै काँचो इँटालाई पोलेर पाको बनाएपछि विश्वको पहिलो नगनारायण बन्यो । आजभन्दा करिब ६ हजार वर्ष अगाडि मानिसहरूले इँटाको निर्माण गर्न जानेपछि मानव सभ्यताको लागि कोशेढुङ्गा सावित हुन पुग्यो । त्यसो त इँटाभन्दा पहिले मानिसहरूले प्रकृतिमा पाइने ढुङ्गालाई उपयोग गरेको थियो । तर जब इँटा बनाउन जाने, सुन्दर, सफा, चिटिक्क परेका घर, बस्ती हुँदै नगरहरू निर्माण गरे । विश्वको हरेक सभ्यतामा इँटाको भरपुर उपयोग भएको प्रमाण छ । चाहे मिश्रको सभ्यता होस् वा रोमको, सिन्धुघाटीको सभ्यता वा चीनकै सभ्यतामा इँटाबाट सम्पदा निर्माण भएको इतिहास छ । त्यसमा नेपालको इतिहासमा पुर्खाहरूले माटो, ढुङ्गा, काठ पछि इँटाको उपयोग गरेको थियो । जसरी प्रजापति समुदायले माटाका भाँडाकुँडा बनाएर पोल्ने प्रविधि विकास गरे, प्रजापति समुदायकै हाराहारीका अतकमी अर्थात अवालहरूले इँटा बनाउने तथा पोल्ने विधि उपयोग गरे । अवाहरूले बनाउने "पा" (निश्चित आकारको वस्तु) भएर यहाँको स्थानीय नेपाल भाषामा इँटालाई अपा भनिनु भाषाविज्ञानले पनि यथार्थको नजिक नै छ । काठमाण्डौं उपत्यकालगायतको नेपालमण्डल होस्, पश्चिम नेपालको खस राज्य होस् वा दक्षिणपूर्वीको मिथिला राज्य होस्, इँटाको कारणले आजको अवस्थासम्म आइपुगेको छ । यसमा लुम्बिनी र कपिलवस्तुमा उत्खननबाट प्राप्त हुन आएका इँटले बनेका सम्पदाहरू र काठमाण्डौं हाँडीगाउँको उत्खननमा पाइएका इँटका अवशेषहरूबाट इँटको ऐतिहासिक महत्त्व झल्किन्छ । विशेषगरी वास्तुशास्त्र अनुसार जतिपनि सम्पदाहरू निर्माण भए, राजाको दरबारदेखि देवालय-शिवालय, मठ मन्दिर, सत्तल, पाटी, डवली, ढोका, पर्खाल, कुवा, इनार, पोखरी, सडक, घाटदेखि घरमा सबैभन्दा बढी इँटाको उपयोग भएको हुन्छ । घरलाई नै लक्ष्य गरेर मानिसहरूले इँटा बनाएको ठहरिन्छ । यसको एउटा प्रमाण गोपालराज वंशावलीमा भेटिन्छ । त्यसमा एक ठाँउमा भक्तपुर वाने लायकुका ठूलठूला इँटाहरू लगी त्रिपुर दरबार बनाएको उल्लेख छ । त्यस्तै नेसं ७७२ मा पाटनका राजा श्रीनिवास मल्लको पालामा पाटनका प्रसिध्द विद्वान कुनु शर्माले **किर्तीपताका** नामक एक ग्रन्थ लेखेका थिए । त्यस ग्रन्थमा तत्कालीन पाटनको २६ टोलहरूको वर्णन गर्ने क्रममा पाको इँटाले छापेको चोक तथा डवलीहरूको पनि प्रसङ्ग परेको छ । कान्तिपुर, भक्तपुर तथा ललितपुरमा एकभन्दा राम्रो अर्को चिटिक्क परेका सम्पदाहरू बनाउन थरिथरिका इँटाहरू बनाउने होडबाजी पऱ्यो । विशेषगरी कुनैपनि वास्तुको जग, पर्खाल र भित्ताहरूमा **मा अपा** नै बढी प्रयोग गर्ने चलन थियो । जुन आयताकार भई ठूलो भएको र सर्वप्रथम बनाउन जानेको इँटा भएकोले मा अपा नाम दिएको देखिन्छ । ती इँटाहरू अहिले उत्पादन तथा प्रयोगमा छैन । यता मा अपापछि बढी उपयोग भएको अर्को इँटा चिकं अपा हो । जसलाई तेलिया इँटा पनि भनिन्छ । तेलिया इँटा पनि दुई प्रकारको हुन्छ । आयताकार तेलिया इँटा विशेषगरी मन्दिरमा उपयोग भएको हुन्छ त चारपाते आकारको चाहीं भुईं छाप्न प्रयोग भएको पाइन्छ । यसबाहेक यहाँ कुं अपा, ग्वंगचा, पोंल अपा, नागो जस्ता थुप्रै बुट्टेदार इँटाहरूको पनि विकास भएको पाइन्छ । यस्ता बुट्टेदार इँटाहरू वास्तवमा नेपाली वास्तुकलामा इँटाको विकासक्रममा उच्चतम अवस्थाको देन हो । माटाका कलात्मक मूर्तिहरूको साथसाथै विभिन्न प्रकारका कलात्मक इँटाहरू बनाउने प्रचलनसँगै कयौं बुट्टेदार इँटाका मन्दिरहरू पनि निर्माण भयो । तत्कालीन कान्तिपुर, भक्तपुर, ललितपुरलगायत नेपालमण्डलका अन्य बस्तीहरूमा समेत यस्ता कलात्मक इँटाहरूले निर्माण भएका मन्दिर देख्न सकिन्छ । यसमा भक्तपुरको गःहितिस्थित जगनाथ मन्दिर, भक्तपुर दरबार क्षेत्रको त्रिविक्रम नारायण मन्दिर तथा भक्तपुर तुछिमलास्थित अवाहरूको द्यःछेँ उदाहरणको रूपमा लिन सकिन्छ ।

तुछिमला टोल अवालहरूको पुर्खौली मुख्य बस्ती रहँदै आएको ठाउँ हो । अद्यापि यहाँ अवालहरूको नै बाहुल्यता छ । यही टोलबस्ती भित्र रहेको एउटा सम्पदाले सदैव अवालहरूको इतिहास, पेशा तथा कलाकारिताको झझल्को दिइरहेको छ । तुछिमला गल्लीको करिब  मध्ये भागतिर पश्चिमाभिमुख भई तीनतले एउटा सम्पदा स्थापित छ । यहाँ अवालहरूको विश्वकर्मा देवता स्थापित भएकोले विश्वकर्मा देवघर पनि भनिन्छ । विश्वकर्मा विशेषतया पेशागत कार्य गर्ने हरेक जातिले मान्ने देवता हो । प्रजापति, शिल्पकार झैँ अवालहरूको पनि विश्वकर्मा देवताप्रति आस्था भएको तथ्य यो देवघरले दिन्छ । अवाल जातिको विशेष सम्बन्ध मृत्तिकासित रहिआएको

सन्दर्भमा मृत्तिकाका विभिन्न कलाकारिता उपयोग गरी यो देवघर निर्माण भएकोले यो देवघर महत्त्वपूर्ण सम्पदा मानिआएको छ। पर्यटकहरूको आकर्षणको केन्द्र बनेको उक्त देवगृहमा रहेको कलात्मक इँटाकै तिकिझ्याःहरूमा यहाँका वास्तुविद् शिल्पी अवालहरूको क्षमता, योग्यता अनि पहिचान सदैव झल्किन्छ। परम्परागत छाना शैलीमा बनेको तीनतले यो द्यःछेँ दाचिअपा र माटोबाट निर्मित छ। द्यःछेँको अग्रभागमा दुईटा प्रवेशद्वार रहेकोमा बायाँ भागको प्रवेशद्वार ज्यादै कलात्मक रहेको छ। यस द्वारको माथि गणसहितको गणेशको मूर्ति रहेको तोरण छ। दुई प्रवेशद्वारको बीचमा कलात्मक पोलेको माटोको आँखीझ्याल रहेको छ। दोश्रो तलामा तीन वटा तोरण सहितको पाको माटोको कलात्मक माटोको आँखीझ्याल छ। यहाँ भित्र ढलौटको र पाको माटोको विश्वकर्मा देवता स्थापित छ। तेश्रो तलामा पाको माटोको तोरण सहितको कलात्मक सँझ्या छ। द्यःछेँको प्रत्येक तला छुट्याएको भागमा फूल, कमल, जस्ता परम्परागत बुट्टेदार इँटाहरू प्रयोग भएका छन्।



गणेशको गणसहितको तोरण

भक्तपुरका अवालहरूको यो द्यःछेँको चर्चा गर्ने सन्दर्भमा राजा भूपतिन्द्र मल्लले नेसं ८२२ मा बनाउन लगाएको विश्वप्रसिध्द ङातापोल देग (पाँचतले मन्दिर) को प्रसङ्ग आउँछ। ङातापोल देगको निर्माण सँगसँगै इँटाको इतिहास वा त्यसको पछाडि लुकेको ज्ञान, सीप तथा प्रविधिबारे थाहा पाउन सकिन्छ। यो मन्दिर राजा भूपतिन्द्र मल्लले ने.सं. ८२२ मा ६ महिनाको अवधिमा नै निर्माण गर्न सफल भएको थियो। यस सम्बन्धमा विद्वान डा. जनकलाल वैद्यज्यूले राष्ट्रिय अभिलेखालयको पुराना ग्रन्थहरू केलाएर तयार पार्नु भएको **सिद्धाग्नी कोट्याहुती देवल प्रतिष्ठा** नामक ग्रन्थमा अवालहरूबारे लेखिएको ब्यहोरा यस्तो छ, 'प्रस्तुत अभिलेख ग्रन्थको पत्राङ्क २३५ क, ख मा दैनिक जनही दम्म ३ र ६ दरले काम गरेका २६ जना अवालेहरूका नाम र उनीहरूले काम गरेका दिन सङ्ख्या र उनीहरू प्रत्येकले मध्ये पाएका एक मुष्ट ज्याला रकम उल्लेखित देखिन्छन्। उनीहरूलाई ज्याला वापत तिरेको जम्मा रकम मो १६१ दं १२ थियो। ज्यालाबाहेक उनीहरूले प्रत्येक मुख्य मुख्य चरणको वास्तु पूजाहरूमा 'मित सोङा', तलैपिच्छेका छानामा झिँगटी इँट, गोंगपा, कु अपा, इँट छाउँदा पूजा मान स्वरूप दक्षिणा भेटी पाएका थिए। उनीहरूले 'मित सोङा' वापत मो ११ २, छाना छाएवापतको पूजा अनुष्ठानमा मो १३ दं ५६ दक्षिणा पाएका थिए। उनीहरूलाई पनि मुदि र रोटी भाग दिएका थिए। प्रायः सबैका ज्याला बराबर थिए। उनीहरू मध्ये सबभन्दा धेरै दिन काम गर्नेहरूको नामावली यस प्रकार छन् :

१. शंकर अवाल – २६१ दिन काम गरेको मोहर १५ मूल्य पर्ने २२ तोला तौल भएको चाँदीको बाला पुरस्कार पाएको।
२. मुनि – १८८ दिन काम गरेको
३. धनराम – १६३ दिन काम गरेको
४. हाकु – १५९ दिन काम गरेको
५. भिम – १५६ दिन काम गरेको

जसमा अरु अवालहरूको नाम जसराम, देवराम, देव, चुकुरी, बोधिराम, शिवहरि, चतुराम, तवदेक, मनोहरसिंह, मनिधर, भायदेव, वेषाराम, सिद्धिराम, अभिराम, परशुराम, चन्द्र, विश्वेश्वर, राम, रघुराम, चुकुन र कृष्ण थिए। यसमा सबैभन्दा कम दिन अर्थात २६ दिन काम गर्ने पनि कृष्ण नै थियो। ङातापोलको उक्त विवरणबाट तत्कालीन अवस्थाको इँटाको बजार भाउ समेत थाहा हुन आउँछ। ङातापोल देवल बनाउन भक्तपुरको पाँच विभिन्न स्थानमा इँटाभट्टा स्थापना गरेको थियो। विशेषगरी टौमढी टोलबाट नजिकको दूरीमा पर्ने सिध्द पोखरीको मुनि मस्यांबिजली, माहेश्वरी पिठ नेरको वाताध्वाका, हनुमानघाट, नायध्वाका, चुपिङघाटमा इँटाभट्टा स्थापना गरेको थियो। यसरी ङातापोल बनाइसकेपछि तुछिमलाका अवालहरूले २०५ मोहरतका ३२ दाम तेलिया इँटामात्र बिक्री गरी पाएको देखिन्छ। त्यसबेला १ मोहरतकाको ५०० वटा तेलिया इँटा तथा ३००० वटा इँटा आउँथ्यो।

यो देवघरको स्थापनाबारे एउटा प्रचलित कहावत के छ भने राजा भूपतिन्द्र मल्लले ङातापोल मन्दिर भब्य ढङ्गले निर्माण भएकोमा अति खुशी भई सो कार्यमा दत्तचित्तसित लागेका तुछिमलाका अवालहरूलाई विभिन्न पुरस्कारसमेत दिएको थियो। ङातापोलको निर्माण पछि सोही वर्ष त्यहि खुशीयालीमा तुछिमलामा यो मृत्तिका देवघर बनाएको किंवदन्ती पाइन्छ। यो किंवदन्ती पुरै सत्य नभए पनि पूरै झूट पक्कै होइन। ङातापोल बनिसकेपछि जसरी तुछिमलाका अवालहरू लाई पुरस्कार दिएका थिए त्यसरी नै पूजादि कार्यमा लागेका राजोपाध्याय, जोशी र कर्माचार्यलाई मुकुट तथा घोडा उपहार दिएको थियो। ङातापोल देवल बनाउने काममा प्रत्यक्ष संलग्न भएका कालीगढहरूलाई तिनीहरूको कार्य कुशलता, लगनशिलता एवम् प्रतिभाको कदर गर्दै सुन र चाँदीका बाला उपहार दिएको थियो।

त्यसमा नाम र थरसमेत किटान गरी पुरस्कार पाउनेहरूमा तुल्सी लोहोकमी, नवमी सिंह ताम र शंकर अव हो। मन्दिरमा सुलुक्क परेको पाँच तहको छाना छाउने अवालहरू प्रति खुशी भई राजाले उपहार दिएको देखिन्छ। ती उपहार पाउने ब्यक्ति यही तुछिमला टोलका शंकर अवाल हुन। शंकर अवालले ङातापोलको लागि आवश्यक १,०२६३४ वटा चिकं अपामध्ये २७७२० वटा चिंक अपा उपलब्ध गराएको थियो। यसकारण उनी एक ब्यापारी पनि थियो भन्ने बुझिन्छ। त्यसबाहेक तत्कालीन समयका मुनि, धनराम, हाकु, रघुराम, तवधेक, चतुराम, अभिराम, चन्द्र, भायदेव, सिवहरि, सिद्धी, मनहोर, बुद्धिराम, देवराम, बेखाराम, जसराम, चुकती, विश्वेश्वर नामका अवालहरूले ङातापोलको लागि तेलिया इँटा उपलब्ध गराउनेदेखि मन्दिर बनाउने काम गरेको देखिन्छ।

यी सबै अवालहरूको नेतृत्व शंकर अवालले गरेको प्रमाण स्पष्ट छ। यसमा केही बनेपाका अवालहरू पनि थिए। तर शंकर अवाललगायत अन्य प्रमुख अवालहरू भक्तपुर तुछिमला टोलको भएको प्रमाण अद्यापि उनीहरूबाट ङातापोल मन्दिरको प्रत्येक वर्ष आषाढ शुक्ल प्रतिपदाको दिन मन्दिरमा घाँस उखेल्ने, सफा गर्ने झण्डोत्तोलन गर्ने वर्षबन्धनको परिपाटीबाट मिल्दछ। यसबाहेक मन्दिरको लागि चाहिने इँटाहरूमा अपा, चिकं अपा, गंग अपा, इमा अपा, कुं अपा आदि उपलब्ध गराउने ब्यक्तिहरू प्रायः अवाल नै थिए। त्यसबाहेक जनकराम अवाल, गंगाराम अवाल, धनराम अवाल लगायत भिम थुसा, श्याम खिबुंजा, जशीराम मानन्धर गछैँको भागीराम, क्वाठण्डौको रामदेव, भार्वाचोको धर्मसिंह, तेखाचोको दुर्गादास, तेभुचोको श्रीकृष्ण, इटाछैँको वासुदेव आदि इँटा बिक्रेताहरूले मन्दिरको लागि आवश्यक पर्ने इँटाहरू दिएको देखिन्छ।

ङातापोल बनाइसकेपछि तुछिमलाका अवालहरूले आफ्नो विश्वकर्मा देवताको देवघर निर्माण गर्ने निर्णय गरे। तर यो देवघर बनाउन तत्कालीन तुछिमलाका अवालहरूको माहा नाइके भागिरामको दूरदृष्टिले ने.सं.८२२ देखि लागि परेता पनि ने.सं. ८२७ मा मात्र पूरा भयो। यसको प्रमाण यही देवघरभित्र रहेको शिलापत्रले दिन्छ। देवघरको छिँडीको दक्षिणी भित्तामा जोडिएको शिलापत्र प्रचलित लिपीमा लेखिएको छ। जुन यसप्रकार छ –


भित्तामा टाँसिएको शिलापत्र

*१. स्वस्ति ॥ श्री ३ स्वेष्ट देवतायैं नमः। ख्याते शैलगदृगष्ट*
*२. हि, परिमिते नेपालसंवत्सरे ज्येष्ठ मासे व लक्षपक्ष क*
*३. लितेरम्य दशम्यां तिथौ पक्ष हस्त समाख्याते गुरु दिने यागे*
*४. ब्यति पातके दिब्य देवगेहचमंजुलनमोघमृस्य शालापरां। स्वेष्टेश*
*५. स्यसुतृष्टचविमलधिनीमाय भत्कयान्वितो, भागिराम समाधि, सुविधि*
*६. षच्चक प्रतिष्ठा मदा। क्षेत्रंधारण रोपनि परिमित संकल्प प्रत्यादित्य*
*७. जीर्णोद्धारनं वर्ष वर्द्धन दिन पूजार्थमदयांकृतः। श्री ३ स्वेष्ट देवताप्रिति*
*८. कामनाया देवालय धर्म्मशाला दाङव काश्यप गोत्र भागिराम माहा*
*९. न दशहरा दिनस प्रतिष्ठा याङाव दुंता ॥ श्री ३ स्वेष्ट देवता प्रीती कामना*
*१०. काश्यप गोत्र भागीराम माहानान् रोव ३ दथुलाव् रोव २ बलति रो*
*११. व १ सुयचादो रोव २ नलिनो थ्वते दुंता ॥ पुर्नभाखा नेपिबु*
*१२. सानान लासंकाल बुसाधान याय पंचोपचार पूजा ॥ पुर्नभाखा नेपिबु*
*१३. या बलसानय दासंकालदेवल-संचपालसं सेल्हो याग्रमाल ॥ पुर्नभा*
*१४. खा नेपि बुया बलसानन्दासं काल सहोदरस देगुलिपुजा खुन्हु*
*१५. म्ह १ दुगु दुंता बियमाल, हनौं सहोदरस श्राद्धकुन्हु मोहोरटका १ दु*
*१६. बिय परसखन जो ५ निम्छल बबिय् थ्वते दासंकाल यायेमाल ॥ सम्व*
*१७. त ८२७ ज्येष्ठ शुक्ल दशमि तिथि हस्ता नक्षत्र ब्यतिपात योग बृहस्प*
*१८. तिवार थ्व कुन्हु प्रतिष्ठा याङा दिन ॥ ॥ शुभमस्तु सर्व्वदा ॥ ॥*
*१९. थ्व देवलस् चपालस् बुस गोहम्ण सेनकालसा् पन्चमहापात*

*२०. क लाका जुरो ॥ हुभ ॥ रोज ४ जर्द्ध बु सेल्हो याता ॥*

यो शिलापत्र अनुसार ने.सं. ८२७ ज्येष्ठ शुक्ल दशमीको दिन काश्यप गोत्रका भागीराम माहांले श्री ३ स्वेष्ट देवताको प्रिती कामनार्थ यो देवालय स्थापना गरेको प्रष्ट हुन्छ । त्यतिमात्र होइन कुनैपनि सम्पदा स्थापना गरिसकेपछि निरन्तरताको लागि जग्गा जमिनसहित गुथि स्थापना गर्ने चलनअनुसार यो देवघर स्थापना पछि वर्षबन्धन तथा भत्केबिग्रेको बनाउन जग्गा जमिनको पनि ब्यवस्था भएको यहाँ देख्न सकिन्छ । यहाँ विभिन्न ठाउँका गरी ८ रोपनी जग्गा दत्तको रूपमा राखेकोमा २ रोपनी वर्ष बन्धन अर्थात प्रत्येक वर्ष दशहराको दिन भुसादांको लागि छुट्याएको छ भने २ रोपनी जग्गा अवालहरूको देगुली पूजा अर्थात दिगुपूजामा बोका १ को लागि राखेको देखिन्छ । त्यस्तै २ रोपनी जग्गा हरेक वर्ष सोहश्राद्धको लागि र अर्को २ रोपनी जग्गा भत्के बिग्रेको बनाउनलाई राखेको छ । यो शिलापत्रबाट तुछिमलास्थित विश्वकर्मा अर्थात स्वेष्टदेवताको देवगृहको स्थापना ङातापोल देवल निर्माण भएको वर्ष अर्थात ने.सं. ८२२ मा नभई ने.सं. ८२७ मा भएको प्रष्ट हुन्छ ।

यो शिलापत्र जस्तै अर्को एक दरिलो प्रमाण यो देवघरमा स्थापित काठको अत्यन्त राम्रो कलाकारिताले भरिएको तोरण पनि हो । देवघरको उत्तरतर्फको द्वारमाथि रहेको यो तोरणमा कुँदिएको एक अभिलेखअनुसार यो तोरण ने.सं. ८३० को हो । यसको अर्थ देवघर बनिसकेपछि श्री ३ स्वेष्टदेवता वा विश्वकर्मा देवता पूजा अघि श्री गणेशको पूजा गर्नुपर्ने आवश्यकतालाई मध्ये नजर गरी ने.सं. ८३० अर्थात देवघर बनेको तीन वर्षपछि विधिवत रूपमा श्री गणेश स्थापना गरी काठको अत्यन्त राम्रो तोरण राख्न लगाएको पुष्टि हुन्छ ।

यस्तै तुछिमलास्थित विश्वकर्मा द्यःछेँभित्र अर्को एउटा शिलापत्र पनि देख्न सकिन्छ । नेपाल सम्वत ८५४ को सो शिलापत्र यसप्रकारको छ –

*१. सम्वत् ८५४ फागुण मासे शुक्ल पक्षय पूर्णमास्यातिथौं श्री ३ विश्वकर्मादे*

*२. वता प्रीतीनस्य पूजा यता बुकाकोतितासुरा १ धमसिङन दुतां छेरबादि मुङा*

*३. व पूर्णिमा कुन्हु पूजा याय माल न्हसखा छेस नकेमाल कोयायात लुजुगा नेम्हा नके*

*४. माल ससया शुकी २ धमसिङ नेम्हा तिरिपूरुषन दूतां ॥ न्ह सम्हासनं बिचाल याये माल ॥*

विश्वकर्मा द्यःछेँ स्थापना पश्चात यहाँ भित्रको पूजापर्व सञ्चालनार्थ समय समयमा थप आयस्तासहितको गुथि स्थापना भएको देखिन्छ । यसमा ने.सं. ८५४ मा राजा रणजित मल्लको



ने.सं. ८५४ को शिलापत्र

समयमा धर्मसिहं अवाल दम्पत्तिले फागुन शुक्ल पूर्णिमा अर्थात फागु पुन्हिको दिन पूजा गरी सातघर परिवारलाई भोजन गराउनु पर्ने र त्यसको लागि १ रोपनी जग्गा आयस्ता राखेको देखिन्छ ।

यति धेरै महत्त्वले भरिएको विश्वकर्मा द्यःछेँ केही समय यता जीर्ण हुदैं आएकोलाई मध्येनजर गरी हालै भक्तपुर नगरपालिकाले पुनःनिर्माण थालेको छ । भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिले यस द्यःछेँको जग शिलान्यास गर्नु भएको छ ।

(तस्बिर-लेखक)

**पानीजन्य सरुवा रोगबाट बच्न पानी उमालेर खानु सर्वोत्तम उपाय हो ।**

## बासिबियाँलो



गिलासभित्र परेको वस्तुलाई दुईवटा काँटी सारेर बाहिर पार्नुहोस् । गिलास जुनसुकै दिशामा फर्के पनि फरक पर्दैन ॥ (उत्तर ४९ पृष्ठमा)

# जङ्क खाना
# (Junk Food)



राजेन्द्रबहादुर कायष्ठ

## परिचय :

अङ्ग्रेजी भाषामा Junk को अर्थ पुरानो, बेकारको वा काम नलाग्ने भन्ने बुझाउँछ । यस अनुसार Junk food को अर्थ नेपालीमा रूपान्तर गर्दा पुरानो खाना वा बेकारको खाना वा काम नलाग्ने खाना भन्ने बुझाउँछ । अङ्ग्रेजीमा Junk food को अर्थ पहिले नै तयार गरिएको वा पाकेट गरिएको खाना जस्मा शरीरलाई आवश्यक पोषक तत्वहरू धेरै कम मात्रामा हुन्छ भन्ने जनाउँछ । Junk food शब्दको प्रयोग सबभन्दा पहिले एकजना अमेरिकी पोषणविद् माइकेल एफ. जाकोबसन (Michael F. Jacobson - Director, Center for Science in the Public Interest ) ले सन् १९७२ मा प्रयोग गरेका थिए । पहिलो पटक Junk food को रूपमा उत्पादन र बिक्री वितरण गर्ने दुईजना अमेरिकी दाजुभाइहरू फ्रेडरिक/लुई रुएखाइम (Frederick / Louis Rueckheim) थिए । उनीहरूले सर्वप्रथम यस्को उत्पादन सन् १८९३ मा salty sweet popcorn (नुनिलो र गुलियो मकै), molasses (उखुबाट निकालिएको एक प्रकारको बाक्लो झोल) र salted peanuts (नुन र बटर राखिएको बदाम) को रूपमा शिकागोमा भएको विश्व मेला (World's Fair) मा सन् १८९३ मा बिक्री गरेका थिए । यसको ३ वर्षपछि वा सन् १८९६ मा यसलाई व्यवसायिक रूपमा उत्पादन गरी बिक्री वितरण शुरु भयो र पछि गएर अमेरिका र युरोपभरि बिक्री वितरण भयो । हाल जङ्क खाना नेपाललगायत विश्वभरि नै बढी प्रयोग भैरहेको छ । विशेष गरि अमेरिका र युरोपतिर यसको प्रयोग अत्यधिक गरिन्छ । भनिन्छ यसै कारण हाल विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसविरुद्ध लडने क्षमता अमेरिकी र युरोपेलीहरूमा कम भएको हो ।

## जङ्क खाना भनेको के हो ?

मानव शरीरलाई अति आवश्यक पर्ने खनिज पदार्थ, प्रोटिन, भिटामिनलगायत पोषणको लागि चाहिने वस्तुहरू नभएको वा अति कम भएको तर बढी क्यालोरी युक्त चिनी, चिल्लो पदार्थ, कृत्रिम रंग प्रयोग गरेको, प्रशोधन गरिएको आदि भएको खानालाई जङ्क खाना भनिन्छ । यो खानालाई लामो समय सुरक्षित गर्न विभिन्न प्रकारका हानिकारक रसायनहरू राखिएको हुन्छ । यसले गर्दा मानिसहरूमा दम, माइग्रेन (टाउको दुख्ने), छालामा राता दाग आउने, मिर्गौला सम्वन्धी रोग, रक्तअल्पता (एनिमिया), क्यान्सर समेत हुनसक्दछ । यो अस्वस्थकर खाना हो । यो बाँच्नको लागि भन्दा स्वादको लागि खाने गरिन्छ । यो खानाले शरीर र विभिन्न कोषहरूको लागि आवश्यक पोषणात्मक वस्तुहरू परिपूर्ति गर्दैन । यो खानाको बढी सेवनले मानिसहरूमा उच्च रक्तचाप, मुटु सम्वन्धी समस्या, रोगविरुद्ध लड्ने क्षमतामा कमी, मोटोपन, मधुमेह, जोर्नीको समस्या, अल्छिपन आदि समस्याहरू देखापर्दछ ।

## जङ्क खानाको प्रयोग किन बढ्दै गएको छ ?

वर्तमान समयमा मानिसहरूको व्यस्तता, सजिलो खोज्ने बानी र आक्रामक विज्ञापनबाट जङ्क खानाको प्रयोग दिनदिनै बढ्दै गएको छ । यसको बिक्री वितरणबाट धेरै नाफा हुने भएकोले बहुराष्ट्रिय कम्पनीहरू र स्थानीय उत्पादनकर्ताहरूले राम्रो प्याकेजिङ, विभिन्न कलाकार र खेलाडीहरूलाई मोडलको रूपमा प्रयोग गरी यसको विज्ञापन प्रचुर मात्रामा गरिरहेका छन् । अहिलेको व्यापार विज्ञापनमा आधारित छ । व्यापारको मूलमन्त्र नै विज्ञापन हो । व्यापार क्षेत्रमा धेरै पहिला देखि सुन्दै आएको 'बोल्नेको पिठो पनि बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन' भनाइ हाल बढी नै सान्दर्भिक छ । विज्ञापनको माध्यमबाट कुनै पनि सामानलाई राम्रो, बढी उपयोगी देखाउन, उपभोक्ताहरूलाई लोभ्याउन, नचाहिएको सामानहरू किन्न उत्प्रेरित गर्ने आदि कार्य आजको व्यापार व्यवसायको मुख्य रणनिति हो । **विज्ञापनहरूमा भ्रमपुर्ण प्रचार** जस्तै उचाइ बढाउने, बुद्धि बढाउने, स्मरण शक्ति बढाउने, साहसी र बहादुर बनाउने, रोगबाट बचाउने, पढाइमा सफल हुने आदि भनेर मानिसहरूलाई लोभ्याउने वा आकर्षित गर्ने गर्दछन् ।



सामान्यत विज्ञापनमा प्रयोग गरिने मोडेलहरूको भनाईलाई सत्य मानेर वा विश्वास गरेर यसको प्रयोग गर्ने गरिन्छ। तर विज्ञापनमा भनिएका सबै कुराहरू सत्य नहुने र ती मोडेलहरूले पैसाको लागि त्यो अभिनय मात्र गरेको हो भन्ने कुरा सबैले बुझ्नुपर्दछ। हाल नेपाललगायत विकासोन्मुख देशहरूको कुनाकाप्चादेखि लिएर ठूल्ठूला डिपार्टमेण्टल स्टोरहरूमा, होटेल, रेस्टुरेन्ट, ससाना किराना पसल आदि स्थानहरूमा जङ्क खाना सजिलै पाइन्छ। प्रयोगकर्ताहरूले जङ्क खानामा शरीरलाई आवश्यक भिटामिन, प्रोटिन, खनिज पदार्थ, रेशाहरू नभएको र भए पनि एकदम कम भएकोतर्फ ध्यान दिँदैनन्। उनीहरू टेलिभिजनको विज्ञापन, चित्ताकर्षक छपाई, रंगिन प्याकेजिङ, तयारी र सजिलो खानाको रूपमा छिटो लोभिने गर्दछन्। जङ्क खाना बनाउने उत्पादनकर्ताहरूले खानाको पोषणात्मक तत्वहरूलाई सुरक्षित बनाउने भन्दा पनि कसरी खानालाई स्वादिलो र आकर्षक बनाउने भन्ने कुरामा बढी ध्यान दिएको हुन्छ। यसको लागि उनीहरूले विभिन्न रसायन, बढी चिल्लो, नुनिलो, पिरो, अखाद्य रंगहरू आदिको प्रयोग गर्ने गर्दछन्। आजकल धेरै आमाबुबाहरूले पनि सजिलोको लागि आफ्ना सन्तानहरूलाई दिउँसोको खाजाको रूपमा घरमा पकाएको तरकारी चिउरा, मकै भटमास आदिको स्थानमा जङ्क खाना पठाउने गर्दछन्। बच्चाहरू पनि यसको आकर्षक छपाइ, यसमा भएको टेस्टिङ् पाउडरको स्वाद, नयाँ प्रकारको खाना र साथीहरूको देखासिकीमा जङ्क खाना खान रुचाउँछन्।

## दैनिक जीवनमा प्रयोग गरिने कुन कुन खाना जङ्क खाना हुन् ?

खासगरी रेशादार पदार्थ (फाइवर) कम भएको, चिल्लो र गुलियो (प्रशोधित गरेर बनाएको जस्तै चिनी, तर सक्खर होइन) बढी भएको, तेलमा डुबाएर तारेको, टेस्टिङ् पाउडर प्रयोग भएको र स्वाद बृद्धिमा बढी ध्यान दिएर पकाइएका खानाहरू नै जङ्क खाना हुन्। **जङ्क खाना हो होइन छुटयाउन त्यो खाद्य वस्तु कसरी बनाइएको छ त्यसमा भर पर्दछ।** एउटै वस्तुबाट बनाइएको खानाको परिकार पनि कुनै जङ्क खाना हुन सक्छ भने कुनै नहुन सक्छ। जस्तै : आलुलाई उसिनेर सामान्य हल्का मसला वा क्रिम राखेर बनाइएको आलुको परिकार जङ्क खाना होइन किनभने यसरी पकाउँदा आलुमा भएको पोषणात्मक तत्वहरू नष्ट भएको हुँदैन। तर त्यही आलुलाई तेलमा तारेर वा फ्रेन्च फ्राइ गरेर बनाइएको छ वा तेलमा पटक पटक तारेर बनाइएको छ भने त्यो जङ्क खाना हो। किनभने यसरी बनाइएको आलुमा भएको भिटामिन, खनिज पदार्थलगायत पोषणात्मक तत्वहरू सबै नष्ट भइसकेको हुन्छ। यसले शरीर र यसका कोषहरूलाई कुनै फाइदा गर्दैन। केवल स्वादको लागि मात्र खाने हुन्छ। चिनीको मात्रा बढी भएको सबै प्रकारको चिसो पेयपदार्थहरू जङ्क खाना हुन्। दैनिक जीवनमा खाने चामल, दाल, पाउरोटी, बिस्कुट, आदि मध्ये सेतो चामललाई पोषणविद्हरू अस्वस्थकर खाना भन्ने गर्दछन्। यसको सट्टा ब्राउन राइस वा खैरो चामल शरीरको लागि स्वस्थकर मानिन्छ। पालिस भएको दालले पनि शरीरलाई फाइदा गर्दैन। पाउरोटीमा पनि गहुँलाई प्रशोधित गरेर बनाउने भएकोले यसमा पोषणात्मक तत्वहरू नष्ट भइसकेको हुनाले यसलाई अस्वस्थकर खाना भनिन्छ। यसको प्रयोग बढीमा दुई तीन टुक्रासम्म ठीक मानिन्छ। विशेषगरि चकलेटहरू, पाउरोटी, केक, आइसक्रिम, चिसो पेय पदार्थ, प्रशोधित मासुहरू, फ्रिजमा राखिएको खाना, ससेज, सस, तेलमा तारेको, नुनिलो स्नाक्सहरू जस्तै आलु चिप्स, लेयज, कुरमुरे, चिजबल्स, चाउचाउ, चिनी राखेर बनाइएका गुलियो मिठाइहरू, समोसा, पकौडा, डुनट, पुरी, सेल, माल्पा आदि जङ्क खाना हुन्।

## जङ्क खानाबाट हुने स्वास्थ्य समस्याहरू :

**क)** शरीरलाई फाइदा गर्ने पोषणात्मक तत्वहरू धेरै कम हुने भएकोले यसले स्वास्थ्यलाई फाइदा गर्दैन। यसमा रेशादार पदार्थ नहुने भएकोले कब्जियत हुन्छ। कब्जियतले विभिन्न समस्याहरू जस्तै : आन्द्रा, पिसाब सम्वन्धी समस्या, हर्निया आदि समस्या हुने गर्दछ।

**ख)** सन् २००२ मा पाउल जोनसोन र केनीले गरेको अध्ययनअनुसार जङ्क खानाको अध्यधिक प्रयोगले मस्तिष्कमा नकारात्मक असर पार्दछ।

**ग)** कुनै जङ्क खानामा प्रशस्त मात्रामा चिनी मिसाइएको हुन्छ। यसको धेरै प्रयोगले मानिसलाई मधुमेह रोग लाग्ने सम्भावना बढी हुन्छ। यसरी नै तौल बढेर धेरै मोटो र भद्दा देखिने गर्दछ। रक्तचाप बढ्ने, मृगौलामा समस्या आउने र मुटु सम्बन्धी पनि समस्या आउने, आलस्यता बढ्ने, खुट्टा दुख्ने आदि समस्या आउने गर्दछ। सक्खर प्राकृतिक वस्तु भएकोले कम हानि गर्दछ भने चिनी प्रशोधित वस्तु भएकोले बढी हानि गर्दछ। सामान्यतया एकजना वयस्क पुरुषले दैनिक बढीमा ५ चिया चम्चा चिनी र एकजना वयस्क महिलाले दैनिक ३ चिया चम्चा चिनी प्रयोग गर्नु ठीक हुने पोषणविद्हरूको भनाइ छ।

**घ)** यसमा चिल्लो पदार्थ बढी मात्रामा प्रयोग गरेको हुन्छ। वरिष्ठ मुटु रोग विशेषज्ञ डा. प्रकाश राज रेग्मीका अनुसार चिल्लो पदार्थ बढी भएका खाना खाँदा शरीरमा बोसोको मात्रा बढ्ने गर्दछ। यसबाट रगतमा खराव कोलेस्टेरोल बढ्ने, रक्तचाप बढ्ने, हृदयघात हुने सम्भावना बढ्ने खतरा हुनजान्छ। चिल्लो पदार्थले शरीरको पाचन प्रणालीमा पनि नकारात्मक असर पार्दछ। बोसोजन्य तन्तुको विकासले शरीरको तौल

बढनुको साथसाथै कलेजोले समेत काम गर्न गाह्रो हुनजान्छ ।

**ङ)** जङ्क खानामा नुनको मात्रा चाहिनेभन्दा निकै बढी राखेको हुन्छ । जस्तै : आलु चिप्स, दालमोठ, भुजिया, तयारी बदाम, पापड आदि । यी खानाहरूमा घरमा प्रयोग हुनेभन्दा बढी नुन राखिएको हुन्छ । यसको बढी सेवनले शरीरमा नुनको मात्रा बढी भएर रक्तचाप बढ्ने, मुटुमा समस्या आउने, मिर्गौला फेल हुने, मस्तिष्कघात हुने आदि सम्भावना बढी हुन जान्छ ।

**च)** स्वाद बढाउन र छिटो बिग्रन नदिन जङ्क खानामा प्रयोग गरिने अजिनोमोटो र क्याफीनलगायत विभिन्न रसायनहरूले मानिसको मुटुलगायत विभिन्न अङ्गहरूलाई हानि पुऱ्याउँछ ।

**छ)** जङ्क खाना धेरै खाँदा पोषणात्मक तत्वहरूको कमीले कुपोषण हुने गर्दछ । स्वादिलो जङ्क खानाको बानीले गर्दा घरमा बनाइएको खानाहरू खान मन लाग्दैन । यसले गर्दा शरीरलाई आवश्यक पौष्टिक तत्वहरूको कमी हुन जान्छ । यस अवस्थामा विभिन्न रोगले आक्रमण गर्न सक्छन् । यसरी नै जङ्क खानामा भएको बढी क्यालोरीयुक्त खानाले गर्दा बच्चाहरू बढी मोटाउने, भद्दा देखिने हुन्छ जुन भविष्यमा विभिन्न रोगको कारण बन्न जान्छ ।

**ज)** दन्तरोग विशेषज्ञका अनुसार बच्चा बेलामा बढी गुलीयोको (चकलेट, मिठाइ, केक, आइसक्रिम) प्रयोगले दाँत कीराले खाने, दाँत झर्ने, भाँच्चिने, दाँतमा प्वाल पर्ने आदि समस्या देखा पर्दछ । बालबालिकामा स्थायी दाँत आएपछि दाँतलाई केही व्यायामको आवश्यकता पर्दछ जस्को लागि हाम्रो परम्परागत खाना चिउरा, मकै, भटमास, रोटी, काँक्रो, गाजर, मुला आदि खानेकुरा खानु पर्दछ । यसलाई चपाएर खाँदा नयाँ आएको स्थायी दाँतहरू बलियो हुन जान्छ । तर आजकलका बालबालिकाहरू चाउचाउ, चिजबल, बिस्कुट, चिसो पेय पदार्थ, चकलेट, आइसक्रिम आदि खाने भएकोले दाँतको व्यायाम हुँदैन । यिनीहरूमा भएको गुलियोले दाँतको इनामेललाई नष्ट गरी दाँतलाई कमजोर बनाउँछ ।

**झ)** किशोरावस्थामा शरीर भित्र विभिन्न प्रकारका हर्मोनहरू बन्ने र परिवर्तन हुने गर्दछ । यसको लागि शरीरलाई आवश्यक पोषक तत्वहरू चाहिन्छ । तर जङ्क खानाको बढी प्रयोगले शरीरलाई आवश्यक तत्वहरूको कमी हुन गई हर्मोनको वृद्धिमा असर हुनजान्छ । जस्ले गर्दा उनीहरूमा डिप्रेसन हुने, मन उदास हुने, छिटो रिसाउने, चिडचिडाहट हुने आदि मानसिक समस्याहरू देखा पर्दछ ।

## अब के गर्ने त ?

**क)** घरेलु खाना ताजा, पोषिलो र सस्तो हुन्छ भनी आफूले बुझ्ने र बालबालिकाहरूलाई पनि बुझाउने । घरमा पनि हामीले सकभर सन्तुलित प्राकृतिक खाना खाने गर्नु पर्दछ ।

**ख)** चिल्लो, नुनिलो, गुलियो, पिरो वस्तुको न्युनतम मात्रामा प्रयोग गर्ने ।

**ग)** सानै उमेरदेखि बालबालिकाहरूलाई घरमा पकाएको खानाहरू खान प्रोत्साहन गर्ने । विद्यालय जाने बालबालिकाहरूलाई पनि दिउँसोको खाजा घरबाट बनाएर पठाउने । खाजाको रूपमा बालबालिकाहरूलाई गँहु वा मकै वा फापरको रोटी, मकै भटमास भुटेको, चिउरा, चना, केराउ, आलु, बोडी आदिको परिकार पठाउने गर्नु पर्दछ । विद्यालयले पनि बजारी खाजा वा तयारी खाना वा जङ्क खाजाको प्रयोगमा भन्दा घरको खाजा ल्याउनमा उत्प्रेरित गर्ने । नेपाल सरकारले विद्यालयमा चाउचाउलगायत जङ्क खाना प्रयोग गर्न नपाउने नियम बनाएको थियो तर व्यापारीको स्वार्थमा यसलाई कडाइका साथ लागु भएको छैन ।

**घ)** चिसो पेय पदार्थ र तयारी पाकेट वा सिसीमा भएको जुसमा भन्दा दूध, दही, मही, लस्सी, ताजा जुस (पाकेट जुस होइन), कागती पानी आदिमा शरीरलाई आवश्यक भिटामिन, खनिज, प्रोटिन आदि प्रशस्त हुने भएकोले यसको प्रयोगमा प्राथमिकता दिने ।

**ङ)** मौसम अनुसारको हरियो मकै, हरियो तरकारी, सखरखण्ड, पिंडालु, गाजर, मुला, मेवा, केरा आदि स्वास्थ्यवर्द्धक खाना खानु पर्दछ ।

**च)** तेलमा तारेको, तेलमा बढी भुटेको, बढी मसला प्रयोग भएको, बढी नुनिलो र गुलियो आदि खानाहरू कम भन्दा कम खाने गर्नुपर्दछ ।

**छ)** विज्ञापनको आधारमा खाद्यवस्तुहरू किन्ने र प्रयोग गर्ने गर्नुहुँदैन ।

ज) विभिन्न टेलिभिजन च्यानलहरू र सञ्चार माध्यमहरूमा जङ्क खानाको आकर्षक विज्ञापनमा विश्वास गरेर तयारी, प्रशोधित गरेको, प्याकेटबन्द खानाहरू बालबालिकाहरूलाई सकभर प्रयोग नगर्ने । यसको नकारात्मक असरहरूबारे सानै उमेरदेखि बुझाउने ।

**झ)** तयारी खानेकुरा किन्दा त्यो बनेको मिति र प्रयोग गर्न सकिने अन्तिम मिति हेर्ने र म्यादभित्र प्रयोग गर्ने ।

**ञ)** तयारी खानेकुरा इज्जत र फेसन होइन सधैं स्मरण गर्ने ।

### सहयोग सामग्री


१) **खाना खानु भयो ?** : डा. अरुणा उप्रेती र लक्ष्मण अधिकारी

२) **आधुनिकतासँग सावधान** : केदार शर्मा

३) **स्वास्थ्य रहस्य** : डा. राजेन्द्र के.सी.

४) विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरू ।

# सलह कीरा र व्यवस्थापन



सबिन ख्याजू

सलह कीरा नेपालको सबै जिल्लाहरूमा देखिएको छ । झण्डै ५२ जिल्लामा सलहले कृषि बालीमा नोक्सान पुऱ्याएको छ । पहिलो समूहमा ८०–९० लाख सलह नेपाल प्रवेश गरेको सरकारले बताएको छ । दोस्रो समूहमा पनि धेरै सङ्ख्यामा नेपाल प्रवेश गरेको छ । अफ्रिकी मुलुकबाट अरबियन देश हुँदै एसियाको इरान, अफगानिस्तान, पाकिस्तान र भारत हुँदै सलह कीरा नेपाल प्रवेश गरेको हो । नेपालको तराई, पहाड र हिमाली क्षेत्रहरू सलह फैलिएको छ ।



सलह कीरा

विगत धेरै समयमा यो कीराको प्रकोपहरू भएका छन् । विश्वमा सन् १९२६–३४, १९४०–४८, १९४९–६३, १९६७–६९, १९८६–८९ मा सलह कीराको प्रकोपहरू भएका थिए । प्रतिवेदनका अनुसार ३० देशमा नियमित रहने यो कीरा ६० वटा देशसम्म फैलन सक्ने देखाएको छ । यी कीराले पृथ्वीको जमिनको २० प्रतिशत क्षेत्र ओगट्न सक्छ । विश्वव्यापी तापमान वृद्धिले जलवायु परिवर्तन गराएको हो । अफ्रिकाको मरुभूमिमा ठूलो साइक्लोनहरूका कारण अत्यधिक पानी पऱ्यो । सलहको लागि यो उपयुक्त वातावरण सिर्जना भयो । सलह कीरा नेपाल आउनु यसकै परिणाम हो । नेपालका वैज्ञानिकहरूका अनुसार सन् १९६२ मा गोदावरी र काठमाडौंमा पहिचान गरिएको थियो । स्थानीय बासिन्दाका अनुसार भक्तपुरको सूर्यविनायक जङ्गलमा सलहले पनि क्षति पुऱ्याएको बताइन्छ । त्यसै वर्ष काभ्रेको पनौतिमा मकैबालीमा यो कीराको प्रकोप देखिएको थियो ।

केही समय अगाडि कृषि तथा खाद्य सङ्गठन र नेपालका कृषि वैज्ञानिकहरूबाट सलह कीरा नेपाल नपस्ने अनुमान गरिएको थियो । नेपालको कृषि अनुसन्धान निकै कमजोर र झारा टार्ने किसिमको भएका कारण यस्ता अनुमानहरू गलत हुने गरेका छन् । कृषि वैज्ञानिक र प्राविधिकहरूको लागि आवश्यक स्रोतसाधन र पूर्वाधार तयार नभएको पनि तीतो यथार्थ हो ।

**फट्याङ्ग्रा र सलहबीचको भिन्नता :**

फट्याङ्ग्रा जात भित्र पर्ने यो कीराको परिवार Acrididae र वैज्ञानिक नाम Schistocerca gregaria हो । सलह मरुभमिमा पाइने प्रजाति हो । यो कीराको जीवनचक्र अण्डा, निम्फ र वयस्क गरी तीन अवस्थाको हुन्छ जसमा निम्फ अवस्थाले सबभन्दा बढी क्षति पुऱ्याउँछ । सामान्य फट्याङ्ग्रा र सलहको विशेषता लगभग एउटै छ । फरक भनेको फट्याङ्ग्राभन्दा सलह लामो दूरीसम्म उड्न सक्छ ।

सलहको निम्फ र वयस्क दुवै हुलमा हिंड्ने गर्छन् । एकलबाट समूह र समूहबाट एकलको व्यवहार सलहले प्रदर्शित गरेको हुन्छ । सेरोटोनिन भन्ने रसायनको उत्पादनका कारण सलह झुण्डमा हिंड्न थाल्छन् । पछाडिको खुट्टाको रौंमा स्पर्श दिएपछि सेरोटोनिनको उत्पादन हुन्छ । हुलमा हिंड्ने सलह कीराको रङ्ग पहेंलोमा परिणत हुन्छ । चराचुरुङ्गी, सरिसृप वा अन्य शिकारीहरूको निम्ति यो रङ्ग मन नपराउने वा विषालु हुने अनुमान गर्छन् र सलह सुरक्षित हुन्छ ।

**सलहको जीवनचक्र :**

सलह ३–५ महिनासम्म बाँच्न सक्छन् जुन मौसममा निर्भर रहन्छ । एक वर्षमा २–५ पुस्तासम्म जन्म लिन सक्छन् । अण्डाबाट बच्चा निस्कन दुई हप्ताको समय लाग्छ भने निम्फ हुर्कन ३०–४० दिन लाग्ने गर्दछ । यो समयमा ५–६ पटक काँचुली फेरेको हुन्छ ।

चिस्यान भएको बलौटे माटो, खुल्ला स्थान, हरियो वनस्पति भएको स्थानमा अण्डा पार्ने गर्छ । जमिनभन्दा १०–१५ सेमि तल अण्डा पर्छ । जीवनमा ६–११ दिनको फरकमा ३ पटकसम्म अण्डा पार्छ । एक पटकमा ९०–१६० वटासम्म अण्डा पार्छन् । प्रत्येक तीन महिनामा २० गुना र छ महिनामा ४०० गुनाले वृद्धि हुन्छ । नेपालमा मरुभूमिको जस्तो उपयुक्त वातावरण नभएकोले सलहको वंशवृद्धिको सम्भावना न्यून छ ।

**सलहबाट हुने नोक्सानहरू :**

लाखौंको सङ्ख्यामा हुने यस कीराले बालीविरुवाको पात र डाँठको भाग खाएर नष्ट गर्दछ । मुखको वर्गीकरण गर्दा यो कीरा चपाउने वर्गमा पर्दछ । सलहले आफ्नो शरीरको तौलबराबर दैनिक २ ग्राम बराबरको खान सक्छन् । सामान्यतया एक वर्ग किमिमा एक दिनमा एक झुण्डले ३५ हजार मानिस बराबरले खाने वनस्पति खान सक्छन् । यो कीरा झुण्ड–

झुण्डमा आक्रमण गर्दछन् । हावाको दिशासँगै सलह प्रतिघण्टा १६-१९ किमिसम्म र प्रतिदिन १५० किमी उड्न सक्छ । प्रतिवर्ग किमीमा सलहको सङ्ख्या ४-८ करोडसम्म हुन सक्छ । समुद्री सतहभन्दा १६०० देखि १८०० मिटरसम्मको उचाइमा उड्ने गर्छ ।

विश्व कृषि तथा खाद्य सङ्गठन (एफएओ)का अनुसार सलह सङ्क्रमित क्षेत्रका ४.२ करोड मानिस गम्भीर खाद्य




सलहको फैलावट

असुरक्षित रहेको र यसको व्यवस्थापनको लागि लगभग ३१ करोड डलर रकम आवश्यक रहेको प्रतिवेदनमा उल्लेख छ ।

अहिले किसानको खेतबारीमा धान, मकै, आलु, कपास, भटमास, फलफूल आदि छन् । कृषि मन्त्रालयअन्तर्गतको प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका अनुसार १,११८ हेक्टर खेती नोक्सान भएको छ । यसर्थ, खेती पनि महँगो पर्न जाने देखिन्छ । किसानका यी बाली क्षति भएपछि अवश्य पनि क्षतिपूर्ति वा राहत दिनुपर्ने स्थिति आउनेछ ।

**सलह नियन्त्रणका उपायहरू :**

सलह व्यवस्थापनको लागि नेपालका विभिन्न जिल्लाले स्थानीयलाई प्रोत्साहन गर्ने गरेका छन् । केही कार्यालयहरूले सलह सङ्कलन गर्नेलाई प्रतिकिलो २० रुपैयाँदेखि २०० सम्म दिने अभ्यास गरेका छन् । किसानहरूले सलह भगाउन बाजा बजाउने, ठूलो स्वरमा कराउने, थाल ठटाउने, आगो लगाएर धूवाँ निकाल्नेलगायतका प्रयासहरू गरेको पाइन्छ । नेपालका अधिकांश ठाउँमा मौसम अनुकुल नहुँदा सलह छरिएको वा मरेको बताइएको छ ।

सलह व्यवस्थापनका केही प्रचलित विधिहरू निम्नानुसार छन्:

- सलह पोषिलोयुक्त कीरा भएकाले पासोमा पारी सङ्कलन गरी दाना बनाउन सकिन्छ ।
- ठूलो आवाज वा धुवाँको सहयोगमा कीरा धपाउने वा अन्यत्र मोड्न सकिन्छ ।
- बेमौसमी खेती गरिएका टनेलहरूको वरपर कीरा भित्र नपस्ने गरी जाली बेर्दा बाली सुरक्षित हुन्छ ।
- अन्य कुनै उपायले काम नगरे किटनाशक विषादी मालाथियन ५० प्रतिशत ई. सी., क्लोरोपारिफोस २० प्रतिशत ई. सी., इल्टामेथ्रिन २.८ प्रतिशत ई. सी., ल्याम्डा साइहलाथ्रीन ५ प्रतिशत ई. सी. आदिको प्रयोग गर्न सकिन्छ । बिहान घाम लागेको १-२ घण्टामा विषादी छर्कने उपयुक्त समय हो । प्रति हेक्टर (२० रोपनी) को लागि ०.५ देखि ५ लिटरसम्म विषादी आवश्यक पर्दछ । हेलिकप्टर, ड्रोन, मोटर गाडीको सहायतामा किटनाशक विषादीको प्रयोग गर्दा एकैपटक ठूलो क्षेत्रफल ओगट्न सकिन्छ । तर मानवीय बस्ती, खानेपानीको मुहानजस्ता संवेदनशील क्षेत्रहरूमा विशेष सावधानी अपनाउनुपर्ने हुन्छ । विषादी प्रयोग गरिएका सलह खानको निम्ति प्रयोग गर्न हुँदैन ।

जलवायु परिवर्तनसँगै तापमान वृद्धि भएको कारण वायुमण्डलमा भएको परिवर्तनले सलहको प्रकोप अझै झाँगिने सम्भावना देखिएको छ । तर, हावाको गति परिवर्तन भइरहेकाले त्योसँगै फुल पार्न सलहले सकेसम्म मरुभूमितर्फ जान कोसिस गर्ने विज्ञहरू बताउँछन् ।

नेपालको तराई अन्नको भण्डार हो । तर समस्याहरूको आहालमा सलहको प्रकोप बढ्ने सम्भावना प्रबल बनेको छ । कोभिड-१९ महामारीमा पिल्सिरहेका जनतालाई थप पीडा बनेर आएको छ सलह । रोपाईंको समयमा सधैं मलखादको हाहाकारमा जनता रुन विवश छन् । नेपाल सरकार रायासनिक मल कारखाना स्थापना गर्न कुनै चासो दिँदैनन् । किसानको नाममा दिइने अनुदान पनि भ्रष्टाचार र कमिशनले व्याप्त छ ।

हाल सलहको प्रकोप शुरुवाती अवस्थाको भएका कारण नेपाल सरकारका सम्बन्धित नास्ट, नार्कलगायतका सम्पूर्ण



सलहको झुण्ड

निकायहरू सक्रिय भएर लाग्नु अत्यन्त आवश्यक छ । जलवायु परिवर्तनको अनुमान र तथ्याङ्क नेपाल सरकारसँग भरपर्दो छैन । किसानको लागि जल्दोबल्दो समस्याहरूको सम्बोधन गर्न सक्रिय हुनु नै उत्तम उपाय हो ।

**सहयोग सामग्री :**

- खाद्य तथा कृषि सङ्गठन (एफएओ)का प्रतिवेदनहरू
- प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका दस्तावेजहरू
- नेपालका पत्रपत्रिकाहरू

(तस्बिर-लेखक)

(khyajusabin@gmail.com)

# ‘विदेशीको सहयोग नलिँदैमा भक्तपुरको सम्पदा संरक्षण रोकिनेछैन’

**(‘ख्वप पौ’ को लागि लिइएको अन्तरवार्ता ‘भक्तपुर’का पाठकहरूको लागि नेपालीमा)**

*– केशव तमखू*

*अध्यक्ष*

*ङातापोल्ह मन्दिर जीर्णोद्धार उपभोक्ता समिति*



***प्रश्न** – ङातापोल्हँ मन्दिरको जीर्णोद्धारको काम कहिलेबाट सुरु गर्नुभयो र कहिले सम्पन्न भयो ?*

**उत्तर** – २०७२ सालमा आएको विनाशकारी भूकम्पबाट देशैभर धनजनको अपुरणीय क्षति भयो । सांस्कृतिक सम्पदाहरू पनि त्यस विपत्तिबाट अछुतो रहेनन् । भक्तपुरमा पनि सयौँको सङ्ख्यामा सम्पदाहरूमा क्षति पुग्यो । ङातापोलमा पनि त्यस विपत्तिले गम्भीर असर पुऱ्यायो ।

सम्पदा संरक्षणमा स्थानीय जनताको सहभागिता र अपनत्वको भावना जगाउने भक्तपुरको परम्परा अनुरूप मिति २०७६ कार्तिक ७ गते स्थानीय जनताको भेलाबाट ङातापोल मन्दिर संरक्षण कार्यको लागि ११ सदस्यीय उपभोक्ता समिति गठन भयो । तत्पश्चात कार्तिक २० गतेबाट आवश्यक बाँस सङ्कलन गरी मंसिर ७ गतेदेखि ख: बाँध्ने काम शुरुभयो । मंसिरको २५ गतेको शुभसाइतबाट मंदिरको छानामा रहेको झिँगटी निकाल्ने कार्य शुरु गरी मिति २०७७ असारको २९ गते इस्टिमेट अनुसारको सम्पूर्ण कार्य सम्पन्न गरियो ।

***प्रश्न** – ङातापोल्हँ मन्दिर जीर्णोद्धारको काम के कसरी गर्नुभयो ? स्पष्ट पारिदिनुस् न ।*

**उत्तर** – ङातापोल भक्तपुरवासीको मात्र गौरवको विषय होइन । समग्रमा सारा देशबवासीको प्रतिष्ठासँग जोडिएको र विश्वसम्पदामा सूचिकृत भएको विश्वकै सम्पत्ति हो । तसर्थ यस्ता सम्पदाको संरक्षण कार्यमा सामेल हुनु गौरवको विषय हुनुको साथै त्यत्तिकै चुनौतिपूर्ण पनि छ । यसै तथ्यलाई ध्यानमा राखी ङातापोल मन्दिर संरक्षण कार्यको लागि विभिन्न समितिहरूले महत्त्वपूर्ण भूमिका निभाएका छन् । उपभोक्ता समितिको कार्यको आवश्यक रेखदेखको लागि अनुगमन समितिले कार्य गरेको थियो । साथै आवश्यक प्राविधिक अध्ययन तथा परामर्शको लागि विज्ञ प्राविधिकहरूको प्राविधिक समिति, सम्पदाविद् र संस्कृतिविद्हरूको सल्लाहकार समिति तथा भक्तपुर नपाका मेयर सुनिल प्रजापतिज्यूको अध्यक्षतामा निर्देशक समिति गठन भएको थियो । उपभोक्ता समितिले उल्लेखित विभिन्न समितिहरूको राय, सल्लाह र सुझावहरूलाई मनन गर्दै भक्तपुरवासी दाजुभाइ तथा दिदीबहिनीहरूको उत्साहपूर्ण सहभागितामा ङातापोल मन्दिरको संरक्षण कार्य सम्पन्न गर्यौं ।

***प्रश्न** – मन्दिर जीर्णोद्धारका निम्ति के कति आर्थिक र जनश्रमदान तथा जिन्सी सामान सहयोग प्राप्त गर्नुभयो ? कसरी ?*

**उत्तर** – ङातापोल मन्दिर संरक्षण कार्यको लागि हजारौं सङ्ख्यामा जनश्रमदान प्राप्त भयो, जसलाई मौद्रिक रूपमा भन्दा पनि भावनात्मक रूपमा मूल्याङ्कन गर्नु उचित हुन्छ । साथै विभिन्न सहृदयी महानुभावहरूबाट हालसम्म करिब १४ लाख रूपैयाँ आर्थिक सहयोग पनि प्राप्त भएको छ । यसका साथै तिलमाधव नारारण मन्दिर, लोकेश्वर मन्दिरलगायत विभिन्न महानुभावहरूबाट १७ हजारभन्दा बढी झिँगटी, ४०० भन्दा बढी क्वँपू अपा, ४ वटा ग्वंग अपा, घोडा अपा र माटोलगायत विभिन्न सामग्रीहरू सहयोगको रूपमा प्राप्त भयो ।

***प्रश्न** – नगरभरिकै नागरिकहरू जनश्रमदानको लागि*

*उर्लियो नि ! यो कसरी सम्भव भयो ?*

**उत्तर** – सार्वजनिक सम्पत्ति संरक्षण कार्यमा जनसहभागिता भक्तपुरको लागि नौलो होइन । भक्तपुरका समाजसेवीहरूले विगत लामो समयदेखि जनताको चेतनास्तर उकास्नको लागि खेलेको भूमिकाको यसमा महत्त्वपूर्ण स्थान छ । आफ्ना पिता पुर्खाले निर्माण गरेका सम्पदाहरू हामी आफैले नै संरक्षण गर्नुपर्ने कुरामा यहाँका जनता सचेत छन् । यहाँको भौतिक सम्पदा संरक्षण र विकास निर्माणमा जनसहभागिता एउटा परम्परा नै बनिसकेको छ । ङातापोल मन्दिर संरक्षण कार्यमा पनि त्यसले निरन्तरता मात्र पाएको हो । विश्वसम्पदा भएको नाताले यसको संरक्षणमा केही थप उत्साहको सञ्चार भएको हो ।

***प्रश्न** – भक्तपुर नगरपालिकाले सम्पदा पुनःनिर्माण र जीर्णोद्धार कार्य ठेक्कामा नगराई उपभोक्ता समितिमार्फत गराउनाका कारण के होला ?*

**उत्तर** – ठेक्कामा काम गर्नेको प्रमुख उद्देश्य उसले गरेको कामको दिगोपना भन्दा पनि नाफा कमाउनु हुन्छ । नाफाको लागि गुणस्तरहीन कार्य भएको थुप्रै उदाहरण हाम्रो सामु छ । त्यसको विपरीत उपभोक्ता समितिले गरेका कार्यहरूमा कसैलाई नाफाघाटा भन्दा पनि कार्यको गुणस्तर र दिगोपनामा विशेष ध्यान दिने गरिन्छ । आफ्नै घर आँगन, टोल–छिमेक र पिता पुर्खाको धरोहरको संरक्षणमा स्थानीय जनता आफ्नोपन र गर्वको महसुस गर्दछन् । यसले गर्दा विकास निर्माण तथा सम्पदा संरक्षणका कार्यहरू अनुमानितभन्दा पनि कम लागत र तोकिएको समयभन्दा चाँडो सम्पन्न भएका प्रशस्त उदाहरण भक्तपुरमा देख्न पाइन्छ । त्यसको ठिक उल्टो ठेकेदारले गरेका कार्यहरू समयमा सम्पन्न नहुने, कमसल काम गर्ने र अनुमानित लागतभन्दा धेरै गुणा लागत परेको उदाहरण पनि हाम्रै सामु छ ।

**प्रश्न** – उपभोक्ता समितिका सदस्यहरूले ज्याला वा तलब कसरी लिने गरेको छ ?

**उत्तर** – उपभोक्ता समितिका सदस्यहरूले कुनै ज्याला वा तलब लिने गर्दैनन् । बरु आफ्नो जिम्मेवारीमा आएको कामलाई व्यवस्थित रूपमा सम्पन्न गर्न आफ्नोतर्फबाट सक्दो योगदान गर्ने परम्परा जस्तै बसेको छ । ङातापोल संरक्षणको कार्यमा पनि यसकै निरन्तरता कायम रह्यो ।

***प्रश्न** – तलब वा ज्यालाबिना यति लामो समयसम्म काम गर्न सम्भव छ ?*

**उत्तर** – सबै कुरा तलब वा ज्यालाले मात्र निर्धारण गर्दैन । विशेषगरी सम्पदा संरक्षण तथा स्थानीय विकास निर्माणमा भक्तपुरका जनताको हातेमालो आजको मात्र कुरा होइन । यहाँ उपभोक्ता समितिहरूले पारिश्रमिक लिने होइन, आफ्नो जिम्मेवारीमा आएको कामको लागि सक्दो आर्थिक–भौतिक सहयोग र श्रमदान गर्ने र जुटाउन योगदान गर्ने चलन छ ।

***प्रश्न** – ङातापोल्हँ मन्दिर जीर्णोद्धारपश्चात तपाईंलाई कस्तो लागिरहेको छ ?*

**उत्तर** – ङातापोल पुर्खाको धरोहर हो । त्यही पुर्खाले सिर्जेको सम्पत्ति नै आज विश्वसमक्ष नेपालीको गौरवको रूपमा परिचित रहेको छ । भूकम्पले यस्ता सम्पदामा क्षति पुग्नु दुःखको कुरा हो । साथै आजको पुस्ताले पुर्खाको धरोहर संरक्षण कार्यमा थोरै भएपनि योगदान गर्न पाउनु खुसीको कुरा हो ।

***प्रश्न** – सम्पदा पुनःनिर्माणमा भक्तपुर नगरपालिकाले विदेशीको सहयोग लिएन भन्छन् । सहयोग लिएमा के फरक पर्छ ?*

**उत्तर** – भक्तपुरका सम्पदा संरक्षणको लागि विदेशीले सहयोग गर्ने कुरा पत्र–पत्रिकामा प्रकाशित भएको कुरा हामीले पनि पढेका छौं । तर त्यसरी आउने सहयोगले देशको स्वाभिमानमा चोट पुऱ्याउने खालका बन्धनहरू जोडिएर आएको हुनाले त्यसलाई अस्वीकार गरिएको कुरा पनि प्रकाशमा आएको थियो । शर्तसहितको सहयोगले देश र समाजलाई पराधिन बनाउने प्रबल सम्भावनालाई विचार गरेर ती सहायता नलिएको होला । तर विदेशीको सहयोग नहुँदैमा हाम्रो नगरको सम्पदा संरक्षणको कार्य रोकिएन । बरु विदेशीको भरपर्नुभन्दा आफ्नै पौरख र पसिनाले काम गर्ने भावनासहित व्यापक जनताले सम्पदा संरक्षणमा योगदान गर्नुभयो ।

***प्रश्न** – ङातापोल्हँ जीर्णोद्धारमा सहयोग गर्नेहरूलाई तपाईं के भन्न चाहनुहुन्छ ?*

**उत्तर** – मल्लकालमा पनि यसमा हजारौं जनताले आफ्नो सीप र कौशल पोखेको इतिहास पढ्न पाइन्छ । यसपटक पनि ङातापोल मन्दिरको संरक्षण कार्यमा भक्तपुरका सम्पूर्ण क्षेत्रका जनताले उत्साहपूर्वक श्रमदान गर्नुभयो । डाक्टर, इन्जिनियरदेखि लिएर समाजका विभिन्न पेशा व्यवसायमा आवद्ध महानुभावहरूले गर्नुभएको समर्पणले जनताको पौरखले बनेको ङातापोल उपमा नवीकरण भएको जस्तो आभास भयो । तसर्थ यस पुनित कार्यमा श्रमदान तथा आर्थिक एवं भौतिक सहयोग गर्ने सम्पूर्णजनमा उपभोक्ता समितिकोतर्फबाट विशेष आभारका साथ धन्यवाद दिन चाहन्छु ।

***प्रश्न** – अन्य केही भन्नु छ कि ?*

**उत्तर** – धन्यवाद !

# वाकुपति चाँगुनारायण मन्दिरः एक परिचय

हिना सुवाल

भक्तपुर एउटा सानो र सुन्दर जिल्ला हो । स्थानीय तहको चुनावपछि यहाँ जम्मा ४ वटा नगरपालिका मात्र बाँकी रहेको छ । तीमध्ये भक्तपुर नगरपालिका (क्षेत्रफलः ६ दशमलव ८८ वर्ग किमी) अन्य नपाको तुलनामा सुन्दर र सफा छ । यो नगरपालिका सुन्दर र सफामात्र नभई कला र संस्कृतिमा पनि एकदमै धनी नगर हो । हरेक पाँच मिनेटको दूरीमा यहाँ कुनै न कुनै कलात्मक मन्दिर देख्न पाइन्छ । त्यसैको एउटा उदाहरण हो, तौलाछेँको वाकुपति चाँगुनारायण मन्दिर ।

यो मन्दिर एक शक्तिशाली देवताको रूपमा पूजिने गर्दछ । यस देवताको मूर्ति स्थापनाको विषयमा बुढापाका र वृद्धवृद्धाहरूले थरिथरिका कथाहरू सुनाउने गर्दछन् । एउटा किंवदन्तीको अनुसार राजा वर्धमान देवको छोरा बलिदेव राजा प्रतिदिन दोलागिरी पहाडसम्म गई चाँगुनारायणको मूर्ति दर्शन गरेर मात्र भोजन गर्दथे । एक दिन वर्षातको समयमा त्यहाँ भएका खोल्सा (खोला) मा पानी बढेर आयो । राजाले खोला तर्न सकेन । पारिबाटै हेरेर मात्र बसे । त्यसैले राजा दर्शनबिना नै घर फर्के । राजा निराहार नै बसे । त्यो दिन सपनामा चाँगुनारायण भगवान दर्शन दिई आज्ञा भयो कि अबदेखि कष्ट



गरी दोलागिरी पर्वतसम्म आउनु पर्दैन । तिम्रै भक्तपुरमा भोलि बिहान सबेरै कुहिरो छुट्ने ठाउँ हेर्न पूर्वतर्फ लाग । हालको तौलाछें टोलमा एक कृषकले धान घाममा सुकाउन लाग्दा धानको थुप्रोबाट कुहिरो छुटेर गयो । त्यही धानको थुप्रोबाट चाँगुनारायण मूर्ति प्रकट भएर आज्ञा भयो कि अबदेखि यही स्थानमा मात्र दर्शन सकेपछि भोजन गर्नु । नेपाल भाषामा धानको भारी अथवा धानको थुप्रोलाई वाकु भन्ने गर्दछन् । राजाले आफूलाई दर्शन दिएको वा उत्पति स्थानलाई वाकुपति नाम दिई त्यो मूर्तिलाई त्यसै स्थानमा स्थापना गरी वाकुपति नामले पूजा अर्चना गर्न थाले ।

वाकुपति चाँगुनारायण स्थापनापछि त्यो एक मूर्तिमा मात्र सीमित भएन । त्यहाँ दुई छाना भएको मन्दिर निर्माण गराए । मन्दिरको परिसर चोकमा ढुङ्गा विछ्याई अत्यन्त राम्रो बनाए । साथै मल्लकालीन ढुङ्गे धारा प्रतिस्थापना गराउने जस्ता अनकौं काम भए । यसले गर्दा मन्दिरमा रौनक छायो । सोही मन्दिरमा भक्तजनहरूको भीड हुन थाले । आसपासका भक्तजनहरूले पनि त्यो स्थानको राम्रो हेरचाह गरे । आसपास पाटीहरू निर्माण गरे ।

मन्दिरको परिसर भित्र तीनवटा पाटी रहेको छ । ती पाटीहरू धेरै पुरानो र भूकम्पले अलिअलि चिरा पार्‍यो । तर स्थानीय र उपभोक्ता समितिको पहलमा जीर्णोद्धार र मर्मतका कामहरू पनि सम्पन्न भइसकेका छन् । उपभोक्ता समितिका अनुसार द्यो पमी फल्चा पुनः निर्माण गर्न रु. १४ लाख ९७ हजार ८ सय ९७ खर्च भएको छ । उत्तर पूर्वस्थित दक्षिणाभिमुख वाकुपति नारायण पाटी पुनः निर्माण गर्न रु. १८ लाख २९ हजार २ सय ८० खर्च भएको छ । त्यस्तै वाकुपति नारायण दक्षिण सत्तलको पहिलो भुईं मर्मत गर्न रु. ५ लाख २० हजार ४ सय ९८ र ढुङ्गेधारा मम्रत गर्न रु. ७७ हजार ४ सय ८७ खर्च लागेको उपभोक्ता समितिले जनाएको छ । कार्य निर्माण सबै सम्पन्न गरेसँगै उद्घाटन कार्यक्रम पनि सकिसकेको समितिले जनाएको छ ।

मन्दिरमा हरेक दिन भजन हुने गर्दछ । तर यहाँ विशेष मेला माघेसङ्क्रान्तिको दिन र त्यसको भोलिपल्ट लाग्ने गर्दछ । सङ्क्रान्तिको दिनमा मूर्तिलाई दूधले नुहाइ दिने गर्दछ र दिनभर घ्यू र चाकु दलिदिने गर्दछ । त्यसरी घ्यू र चाकु दलिदिए पछि मूर्तिलाई दिनभरि नै घाममा राखिन्छ । भोलिपल्ट मूर्तिमा दलिएको घ्यू र चाकु लिन मान्छेहरूको ओइरो लाग्ने गर्दछ । त्यसमध्ये पनि नाइटोको भागको भने माग बढी हुन्छ । यदि कोही विवाहित दम्पत्तीको बच्चा छैन भने त्यो खाएपछि बच्चा हुने विश्वास गरिन्छ ।

मन्दिरको पाटीमा र परिसर भित्र मान्छेहरू कहिले पनि खाली हुँदैनन् । त्यहाँ बस्न एकदमै रमाइलो लाग्ने बुढापाकाहरू बताउँछन् । आइमाइ तथा वृद्धाहरू यहाँ बसी बत्ती काट्ने काम गर्ने गर्दछन् । गफ गर्छन् । त्यही पुरुषहरू कसिमलापाय् खेल्ने गर्दछन् । यसले गर्दा हाम्रो मौलिक खेल पनि जीवित राख्ने काम गरेको छ । त्यसै ले यहाँ कहिले पनि मानिसहरू खाली हुँदैन । त्यसैगरी विदेशी पर्यटकहरू पनि यहाँ घुम्न आउने गर्दछन् ।

अर्को महत्त्वपूर्ण पाटो यस मन्दिरको छानोमा यसै वर्ष मात्र सुनको जलप लगाउने काम सम्पन्न भएको छ । मन्दिरको सुन्दरता अझ बढेको छ । सुनको जलप लगाउन पनि धेरैजसो चन्दा उठेको समितिले जनाएको छ । सुनको जलपको लागि बनेपा, बन्दीपुर, ललितपुरका मानिसहरूले समेत चन्दा दिन आएका थिए । यहाँ भित्र न्हेपँस्या देगः पनि रहेको छ ।

# सम्पदा पुनर्निर्माणमा भक्तपुर मोडल

• सुदर्शन अर्याल



असार मध्यतिर भक्तपुरकै पाँचतले (न्यातपोल) मन्दिरको पुनर्निर्माण सकियो । त्यो पनि लागत अनुमानभन्दा आधा कम खर्चमा । हो, ६५ लाख १३ हजार ३५८ रुपैयाँ २७ पैसा लागत अनुमान गरिएको न्यातपोल मात्र ३० लाख रूपैयाँमा बनेको छ ।

यो जनता जागेपछि मिलेको सफलता हो, जसलाई सम्पदा निर्माणमा भक्तपुर मोडल पनि भनिन्छ ।

भक्तपुर नगरपालिकाका अनुसार यो मन्दिर निर्माणका क्रममा कुल ४ हजार १६५ जनाले स्वेच्छिक श्रमदान गरे । त्यसमा पनि महिलाहरू निकै अगाडि रहे ।

नगरपालिकाको सम्पदा शाखाका अधिकारीहरू सुनाउँछन्, 'अरूभन्दा पनि पाँचतले मन्दिर निर्माणमा अभूतपूर्व जनसहभागिता देखियो । देवीको मन्दिर पुनर्निर्माणका लागि आएका महिलाहरूको जमात देख्दा लाग्थ्यो, आफ्नो मन्दिर निर्माणका लागि साँच्चिकै देवीकै स्वरूप आएका छन् ।'

श्रमदान गर्नेहरू कसैले पनि दुईदिन काम गर्नुपरेन । कतिपयले चाहेर पनि श्रमदान गर्न पाएनन् । श्रमदानका लागि आएकाहरू कसैले पनि समय गुजार्ने गरी काम गरेनन् । कोही श्रमदान गर्नेहरूलाई पानी खुवाउने काम गर्थे, खाजा खाने समयमा घरबाटै ल्याएको खाजा सबैजना एकै ठाउँमा बसेर खान्थे । २०७६ साल कात्तिकमा निर्माण सुरु गरेको सो मन्दिरको काम असारको मध्यमा सम्पन्न भयो । कोभिड-१९ का कारण चैतमा केही समय रोकिएको निर्माण कार्य पनि स्थानीयकै जोडबलमा मास्क र पञ्जा लगाएर पुनः सुरू गरिएको थियो ।

अझ महत्त्वपूर्ण के भने, भक्तपुरमा जनश्रमदानबाट बनेको सम्पदा न यो पहिलो हो, न अन्तिम नै हुनेछ ।

२०७२ सालको विनाशकारी भूकम्पको केही समयअघि भक्तपुरको धनविनायक मन्दिर यसरी नै पुनर्निर्माण भएको थियो ।

मन्दिर जीर्णोद्धारका लागि नगरपालिकाले तीन लाख ५० हजार रुपैयाँ उपलब्ध गराएको थियो । तर ठेकेदारलाई पैसा दिएर काम लगाउँदा नाफामुखी हिसाबले काम सम्पन्न हुने भन्दै स्थानीयले उपभोक्ता समितिमार्फत मन्दिर जीर्णोद्धार गर्ने अनुमति दिन नगरपालिकासँग आग्रह गरे । नगरपालिका सहमत भएपछि स्थानीय दीपेशराज शर्माको नेतृत्वमा उपभोक्ता समिति गठन भयो । र, समितिले मन्दिरको जीर्णोद्धार तोकिएको समयमा त सम्पनन गर्यो नै, लागत पनि घट्यो । साढे तीन लाखमध्ये डेढलाख नगरपालिकामा फिर्ता गरियो ।

मन्दिर बनाउँदा खर्च भएको वास्तविक मूल्य कुल ११ लाख हो । स्थानीयले स्वतःस्फूर्त सहयोग गरेकाले नगरपालिकाले दिएको रकम फिर्ता गरेको शर्मा बताउँछन् । मन्दिर निर्माणमा ५० जनाले श्रमदान गरेका थिए । 'कसैले छानो हाल्न सहयोग गरे, कसैले ढोकाका लागि, आर्थिक सहयोग गर्न नसक्नेले श्रमदान गरे' शर्मा भन्छन्, 'जे होस् त्यो कामले हामी सबैलाई उपभोक्ता समितिमार्फत् कसरी राम्रो काम गर्न सकिन्छ भन्नेमा राम्रो अनुभव हासिल भयो ।'

त्यसपछि नै भक्तपुर सम्पदा पुनर्निमार्णमा ठेकेदार प्रथाभन्दा उपभोक्ता समितिमार्फत् काम गर्न आकर्षित भयो ।

अहिले न्यातपोल मात्र होइन, भक्तपुर दरबार क्षेत्रमा रहेको बत्सला देवीको मन्दिर निर्माणको पनि जनश्रमदानमा नै सम्पन्न भयो । यो मन्दिरको पूरै भाग ढुङ्गाबाट निर्माण गरिएको छ । त्यसैले यहाँ जनश्रमदान मात्रभन्दा प्राविधिक ज्ञान भएको जनशक्ति आवश्यकता थियो । तर प्राविधिकलाई स्थानीयले सुरुदेखि अन्त्यसम्म आफूले गर्नसक्ने काम गरेर साथ दिइरहे ।

मन्दिर निर्माणमा थप प्राविधिक समस्या पनि थियो, जसका कारण पुनर्निर्माण सम्पन्न गर्न तीन वर्षसम्म कुर्नुपर्‍यो ।

सबैभन्दा ठूलो समस्या त यहाँ प्रयोग ढुङ्गा पाउन मुस्किल पर्‍यो । नजिकै रहेको सिद्धिलक्ष्मीको मन्दिरमा ठेकेदारले स्वरूप बिग्रनेगरी ढुङ्गा प्रयोग गर्दा विरोध गरेर पुरानै स्वरूपको



ढुङ्गा राख्न लगाएका स्थानीयले त्यो मन्दिरमा पनि जस्तोपायो उस्तो ढुङ्गा निर्माणमा प्रयोग गर्ने कुरै थिएन ।

अर्को समस्या यो मन्दिर भूकम्पको समयमा पूरै भत्किएको थियो । यदि पुरै नभत्किएको भए मन्दिरमा रहेका ढुङ्गालाई नम्बर दिन सकिन्थ्यो । जसले पुनर्निर्माण सहज हुन्थ्यो । तर त्यो नहुँदा समस्या भोग्नुपर्‍यो । यस्तै समस्याले गर्दा अरू मन्दिरभन्दा यसको पुनर्निर्माणमा धेरै पैसा लाग्यो । मन्दिर निर्माणका लागि १८ लाख ९४ हजार ४७८ रुपैयाँ ४ पैसाको लागत अनुमान गरिएको थियो, त्यसमध्ये १७ लाख ७७ हजार ७२ रुपैयाँ खर्च भएको छ ।

भक्तपुर नगरपालिकामा स्थानीय जनप्रतिनिधि आएपछि उपभोक्ता समितिमार्फत् १३० वटाभन्दा बढी मन्दिर, सत्तल, ढुङ्गेधाराजस्ता संरचनाको पुनर्निर्माण भइसकेको छ, जसमध्ये एउटा पनि सम्पदा ठेकेदारमार्फत् पुनर्निर्माण गरिएको छैन ।

पुरातत्त्व विभागले पुनर्निर्माण गर्न लगाएको सम्पदाहरू भने ठेकेदारले नै पुनर्निर्माण गरेका छन् । पुरातत्त्व अधिकृत मोहनसिंह लामा ठेकेदारभन्दा उपभोक्ता समितिमार्फत गरिएको काम बढी प्रभावकारी देखिएको बताउँछन् । उनी स्थानीय जनसहभागिता र उनीहरूले आफ्नै सम्भिmएर गरेको काम र ठेकेदारले नाफामुखी हिसाबले गरेको काममा फरक हुनु स्वाभाविक रहेको उनको बुझाइ छ ।

नगरपालिकाले अहिले स्थानीय स्रोत र साधनमा निर्माण हुनै नसक्नेबाहेक सबै काम उपभोक्ता समितिमार्फत गर्ने निर्णय गरेको छ । त्यसको केही प्रत्यक्ष र परोक्ष फाइदा समेत रहेको नगरपालिकाका प्रशासन अधिकृत दामोदर सुवाल बताउँछन् । उनका अनुसार उपभोक्ता समितिमार्फत काम गर्दाको सबैभन्दा ठूलो फाइदा भनेको स्थानीयमा सम्पदाप्रति हुने अपनत्वको भाव हो । 'आफूले बनाएको मन्दिरको एउटा ईँटा भत्किँदा पनि उनीहरूको मन दुख्छ । आफूले बनाएको काम जसरी भए पनि राम्रै हुनुपर्छ भन्ने मान्यता राखेर स्थानीय काममा आउँछन्' सुवालले अनलाइनखबरसँग भने, 'अर्कोतर्फ ठेकेदारले जतिसक्दो सस्तोमा काम सकेर नाफा कमाउन खोज्छ । त्यसैले हामीले सुरुदेखि नै पहिलो मोडल अपनायौं ।'

नगरपालिकाले पुनर्निर्माण गरेका सबैजसो सम्पदामा स्वतःस्फूर्त रूपमा भक्तपुरवासीले जनश्रमदान गरेका छन् ।

भैरवनाथ मन्दिरको पुनर्निर्माण झण्डै ६ महिनामा सम्पन्न भयो । यसको धेरै काम स्थानीयवासीले श्रमदानमार्फत नै गरे । नगरपालिकाका अनुसार मन्दिरको पुनर्निर्माणमा करिब दुई हजार जनाले श्रमदान गरेका थिए । श्रमदानकै कारण एक करोड ४६ लाख ३६ हजार ७४५ लागत अनुमान गरिएको मन्दिर बनाउन केवल ५६ लाख ६१ हजार २७८ रुपैयाँ खर्च भयो ।

त्यस्तै, लालाछेंको गणेश द्यःछेको निर्माणको लागि ११ लाख ४४ हजार ४१७ रुपैयाँ लागत अनुमान गरिएको थियो । झण्डै ६ महिनामा निर्माण सम्पन्न भएको यो मन्दिर पुनर्निर्माणमा केवल ६ लाख ५९ हजार २२१ रुपैयाँ खर्च भयो ।

भक्तपुरको सिद्धी गणेश मन्दिर पनि स्थानीय जनश्रमदानमा बनेको मन्दिर हो । यसको पुनर्निर्माणको लागि १३ लाख १२ हजार ६११ रुपैयाँ लागत अनुमान गरिएकोमा जम्मा ६ लाख १२ हजार ५६२ रुपैयाँमा सम्पन्न भएको छ । झण्डै आधा लागतमा सम्पन्न भएका मन्दिरहरूमा भीमसेन मन्दिर, केदारनाथ मन्दिरलगायत छन् । भीमसेन मन्दिर निर्माणको लागि नगरपालिकाले १८ लाख ५१ हजार ४३९ रुपैयाँ लागत अनुमान गरिएको थियो । जसमा जम्मा ९ लाख ९२ हजार ७०२ रुपैयाँ खर्च भएको थियो । केदारनाथ मन्दिरमा भने ७२ लाख ६३ हजार ३९७ रुपैयाँ लागत अनुमान गरिएकोमा ३९ लाख १६ हजार ५०४ रुपैयाँ खर्च भएको थियो ।

यसबाहेक बद्रीनारायण पाटी, नृत्यनाथ मन्दिरलगायतको पुनर्निर्माण समेत तोकिएको भन्दा कम खर्चमा भएको छ ।

नगरपालिकाका अनुसार नयाँ जनप्रतिनिधि आएपछि भएका १३० वटाभन्दा धेरै सम्पदा पुनर्निर्माणमा अनुमानित लागतभन्दा धेरै खर्च भएको छैन भने स्थानीयले जनश्रमदान नगरेको ठाउँ छैन । यसलाई आफूहरूले भक्तपुर मोडलको रूपमा विकास गरेको भक्तपुर नगरपालिकाका प्रशासन अधिकृत सुवाल बताउँछन् । 'सडक पिच जस्ता स्थानीय स्रोत साधनले नधान्ने कामबाहेक अरूमा ठेकेदारलाई प्रयोग गर्ने गरेका छैनौं' उनले अनलाइनखबरसँग भने, 'ठेकेदारले कमाउने फाइदाले हामीले अर्को सम्पदा पुनर्निर्माण गर्ने खर्च जुटाउने गरेका छौं ।'

## किन भयो कम खर्च ?

प्रशासन प्रमुख सुवालका अनुसार उपभोक्ता समितिमार्फत काम गर्दा खर्च कम हुने मुख्य कारण भनेको नै पारिश्रमिक मात्रै हो । न्यातपोल मन्दिरको उदाहरण दिँदै उनी भन्छन् 'यो मन्दिरमा झण्डै ४२ सय जनाले श्रमदान गरे । उनीहरूलाई दैनिक एक हजार रुपैयाँको दरमा पारिश्रमिक दिने हो भने पनि ४२ लाख रुपैयाँ खर्च हुन्थ्यो । यसको कुल बजेट ६४ लाखको छ ।

यस्तो अवस्थामा ठेकेदारले झण्डै २२ लाखमा सामान किनेर नाफाको हिस्सा राख्नुपर्ने अवस्था हुन्छ । त्यसैले अहिले जति श्रमिक नलगाउने र कमसल रूपमा जसरी हुन्छ देखावटी काम सम्पन्न गर्ने गर्छन् । यसबाहेक ठेक्का प्रक्रियामा सार्वजनिक खरिद ऐनले दिएको झण्झट झेल्नुपर्ने त छँदैछ । त्यसैले जनसहभागितामा निर्माण हुने हामीहरूको मोडल सफल भएको हो ।

पुरातत्त्व विभागको भक्तपुर दरबार क्षेत्रमा नै कार्यरत पुरातत्त्व अधिकृत लामा पनि सार्वजनिक खरिद ऐनले कम मूल्यमा आवेदन दिनेलाई नै ठेक्का दिनुपर्ने प्रावधानले समस्या गराएको बताउँछन् । 'सबैले सडक निर्माणमा जसरी कम मूल्यमा टेण्डर हाल्छन्' उनले भने, 'जसले गर्दा गुणस्तरीय सामान ल्याउन सक्दैनन् र हामीले ठेकेदारसँग झगडा गर्नुपर्छ ।'

*(अनलाइनखबर, २०७७ साउन ३ गते बाट)*

मन्तव्य

# 'क्युवाली चिकित्सकहरू आफ्नो ज्यान जोखिममा राखेर संसारका जनताको सेवा गर्दैछन्'

- सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका

कुनै पनि देशको स्वास्थ्य स्थिति त्यहाँको राजनैतिक व्यवस्थाले निर्धारण गर्छ । राजनैतिक व्यवस्था जस्तो हुन्छ, स्वास्थ्य नीति पनि त्यस्तै हुन्छ । क्युवामा अहिले समाजवादी राज्य व्यवस्था छ, त्यसैले त्यहाँ समाजवादी स्वास्थ्य नीति लागू भइरहेको छ । पूँजीवादी शासन व्यवस्था भएका देशहरूमा स्वास्थ्यलाई पनि फाइदा र नाफा लिने व्यापारको वस्तुजस्तै बनाइएको हुन्छ ।

उदाहरणको निम्ति सन् १९७४ मा क्यूवाको भन्दा दक्षिण अफ्रिकाको प्रतिव्यक्ति आय दोब्बर थियो । तर शिशु मृत्युदर क्युवाको भन्दा दक्षिण अफ्रिकामा पाँच गुणा बढी थियो । अहिले अमेरिकामा भन्दा पनि क्युवामा शिशु मृत्यु दर घटिसकेको छ । यही हो समाजवादी र पूँजीवादी व्यवस्थाबीचको भिन्नता ।

समाजवादमा स्वास्थ्य र शिक्षा जस्ता विषयहरू आधारभूत र मौलिक अधिकारको रूपमा लिइएको हुन्छ । क्युवाले स्वास्थ्यलाई मौलिक अधिकारको रूपमा संवैधानिक व्यवस्था गरेको कारण त्यहाँ सारा जनताले निःशुल्क उपचार पाइरहेका छन् । दक्षिण अफ्रिकाजस्ता पूँजीवादी देशहरूमा त्यसबेला श्वेत र अश्वेतबीच स्वास्थ्य मात्रै होइन हरेक कुरामा विभेद थियो । पूँजीवादीहरूले स्वास्थ्यलाई पनि किनबेचको वस्तु बनाए । सक्नेले खरिद गर्ने र नसक्नेले नगर्ने अर्थात पूँजीवाद नागरिकको ज्यानभन्दा पैसालाई प्राथमिकता दिने व्यवस्था हो ।

समाजवादीहरूसित अन्तराष्ट्रवादी भावना हुन्छ । क्यूवाले आफ्नो देशमा मात्रै होइन चिली, भेनेजुयला, इटाली, इक्वेडरलगायत देशहरूमा सन् २००८ सम्ममा १५४ देशमा स्वास्थ्यकर्मीहरू पठाएको थियो भने कोभिड -१९ को प्रकोप पछि ७७ देशमा ३७ हजार स्वास्थ्यकर्मीहरू पठाई सेवा गऱ्यो । क्युवालीहरू आफ्नो ज्यान जोखिममा राखेर पनि विश्वभरका जनताको सेवा गर्दैछन् । कोभिड -१९ को उपचारमा संलग्न भई विभिन्न देशबाट क्युवा फर्केका ३० जना डाक्टरहरूमा कोभिड फेला परेको बताइन्छ तर ती चिकित्सहरूमा जनताको सेवा गर्ने भावनामा कुनै कमी आएको पाइँदैन ।




नेपालमा करिब २५ हजारको सङ्ख्यामा डाक्टरहरू छन् । त्यसमध्ये कति राम्रा राम्रा डाक्टरहरू विदेश गएका छन् । नेपालको सरकारी सेवामा जम्मा १५०० जना मात्रै कार्यरत रहेको बताइन्छ । प्रश्न उठ्छ, डाक्टरहरूमा सेवाको भावना किन भएन ? स्पष्ट छ, निजी क्षेत्रमा एकजना डाक्टर पढ्न ५०/६० लाख खर्च लाग्छ । विशेषज्ञ बन्न एक करोडभन्दा कमले पुग्दैन । त्यसरी खर्च गरेर आएका व्यक्तिमा स्वभाविक रूपमा लगानी उठाउने भावना हुने नै भयो । आफ्नो लगानी, मिहिनेत र त्यसको ब्याजसमेत हिसाब गर्ने हो भने सरकारी तलबले लगानी त के ब्याज पनि उठ्दैन । एकजना राम्रो चिकित्सकमा सेवाभन्दा बढी पैसा कमाउने भावना जाग्यो भने कसरी गरिब जनताले राम्रो उपचार पाउँछन् ?

त्यस्ता पैसा कमाउने स्वार्थी डाक्टरहरूले नक्कली औषधी लेख्ने, औषधी कम्पनीसँग मिलेर विमा र सरकारले दिएको औषधी नलेखी त्यसलाई कुहाएर वा म्याद नघाएर महँगो औषधी किन्न लगाउने, अस्पतालको एक्स–रे मेसिन, अल्ट्रा साउण्ड बिगारेर कमिशन लिन निजी पसलहरूमा पठाउने गर्छन् । त्यसैले गरिबहरूले गुणस्तरीय स्वास्थ्य उपचार पाउन सक्दैनन् र कीरा फत्यांग्राजस्तै मर्ने गर्छन् ।

एक पटक क्युवाली नेता फिडेल क्यास्ट्रोले भन्नु भएको थियो– *'हामीलाई केमिकल, बायोलोजिकल हतियार बनाउनु छैन, संसारको कुना काप्चामा बम पड्काउनु छैन । हामीलाई संसारको कुना काप्चामा डाक्टरको अनुहार देख्न नपाएका र उपचारको पहुँच नपुगेका ठाउँहरूको लागि डाक्टर पुऱ्याउनु छ ।'* यो अमेरिकी साम्राज्यवादजस्ता साम्राज्यवादी

देशहरूलाई ठूलो झापड थियो ।

पूँजीवादी देशहरूले नाफाको निम्ति एकाधिकार जमाउन अन्य देशहरूको औषधी निर्माण कम्पनी, घरेलु औषधी उत्पादन विधिलाई नै ध्वस्त पारिदिन्छन् र उनीहरूकै औषधी खरिद गर्न बाध्य पार्छन् । पहिले नेपालमा शाही औषधी लि. ले धेरै थरिका औषधि उत्पादन गर्थ्यो । अहिले नेपाल औषधी लि. करिब करिब धरासायी भएको अवस्था छ । केही वर्ष पहिले झाडा-पखाला लागेमा नून चिनी पानीको घरेलु उपचार विधि निकै प्रचलनमा थियो । त्यसलाई बिस्तारै समाप्त पार्दै जीवन जल खरिद गर्नुपर्ने बाध्यतामा पुऱ्यायो । अहिले हामी बहुराष्ट्रिय कम्पनीबाट उत्पादित जीवन जल महँगोमा खरिद गर्नुपर्ने अवस्थामा पुगेका छौं ।

पूँजीवादी देशहरूले बहुराष्ट्रिय कम्पनीको माध्यमबाट औषधीसम्बन्धी विश्वमा एकाधिकार जमाउन क्रुरता समेत प्रर्दशन गर्ने गर्छन् । ती बहुराष्ट्रिय कम्पनीहरूले औषधी निर्माणसँग सम्बन्धित उच्च पदाधिकारीहरूलाई पैसाको प्रलोभन देखाई आफ्नो हातमा लिने कोसिस गर्छन् । आफ्नो नियन्त्रणमा नबसेमा ध्वंसात्मक गतिविधि गर्न पनि तिनीहरू पछि पर्दैनन् । उदाहरणको लागि सन् १९८२ को बङ्गलादेशको घटनालाई लिन सकिन्छ । त्यहाँ औषधीसम्बन्धी राष्ट्रिय नीति बनाई औषधी उत्पादन शुरू गऱ्यो । बहुराष्ट्रिय कम्पनीको भन्दा निकै सस्तोमा जनताले औषधी पाए । बहुराष्ट्रिय कम्पनीहरूको महँगो औषधी बिक्नै छाडे । त्यसपछि बहुराष्ट्रिय कम्पनीहरूले ती कारखाना बन्द गराउन निकै चर्को दबाव दिए । तापनि बन्द नभएपछि बहुराष्ट्रिय कम्पनीहरूले २००० युवाहरूलाई तालिम दिए । एकैसाथ सबै औषधी कारखानामा आगजनी गर्न लगाए । भागदौडमा त्यहाँ कार्यरत धेरै मजदुरहरू घाइते भए । तापनि बङ्लादेशको सरकारले त्यो चुनौती सामना गर्दै औषधी उत्पादनलाई निरन्तरता दिइरह्यो ।

स्वास्थ्यकर्मीहरूलाई विभिन्न होटलहरूमा गोष्ठी, अन्तरक्रिया वा सेमिनारको नाउँमा बोलाई ती बहुराष्ट्रिय कम्पनीहरूले पैसा खर्च गरिरहेका हुन्छन् । एउटै कार्यक्रमको लागि समेत तिनीहरू २० औं लाख खर्च गर्छन् । अझ चिकित्सकहरूलाई समय समयमा विदेश भ्रमण गराउँछन् । डाक्टरहरूलाई आफूप्रति बफादार बनाउन त्यो एक प्रकारको घुसभन्दा फरक पर्दैन । त्यो सबै पैसा औषधीमा जोडेर गरिबहरूबाट असुल गर्छन् । त्यसैले हाम्रा चिकित्सकहरू त्यस्ता कार्यक्रमहरू र विदेश भ्रमणमा जाँदा पनि सचेत हुन आवश्यक छ ।

कोभिड-१९ को प्रकोप नेपालमा देखापर्न थालेदेखि नै हामीले जनताको सुरक्षाको निम्ति विभिन्न गतिविधिलाई अगाडि बढायौं । जनप्रतिनिधि, कर्मचारीहरूको सक्रियता बढायौं । जन चेतनामुलक गतिविधिमा जोड दियौं । आपतकालीनबाहेक अरु सेवा बन्द गरिए पनि स्वास्थ्य र सर-सफाइसँग सम्बन्धित सेवाहरूलाई अझ प्रभावकारी रूपमा सञ्चालन गऱ्यौं ।

अहिले विदेशबाट मानिसहरू फर्किन थालेका छन् । त्यसको निम्ति होटल, घर र छुट्टै क्वारेन्टाइनको व्यवस्थापनमा ध्यान दियौं । नागरिकको क्षमताको आधारमा उपयुक्त व्यवस्थापनको लागि निश्चित सङ्ख्यामा कर्मचारीहरू खटाएका छौं ।

जनस्वास्थ्य केन्द्रमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारी साथीहरू बढी सचेत भएर जनताको सेवामा लाग्नुपर्ने आवश्यकता छ ।

चे ग्वेभाराको जीवनी पढ्ने तर उहाँबाट सिक्नुभन्दा पूँजीपति बन्ने सोचले काम गर्ने हो भने सिद्धान्त र व्यवहारमा मेल खाँदैन । जब हामीले सिद्धान्तअनुसारको व्यवहार गर्न सक्दैनौ त्यसपछि हाम्रो पतन शुरू हुन्छ । यो कुरा सबैले बुझ्न आवश्यक छ ।

*(जनस्वास्थ्य सेवा केन्द्र भक्तपुरको आयोजनामा २०७७ साउन ३ गते भएको* ***'जनस्वास्थ्य र कोभिड १९ को प्रतिरोधमा क्युवालाई चे ग्वेभाराको पाठ'*** *विषयमा भएको अन्तरक्रिया कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको मन्तव्यको सार)*



**क्युबालाई चे ग्वेभाराले के सिकाए ?**

# स्वास्थ्यकर्मीहरूबीच अन्तरक्रिया

*(जनस्वास्थ्य र कोभिड १९ को प्रतिरोधमा क्युबालाई चे ग्वेभाराले के सिकाए ? भन्ने लेखको विषयमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रको आयोजनामा साउन ३ गते स्वास्थ्यकर्मीहरूबीच अन्तरक्रिया भयो । उक्त कार्यक्रममा व्यक्त दुई मन्तव्यको सम्पादित अंश प्रस्तुत छ ।)*

## क्युबाका डाक्टरहरूले गरेको उच्च मानवीय सेवा

**- डा. सुमिता चोलेख्व**

*(इमर्जेन्सी सेवाका इन्चार्ज, जनस्वास्थ्य सेवा केन्द्र)*

विद्यालय तहमा पढ्दा विद्यार्थी हित समितिमा छँदा कहिले कतै सुनेका, फोटोमा देखेका र त्योभन्दा पनि गाडीमा, लुगामा तथा पोष्टरहरूमा कतै नायक कतै मोडलका रूपमा लामो कपाल पालेर, तारावाल टोपी लगाएर, लामो सिगार तान्दै गरेका देखिने चे ग्वेभाराका बारेमा केही कुरा पढेर आफूले बुझेका थोरै कुरा राख्ने प्रयास गरेकी छु ।

**श्रमिक** साप्ताहिकको असार १६ र २३ मा प्रकाशित **कोभिड १९ प्रतिरोधमा क्युबालाई चे ग्वेभाराले के सिकाए ?** भन्ने नीरज लवजूद्वारा नेपाली भाषामा अनुवादित डन फिट्जको लेख पढ्दा आफूले चेका बारेमा बुझेका कुराहरूलाई तपाईंहरूसमक्ष प्रस्तुत गर्न गइरहेकी छु ।

सन् १९२८ जुन १४ का दिन अर्जेन्टिनामा जन्मेका चे ग्वेभारा अध्ययन तथा प्रमाणपत्रले चिकित्सक र कर्मले क्रान्तिकारी योद्धा थिए । अर्जेन्टिनामा जन्मेका, क्युबालगायत विश्वका शोषित पीडित जनताको पक्षमा लडेका र बोलिभियाको सैनिक तानाशाहविरुद्ध लड्दा–लड्दै संरा अमेरिकी सरकारको कठपुतली बोलिभियाली सेनाद्वारा सन् १९६७ अक्टोबर ८ का दिन हत्या गरिएका चे ग्वेभाराको योगदान र प्रभाव आज उनको हत्या भएको ५३ वर्ष पुग्न लाग्दा पनि कम भएको छैन । सङ्कटको बेला संसारले उनलाई अझ बढी सम्झने गर्छ ।

चे ग्वेभारा चिकित्साशास्त्रको डाक्टर भएर पनि समाजको शल्यक्रिया गर्ने व्यक्ति थिए । क्युबाको क्रान्ति सफल बनाउन चे ग्वेभाराको महत्त्वपूर्ण योगदान छ । यतिमात्र नभई क्युबाली समाजमा नयाँ व्यवस्था लागू गराउन र जनतालाई परिवर्तनको प्रत्याभूति दिलाउन चेको अहम भूमिका देखिन्छ । क्युबाको क्रान्तिपश्चात बनेको नयाँ संविधानमा चेकै सपनाअनुसार निःशुल्क शिक्षा र निःशुल्क स्वास्थ्यको व्यवस्था गरियो । देशका पीछडिएका क्षेत्रमा अस्पताल तथा स्वास्थ्य केन्द्रहरू खुले । कमजोर आर्थिक अवस्था भएका सबैले निःशुल्क स्वास्थ्य सेवा पाए । चिकित्सक र नर्सहरू टोली टोली बनाएर जेष्ठ नागरिक, अशक्त तथा रोगीहरूको सेवा र उपचारमा खटे । साथै विभिन्न खाले प्राकृतिक प्रकोपबाट पीडित बनेका मानिसको उद्धारमा लागे ।



अहिले क्युबाको स्वास्थ्य सेवा तथा डाक्टर र बिरामी अनुपात संसारमै उदाहरणीय छ । अहिले क्युबामा १७० जना बिरामी बराबर १ चिकित्सकको व्यवस्था छ । जबकी नेपालमा १७ हजारजना बिरामी बराबर १ चिकित्सकको व्यवस्था छ । क्युबामा क्रान्तिपश्चात स्वास्थ्य क्षेत्रमा व्यापक परिवर्तन गरियो । स्वास्थ्य सेवालाई शहरमा मात्र केन्द्रित नगरी ग्रामीण समुदायसम्म विस्तार गरियो । यसबाट गाउँघरका मानिसहरूले आफ्नै दैलोमा विशेषज्ञसहितको स्वास्थ्य सेवा प्राप्त गरे । परिणाम क्युबाको बाल तथा मातृशिशु मृत्युदर घट्नुका साथै औसत आयु बढ्यो ।

क्युबाली स्वास्थ्य क्षेत्रको अर्को महत्त्वपूर्ण पक्ष भनेको अन्तर्राष्ट्रिय चिकित्सकीय सहायता हो । क्रान्ति सम्पन्न भएको एक वर्षपछि नै सन् १९६० मा चिलीमा विनाशकारी भूकम्प जाँदा त्यहाँ चिकित्सकहरू पठाएर शुरु भएको अरु देशमा चिकित्सकीय सहयोग पुऱ्याउने अभियान अहिलेसम्म जारी नै छ । विसं २०७२ सालको विनाशकारी भूकम्प जाँदा नेपालमा स्वास्थ्य उपचार सहयोग गर्न समेत क्युबाली चिकित्सकहरूको सहयोगी टोली आएको थियो र हालको कोभिड १९ का बेला संसारका विभिन्न देशमा पुगेर गरिरहेको सेवा वा अफ्रिकी महादेशमा फैलिएको इबोला भाइरसविरुद्धको लडाईंमा क्युबाका डाक्टरहरूले गरेको उच्च मानवीय सेवा यसका ज्वलन्त उदाहरण

हुन् । यी सबै कार्यको जग बसाल्ने काम पक्कै पनि फिडेल क्याष्ट्रो र चे ग्वेभाराबाट नै भएको हो । यो क्युबालाई चेले सिकाएको महत्त्वपूर्ण पाठ हो ।

## कोभिड-१९ र क्युबा

आज अमेरिकालगायत संसारका शक्तिशाली र मै हुँ भन्ने देशहरू पनि कोभिड १९ अर्थात् कोरोना भाइरसकासामू आत्मसमर्पण गर्ने अवस्थामा पुगेका छन् । ती देशहरूमा सङ्क्रमणको दर नियन्त्रण बाहिर छ । अहिलेको विकसित युगमा युरोपका सायदै देशहरूले यो अवस्थाको कल्पना गरेका थिए होलान् । यस्तो विषम परिस्थितिमा क्युबाले भने संसारमा उदाहरण प्रस्तुत गर्दैछ । क्युबा ५० औं वर्षदेखि अमेरिकाको कठोर अमानवीय नाकाबन्दी सहेर आफ्नो अस्तित्वका लागि सङ्घर्ष गरिरहेको छ । संरा अमेरिकालगायत संसारका अन्य देश कोभिड-१९ ले इन्तु न चिन्तु बनेको बेला क्युबाले आफ्नो देशमा रोग नियन्त्रण गरेर संसारलाई सहयोग गरिरहेको छ । यो अमेरिकाका लागि एउटा दरो झापड बनेको छ । क्युबाली डाक्टरहरू संसारका विभिन्न देशमा पुगेर मानव जातिको सेवा गर्दैछन् ।

क्युबामा क्रान्ति अगाडिसम्म स्वास्थ्य अवस्था कहालिलाग्दो थियो । आम सर्वसाधारणहरू स्वास्थ्य सेवाको पहुँच बाहिर थिए । अहिले नेपालमा जस्तै त्यहाँ पनि स्वास्थ्यकर्मी र स्वास्थ्य संस्था सहर बजारमा केन्द्रित थिए । उपचार निकै महँगो थियो । क्रान्तिपछि सबै स्वास्थ्य संस्था सरकारीकरण गरियो अनि आम मानिसले निःशुल्क उपचार पाउन थाले । अहिले त्यहाँ २०-२५ मिनेटको दूरीमा हरेक नागरिकले गुणस्तरीय स्वास्थ्य सेवा पाउँछन् । क्युबामा हाल ८९ हजार चिकित्सक र ८४ हजार नर्सहरू कार्यरत छन् । यो वर्ष ९ हजार स्वास्थ्यकर्मीहरू थपिँदै छन् । यता नेपालमा भने जम्मा २५-२६ हजार चिकित्सक छन् । त्यसमा पनि २०-२५ प्रतिशत विदेश पलायन भइसकेका छन् । त्यसैले होला, हाम्रा प्रधानमन्त्री कहिलेकाहीं आफैं डाक्टर बनेर 'कोरोनालाई बेसार पानी खाएर अनि हाच्छिउँ गरेर उडाउनुपर्छ' भन्नुहुन्छ ।

आज क्युबामा मेडिकल शिक्षा पढ्न कुनै शुल्क तिर्नु पर्दैन । जबकि नेपालमा एउटा विशेषज्ञ चिकित्सक बन्न १ करोडसम्म खर्च हुन्छ । त्यहाँ योग्य विद्यार्थीले निःशुल्क पढ्न पाउँछन् । जनताको सेवामा लाग्छन् अनि सरकारले पठाएको बेला संसारका विभिन्न कुनाकाप्चामा पुगेर खुसीसाथ मानवीय सेवा गर्छन् ।

क्युबाले स्वास्थ्य सेवामा मात्र हैन चिकित्सकीय अनुसन्धानमा पनि महत्त्वपूर्ण सफलता प्राप्त गरेको छ । त्यहाँ एड्स, हेपाटाइटिस बी, Psoriasis diabetes, Singles, जनै खटिरा, डेंगु जस्ता रोगहरूको प्रभावकारी औषधि उत्पादन गरेको छ । अहिले कोभिड १९ को प्रतिरोधात्मक क्षमता बढाउने औषधि पनि उत्पादन गरेको छ । साथै स्वास्थ्य उपकरणसमेत सरकारी स्तरबाटै पर्याप्त मात्रामा उत्पादन गरेको छ । कोभिड १९ को विरुद्ध लड्न स्वास्थ्यकर्मीलाई आवश्यक पर्ने मास्क, पीपीईलगायत अन्य महत्त्वपूर्ण सामग्री नभएर अमेरिका जस्तो संसारको मै हुँ भन्ने देश छटपटाइराखेको बेला क्युबाले बजार नियन्त्रित अर्थतन्त्रमा विश्वास नगरी, सरकारी स्तरबाटै काम गर्दा ती सामानहरू सजिलै उपलब्ध गराउन सकेको छ ।

क्युबाको सरकारले नागरिकको स्वास्थ्यको जिम्मा आफैले लिँदा प्रभावकारी ढङ्गबाट काम गर्न सक्यो । उनीहरूले सुरुमै कोभिड १९ का सङ्क्रमितको पहिचान गर्ने, उनीहरूको सम्पर्कमा रहेका व्यक्तिहरू पत्ता लगाउने, बिरामीको लागि क्वारेन्टाइन र क्षकयबितथ्यल को व्यवस्था गर्ने तथा रोगको जोखिम भएका जेष्ठ नागरिक, दीर्घरोगी र श्वासप्रश्वासका बिरामीलाई विशेष ध्यानमा राखेर घरघरमै पुगेर स्वास्थ्य सेवा दिएकोले अहिले क्युबामा कोभिड १९ पूर्ण नियन्त्रणको अवस्थामा छ ।

कोभिड १९ को समयमा क्युबाको महत्त्वपूर्ण पक्ष भनेको विश्वव्यापी ऐक्यवद्धता हो । क्रान्तिपछि सुरु भएको अन्तर्राष्ट्रियतावादी चिकित्सालाई क्युबाले यस समयमा पनि निरन्तरता दिइरहेको छ । युरोपमा कोभिड १९ को केन्द्रविन्दु बनेको इटालीदेखि भेनेजुयलासम्म पुगेर क्युबाली डाक्टरले सेवा गरे । साथै क्युबाका चिकित्सक र स्वास्थ्यकर्मीहरूले विभिन्न देशमा उपचार नपाएका र दुःखमा परेका मानिसलाई क्युबामा ल्याएर उपचार गर्ने व्यवस्था मिलाए । अहिले क्युबामा ल्याटिन अमेरिकाका थुप्रै देशका विद्यार्थीहरू चिकित्सा विज्ञान पढ्छन् । साथै संसारका विभिन्न देशका बिरामीहरू उपचारका लागि क्युबा पुग्छन् । क्युबाले अहिले भेनेजुयला, चीन, ब्राजिल जस्ता देशहरूसँग मिलेर कोभिड-१९ को औषधि विकास गर्न खोजिरहेको छ । यसरी सानै देश भएर पनि क्युबाले ५० औं वर्षदेखि अमेरिकाको कठोर अमानवीय नाकाबन्दी व्यहोरेर केही अभावकाबीच पनि संसारका हेरक विपत्तिमा संसारलाई साथ दिइरहेको छ । यो नै चे ग्वेभाराले क्युबालाई सिकाएको पाठ हो जस्तो लाग्छ । यता हाम्रो देशमा भने यही व्यवस्था र यिनै शासकहरू रहेसम्म यस्तो कुरा सम्भव होला जस्तो लाग्दैन । कोभिड १९ को यस विपत्तिमा स्वास्थ्य मन्त्रालयको तयारी के छ ? भनेर पत्रकारले प्रश्न सोध्दा हाम्रा स्वास्थ्यमन्त्री 'घरमा पाहुना आएका छन्' भन्दै तर्केर हिँड्छन् । यस्तो विपतमा पनि स्वास्थ्य सामग्री खरिद गर्दा करोडौं भ्रष्टाचार भएको सुनिन्छ । यस्तो सुन्दा आफैंलाई कताकता लाज लाग्छ ।

# क्युबाको स्वास्थ्य प्रणालीले संसारलाई मद्दत गरिरहेको छ

- **कमलकेशरी राजचल**
*(हेल्थ असिस्टेन्ट, जनस्वास्थ्य सेवा केन्द्र)*



अर्जेन्टिनामा जन्मेर, क्युबामा लडेर ग्वाटेमालामा क्रान्तिकारी बनेका विश्वक्रान्तिका नायक चे ग्वेभाराको क्रान्तिकारी जीवनबाट विश्वका जनताले धेरै कुरा सिक्नु पर्दछ । सन् १९५१ तिर आफू विद्यार्थी रहँदादेखि नै बिरामीसँगै बसेर उनीहरूका कथाव्यथा बुझ्ने कोसिस गर्ने गरीब भोका बिरामीसँगको उठबसले चेको सोचाइमा निकै ठूलो परिवर्तन आएको र धेरैभन्दा धेरै मानिसलाई उचित स्याहारसुसार र सरसफाइबारे जनचेतना फैलाउने र डाक्टरहरूसँग नयाँ औषधि हुनुपर्ने आवश्यकताबोध गरे । सन् १९५९ मा क्युबामा सरकार परिवर्तन भएपछि बनेको संविधानमा निःशुल्क स्वास्थ्य उपचारलाई सबैका लागि मानव अधिकारको रूपमा उल्लेख गरी पीछडिएका क्षेत्रमा अस्पताल, स्वास्थ्य चौकीहरू स्थापना गरी सबैलाई निःशुल्क स्वास्थ्य सेवा दिने बन्दोबस्त गर्दै लगियो । स्वास्थ्य क्षेत्रलाई शहरमा मात्र सीमित नगरी ग्रामीण समुदायसम्म विस्तार गरी जनतालाई जहाँ स्वास्थ्य सेवाको खाँचो छ, त्यहीं सुविधा पुऱ्याउने क्युबाली क्रान्तिको अभ्यासकै कारण उनीहरूलाई स्वास्थ्य सेवाका लागि अरु देशमा झैं धेरै परिश्रम गर्नु परेन । क्युबाली सरकारले अरु विभिन्न देशमा स्वास्थ्य समस्या आइपरेमा चिकित्सकहरू पठाई स्वास्थ्य क्षेत्रमा उल्लेख्य सहयोग गरेको पढ्न पाईन्छ । कुनै पनि देशमा स्वास्थ्य समस्या अथवा कुनै प्रकारको विषम परिस्थिति आइपरेमा क्युबाली चिकित्सक टोली सो ठाउँमा पुगी आवश्यक उपचार प्रदान गर्न सदैव तत्पर रहेको कुरा हामीले विभिन्न समाचार माध्यमहरूबाट थाहा पाइरहेका छौँ ।

सन् १९९१ को डिसेम्वरतिर सोभियत सङ्घ विघटनपश्चात् सोभियत सङ्घले क्युबालाई दिँदै आएको ५ अर्ब अमेरिकी डलर बराबरको सहायता रोकियो । यसले गर्दा क्युबाली अर्थतन्त्र ओरालो लाग्यो र क्युबामा एड्सको महामारी फैलियो । त्यति नै बेला संरा अमेरिकाले क्युबामाथि नाकाबन्दी कडा बनायो जसको कारण एड्सलगायत अन्य रोगको उपचार गर्न औषधि थिएन । भएका औषधिको मूल्य अचाक्ली बढ्न थाल्यो । त्यसपछि शिक्षा र स्वास्थ्य उपचारबाहेक सबै क्षेत्रमा धेरै सेवा सुविधा कटौती गऱ्यो । एच. आइ. भी. एड्स रोग परीक्षणको आफ्नै पद्धति विकास गऱ्यो । समलिङ्गीहरू बढी एड्स सङ्क्रमित भएकोले विद्यालयहरूमा समलिङ्गीहरूलाई सम्मानसहित व्यवहार गर्ने बारेमा र उनीहरूलाई घृणा गर्न नहुने पाठ पढाइयो । स्वास्थ्य चौकीहरूमा परिवार नियोजनका अस्थायी साधन तथा Antiretroviral औषधि निःशुल्क वितरण गरियो । HIV/AIDS विरुद्ध लड्ने योजनावद्ध प्रयासले अन्ततः सफलता हासिल गऱ्यो । त्यसरी विषम परिस्थितिमा पनि क्युबाको औषत आयुदर र बाल मृत्युदर अमेरिकाको भन्दा न्यून थियो । संसारभरका हजारौं प्रतिकूलताबीच पनि संयोजित र स्याहारमूलक उपचार पद्धतिको विकास गर्न सकिने कुरा क्युबाले सिकाएको छ ।

अहिले संसार नै कोभिड १९ को चपेटामा छ । दैनिक हजारौं मान्छे मरिरहेका छन् । लाखौं मान्छे कोभिड १९ को शिकार भइरहेका छन् । कति उपचारको क्रममा अस्पतालमा छन् त कति Isolation / Quaratine बसेका छन् । संसारकै अर्थतन्त्र डामाडोल अवस्थामा छ ।

नेपालमा पनि दैनिक सयौं मान्छे कोभिड १९ को सङ्क्रमणमा परिरहेका छन् भने अहिलेसम्म ४० जनाले ज्यान गुमाइसकेका छन् । संसारका धेरै देशहरूले कोभिड १९ को रोकथाम र नियन्त्रण गर्न सकेका छैनन् । क्युबामा पनि कोभिड १९ को सङ्क्रमण नियन्त्रण गर्न राष्ट्रिय नीति र योजना तर्जुमा गरियो । सङ्क्रमित व्यक्तिलाई सही व्यवस्थापन गर्न सरकार जिम्मेवार भएको छ । सङ्क्रमित व्यक्तिको सम्पर्कमा आएका व्यक्तिको खोजी जाँचपड्ताल गरी सम्भावित सङ्क्रमित व्यक्ति पत्ता लगाउन मद्दत पुऱ्यायो । स्वास्थ्य कार्यकर्ताहरू घरघरमै पुगेर हरेक नागरिकको स्वास्थ्य परीक्षण गर्न लगाइयो । सङ्क्रमणको पुष्टि हुनासाथ कोभिड १९ को शीघ्र प्रतिरोध गर्न उच्च सतर्कता अपनायो । विदेशीहरूलाई स्वदेश फर्कन रोक लगाइयो । सङ्क्रमणलाई समुदायस्तरमा फैलन नदिन भरमग्दुर प्रयास गरिरहेका छन् । क्युबाली स्वास्थ्य अधिकारीहरू भाइरस स्थानीय सङ्क्रमणमा सीमित राख्न चाहन्छन् । स्थानीय सङ्क्रमणको कारण कुन व्यक्तिबाट कुन व्यक्तिलाई रोग सरेको हो पत्ता लगाउन सहज हुन्छ ।

क्युबासँग भाइरसबाट सङ्क्रमित व्यक्तिको सम्पर्कमा

आएका मानिसको परीक्षणका लागि मनग्य उपकरणको बन्दोबस्त छ । क्युबामा ११ मार्चमा देखिन थालेको कोभिड १९ सङ्क्रमणलाई न्यूनीकरण गर्न क्युबाली अस्पतालहरूले आफ्नो कार्यशैलीमै परिवर्तन गरे । चिकित्सक र स्वास्थ्यकर्मीबाटै समुदायमा सङ्क्रमण नफैलाउन कोभिड १९ सङ्क्रमणको उपचारमा खटिएका चिकित्सक र स्वास्थ्यकर्मीहरूमा १५ दिनसम्म तोकिएको क्षेत्रभित्र सीमित रहेर कार्य गर्न थाले र १५ दिनपछि घर फकर्न सबै चिकित्सकहरूले स्वास्थ्य परीक्षण गराउने र घर पुगेर पनि थप १५ दिनसम्म Self Quarantine बस्छन् । यसरी ४५ दिन Isolation मा बस्दा उनीहरूमार्फत समाजमा फैलनसक्ने सङ्क्रमणबाट समुदायलाई सुरक्षित पारेका थिए । यसप्रकार हरेक क्युबाली नागरिक र स्वास्थ्यकर्मीहरूदेखि घरघरमा पुग्ने चिकित्सक एवं अनुसन्धान प्रतिष्ठानमा काम गर्ने प्रतिष्ठित अध्येतासम्म क्युबाको स्वास्थ्य नीति तर्जुमा गर्न र सफल बनाउन योगदान गरिरहेका छन् । क्युबामा अहिले ८९ हजार चिकित्सक र ८४ हजार नर्सहरू छन् भने २०२० मा ९ हजार विद्यार्थी चिकित्सक बन्दैछन् । यसरी पुग्दो मात्रामा दक्ष जनशक्ति चिकित्सकहरू र व्यवस्थित स्वास्थ्य प्रणालीका कारण कोभिड १९ को सङ्क्रमणको विषम परिस्थितिमा क्युबाले संसारका विभिन्न राष्ट्रहरूमा आफ्नो चिकित्सा टोली पठाइ कोभिड १९ को रोकथाम र नियन्त्रणमा सहयोग पुऱ्याइरहेको छ ।

सन् २०१० मा हाइटीको विनाशकारी भूकम्पमा होस्, २०१४ मा अफ्रिकाको एउटा प्रान्तमा फैलिएको इबोला भाइरस नियन्त्रणमा होस्, अहिले संसार कोभिड १९ को चपेटामा परिरहेको बेला संसारका थुप्रै देशमा क्युबाको सहयोगी स्वास्थ्य प्रणालीले मद्दत गरिरहेको छ । संसारका शक्तिशाली राष्ट्र मानिने अमेरिका भने आफ्नै देशमा पनि कोभिड १९ सङ्क्रमण रोकथाममा कमजोर रहेको सावित भएको छ । क्युबामा जस्तै समाजको सबभन्दा कमजोर र विपन्न समुदायको पहिचान गरेर तिनीहरूको मद्दत गर्ने, जेष्ठ नागरिक, बालबालिका, घरभित्रै बस्नुपर्ने मानिस, विभिन्न रोगका बिरामीहरू र भाइरसका संभावित सङ्क्रमितहरूलाई विशेष प्राथमिकताका साथ मद्दत गर्नु पर्दछ ।

अन्तमा सन् १९५९ मा चे ग्वेभाराले अपनाएको नीति र क्युबाली सरकारले लागू गरेको व्यवस्थित स्वास्थ्य प्रणालीका कारण आज विश्वमा स्वास्थ्य र शिक्षामा क्युबा अगाडि बढिरहेको उदाहरण हामीले देख्न र पढ्न पाइरहेका छौं । कोभिड १९ सङ्क्रमणको यस अवस्थामा हामीले पनि क्युबाको व्यवस्थापन प्रणालीबाट सिकेर हाम्रो देशको श्रोतसाधनले भ्याएसम्म व्यवस्थित गर्ने हो भने कोभिड १९ को सङ्क्रमणको भयावह अवस्थाबाट बच्न सक्दछौं ।


# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

## सहकारी संस्थाहरूलाई जरुरी सूचना

प्रकाशित मिति : २०७७/०४/०२ गते

यस नगरपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरूले तपसिलबमोजिम गर्नु गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. भक्तपुर नगरपालिकाको सहकारी ऐन, २०७४ को दफा ५३ उपदफा १ (क) (पहिलो संशोधन) अनुसार आ.व. २०७६/०७७ को संस्थाको लेखापरीक्षण नगरपालिकाबाट स्वीकृति लिईमात्र लेखापरीक्षण गराउनुपर्नेछ । आ.व. २०७६/०७७ को लेखापरीक्षण २०७७ सालको असोजभित्र लेखापरीक्षण गराई पुस मसान्तभित्रमा साधारणसभा सम्पन्न गरी १५ दिनभित्र भक्तपुर नगरपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।
२. संस्थाबाट बुझाउनुपर्ने मासिकलगायत अन्य विवरणहरू तोकिएको समयमा बुझाउनुपर्नेछ ।
३. संस्थाले नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा वार्षिक शुल्क तिर्नुपर्नेछ ।
४. लेखापरीक्षक नियुक्तिको स्वीकृत लिन संस्थाको अनुरोधपत्र, लेखापरीक्षक नियुक्तिको साधारणसभाको निर्णय, सम्बन्धित वडा कार्यालयमा वार्षिक शुल्क तिरेको रसिदको फोटोकपी, लेखा व्यवसायीको करचुक्ता प्रमाणपत्र, पान वा भ्याटमा दर्ताको कपी र नेपाल चार्टड एकाउन्टेन्ट संस्थाको लेखापरीक्षण प्रमाणपत्र नवीकरण रसिदको फोटोकपी संलग्न गर्नुपर्नेछ ।

# भक्तपुर नपाको प्रकोप व्यवस्थापन कोषमा सहयोग गर्ने संस्था, व्यक्ति तथा संघ-संस्थाहरूको नामावली

विश्वव्यापी रूपमा फैलिरहेको कोभिड-१९ (कोरोनाभाइरस) संक्रमणको रोकथाम र नियन्त्रणका लागि यस नगरपालिकामा स्थापित प्रकोप व्यवस्थापन कोषमा विभिन्न मितिमा सहयोग गर्नुहुने व्यक्ति तथा संघसंस्थाहरूको नाम, ठेगाना, सहयोग रकम र मिति तपसिल बमोजिम रहेको छ ।

| सि.नं. | व्यक्ति वा संस्थाको नाम | ठेगाना | सहयोग रकम (रु.) वा जिन्सी सामानको विवरण | सहयोग मिति |
|---|---|---|---|---|
| ७७. | सहलह बचत तथा ऋण सहकारी संस्था लि. | भनपा-७ | रु ५०००।- | २०७७।२।१८ |
| ७८. | लुमन्ती सपोर्ट ग्रुप फोर सेन्टर | भक्तपुर | जिरा मसिनो चामल (२५ के.जी.)- १ बोरा, चियापति (१/२ के.जी.)- ९ पाकेट, मुगी दाल (२ के.जी.)-९ पाकेट, ताइचिन चिउरा (४ के.जी.)- ९ पाकेट, चिनी (२ के.जी.)-९ पाकेट, भटमासको तेल (२ लि.)- ९ पाकेट, नुन (१ के.जी.)- ९ पाकेट, साबुन ( डल्लो १ के.जी.)- ९ पाकेट | २०७७।२।१८ |
| ७९. | पुजा बचत तथा ऋण सहकारी संस्था लि. | भनपा-३ | रु ५०००।- | २०७७।२।२१ |
| ८०. | श्री चन्द्र बहादुर शाही (श्रीमती स्व.चन्द्र कुमारी शाहीको स्मरणमा) | भनपा-७ | रु २५०००।- | २०७७।२।२२ |
| ८१. | श्री दया फाउण्डेसन, छाउनी, काठमाडौं । | छाउनी, काठमाडौं । | पि.पि.ई. सेट- १० सेट | २०७७।२।२९ |
| ८२. | श्री बिश्वकर्मा बचत तथा ऋण सहकारी संस्था लि. | भनपा-१० | रु १०,०००।- | २०७७।३।३ |
| ८३. | श्री सदीक्षा बचत तथा ऋण सहकारी संस्था लि. | भनपा-१ | रु १०,१००।- | २०७७।३।५ |
| ८४. | श्री रुपा गोसाईं | भनपा-७ | कपडाको मास्क ५०० थान | २०७७।३।१२ |
| ८५. | श्री डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. | सूर्यविनायक, भक्तपुर | सेनिटाइजर(५ लिटर)- ३ थान, क्लोरिक्लिन (५ लिटर)- ८ थान, केएन ९५ मास्क -५० थान, ग्लोब्स- ५ बाकस(६०० वटा) र स्प्रे बोटल-१ थान | २०७७।३।१८ |
| ८६. | श्री दौंतरी | भर्छे-२३, काठमाडौं | चामल(२५ किलोको)- ३३ बोरा, दाल(१ केजी)- ३३ केजी, नुन (१ केजी) -३३ केजी, चिनी (१ केजी)- ३३ केजी, चियापती (२०० ग्राम)- ३३ पाकेट, मस्यौरा- ३३ पाकेट, स्यानीटरी प्याड- ३३ वटा, साबुन- ६६ वटा, चना(१ केजी)- ३३ केजी र तेल (१ लिटर)- ३३ लिटर | २०७७।३।२३ |
| ८७. | श्री एभरेष्ट इङ्गलिश स्कूल | व्यासी, भक्तपुर | **रु १,४२,९२५।-** | २०७७।३।२९ |

*नोट : उक्त कोषमा रकम जम्मा गर्न चाहने महानुभाव तथा संघसंस्थाहरुले भक्तपुर नगरपालिका, प्रकोप व्यवस्थापन कोषको नेपाल बैंक लिमिटेड, कमलविनायक शाखामा रहेको खाता नं. ०१९०३०००००७००२००००३ मा जम्मा गर्नु हुन र जिन्सी सामान भए भक्तपुर नपामा उपलब्ध गराउनुहुन अनुरोध छ ।*

# नेपालमा कोरोना सङ्क्रमण

**परीक्षण प्रयोगशाला : २८**

**परीक्षण सङ्ख्या (पीसीआर) : ३,६४,६४८**

**सङ्क्रमित सङ्ख्या : १९,५४७**

**निको भएका सङ्ख्या : १४,२४८**

**मृत्यु भएको सङ्ख्या : ५२**

| प्रदेश | क्रसं | जिल्ला | सङ्क्रमित | मृत्यु |
|---|---|---|---|---|
| प्रदेश नं. १ | १ | ताप्लेजुंग | १५ | ० |
| | २ | पांचथर | ८ | ० |
| | ३ | तेह्रथुम | १० | ० |
| | ४ | इलाम | ३९ | ० |
| | ५ | मोरंग | २९५ | ० |
| | ६ | झापा | ३४९ | ० |
| | ७ | संखुवासभा | ६ | ० |
| | ८ | भोजपुर | ६ | ० |
| | ९ | खोटाँग | १५ | ० |
| | १० | धनकुटा | १६ | ० |
| | ११ | सुनसरी | १३३ | ० |
| | १२ | उदयपुर | ९२ | ० |
| | १३ | सोलुखुम्बू | १० | ० |
| | १४ | ओखलढुंगा | २४ | ० |
| प्रदेश नं. २ | १५ | सप्तरी | ४६२ | १ |
| | १६ | सिराहा | २५२ | ० |
| | १७ | धनुषा | ६७६ | २ |
| | १८ | महोत्तरी | ८३१ | ० |
| | १९ | सर्लाही | ७६६ | ० |
| | २० | रौतहट | १५०८ | २ |
| | २१ | बारा | १९५ | ४ |
| | २२ | पर्सा | ३२६ | ४ |
| बागमती | २३ | दोलखा | १० | १ |
| | २४ | रामेछाप | ३८ | ० |
| | २५ | सिन्धुली | २१ | ० |
| | २६ | सिन्धुपाल्चोक | ६९ | २ |
| | २७ | काभ्रे | २० | ० |
| | २८ | काठमाडौं | ३४२ | ३ |
| | २९ | भक्तपुर | ५० | ० |
| | ३० | ललितपुर | ८८ | २ |
| | ३१ | रसुवा | ११ | ० |
| | ३२ | नुवाकोट | ३३ | ० |
| | ३३ | धादिङ | १६० | ० |
| | ३४ | मकवानपुर | ४४ | ० |
| | ३५ | चितवन | १३१ | १ |
| गण्डकी | ३६ | गोरखा | १२२ | १ |
| | ३७ | तनहुँ | १७८ | ० |
| | ३८ | नवलपरासी पू | ३५१ | ० |
| | ३९ | मनाङ | १ | ० |
| | ४० | लमजुङ | ११२ | ० |
| | ४१ | कास्की | ११७ | १ |
| | ४२ | स्याङग्जा | २६३ | २ |
| | ४३ | पर्वत | १०० | ० |
| | ४४ | मुस्ताङ | १ | ० |
| | ४५ | म्याग्दी | ५० | १ |
| | ४६ | बागलुङ | २४२ | १ |
| प्रदेश नं. ५ | ४७ | पाल्पा | ५६७ | १ |
| | ४८ | नवलपरासी प | १११ | ० |
| | ४९ | रुपन्देही | ३४६ | १ |
| | ५० | गुल्मी | ३६६ | ३ |
| | ५१ | अर्घाखाँची | ३४२ | २ |
| | ५२ | कपिलवस्तु | ८०७ | ० |
| | ५३ | प्युठान | ३३१ | ० |
| | ५४ | पूर्वी रूकुम | १४ | ० |
| | ५५ | रोल्पा | ७४ | ० |
| | ५६ | दाङ | ६८९ | १ |
| | ५७ | बाँके | ४१७ | २ |
| | ५८ | बर्दिया | २२७ | ० |
| कर्णाली | ५९ | डोल्पा | ५ | १ |
| | ६० | पश्चिमी रूकुम | ३८ | ० |
| | ६१ | सल्यान | २६२ | ० |
| | ६२ | मुगु | १० | ० |
| | ६३ | जुम्ला | ४९ | ० |
| | ६४ | जाजरकोट | २६ | ० |
| | ६५ | सुर्खेत | ५६९ | १ |
| | ६६ | हुम्ला | ४ | ० |
| | ६७ | कालिकोट | ७३ | ० |
| | ६८ | दैलेख | ९४८ | २ |
| सुदूरपश्चिम | ६९ | बाजुरा | ६२९ | १ |
| | ७० | अछाम | ६७९ | १ |
| | ७१ | कैलाली | १०१६ | ४ |
| | ७२ | बझाङ | १८२ | १ |
| | ७३ | डोटी | ७६७ | ० |
| | ७४ | दार्चुला | २१ | ० |
| | ७५ | बैतडी | २८५ | ० |
| | ७६ | डडेलधुरा | ३१० | ० |
| | ७७ | कंचनपुर | ५२१ | ० |
| | | जम्मा | १९२७३ | ४९ |

तथ्याङ्क श्रोत : स्वास्थ्य मन्त्रालय र काठमांडु पोष्ट (इन्टरनेट, साउन १५)

# विश्वमा कोभिड–१९ को स्थिति (साउन १५ गते)

| क्र.सं. | देश, क्षेत्र र अन्य | सङ्क्रमित | निको भएका | मृत्यु | असार १५ को स्थान |
|---|---|---|---|---|---|
| | विश्व | १७,१९३,६५३ | १०,७०२,०९६ | ६७०,२८९ | |
| १ | संरा. अमेरिका | ४,५६८,०३७ | २,२४५,०४४ | १५३,८४० | १ |
| २ | ब्राजील | २,५५५,५१८ | १,७८७,४१९ | ९०,१८८ | २ |
| ३ | भारत | १,५८७,९८२ | १,०२२,५६५ | ३५,०३५ | ४ |
| ४ | रूस | ८२८,९९० | ६२०,३३३ | १३,६७३ | ३ |
| ५ | दक्षिण अफ्रिका | ४७१,१२३ | २९७,९६७ | ७,४९७ | १८ |
| ६ | मेक्सिको | ४०८,४४९ | २६७,१४७ | ४५,३६१ | ११ |
| ७ | पेरू | ४००,६८३ | २८०,०४४ | १८,८१६ | ७ |
| ८ | चिली | ३५१,५७५ | ३२४,५५७ | ९,२७८ | ८ |
| ९ | स्पेन | ३२९,७२१ | N/A | २८,४४१ | ६ |
| १० | संयुक्त अधिराज्य | ३०१,४५५ | N/A | ४५,९६१ | ५ |
| ११ | इरान | २९८,९०९ | २५९,११६ | १६,३४३ | १० |
| १२ | पाकिस्तान | २७७,४०२ | २४६,१३१ | ५,९२४ | १२ |
| १३ | कोलम्बिया | २७६,०५५ | १४२,७७७ | ९,४५४ | २१ |
| १४ | साउदी अरेबिया | २७२,५९० | २२८,५६९ | २,८१६ | १५ |
| १५ | इटाली | २४६,७७६ | १९९,०३१ | ३५,१२९ | ९ |
| १६ | बगलादेश | २३२,१९४ | १३०,२९२ | ३,०३५ | १७ |
| १७ | टर्की | २२८,९२४ | २१२,५५७ | ५,६५९ | १३ |
| १८ | जर्मनी | २०८,८११ | १९२,००० | ९,२१२ | १४ |
| १९ | फ्रान्स | १८५,१९६ | ८१,३११ | ३०,२३८ | १६ |
| २० | अर्जेन्टिना | १७८,९९६ | ७७,८५५ | ३,२८८ | २७ |
| २१ | इराक | ११८,३०० | ८३,४६१ | ४,६०३ | ३३ |
| २२ | क्यानाडा | ११५,४७० | १००,४६५ | ८,९१७ | १९ |
| २३ | कतार | ११०,१५३ | १०६,८४९ | १६९ | २० |
| २४ | इन्डोनेसिया | १०४,४३२ | ६२,१३८ | ४,९७५ | २९ |
| २५ | मीश्र | ९३,३५६ | ३७,०२५ | ४,७२८ | २४ |
| २६ | कजाख्स्तान | ८७,६६४ | ५७,८१५ | ७९३ | ५१ |
| २७ | फिलिपिन्स | ८५,४८६ | २६,९९६ | १,९६२ | ३८ |
| २८ | चीन | ८४,१६५ | ७८,९५७ | ४,६३४ | २२ |
| २९ | इक्वेडर | ८३,१९३ | ३५,५७२ | ५,६२३ | २८ |
| ३० | स्वीडेन | ७९,७८२ | ल्ह | ५,७३० | २३ |
| ३१ | ओमान | ७८,५६९ | ६०,२४० | ४१२ | ३७ |
| ३२ | बोलिभिया | ७३,५३४ | २२,५०६ | २,८०८ | ४१ |
| ३३ | इजरायल | ६८,२९९ | ३२,७४६ | ४९१ | ५० |
| ३४ | युक्रेन | ६७,५९७ | ३७,३९४ | १,६५० | ३५ |
| ३५ | बेलारूस | ६७,५१८ | ६१,४४२ | ५४८ | २६ |
| ३६ | बेल्जीयम | ६७,३३५ | १७,४९१ | ९,८३६ | २५ |
| ३७ | डोमिनिकन गणतन्त्र | ६६,१८२ | ३३,९४७ | १,१२३ | ४३ |
| ३८ | कुवेत | ६५,९०३ | ५६,४६७ | ४४४ | ३२ |
| ३९ | पनामा | ६३,२६९ | ३७,३१६ | १,३७४ | ४२ |
| ४० | संयुक्त अरब इमिरेटस | ५९,९२१ | ५३,२०२ | ३४७ | ३१ |
| ४१ | नेडरल्यान्ड | ५३,६२१ | N/A | ६,१४७ | ३० |
| ४२ | सिंगापुर | ५१,५३१ | ४६,०९८ | २७ | ३४ |
| ४३ | पोर्तुगल | ५०,६१३ | ३५,८७५ | १,७२५ | ३६ |
| ४४ | रोमानिया | ४८,२३५ | २६,४४६ | २,२६९ | ४५ |
| ४५ | ग्वाटेमाला | ४७,६०५ | ३४,४८८ | १,८३५ | ५६ |
| ४६ | पोलान्ड | ४४,४१६ | ३३,१९० | १,६९४ | ३९ |
| ४७ | नाइजेरिया | ४२,२०८ | १९,००४ | ८७३ | ४८ |
| ४८ | होन्डुरस | ४०,९४४ | ५,२८१ | १,२५९ | ५४ |
| ४९ | बहराइन | ४०,३११ | ३६,९२० | १४४ | ४७ |
| ५० | आर्मेनिया | ३७,९३७ | २७,८२४ | ७२३ | ४९ |
| ५१ | अफगानिस्तान | ३६,४७१ | २५,३८९ | १,२७१ | ४४ |
| ५२ | कीर्गीज्स्तान | ३५,२२३ | २३,९८५ | १,३६४ | ८७ |
| ५३ | घाना | ३५,१४२ | ३१,२८६ | १७५ | ५५ |
| ५४ | स्विटजरल्यान्ड | ३४,८०२ | ३१,१०० | १,९७९ | ४० |
| ५५ | जापान | ३१,९०१ | २३,५०७ | १,००१ | ५२ |
| ५६ | अजरबैजान | ३१,२२१ | २४,४९५ | ४३८ | ५८ |
| ५७ | अल्जेरिया | २९,२२९ | १९,५९२ | १,१८६ | ६० |
| ५८ | आयरल्यान्ड | २५,९४२ | २३,३६४ | १,७६४ | ४६ |
| ५९ | सर्बिया | २४,८९२ | १४,०४७ | ५५८ | ५९ |
| ६० | मोल्डोभा | २३,९४७ | १६,७८५ | ७५९ | ५७ |
| ६१ | उज्वेकिस्तान | २२,८७२ | १२,९३७ | १३२ | ७२ |
| ६२ | मोरोक्को | २२,२१३ | १७,१२५ | ३३४ | ६५ |
| ६३ | अस्ट्रिया | २०,८५० | १८,५२८ | ७१६ | ५३ |
| ६४ | नेपाल | १९,२७३ | १४,०२१ | ४९ | ६४ |
| ६५ | केन्या | १९,१२५ | ८,०२१ | ३११ | ७७ |
| ६६ | क्यामरून | १७,२५५ | १५,३२० | ३९१ | ६३ |
| ६७ | भेनेजुयला | १७,१५८ | १०,४२१ | १५६ | ८४ |
| ६८ | कोस्टा रिका | १६,८०० | ४,०५० | १३३ | ९६ |
| ६९ | अस्ट्रेलिया | १६,२९८ | १०,६१९ | १८९ | ७१ |
| ७० | चेक गणतन्त्र | १६,०९३ | ११,४२९ | ३७४ | ६६ |
| ७१ | एल साल्भाडोर | १५,८४१ | ८,०७१ | ४३० | ८० |
| ७२ | आइभोरि कोस्ट | १५,८१३ | १०,७९३ | ९९ | ६८ |
| ७३ | इथियोपिया | १५,८१० | ६,६८५ | २५३ | ८१ |
| ७४ | दक्षिण कोरिया | १४,२६९ | १३,१३२ | ३०० | ६१ |
| ७५ | डेनमार्क | १३,६३४ | १२,४८५ | ६१४ | ६२ |
| ७६ | सुडान | ११,४९६ | ६,००१ | ७२५ | ६७ |
| ७७ | प्यालेस्टिन | ११,२८४ | ४,८३३ | ८० | ११२ |
| ७८ | बुल्गेरिया | ११,१५५ | ५,९७१ | ३६८ | ८६ |
| ७९ | बोस्निया र हर्जगोभिना | ११,१२७ | ५,४४१ | ३१६ | ९१ |
| ८० | उत्तर मेसेडोनिया | १०,५०३ | ५,९३१ | ४७६ | ७६ |
| ८१ | मडागास्कर | १०,३१७ | ७,११७ | ९९ | १०६ |
| ८२ | सेनेगल | ९,९६१ | ६,६५५ | २०० | ७५ |
| ८३ | नर्वे | ९,१७२ | ८,७५२ | २५५ | ६९ |
| ८४ | मलेसिया | ८,९५६ | ८,६१२ | १२४ | ७० |
| ८५ | प्रजातान्त्रिक गणतन्त्र कंगो | ८,९३१ | ६,०९५ | २१० | ७४ |
| ८६ | फ्रेन्च गीयाना | ७,६४७ | ६,१७६ | ४३ | ९२ |
| ८७ | फिनल्यान्ड | ७,४१४ | ६,९५० | ३२९ | ७३ |
| ८८ | हैटी | ७,३७८ | ४,४६७ | १५९ | ७९ |
| ८९ | ग्याबोन | ७,३५२ | ४,९४३ | ४९ | ८३ |
| ९० | ताजिकिस्तान | ७,३२० | ६,१०३ | ६० | ७८ |
| ९१ | गिनी | ७,१८३ | ६,४०४ | ४६ | ८२ |
| ९२ | लक्जम्बर्ग | ६,५३३ | ४,९५९ | ११४ | ८८ |
| ९३ | मौरितानिया | ६,२७३ | ४,७७६ | १५६ | ९० |
| ९४ | जाम्बिया | ५,२४९ | ३,२८५ | १४६ | ११८ |
| ९५ | अल्बानिया | ५,१०५ | २,८३० | १५० | १०१ |
| ९६ | जिबौटी | ५,०८१ | ४,९९९ | ५८ | ८५ |
| ९७ | क्रोएसिया | ४,९९३ | ४,०९९ | १४१ | ९८ |
| ९८ | पारागुए | ४,८६६ | ३,१६९ | ४६ | ११० |
| ९९ | केन्द्रीय अफ्रिकी गणतन्त्र | ४,६०५ | १,५७४ | ५९ | ९३ |
| १०० | हङगेरी | ४,४६५ | ३,३३९ | ५९६ | ८९ |
| १०१ | ग्रीस | ४,३३६ | १,३७४ | २०३ | ९४ |
| १०२ | लेबनान | ४,२०५ | १,७५३ | ५५ | ११४ |
| १०३ | मलावी | ३,७३८ | १,७२८ | १०३ | १३० |
| १०४ | निकारागुआ | ३,६७२ | २,४९२ | ११६ | १०३ |
| १०५ | माल्दिम्स | ३,५६७ | २,५५४ | १५ | १०२ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०६ | थाइलान्ड | ३,३०४ | ३,१११ | ५८ | ९५ |
| १०७ | लिबिया | ३,२२२ | ५९६ | ७६ | १४२ |
| १०८ | सोमालिया | ३,२१२ | १,५६२ | ९३ | ९७ |
| १०९ | कंगो | ३,२०० | ८२९ | ५४ | १२८ |
| ११० | इक्वेटोरियल गिनी | ३,०७१ | ८४२ | ५१ | १०७ |
| १११ | मोन्टेनेग्रो | ३,०१६ | ९३१ | ४७ | १५३ |
| ११२ | हङ कङ | ३,००३ | १,५९१ | २४ | १२१ |
| ११३ | मायोत्ते | २,९०५ | २,६७२ | ३९ | ९९ |
| ११४ | जिम्बाबे | २,८७९ | ८८७ | ४१ | १५० |
| ११५ | श्री लंका | २,८१० | २,३१७ | ११ | १०५ |
| ११६ | क्युबा | २,५८८ | २,३५३ | ८७ | १०० |
| ११७ | इस्वाटिनी | २,५५१ | १,०७० | ४० | १४० |
| ११८ | माली | २,५२१ | १,९२७ | १२४ | १०४ |
| ११९ | क्यावो भर्ड | २,३७३ | १,६९४ | २३ | १२७ |
| १२० | दक्षिण सुडान | २,३२२ | १,१७५ | ४६ | १०९ |
| १२१ | स्लोभाकिया | २,२४५ | १,६६० | २८ | ११५ |
| १२२ | स्लोभेनिया | २,११५ | १,७६१ | ११७ | ११७ |
| १२३ | लिथुआनिया | २,०४३ | १,६४३ | ८० | ११३ |
| १२४ | इस्टोनिया | २,०४२ | १,९२६ | ६९ | १०८ |
| १२५ | नामिबिया | १,९८६ | १०४ | ९ | १७५ |
| १२६ | र्‍वान्डा | १,९६३ | १,०३६ | ५ | १३५ |
| १२७ | गिनी बिसाउ | १,९५४ | ८०३ | २६ | ११६ |
| १२८ | आइसलान्ड | १,८६१ | १,८२३ | १० | १११ |
| १२९ | बेनिन | १,८०५ | १,०३६ | ३६ | १२३ |
| १३० | सिएरा लियोन | १,८०३ | १,३५५ | ६७ | १२० |
| १३१ | मोजाम्बिक | १,७४८ | ६१६ | ११ | १३९ |
| १३२ | यमन | १,७११ | ८४९ | ४८५ | १२६ |
| १३३ | सुरिनाम | १,६०७ | १,००३ | २६ | १५४ |
| १३४ | न्यु जीलान्ड | १,५६० | १,५१४ | २२ | ११९ |
| १३५ | ट्युनिसिया | १,४८८ | १,१७८ | ५० | १२२ |
| १३६ | उरुग्वे | १,२३७ | ९६७ | ३५ | १३३ |
| १३७ | लाट्भिया | १,२२४ | १,०५२ | ३१ | १२४ |
| १० | गय:भिंद्यो पुल परिसरमा बाटो पीच तथा रिटेनिङ्ग वाल निर्माण कार्य प्रथम रनिङ्ग बिल | ५/७ | १९,९९८,४६५।०० | १३,१८१,९७४।३२ | ७,१२४,६२०।०१ | ७,४७०,८०५।१० | | ७,१२४,६२०।०१ | बागमती प्रदेश समपूरक बजेट | प्रथम आंशिक भुक्तानी |
| ११ | गय:भिंद्यो पुल परिसरमा बाटो पीच तथा रिटेनिङ्ग वाल निर्माण कार्य दोस्रो रनिङ्ग बिल | ५/७ | १९,९९८,४६५।०० | १३,१८१,९७४।३२ | ३,००७,४०८।७६ | ३,०७९,१८१।२५ | | ३,००७,४०८।७६ | बागमती प्रदेश समपूरक बजेट | दोस्रो अन्तिम भुक्तानी |
| १२ | कमलविनायक बाल उद्यान निर्माण कार्य प्रथम रनिङ्ग बिल | १० | ९,०००,०००।०० | ८,८२९,७४७।३४ | ५,०१६,२०८।९१ | ५,०१६,२०८।९१ | | ५,०१६,२०८।९१ | राष्ट्रिय योजना आयोग विशेष अनुदान | प्रथम आंशिक भुक्तानी |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | कमलविनायक बाल उद्यान निर्माण कार्य दोस्रो रनिङ्ग बिल | १० | ९,०००,००० ।०० | ८,८२९,७४७।३४ | ३,७४९,९४७। ९७ | ३,७४९,९४७।९७ | | ३,७४९,९४७।९७ | राष्ट्रिय योजना आयोग विशेष अनुदान | दोस्रो अन्तिम भुक्तानी |
| **पेश्की प्रदान सम्बन्धमा** | | | | | | | | | | |
| १ | बाराही पुल निर्माण कार्य | ३ | २२,४१९,७३८।१६ | १४,७७६,२९७।७० | | | २,९५५,०००।०० | | बागमती प्रदेश समपूरक बजेट | अग्रिम सञ्चालन पेश्की (मोविलाइजेसन) |
| २ | भक्तपुर नगरको रिङ्ग रोडमा सडक बत्ती जडान कार्य | | १३,४५१,८१४।४२ | १०,३४५,७००।०० | | | २,०६९,०००।०० | | राष्ट्रिय योजना आयोग विशेष अनुदान | अग्रिम सञ्चालन पेश्की (मोविलाइजेसन) |

## ठेक्का सम्बन्धी निर्णय अनुमोदन

भक्तपुर नगरपालिकाको आ.व. २०७६/७७ का लागि स्वीकृत योजना अन्तर्गत विभिन्न मितिमा सूचना प्रकाशित भई मूल्याङ्कन समितिबाट सिफारिस भई स्वीकृत भएका देहाय बमोजिमका ठेक्का स्वीकृतिको निर्णय अनुमोदन गरियो :

| ठेक्का नं. | योजनाको नाम | बजेट स्रोत | स्वीकृत बोलपत्र दाताको नाम | कबोल अङ्क | कैफियत |
|---|---|---|---|---|---|
| bktmun/NCB/works/ 13/076/77 | **बाराही पुल निर्माण कार्य** (Phase 1: Sub structure) | बागमती प्रदेश समपुरक अनुदान बजेट | जागृति निर्माण सेवाप्रा.लि, चैनपुर-१, | रु. १,४७,७६,२९७।७० | |
| bktmun/NCB /works/16/076/77 | **सडक बत्ती जडान कार्य** | राष्ट्रिय योजना आयोग विशेष अनुदान बजेट | टपसन इनर्जी प्रा.लि., काठमाण्डौं | रु. १,०३,४५,७००।०० | * |
| | | *न्यूनत्तम अङ्क कबोल गर्ने श्री ओम मंगलमूर्ति कन्स्ट्रक्सनले मूल्याङ्कन समितिको मिति २०७७/३/५ निर्णय अनुसार Specification सँग सम्बन्धित थप कागजात पेश गर्न नसकेकोले दोस्रो न्यूनत्तम कबोल गर्ने सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाताको प्रस्ताव स्वीकृत गर्ने निर्णय भएको । | | | |

**साथै ठेक्का नं.** bktmun/NCB/works/16/076/77 **सङ्घीय सरकारको विशेष अनुदान बजेट र** bktmun/NCB/works/13/076/77 **बागमती प्रदेश समपुरक अनुदान बजेट (५०%) को हकमा क्रमशः मिति २०७७/३/२६ र २०७७/३/२८ गते मात्रै सम्झौता भएको र आ.व.को अन्तिम समयमा खर्च हुन नसकेको बजेट फ्रिज हुने व्यवस्था अनुसार आगामी आ.व.मा यस बजेटको व्यवस्था गर्न नेपाल सरकार र प्रदेश सरकारसँग अनुरोध गर्ने र नेपाल सरकार र प्रदेश सरकारबाट उक्त योजनामा बजेट व्यवस्था नभएको अवस्थामा नगरपालिकाको आन्तरिक स्रोतबाट बजेट व्यवस्था गर्ने गरी मिति २०७७/३/२५ र २०७७/३/३० को निर्णय अनुमोदन गरियो । र उल्लेखित योजनाको टेण्डर प्रक्रिया भई कार्य शुरु भइसकेको हुँदा निर्माण कम्पनीहरूको माग बमोजिम २०५ सम्म अग्रिम सञ्चालन पेश्की (मोविलाईजेसन) दिने निर्णय गरियो ।**

## विविध

**विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–**

**क.** **यस नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको भ.न.पा.वडा नं. ८ लिवालीस्थित भवनको नक्सा पासको लागि तहां कार्यालयमा तिर्नुपर्ने नक्सा दस्तुर छुट गरिदिनु हुन भनी कलेजबाट प्राप्त निवेदनमाथि छलफल हुँदा उक्त कलेजले तिर्नु पर्ने नक्सा दस्तुर छुट दिने निर्णय गरियो ।**

**ख.** **यस नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङको भ.न.पा.वडा नं. ८ लिवालीस्थित भवनको नक्सा पासको प्रक्रियामा रहेको हुँदा नक्सा पासको लागि यस नगरपालिकामा तिर्नुपर्ने नक्सा दस्तुर छुट गरिदिनु हुन भनी कलेजबाट प्राप्त निवेदनमाथि छलफल हुँदा उक्त कलेजले तिर्नु पर्ने नक्सा दस्तुर छुट दिने निर्णय गरियो ।**

**ग.** भ.न.पा.वडा नं. ९, दत्तात्रय क्षेत्रमा गाईजात्रा पर्व २०७६ को मूल्याङ्कन स्थल व्यवस्थापनको क्रममा परम्परागत नृत्य र सांस्कृतिक प्रतियोगिताको लागि अस्थायी ट्रस बनाइएको हुँदा सोको भाडा र ज्यालावापत रकम भुक्तानी पाऊँ भनी भ.न.पा.वडा नं. ७ बस्ने रामकृष्ण किसीको निवेदनमाथि छलफल हुँदा वडा प्राविधिकबाट प्रतिवेदनसमेत प्राप्त भइसकेको हुँदा उक्त ट्रसको भाडा र ज्यालावापत भुक्तानी दिन बाँकी रु.३९,५००।- (अक्षरूपी उन्नानचालिस हजार पाँच सय) **भुक्तानी दिने** निर्णय गरियो ।

**घ.** भक्तपुर नगरपालिकाको आ.व. २०७७/०७८ को लागि जिल्ला दररेटलाई आधार लिई नगरपालिकाको दररेट निर्धारण गर्न देहाय बमोजिमको पदाधिकारीहरू रहने **समितिलाई जिम्मा** दिने निर्णय गरियो-

संयोजक - श्री उकेश कवां
सदस्य - श्री हरिप्रसाद बासुकला
सदस्य - श्री सरिना द्योला

**ङ.** ऐतिहासिक तथा सांस्कृतिक पर्व गथामग चह्रे र गाईजात्रा (सापारु) पर्व औपचारिकतामा मात्र सीमित गर्न **सूचना प्रकाशित गर्ने** निर्णय गरियो ।

**च.** कोरोना भाइरस (कोभिड-१९) को कारणले परेको असरलाई मध्यनजर गरी आ.व. २०७६/०७७ को न.पा.भवन तथा पसल कवल बहालको किस्तामा लाग्ने १० प्रतिशतको **हर्जाना मिनाहा गर्ने** निर्णय गरियो ।

**छ.** नःपुखु, सिद्ध पोखरीलगायत नगर क्षेत्रभित्रका पोखरीहरूमा रहेका माछा बिक्री गर्नका लागि स्थानीय पत्रिकामा ७ दिनको सूचना दिई दरभाउ पत्र माग गर्ने र ती पोखरीहरूबाट माछा निकालिसकेपछि पुनः नयाँ माछाका **भुराहरू छोड्ने** निर्णय गरियो ।

**ज.** भक्तपुर नगरपालिका वडा नं २ का वडाअध्यक्ष श्री हरिप्रसाद बासुकलाले वृद्ध भत्ताको तेश्रो किस्ता वितरण गर्न रु. ६८७३६००।- लिई रु. ६६१७६००/- वितरण गरी बाँकी रु. २,५६,०००/- बैंक दाखिला गरी निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गरिएको बैठकबाट अनुमोदन गरियो ।

**झ.** भक्तपुर नगरपालिका वडा नं. ३ का वडाअध्यक्ष श्री राजकृष्ण गोराले वृद्ध भत्ताको तेश्रो किस्ता वितरण गर्न रु.५९,९८,४००।- लिई रु.५७,८६,४००।- वितरण गरी बाँकी रु.२,१२,०००।- बैंक दाखिला गरी निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गरिएको बैठकबाट अनुमोदन गरियो ।

**ञ.** भक्तपुर नगरपालिका वडा नं. ७ का वडाअध्यक्ष श्री उकेश कवांले वृद्ध भत्ताको तेश्रो किस्ता वितरण गर्न रु. ७२,९६,०००।- लिई रु. ७२,४४,०००।- वितरण गरी बाँकी रु. ५२,०००।- बैंक दाखिला गरी निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गरिएको बैठकबाट अनुमोदन गरियो ।

**ट.** भक्तपुर नगरपालिका वडा नं. ९ का वडाअध्यक्ष श्री रबिन्द्र ज्याख्वले वृद्ध भत्ताको तेश्रो किस्ता वितरण गर्न रु.८५,५३,६००।- लिई रु.७३,१३,६००/- वितरण गरी बाँकी रु.१२,४०,०००।- बैंक दाखिला गरी निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गरिएको बैठकबाट अनुमोदन गरियो ।

**ठ.** भक्तपुर नगरपालिका वडा नं. ७ का वडाअध्यक्ष श्री उकेश कवांले कोराना रोकथाम र नियन्त्रण गर्न रु.५,००,०००।- लिई रु.४,९४,०९३।- खर्च गरी कर समायोजन समेत ९७,५१४।- बैंक दाखिला गरी निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गरिएको बैठकबाट अनुमोदन गरियो ।

**ड.** नपाको बा १ क ९०२५ को डोजर गाडी मर्मत गर्दाको रु.१८,८३०।- तुल्सी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ढ.** नपाको मोटरसाइकल बा ३४ प ८८२२ मर्मत गर्दाको रु.६,६२५।- लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ण.** भक्तपुर नगरपालिकाको मिति २०७७।०३।०५ गतेको कार्यपालिकाको बैठकको लागि विहानको नास्ता वापत रु ६,७८०।-, मिति २०७७।०३।०७ गते आइतवार ख्वप ईन्जिनियरिङ कलेजमा सम्पन्न भएको भक्तपुर नगरपालिकाको सातौं नगरसभाको उद्घाटन कार्यक्रममा पाल्नु भएका अतिथि तथा जनप्रतिनिधिहरूलाई विहानको नास्ता वापत रु.३८,६००।८०, २०७७।०३।०६ गतेको नगर सभामा पाल्नु भएका सम्पूर्णलाई खाजा वापत रु.१८,९८४।-, २०७७।०३।१० गतेको नगर सभामा सम्पूर्ण जनप्रतिनिधिहरूलाई खाजा वापत रु.१८,९८४।-, २०७७।०३।१२ गतेको नगर सभामा सम्पूर्ण जनप्रतिनिधिहरूलाई खाजा वापत रु.२२,६००।-, २०७७।०३।१४ गतेको नगर सभामा सम्पूर्ण जनप्रतिनिधिहरूलाई खाजा वापत रु.२२,६००।- र २०७७।०३।१६ गते मंगलवार पाल्नु भएका सम्पूर्ण जनप्रतिनिधिहरूलाई खाजा (सम्हेबजी) को व्यवस्था गरे वापत रु.२५,४२५।- गरी कुल रु.१,५३,९७३।४० सूर्यविनायक पार्टी भेनुलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**त.** नपामा विभिन्न समयमा फलफूल र जुस उपलब्ध गराए वापत रु.११,३८५।- एच एस जुस सेन्टरलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**थ.** नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु.३२,५००।- ब्रदर्श क्याफेलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**द.** नपाका कर्मचारी राजु कासुलालाई भुस्याहा कुकुरले टोकेकोले सोको उपचार गरे वापत रु.३,१००।- **भुक्तानी दिने** निर्णय गरियो ।

# गाईजात्रा पर्वबारे नगर प्रमुख सुनिल प्रजापतिको सन्देश

**दाजुभाइ तथा दिदी बहिनीहरू,**



कोरोना भाइरसको सङ्क्रमण दिन प्रतिदिन बढ्दै गइरहेको छ । देशभरमा अहिले सङ्क्रमितहरूको सङ्ख्या १९ हजार नाघिसकेको छ । काठमाडौं उपत्यकामै ३०० भन्दा बढी सङ्क्रमित र देशमा ५० जनाभन्दा बढीको मृत्यु भइसकेको सरकारी तथ्याङ्कले देखाएको छ ।

विज्ञहरूका अनुसार नेपालमा कोरोनाको सङ्क्रमण समुदायस्तरमा फैलिसकेको छ । कोरोनाको कारण मृत्यु हुनेको सङ्ख्या क्रमशः बढ्दैछ । समाजमा भयावह स्थिति आउनेतर्फ विज्ञहरूले निरन्तर सचेत पार्दै आउनुभएको छ ।

सरकारले लकडाउन खुकुलो पारेको छ । यसको अर्थ हामी सङ्क्रमणबाट मुक्त भइसकेको होइन, अझ सङ्क्रमणको खतरा बढेको छ । काम गरी खान कुनै बाधा व्यवधान नहोस् भनेर सरकारले लामो समयपछि लकडाउन हटाएको हो तर पूर्ण रूपमा हटाइसकेको छैन ।

लकडाउन फिर्ताको अर्थ भीडभाड गरी भोज भतेर गर्न, जात्राहरू सञ्चालन गर्न, देवी–देवता स्थानमा ठूलो समूह भेला भएर मनोरञ्जन गर्न वा पूजाआजा गर्न तथा सांस्कृतिक प्रदर्शन गर्न छुट दिएको होइन । त्यस्तो बुझाइ कसैमा छ भने त्यो गलत हो ।

रोगले जाति, भाषा, क्षेत्र र वर्ग चिन्दैन । सबैले आ–आफ्नो सुरक्षा आ–आफैले गर्नु नै कोरोना भाइरस सङ्क्रमणबाट बच्ने सबभन्दा सहज उपाय हो । साबुन पानीले हात धुनु, स्यानिटाइजर प्रयोग गर्नु र मास्क लगाउनु अरु कसैको निम्ति नभएर आफ्नै लागि हो । त्यसैले सबै नागरिकहरूलाई सुरक्षित साथ आ–आफ्नो काममा लाग्नु हुन भक्तपुर नगरपालिकाको तर्फबाट आग्रह गर्दछौं ।

वीरगञ्ज, राजविराज, विराटनगरलगायतका ठाउँहरूमा कर्फ्यु जारी गरी स्थानीय तहले जनतालाई रोग सङ्क्रमणबाट बचाउने प्रयास गरिरहेका छन् । हामीमा जोखिम त्यो तहमा नपुगे पनि कुनै पनि बेला उपत्यकामा पूरै सङ्क्रमणको भयावह स्थिति हुनसक्नेबारे हामी सचेत हुनैपर्छ ।

**आदरणीय जनसमुदाय,**

गाईजात्रा नजिकिँदैछ । भक्तपुरको गाईजात्रा विशेष प्रकारको जात्रा हो । देशका विभिन्न ठाउँबाट गाईजात्रा हेर्न मानिसहरू भक्तपुर आउने गर्छन् । गाईजात्रा पर्वलाई अनुशासित, मर्यादित र व्यवस्थित गर्न र संस्कृति संरक्षण गर्न यसअघि भक्तपुर नगरपालिकाले गाईजात्राको समयावधिभर प्रस्तुत हुने परम्परागत र आधुनिक विधाका छुट्टा–छुट्टै मूल्याङ्कन गरी पुरस्कारको समेत व्यवस्था गर्दै आएको सर्वविदितै छ ।

तर यो वर्ष कोरोना भाइरसका कारण हामी अत्यन्तै सचेततापूर्वक हिंड्नुपर्ने अवस्थामा छौं । त्यसैले भक्तपुर नगरपालिकाले जिल्ला प्रशासन कार्यालय, महानगरीय प्रहरी परिसर, गुठी संस्थान, भैरवनाथ जात्रा सहयोग समिति, बाराही द्येछेँ, भैरवनाथ नाइके, आकाश भैरव नौ दाफा, चपाः दाफा भजन, दत्तात्रय दाफा भजनलगायत सरोकारवालाहरूका प्रतिनिधिहरूसँग पटक पटक बैठक गरी यो वर्ष गाईजात्रामा घिन्ताङघिसी नलाने, दाफा भजनमा सहभागी नहुने र सामान्य औपचारिकतामा मात्र सीमित गर्ने निर्णय गरेको जानकारी गराउन चाहन्छौं ।

त्यसैगरी गुँला बाजा समूहका प्रतिनिधिहरूको भेलाले यो वर्ष गुँला बाजा स्थगित गर्ने निर्णय गरेको छ । नगरपालिकाको भावनालाई साथ दिनुभएकोमा उहाँहरू सबैलाई भक्तपुर नगरपालिका धन्यवाद ज्ञापन गर्दछ । कोरोना सङ्क्रमणलाई ध्यानमा राखेर गाईजात्रा सामान्य औपचारिकतामा सीमित गर्ने निर्णयअनुसार यहाँहरूले गाईजात्रामा भिडभाड हुने घिन्ताङघिसी ननिकाल्न, परम्परागत र आधुनिक तथा सांस्कृतिक विधाहरू प्रदर्शन नगर्न तथा पञ्चदानजस्ता पर्वहरू नमनाउन सम्पूर्ण नगरवासीहरूमा हार्दिक अपिल गर्दछौं ।

हामी स्वस्थ रहयौं भने चाडपर्व र जात्रा हामी अर्को वर्ष मनाऔंला । समाजलाई कोरोना सङ्क्रमणबाट बचाउने महान अभिभारा हाम्रो काँधमा छ । तपाई हामी मिलौं, कोरोनाबाट समाजलाई बचाऔं ! यो नै हाम्रो आजको सबभन्दा ठूलो जिम्मेवारी हो । सबैले आ–आफ्नो ठाउँबाट जिम्मेवारी पूरा गरौं । धन्यवाद !

**मितिः २०७७ साउन १५ गते, बिहीवार**

# गाईजात्रा व्यवस्थापनका लागि स्वयम्सेवक इन्चार्ज बैठक

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा गाईजात्रा व्यवस्थापनका लागि भक्तपुर नपा वडा नं. १ देखि १० का स्वयम्सेवक इन्चार्ज बैठक साउन १९ गते सम्पन्न भयो। बैठकले गाईजात्रामा भिडभाड कम गर्न सबैले आ-



आफ्नो क्षेत्रबाट भूमिका खेल्ने निर्णय गऱ्यो।

बैठकमा नगर प्रमुख प्रजापतिले गाईजात्रामा धेरै व्यक्तिहरूको भीड हुन नदिन स्वयम्सेवकहरू क्रियाशील भएर परिचालित हुनुपर्ने बताउनुभयो।

जनैपूर्णिमाको दिनदेखि एक हप्तासम्म हुने गाईजात्रामा प्रदर्शन गरिने घिन्ताङघिसी र सांस्कृतिक विधाका प्रदर्शनीलाई समुदायस्तरबाटै नियन्त्रण गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै प्रमुख प्रजापतिले अधिकांश मृतक परिवार र नगरवासीहरू घिन्ताङघिसी नलाने पक्षमा रहेको बताउनुभयो।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले गाईजात्राको दिनमा सरसफाइमा विशेष ध्यान दिनुहुँदै नगरका मुख्य मुख्य सडक र गल्लीहरूमा क्लोरिन पानी छर्कने, जात्रा हेरालुहरूलाई मास्क प्रयोग गर्न उत्साहित गर्ने र वडाका ठाउँ-ठाउँमा साबुन पानीले हात धुने व्यवस्था भक्तपुर नगरपालिकाले गर्ने बताउनुभयो।

कार्यक्रममा उपस्थित स्वयम्सेवक इन्चार्जहरूले गाईजात्रा व्यवस्थापनबारे टोल-टोलको अवस्थाबारे जानकारी गराउनुहुँदै कोरोना भाइरस सङ्क्रमण जोखिम नियन्त्रणको लागि वडास्तरबाटै विभिन्न दाफा समूह तथा वडावासीहरूको भेला गरी घिन्ताङघिसी, दाफा भजनहरू नलान अभिप्रेरित गरिरहेको, सापारु पर्वमा भीडभाड नगर्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिरहेको बताउनुभयो।

# गाईजात्रा प्रदक्षिणा मार्ग निरीक्षण

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोग नेपालमा पनि तीव्र गतिमा सङ्क्रमण बढिरहेको र नेपाल सरकारले काठमाडौं उपत्यकामा सङ्क्रमण रोक्न उच्च सतर्कता अपनाइरहेको अवस्थामा ऐतिहासिक तथा सांस्कृतिक नगरी भक्तपुरमा यही २०७७ साउन १९ गतेदेखि २७ गतेसम्म गुन्हीपुन्ही (सापारु) पर्वलाई औपचारिकतामा सीमित गर्न सार्वजनिक आह्वान गरी जनस्तरमा प्रचारप्रसार गरिरहेको छ।



गाईजात्राको पूर्वसन्ध्यामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा भक्तपुरका प्रजिअ हुमकला पाण्डे, प्रहरी उपरीक्षक तारादेवी थापा, गुठी संस्थान भक्तपुरका कार्यालय प्रमुख आनन्द कर्माचार्य, भक्तपुर नपाका वडाध्यक्षहरू, सशस्त्र प्रहरीहरूलगायतका टोलीले साउन १८ गते गाईजात्रा प्रदक्षिणा मार्ग निरीक्षण गर्नुभयो। सोही क्रममा नगर प्रमुख प्रजापतिले जात्राको समयमा हुनसक्ने रोग सङ्क्रमणलाई रोक्न र आवश्यक सतर्कता अपनाउन र घिन्ताङघिसी तथा परम्परागत एवम् आधुनिक सांस्कृतिक प्रदर्शनीहरू नगर्न नगरवासीहरूलाई आग्रह गर्नुभयो।

# गाईजात्रा पर्व सुरक्षित र औपचारिकतामा सीमित गरी मनाउन वडावासी भेला

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा विश्व महामारीको रूपमा फैलिरहेको कोभिड १९ सङ्क्रमण दिन प्रतिदिन बढिरहेको हालको समयमा २०७७ सालको गाईजात्रा पर्वलाई सुरक्षित र औपचारिकतामा सीमित गरी मनाउने सम्बन्धमा साउन १६ गते ४ नं. वडामा वडावासी भेला सम्पन्न भयो ।



कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिका ऐतिहासिक र सांस्कृतिक रूपमा धनी सहर भएको हुँदा यहाँ मनाइने हरेक पर्वहरूको आफ्नै महत्त्व रहेको बताउनुभयो ।

समुदायस्तरमा कोरोना सङ्क्रमित देखिन थालेको वर्तमान अवस्थामा रोग सङ्क्रमण फैलिन नदिन भक्तपुर नगरपालिकाले नजिकिँदै गरेको गाईजात्रा पर्वलाई औपचारिकतामा सीमित गरी मनाउन नगरवासी जनता र सरोकारवाला पक्षलाई अनुरोध गरिरहेको र सोही जात्रामा प्रदर्शन हुने घिन्ताङघिसी तथा परम्परागत एवम् आधुनिक सांस्कृतिक प्रदर्शनीहरू नगर्न अपिल गर्नुभयो ।

जनता र समुदायको हितको निम्ति गरेको निर्णयमा नगरवासीहरूको साथ र सहयोग रहने अपेक्षा गर्नुहुँदै उहाँले कोरोना महामारी भयावह स्थितिमा आउन सक्नेतर्फ सचेत पार्नुभयो । उहाँले क्षणिक मनोरञ्जनबाट हुनसक्ने खतराबारे अवगत गराउनुहुँदै स्वास्थ्य जस्तो संवेदनशील विषयमा हेलचेक्र्याइँ गर्न नहुने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष कुमार चवालले कोभिड-१९ को विषम परिस्थितिमा जात्रालाई सुरक्षित ढङ्गले मनाउने कार्यमा नगरवासीहरू नै सचेत हुनुपर्ने बताउनुहुँदै यस पटकको गाईजात्रामा बाजागाजा र घिन्ताङघिसी नलाने ढङ्गले मनाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा भनपा ४ वडा समन्वय समितिका संयोजक एवम् भक्तपुर नपाका कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवालले नेपाल-भारतबीचको खुला सिमानाका कारण दिनप्रतिदिन कोरोना सङ्क्रमित थपिँदै गएको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा ४ नं. वडा समन्वय समितिका सदस्यद्वय उपेन्द्र सुवाल र न्हुछेराम भेले, भक्तपुर नपा वडा नं. ४ का वडा सदस्य राजेन्द्र माक, ४ नं. वडा इकाइ समितिका हरिसुन्दर सुवालले पनि गाईजात्रा सभ्य र सामाजिक दूरी कायम गरी मनाउनुपर्ने बताउनुभयो ।

*२०७७ को गाईजात्रा साउन २० गते औपचारिकतामा सीमित गरी शान्तिपूर्ण र मर्यादित र सामान्य रूपमा सम्पन्न भएको छ ।*

*जात्रामा गएको वर्ष जस्तो कुनै भीडभाड थिएन भने परम्परागत घिन्ताङघिसी नाचहरू तथा सांस्कृतिक प्रदर्शनी शून्य रह्यो ।*



# गाईजात्रा पर्वलाई औपचारिकतामा सीमित गर्नु समयको आवश्यकता

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा गाईजात्रा २०७७ सञ्चालन र व्यवस्थापनबारे जात्रासँग सम्बन्धित सरोकारवालाहरूबीच बैठक साउन १३ गते नगरपालिकाको सभाकक्षमा सम्पन्न भयो ।

बैठकले विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) रोग हालका दिनमा काठमाडौं उपत्यकालगायत देशका विभिन्न स्थानहरूमा समुदायस्तरमा सङ्क्रमण देखिन थालेको तथा नेपाल सरकारले वीरगञ्ज, राजविराज, विराटनगरलगायतका सहरहरूमा निषेधाज्ञा र कर्फ्युसमेत घोषणा गरिएको अवस्थामा रोग सङ्क्रमणको संवेदनशील परिस्थितिलाई मध्यनजर गरी नजिकिँदै गएको गाईजात्रा पर्वलाई सामान्य औपचारिकतामा सीमित गर्न सर्वसाधारण जनता एवम् सरोकारवाला पक्षहरूलाई आग्रह गर्ने निर्णय गर्‍यो ।



बैठकमा नगर प्रमुख प्रजापतिले जात्रा र पर्वहरू स्थगन गर्नु व्यक्तिगत र संस्थागत चाहना नभई विश्वव्यापी रूपमा फैलिरहेको कोभिड-१९ को सङ्क्रमण नियन्त्रणको लागि भएको बताउनुभयो ।

उहाँले समुदायका नागरिकहरूलाई कोरोना भाइरसको सङ्क्रमणबाट बचाउने अभिप्रायले यस वर्षको गाईजात्रालाई औपचारिकतामा सीमित गर्नुपर्ने बताउनुहुँदै क्षणिक मनोरञ्जनले पूरै समुदायलाई सङ्क्रमणको खतराबाट जोगाउनु आजको आवश्यकता भएको बताउनुभयो ।

सर्वसाधारण जनताको जीवन थप कष्टकर नबनाउन नेपाल सरकारले लकडाउनको स्वरुप परिवर्तन गरी केही खुकुलोमात्र पारेको बताउनुहुँदै प्रमुख प्रजापतिले सबैले आ-आफ्नो क्षेत्रमा जात्रालाई औपचारिकतामा सीमित गर्नको लागि आग्रह गर्नुभयो ।

नपाका उपप्रमुख रजनी जोशीले कोभिड-१९ को असहज परिस्थितिमा रोगको सङ्क्रमणको रोक्न जात्रालाई सामान्य रूपमा मनाउनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर जिल्लाका सहायक प्रजिअ दुर्गादत्त ढकालले भारतमा अहिले पनि कोरोनाको जोखिम बढिरहेको अवस्थामा लुकिछिपी भारतबाट नेपाल प्रवेश गर्नेहरूका कारण सङ्क्रमणको खतरा रहेको र यही समयमा धेरै भीड जम्मा हुने गरी जात्रा सञ्चालन गरिनु खतरनाक हुने बताउनुभयो ।

कार्यक्रममा गुठी संस्थान भक्तपुरका कार्यालय प्रमुख आनन्द कर्माचार्यले जात्रालाई विधिवत रूपमा औपचारिकतामा सीमित गरी मनाउनु अहिलेको आवश्यकता भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले असहज परिस्थितिमा कोही एकजना सङ्क्रमित देखिए छिट्टै समुदायस्तरमा कोभिड-१९ को सङ्क्रमण फैलिने खतरा हुने हुँदा सजग बन्नुपर्ने बताउनुभयो ।

बैठकमा भैरवनाथ जात्रा सहयोग समितिका न्हुछेराम भेले र शिवराम किजु, आकाशभैरव नौबाजा समूहका ज्ञानेन्द्रमान कायष्ठले भक्तपुर नगर भौगोलिक रूपले सानो नगर भएको हुँदा जात्राको समयमा रोगको संक्रमण फैलिने खतरा भएको हुँदा जात्रालाई औपचारिकतामा सीमित गर्नुपर्नेमा जोड दिनुभयो ।

बैठकमा भक्तपुर नगरपालिकाका कार्यपालिका सदस्यहरू, भैरवनाथ जात्रा सहयोग समिति, नौ दाफा भजन समूह, पुलां दाफा भजन, लाकोलाछेँ दाफा भजन, चपाल दाफा भजन, भैरवनाथ जात्रा सहयोग समिति, बाराही जात्रा संरक्षण समिति, दत्तात्रय मन्दिर संरक्षण समितिलगायतका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# भक्तपुर नपाद्वारा

# गाईजात्रा पर्व २०७७ सञ्चालनबारे सरोकारवालाहरूसँग छलफल

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाभित्रका सांस्कृतिक समूहहरूसँग गाईजात्रा पर्व २०७७ सञ्चालनबारे असार ३० गते छलफल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले कोरोना भाइरस रोग नियन्त्रण गर्न भक्तपुर नगरपालिकाले विदेशबाट फर्केकाहरूलाई अनिवार्य क्वारेनटाइनको व्यवस्था गरिरहेको बताउनुहुँदै समुदायस्तरमा कोरोना फैलिए नियन्त्रण गर्न निकै गाऱ्हो हुने बताउनुभयो ।

कोरोना महामारीकै कारण देशकै अर्थतन्त्र खस्किरहेको अवस्थामा भक्तपुर नगरपालिकालाई पनि आर्थिक भार परेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले आन्तरिक पर्यटनलाई वृद्धि गरी आत्मनिर्भर बन्ने लक्ष्यका साथ अगाडि बढिरहेको बताउनुभयो ।



लकडाउनको समयमा पनि भक्तपुरका विकास निर्माण कार्यहरू चालु रहेको स्मरण गर्नुहुँदै उहाँले देशकै अग्लो ऐतिहासिक ङातापोल मन्दिर जीर्णोद्धारमा नगरवासीहरूले गरेको जनश्रमदानका कारण अनुमानित लागत भन्दा आधा बजेटमा ङातापोल मन्दिर जीर्णोद्धार कार्य सम्पन्न भएकोमा सहयोगी सबैमा धन्यवाद ज्ञापन गर्नुभयो ।

जुनसुकै समयमा आइपर्ने अप्ठ्यारो परिस्थितिमा सबैले आफूले सक्दो सहयोग र योगदान गर्नुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले लोप भइसकेको भक्तपुरको दरबार क्षेत्रमा अवस्थित लाँपां देगको पुन:निर्माण गर्ने सोचका साथ अगाडि बढिरहेको बताउनुभयो ।

विश्वव्यापी महामारीको रूपमा फैलिरहेको कोरोना भाइरस रोगलाई बेवास्ता गरेका देशहरूमा निकै भयावह स्थिति आएको हुँदा रोगको जोखिम न्यूनीकरण गर्न भक्तपुर नगरपालिकाको गाईजात्रालगायतका जात्राहरूलाई औपचारिकतामा सीमित गर्ने योजना रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले कोरोना रोगको जोखिमका कारण भक्तपुरको सांस्कृतिक र ऐतिहासिक महत्त्व बोकेको नाच तथा प्रदर्शनीहरू समय र परिवेशअनुसार परिमार्जन र परिष्कृत गर्दै लानुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले भक्तपुरका मूर्त अमूर्त सम्पदा र संस्कृतिहरू यहाँको पहिचान भएको बताउनुहुँदै कोरोना सङ्क्रमित रोगीहरूसँग सम्पर्क हुन नदिन नजिकिँदै गरेका जात्रा तथा पर्वहरूलाई औपचारिकतामा सीमित गर्नुपर्ने अवस्था आएको बताउनुभयो ।

छलफल कार्यक्रममा जात्रासँग सम्बन्धित सांस्कृतिक गुरु र सांस्कृतिक समूहका प्रतिनिधिहरूले कोरोना सङ्क्रमणको जोखिमका कारण अरु जात्रा र पर्व जस्तै अब आउने जात्राहरूलाई पनि औपचारिकतामा मात्र सीमित गर्नुपर्ने, ठूलो भीड जम्मा हुने कुनै किसिमको सांस्कृतिक प्रदर्शनीमा रोक लगाउनुपर्ने, जनतालाई यो रोगबारे निरन्तर सचेत बनाउँदै लानुपर्नेलगायतका राय–सुझावहरू प्रस्तुत गरेका थिए । साथै जात्रा सञ्चालनबारे भक्तपुर नगरपालिकाको औपचारिक निर्णयको लागि पनि उहाँहरूले आफ्नो धारणा राख्नुभयो ।

**गाईजात्राबारे भक्तपुर नगरपालिका नगर कार्यपालिकामा बसेको बैठकले गरेका निर्णय :**

ऐतिहासिक तथा सांस्कृतिक नगरी भक्तपुरमा यही २०७७ साउन ४ गते गथामग चऱ्हे र साउन १९ गतेदेखि २७ गतेसम्म गाईजात्रा (सापारु) पर्व पर्ने र ती दुवै पर्वमा एकै ठाउँमा सयौंको सङ्ख्यामा भीड जम्मा भई कोरोना भाइरस (कोभिड १९) रोगको महामारीको जोखिम बढ्ने खतरा रहने हुँदा सरोकावाला संस्कृतिकर्मीहरूको नगरस्तरीय भेलाबाट प्राप्त राय सुझावअनुसार गथामग चऱ्हेको दिन गथामग नबनाउन र गाईजात्रा सापारु औपचारिकतामा मात्र सीमित गर्न तथा घिन्ताङघिसी र परम्परागत एवम् आधुनिक सांस्कृतिक प्रदर्शनी नगर्ने निर्णय गरियो ।

# अपराधीलाई राजनैतिक संरक्षण दिने प्रवृत्ति भएसम्म भ्रष्टाचार नियन्त्रण नहुने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप माविले लकडाउनको विषम् परिस्थितिमा पनि विद्यार्थीहरूलाई अनलाइन माध्यमबाट आफ्ना शैक्षिक गतिविधिहरू सञ्चालन गरिनु विद्यार्थीहरूको शैक्षिक उन्नयनको लागि फलदायी हुने बताउनुभयो ।




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप उच्च माध्यमिक विद्यालय र शारदा क्याम्पस माविमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको साउन १९ गते आयोजित भेलामा सम्बोधन गर्ने क्रममा नगर प्रमुख प्रजापतिले 'भक्तपुर नगरपालिकाले जनताबीच गरेको प्रतिबद्धता ढिलो या चाँडो पूरा गर्छ' भन्नुभयो ।

अपराधलाई राजनीतिकरण गर्ने र अपराधीलाई राजनीतिक संरक्षण गर्ने प्रवृत्तिले भ्रष्टाचार नियन्त्रण नहुने भन्नुहुँदै उहाँले 'राजनीति भनेको सेवा हो, सांसद खरिद–बिक्री गर्ने थलो होइन । पूँजीपतिहरू राजनीति नगरे पनि पैसाले सांसद पद खरिद गरेर नीति–निर्माता बनेका छन्' भन्नुभयो ।

भक्तपुर नगरपालिकाले लकडाउन अवधिमा काम गर्ने कर्मचारीहरूलाई आवश्यकता हेरी प्रोत्साहन भत्ताको व्यवस्था गरेको बताउनुहुँदै प्रमुख प्रजापतिले कोरोना भाइरस सङ्क्रमणको जोखिमकै कारण यहाँका जात्रा तथा पर्वहरूलाई स्थगित गर्दै औपचारिकतामा मात्र सीमित गर्न नगरवासी तथा सरोकारवालाहरूलाई अनुरोध गर्ने निर्णय गरेको बताउनुभयो ।

ख्वप कलेजका प्राचार्य रूपक जोशीले ख्वप कलेजमा सञ्चालित विविध शैक्षिक कार्यक्रमहरूबारे अवगत गराउनुहुँदै कोभिड १९ को विषम परिस्थितिमा नेपाल सरकार र स्थानीय सरकारले जारी गरेका निर्देशनहरूलाई पालना गर्न अभिप्रेरित गर्नुभयो । ख्वप कलेजले देशभरिका विद्यार्थीहरूलाई सस्तो र गुणस्तरीय शिक्षा प्रदान गरिरहेको चर्चा गर्नुहुँदै उहाँले नगरपालिकाद्वारा सञ्चालित सबै कलेजहरूले देशको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गरिरहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप उच्च माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठले कोरोना सङ्क्रमणका कारण शैक्षिक संस्थाहरू बन्द रहेको अवस्थामा ख्वप माविले विद्यार्थीलाई पठनपाठनमा अभ्यस्त तुल्याउन अनलाइन माध्यमबाट कक्षा सञ्चालन गरी परीक्षाहरू पनि लिइरहेको बताउनुभयो ।

उहाँले अनलाइन कक्षामा शिक्षकहरूलाई गम्भीरताका साथ तयारी भइदिन र प्रविधिसँग सहजीकरण गर्दै विद्यार्थीसँग नजिक सम्पर्कमा रही पठनपाठनको लागि पनि आग्रह गर्नुभयो ।

कार्यक्रममा ख्वप उमाविका उपप्राचार्यद्वय विष्णुप्रसाद किसी र लक्ष्मीप्रसाद कर्माचार्यले पनि भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरू नाफाको लागि नभई सेवामुखी संस्था भएको र कलेजले प्रविधिमैत्री शिक्षामा उत्साहित गरिरहेको बताउनुभयो ।

## हार्दिक धन्यवाद !

प्रसिद्ध ङातापोल मन्दिर संरक्षणको कार्यको लागि निर्माण सम्पन्न भएपश्चात पनि श्रावण ५ र ६ गते स्थानीय उपभोक्ता समितिलाई निम्न दाताहरूबाट रकम बैंकमा जम्मा गरी सहयोग गर्नु भएकोमा सहयोगीहरूलाई भक्तपुर नगर पालिकाको तर्फबाट हार्दिक धन्यवाद !

| | | |
|---|---|---|
| १. | लक्ष्मीकुमार भैनात्व | – रु. २५००५।– |
| २. | नविन प्रजापति | – रु. २५००५।– |
| ३. | रनवा प्रजापति | – रु. २५००५।– |
| ४. | जितेन्द्र खायमली | – रु. २५००५।– |
| ५. | राजन कुम्पाख | – रु. १५,५५५।– |

# भक्तपुर नगरका आधारभूत विद्यालयहरूको प्रतिवेदन हस्तान्तरण

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर नगर समितिले भक्तपुर नगरपालिकाभित्रका आधारभूत विद्यालय अवलोकनका क्रममा समष्टिगत रूपमा प्राप्त विद्यालय र शिक्षकहरूको विवरण, भौतिक अवस्था, लकडाउनमा शिक्षक हाजिरी र शिक्षण सिकाइ, शिक्षकहरूको तालिम विवरणलगायत



विषय समाविष्ट प्रगति प्रतिवेदन साउन १९ गते भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिलाई हस्तान्तरण गऱ्यो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष गणेशराम थुसाले हस्तान्तरण गर्नुभएको प्रतिवेदनमा भक्तपुर जिल्लाभित्रका आधारभूत विद्यालयहरूमा विद्यार्थी सङ्ख्यामा कमी आएको, भक्तपुर नपाभित्र ५५ दरबन्दी बढी भनी रिक्त दरबन्दीमा नियुक्ति गर्न नदिइएको, शिक्षक नपुग भएका कारण कक्षा सञ्चालन गर्न अठेरो स्थिति सिर्जना भएको विषय उल्लेख छ । साथै विद्यालयको शैक्षिक सुधार गर्न शिक्षकहरूलाई तालिम दिनुपर्ने, शिक्षक दरबन्दी पर्याप्त हुनुपर्ने, विद्यालयहरूमा लेखा सहायकको व्यवस्था हुनुपर्ने, आवश्यकता हेरी विद्यालयहरूको स्थानान्तरण गर्नुपर्ने लगायतका सुझावहरू उल्लेख छन् ।

साथै सोही प्रतिवेदनमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशु कक्षाजस्तै अन्य आधारभूत विद्यालयमा शिशु कक्षा नर्सरी, एल.के.जी, एस.के.जी कक्षालाई व्यवस्थित गरी शिक्षक उपलब्ध गराउनुपर्ने, भक्तपुर नपाभित्रका सम्पूर्ण प्रावि दरबन्दीलाई कायम गर्न नगरपालिकाले आवश्यक पहल गर्नुपर्ने, नगरभित्रका आधारभूत तहको नतिजा मूल्याङ्कन गरी राम्रोलाई पुरस्कार र बाँकीलाई सुधार गर्न प्रोत्साहन गर्नुपर्ने, विद्यालयहरूको कक्षा कोठा समयानुकुल बालमैत्री र आकर्षक बनाउनुपर्ने, वार्षिक योजनासहितको वार्षिक बजेट अनिवार्य बनाउन दिनुपर्नेलगायतका सुझावहरू उल्लेख छन् ।

प्रतिनिधिमण्डलमा नेक्राशिसङ्घका ज्ञानसागर प्रजापति, अम्बिका न्याइच्याइँ, शिवराम बोहजु, दिपक माक, विष्णुप्रसाद दुमरुलगायतको सहभागिता थियो ।

# बजार अनुगमन

**मिनिमार्ट**

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा विभिन्न मिनिमार्टको साउन १७ गते अनुगमन गरियो । लकडाउन खुकुलोसँगै बजार भाउ महँगीएको र गुन्हीपुन्ही (गाईजात्रा) लाई लक्षित गरी क्वाटीसहित खाद्य पसल अनुगमन गरेकोमा खाद्य तथा गुण नियन्त्रण कार्यालयबाट अनुज्ञापत्र बिना नै जथाभावी लेवलिङ गरेको पाइएको संयोजक गोराले बताउनुभयो ।

अनुगमनको क्रममा खुद्रा बिक्रेतामा दर्ता गरिराखेकोले मिनि मार्टमा दर्ता गर्नुपर्ने, दर्ता प्रमाणपत्र नदेखिएकोले तीनदिन भित्र दर्ता गर्न निर्देशन दिनुका साथै म्याद नाघेका सामानहरू जफत गरी खाद्य गुणस्तर तथा नियन्त्रण महाशाखाको अनुज्ञापत्रबिना लेवल राखेकोले अनुज्ञापत्र लिई मात्र पाकेजिङ्ग गर्न निर्देशन दिएको र प्याकेजिङ सामान तौल कम भएकोले तीन दिनभित्र नगरपालिकामा उपस्थित हुन तराजु एक–एक थान जफत गरिएको छ । स्टाफहरूमा एप्रोन, मास्क, पञ्जा, स्यानिटाइजर सहितको कोभिड १९ बाट सुरक्षित रहन सुझाव दियो ।

**खाद्य पसल**

त्यस्तै साउन १८ गते लान्चाफल्चादेखि कमलविनायकसम्म पाँच वटा खाद्य पसलहरू अनुगमन गरियो । अनुगमनमा सबै पसलहरूमा कोभिड १९ बाट सुरक्षित हुने गरी मास्क, पञ्जा र एप्रोनको व्यवस्था नभएको, ग्राहकको लागि पनि सो सहित सानिटाइजरको व्यवस्था नपाइएको र सबै पसलहरूमा म्याद नाघेको खाद्य सामानहरू पाइएको संयोजक गोराले बताउनु भयो ।

अनुगमनमा दर्ता प्रमाण पत्र नभएको, नविकरण नगरेको, किरानामा दर्ता गरी मिनिमार्ट चलाएको र खाद्य गुणस्तर तथा नियन्त्रण महाशाखाको अनुज्ञापत्र बिना प्याकेजिङ्ग सामानहरू पाइएकोले अनुज्ञापत्र लिन निर्देशन दिइएको छ ।

म्याद नाघेका सामानहरू जफत गरी नष्ट गरियो भने चामल बिग्रेको ६ बोरा निजलाई नै फिर्ता पठाउन वा नष्ट गर्न निर्देशन दिनुका साथै मूल्य सूची व्यवस्थित गर्न समेत निर्देशन दियो ।

त्यस्तै तराजु नापतौल विभागमा नविकरण गरेको नदेखिएकोले तराजु थान १ जफत गरिएको छ ।

उक्त अनुगमनमा समितिका सदस्य हरिराम सुवाल, रोशनमैया सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर शाखाका न्हु:ज किजू, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक विनोद सुवाल र राजन बनमाला सहभागी थिए ।

# ऐतिहासिक एवम् सांस्कृतिक पञ्चदान पर्व स्थगित गर्ने निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा जनप्रतिनिधिहरू एवम् पञ्चदान पर्व सञ्चालन गर्ने दिपंकर बुद्ध बिहारका प्रतिनिधिहरूबीच साउन १८ गते नगरपालिकाको सभाकक्षमा सम्पन्न बैठकले यही भदौ १ गते हुने भक्तपुरको ऐतिहासिक सांस्कृतिक पञ्चदान पर्व स्थगित गर्ने निर्णय गरेको छ ।



विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोग नेपालमा पनि तीव्र गतिमा सङ्क्रमण बढिरहेको र देशका विभिन्न स्थानमा निषेधाज्ञा जारी गरिएको र काठमाडौं उपत्यकामा सङ्क्रमण रोक्न उच्च सतर्कता अपनाइरहेको अवस्थामा भक्तपुर नगरपालिकाले गुन्हीपुन्ही (सापारु) लाई औपचारिकतामा सीमित गर्न सार्वजनिक आह्वान गरी जनस्तरमा प्रचारप्रसार गरिरहेको र यसै सन्दर्भमा यही भदौ १ गते हुने ऐतिहासिक एवम् सांस्कृतिक पञ्चदान पर्वलाई यो वर्ष स्थगित गर्ने निर्णय बैठकले गरेको हो ।

बैठकले भक्तपुर नगरपालिकाको आग्रहलाई सहर्ष स्वीकार गरी भक्तपुरमा गुलाँ पर्व स्थगित गर्ने निर्णयअनुसार सो समयावधिमा बाजासहित नगर परिक्रमा नगर्नुभएकोमा सम्पूर्ण बौद्ध धर्मावलम्बी समुदायमा हार्दिक धन्यवाद ज्ञापन गर्ने पनि निर्णय गऱ्यो ।

बैठकमा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले कोभिड १९ सङ्क्रमणको खतरा दिन प्रतिदिन बढ्दै गइरहेको समयमा नगरवासी तथा सरोकारवालाहरूको बैठक र छलफलहरू गरी नजिकिँदै गएको जात्रा तथा पर्वहरू स्थगित र औपचारिकतामा सीमित गर्न अनुरोध गरिरहेको बताउनुभयो ।

समाजलाई जोगाउन सबैले केही न केही योगदान गर्नुपर्नेमा जोड दिनुहुँदै नगर प्रमुख प्रजापतिले कुनै एकको लापरवाहीले कोरोना सङ्क्रमणबाट समुदायमा पर्नसक्ने असरप्रति सबै सचेत हुनु आवश्यक भएको बताउनुभयो ।

बैठकमा सहभागी प्रतिनिधिहरूले रोगको जोखिमलाई ध्यानमा राखी भक्तपुर नपाले यहाँका सांस्कृतिक पर्व स्थगित र औपचारिकतामा सीमित गर्न गरेको प्रयास निकै प्रशंसनीय भएको बताउँदै यस वर्षको पञ्चदान पर्व स्थगित गरिनुपर्नेमै जोड दिनुभयो ।

बैठकमा पशुपति महाबिहार (क्वाठण्डौं), चर्तुब्रम्ह महाबिहार (तछिछैं), मंगल धर्मद्वित महाविहार (झौरबही), जयकिर्ति महाबिहार (थथुबही) र बौद्ध समकृत महाबिहार (कुथुबही), दिपंकर बिहारबाट प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

# 'वाटर रेस्क्यु ड्रिल' अभ्यासका प्रशिक्षक तथा प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण

नेपाली सेना वीरदल गण र आर.एन.ए. १६ को सहकार्यमा साउन ६ गतेदेखि ११ गतेसम्म भक्तपुरको सिद्धपोखरीमा सञ्चालन भएको दैवी प्रकोप उद्धार तथा व्यवस्थापनअन्तर्गत 'वाटर रेस्क्यु ड्रिल' अभ्यासको समापन कार्यक्रम साउन ११ गते सम्पन्न भयो ।

महानगरीय प्रहरी परिसर भक्तपुरको आयोजनामा भएको उक्त कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले 'वाटर रेस्क्यु ड्रिल' अभ्यासका प्रशिक्षकहरूलाई र विशेष अतिथि भक्तपुरका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले मास रेस्क्यु प्रतियोगिताका विजयी टीम र प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

कार्यक्रममा सम्बोधन गर्नुहुँदै नगर प्रमुख प्रजापतिले तालिम प्राप्त प्रशिक्षार्थीहरूले आफूले हासिल गरेको ज्ञान, सीप



र तालिमलाई आवश्यक ठाउँमा सही ढङ्गले प्रयोग गर्न मार्गनिर्देश गर्नुभयो । विपद् कुनै पनि समयमा आउनसक्नेतर्फ सचेत गर्नुहुँदै उहाँले विपद्‌को समयमा उद्धार कार्य आफैमा चुनौतीपूर्ण

राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलनबारे अन्तरक्रिया

# राष्ट्रिय परिचयपत्र नागरिकतासँग जोडिएकोले सचेत हुनुपर्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र भक्तपुर नगरपालिकाको संयुक्त आयोजनामा राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलन अभियानसम्बन्धी साउन १६ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले राष्ट्रिय परिचयपत्र वितरण नागरिकतासँग जोडिएको संवेदनशील विषय भएको हुँदा नक्कली नागरिकता र दोहोरो परिचयपत्र लिनेहरूबाट सचेत हुन जरुरी रहेको बताउनुभयो ।

परिचयपत्र वितरणमा प्राविधिक कारणले पनि समस्या हुन सक्नेतर्फ पञ्जीकरण विभाग र सम्बन्धित कार्यालयहरू सजग हुनुपर्ने भन्नुहुँदै प्रमुख प्रजापतिले परिचयपत्र वितरणमा खटिने कर्मचारीहरू भाषा र व्यवहार जान्नेहरू भए काम गर्न सजिलो हुने बताउनुभयो ।

जनतालाई विस्थापित गर्ने, ऐतिहासिक र सांस्कृतिक सम्पदा म्हास्ने र खेतीयोग्य जमिन नष्ट गर्ने स्मार्ट सिटीको अवश्यकता नरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले उपत्यकालाई सांस्कृतिक केन्द्र र आदर्श नगरको रूपमा स्थापित गर्नु आवश्यक भएको बताउनुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले जिल्ला प्रशासन कार्यालयमा साउन १ गतेदेखि राष्ट्रिय परिचयपत्र वितरणको लागि स्टेशन खडा गरी परिचयपत्र अद्यावधिक कार्यको थालनी गर्ने बताउनुहुँदै सोको लागि खटाइने कर्मचारीहरू नेपालभाषा पनि जानेको भए उपयुक्त हुने बताउनुभयो । उहाँले भक्तपुर नगरपालिका र वडाहरूसँगको आपसी समन्वयमा परिचयपत्रको विवरण सङ्कलन अभियान समयमै सम्पन्न गरिसक्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक जितेन्द्र बस्नेतले पञ्जीकरण विभागको समष्टिगत कार्य प्रक्रिया र अन्तरक्रिया कार्यक्रममा उठेका जिज्ञासामाथि प्रष्ट पार्नुभयो । उहाँले डिजिटल प्रणालीमार्फत सङ्कलन गरिने राष्ट्रिय परिचयपत्रको विवरण अभियान नयाँ पद्धति भएको हुँदा केही समस्या हुनसक्ने बताउनुहुँदै नेपाली नागरिकको सही



पहिचान गर्न यो प्रणालीले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका सदस्य शिवराम जोशीले राष्ट्रिय परिचय पत्रबारे प्रस्तुतीकरण दिनुहुँदै व्यक्तिको पहिचान गराउने आधार नागरिकको प्रमाणपत्र भएको हुँदा राज्यले अब डिजिटल प्रणालीको अवधारणालाई अगाडि सारेको हो भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका वडाध्यक्ष, कार्यपालिका सदस्य, नपाका शाखा प्रमुख र वडाका सचिवहरूको उपस्थिति थियो ।

---

➲ रहेको औंल्याउनुभयो ।

भक्तपुर नगरपालिकाले नेपाली सेनासँग समन्वय गरी आगलागी र बाढीलगायतका विपद् व्यवस्थापनसँग सम्बन्धित विभिन्न तालिमहरू सञ्चालन गरी आवश्यक जनशक्ति उत्पादन गरेको बताउनहुँदै प्रमुख प्रजापतिले कोभिड–१९ को सङ्क्रमण नियन्त्रण र जनताको जीवन रक्षामा केन्द्रित विविध गतिविधि नगरपालिकाले अगाडि सारिरहेको बताउनुभयो ।

भक्तपुर जिल्लाका प्रजिअ हुमकला पाण्डेले कुनै पनि बेला आउने विपद्ले मानवीय र भौतिक क्षति न्युनीकरण गर्न उद्धारसँग सम्बन्धित सक्षम जनशक्ति उत्पादन गर्न यस्ता तालिमहरूको महत्त्व भएको औंल्याउनुभयो । उहाँले नेपाली सेना र सशस्त्र प्रहरीको संयुक्त पहलमा भएको सो तालिमको औचित्यबारे प्रष्ट पार्नुहुँदै यस्ता कार्यहरूमा भक्तपुर नगरपालिकाको पनि साथ सहयोगको आवश्यकता रहेको उल्लेख गर्नुभयो ।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक तारादेवी थापाले दैवी प्रकोपसम्बन्धी तालिम बाढी र पहिरोबाट पीडित जनताको जीवन रक्षाको निम्ति फलदायी हुनेमा आशा व्यक्त गर्नुभयो ।

कार्यक्रममा तालिमका प्रशिक्षकद्वय अरुण सैंजु र राजेश गाइँजुले 'वाटर रेस्क्यु ड्रिल' अभ्यास जीवनउपयोगी ज्ञानमूलक सीप रहेको उल्लेख गर्नुहुँदै तालिमको महत्त्वमाथि प्रकाश पार्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले कमलाभक्त फाउन्डेसनले सहयोग गरेको १० थान लाइफ ज्याकेट आरएनएका अरुण सैंजुलाई हस्तान्तरण गर्नुभयो ।

# नेपाल क्रान्तिकारी किसान सङ्घ ५३ औँ वर्षमा प्रवेश

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले किसानहरूको श्रमको मूल्य नभएसम्म देशको विकास सम्भव नभएको बताउनुभयो ।




नेपाल क्रान्तिकारी किसान सङ्घ जिल्ला समिति भक्तपुरको आयोजनामा नेक्राकिसङ्घको ५३ औँ स्थापना दिवसको अवसरमा साउन १४ गते आयोजित कार्यक्रममा बोल्नुहुँदै उहाँले कृषि क्षेत्रको विकासका लागि सरकारले अर्बौं रुपैयाँ अनुदानको व्यवस्था गरे पनि वास्तविक पीडित किसानहरूले ती अनुदान पाउन नसकिरहेको गुनासो गर्नुहुँदै वर्तमान समयमा उत्पादनका साधनहरूको यान्त्रीकरणको आवश्यकता औँल्याउनुभयो ।

संयुक्त राज्य अमेरिकाले ५० वर्षभन्दा बढी नाकाबन्दी गर्दा पनि स्वाभिमानपूर्वक बाँच्ने क्युवा र क्युवाली क्रान्तिबाट नेपालले पाठ सिक्नु जरुरी भएको बताउनुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो –'पैसा खर्च गरी निर्वाचित भएका सांसद तथा जनप्रतिनिधिले देश र जनताको हितमा भन्दा व्यक्तिगत स्वार्थ र देशको ढुकुटी सिध्याउनमै लागेका छन् ।'

नेमकिपाका अग्रग किसानहरूकै कारण भक्तपुरका किसानहरूको राजनैतिक र आर्थिक जीवनमा परिवर्तन सम्भव भएको बताउनुहुँदै उहाँले भ्रष्टाचार र साम्राज्यवादविरुद्धको लडाइँलाई अझ अगाडि बढाउन निरन्तर सङ्घर्षरत रहनेमा आशा व्यक्त गर्नुभयो ।

बागमती प्रदेशका सांसद सृजना सैँजुले किसान सङ्घले गरेका संघर्ष र योगदानहरूको चर्चा नयाँ पुस्तामाझ गरिनु आजको आवश्यकता भएको बताउनुहुँदै फास्ट ट्र्याक र स्मार्ट सिटीको अवधारणा सङ्घीयताविरोधी भएको र नेपालीहरूलाई सदियौँसम्म सामाजिक, आर्थिक र राजनैतिक रूपमा भारत निर्भर बनाउन ल्याएको बताउनुभयो ।

पूँजीवादले किसानहरूलाई शोषण गरिरहेको छ र वर्तमान नेकपा सरकार कम्युनिष्ट सरकार नभई किसानविरोधी सरकार भएको भन्नुहुँदै उहाँले खोकना र बुंगमतीमा भइरहेको आन्दोलनप्रति ऐक्यबद्धता जनाउनुभयो ।

नेक्राकिसंघ भक्तपुर जिल्ला समितिका अध्यक्ष गोविन्द दुवालले किसान सङ्घ स्थापनाको उद्देश्यबारे प्रष्ट पार्नुहुँदै राजनैतिक पार्टीको सिद्धान्तअनुसार कार्यकर्ताहरू परिचालित हुनुपर्नेमा जोड दिनुभयो ।



सोही कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला अध्यक्ष न्हुछेभक्त फोंजु, नेक्राकिसङ्घ भक्तपुर जिल्ला समितिका उपाध्यक्ष केशवप्रसाद तिमिल्सिना, केन्द्रीय सदस्य विश्वनाथ प्रजापति र नेक्राकिसङ्घ भक्तपुर जिल्लाका सहसचिव नारायणभक्त न्हेम्हाफुकीले पनि आ–आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस् ।

# भनपाका प्रमुख प्रजापतिसित तुल्सीपुर उपमहा नपाका प्रमुख पाण्डेको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसित दाङ जिल्ला तुल्सीपुर उपमहा नगरपालिकाका प्रमुख घनश्याम पाण्डेले साउन १३ गते भेट गर्नुभयो ।




भनपाका प्रमुख प्रजापति तुल्सीपुर उपमहानपाका प्रमुख पाण्डेलाई मायाको चिनो प्रदान गर्नुहुँदै

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित भक्तपुर लिबालीस्थित ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ र देकोचास्थित ख्वप कलेज, ख्वप उच्च माविलगायत भक्तपुरको शिक्षा क्षेत्रको अवलोकनका लागि नगर प्रमुख पाण्डे भक्तपुर आउनुभएको हो ।

सांस्कृतिक र पर्यटकीय नगर भक्तपुरमा भादगाउँले कालो टोपी लगाइदिनुभएर स्वागत गर्नुहुँदै नगर प्रमुख प्रजापतिले सङ्घ, प्रदेश र स्थानीय तह सम्मिलित तीनवटै सरकारले सस्तोमा गुणस्तरीय शैक्षिक संस्थाहरू सञ्चालन गरेको खण्डमा निजी विद्यालय र कलेजहरूप्रतिको आकर्षण स्वतः घट्दै जाने बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले गुणस्तरीय शिक्षामार्फत इन्जिनियरिङ, नर्सिङ, व्यवस्थापनलगायतका क्षेत्रका आवश्यक दक्ष जनशक्ति उत्पादन गरिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरमा उत्कृष्ट स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक पूर्वाधार निर्माणको क्रममा र हेको बताउनुभयो । उहाँले भक्तपुरको च्याम्हासिंहमा २५ शय्याको ख्वप अस्पतालको निर्माण भइरहेको र नेपालमै पहिलो श्वासप्रश्वास पुनःस्थापना केन्द्र सञ्चालनको तयारी नगरपालिकाले गरिर हेको बताउनुभयो ।

कलेजहरू सञ्चालन गर्न विभिन्न स्थानीय तहहरूले भक्तपुर नपासँग समन्वय र सहकार्य गर्दै आइरहेको बताउनुहुँदै उहाँले आत्मनिर्भरता नै मुख्य विषय भएको र भक्तपुरले विदेशी सहयोगबिना संस्कृति संरक्षण गरिरहेको, जनश्रमदान र आर्थिक सहयोग जुटाई मठ–मन्दिरहरूको जीर्णोद्धार तथा पुनःनिर्माण कार्य भइरहेको प्रष्ट पार्नुभयो ।

भेटका क्रममा तुल्सीपुर उपमहानपाका प्रमुख घनश्याम पाण्डेले दाङ जिल्लामा पर्ने तुल्सीपुर उपमहानपा काठमाडौं उपत्यकाभन्दा सात गुणा ठूलो भएको र यसको जनसङ्ख्या २ लाख भएको तथा सांस्कृतिक रूपमा थारुहरूको बाहुल्यता भएको बताउनुभयो । बहुजाति र बहुभाषीहरूको बसोबास रहेको उपमहानगरपालिकालाई शिक्षा, स्वास्थ्य र खेलकुदको केन्द्रको रूपमा विकास गर्ने र कृषि तथा पशुपालनलाई व्यवसायीकरण गर्दै लाने उद्देश्य रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरू र ोल मोडलकै रूपमा रहेको चर्चा गर्नुहुँदै उहाँले तुल्सीपुर उपमहानपा र भक्तपुर नपासँग शैक्षिकलगायत विभिन्न क्षेत्रमार्फत सम्बन्ध विस्तार गर्न आफूहरू उत्सुक रहेको बताउनुभयो । उहाँले भक्तपुर नपाकै मोडलमा कलेजहरू सञ्चालनको लागि तयारी गरिरहेको र 'एक वडा एक खेलमैदान'को अवधारणामा तुल्सीपुर उपमहानपा अगाडि बढिरहेको बताउनुभयो ।

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायका डीन प्रा.डा. ध्रुवकुमार गौतम, अमृत साइन्स क्याम्पसका डा. दिपेन्द्र भण्डारी र तुल्सीपुर उपमहानपाका शिशिर खनाल, ख्वप कलेजका प्राचार्य रुपक जोशीलगायतको उपस्थिति थियो भने ख्वप इन्जिनियरिङ कलेजका प्राचार्यद्वय सुजन माक र सुनिल दुवालले कलेजले सञ्चालन गरिरहेको विभागीयलगायत अन्य कार्यक्रमहरूबारे सङ्क्षिप्त जानकारी दिनुभयो ।



भक्तपुर नपाका प्रमुख र उपप्रमुख तथा तुल्सीपुरका अतिथिहरू इन्जिनियरिङ कलेजको अवलोकनमा

तुल्सीपुरका अतिथिहरूले ख्वप कलेज र ख्वप इन्जिनियरिङ कलेजका ल्याब र पुस्तकालयको अवलोकन गर्नुभएको थियो ।

भक्तपुर नपाका प्रमुख प्रजापतिले प्रमुख पाण्डेलाई भक्तपुरको प्रसिद्ध 'मयुरको झ्याल' मायाको चिनोस्वरुप प्रदान गर्नुभएको थियो भने नगरपालिकाका प्रकाशनहरू पनि उपलब्ध गराउनुभएको थियो ।

# उच्च जोखिमकै बीचमा लकडाउन अन्त्य

सरकारले २०७६ चैत ११ गतेबाट जारी गरेको लकडाउन २०७७ साउन ६ गते मध्यरातदेखि अन्त्य गर्ने निर्णय गरेको छ । चार महिनामा लकडाउन खुलेपनि अवस्था हेरेर निषेधित क्षेत्र घोषणा गर्न सकिने तथा कोरोनाभाइरसको जोखिम भने कायम रहेको सरकारका प्रवक्ता अर्थ एवम् सूचना, सञ्चार तथा प्रविधिमन्त्री युवराज खतिवडाले साउन ६ गते आयोजित पत्रकार सम्मेलनमा बताए ।

भारतमा कोरोना सङ्क्रमणमा बृद्धि भइरहेको बेला हामी उच्च जोखिममा छौं । विज्ञहरूले हचुवाको भरमा लकडाउन खोलेको प्रतिक्रिया दिँदै सरकारले व्यवसायीहरूको दबावमा हचुवाकै भरमा लकडाउन खोलेको बताए । यो अवधिमा व्यवसायीले राष्ट्र बैंकले समेत ब्याज छुट दिएर आम्दानी गरे पनि थप कमाइको लागि सरकारलाई दवाव दिएको आरोप लगाए । लकडाउन खुल्नु अघि हुनु पर्ने तयारी अपुग रहेको तथा तयारी बिना लकडाउन खोल्दा पछुताउनु पर्ने हुनसक्छ ।

विज्ञहरूले सरकारले खोलेको लकडाउनलाई पुरानै अवस्थामा फर्केको भनेर नबुझ्न आग्रह गर्दै स्वास्थ्य मापदण्ड पालना नगरेमा महामारीको रूप लिन सक्छ, अतः अबका दिनहरूमा **भौतिक दूरी कामय गर्न, मास्क लगाउन र भीडमा नबस्ने बानीकै अभ्यासमै रहन** आग्रह गरेका छन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले नियमित प्रेस ब्रिफिङको क्रममा भने,'जोखिम अझै धेरै छ, विश्वका धेरै देशहरूले यस्तै अवस्थामा त्रुटि गर्नाले धेरै जनधनको क्षति बेहोर्नु परेको हामीले देखेका, पढेका र सुनेका छौं, हाम्रो व्यवहार समुचित हुन सकेन भने खुल्ला स्थितिले हामी कहाँ जोखिम निम्ताउन सक्छ ।' सरकारले लकडाउन खुला गर्ने निर्णय गरेपनि शैक्षिक संस्था, धार्मिक तथा सामाजिक स्थलहरू, ट्युशन सेन्टर, सिनेमा हल, डान्सबार, जिमखाना, चिडियाखाना, सैलुन, ब्युटीपार्लर, स्वीमिङ पुललगायतका क्षेत्र अर्को निर्णय नभएसम्मका लागि बन्द नै रहने छन् । यद्यपि विद्यार्थी भर्ना, परीक्षाफल प्रकाशनका काम भदौ १ गतेबाट गर्न सकिने, तर कक्षाहरू भने दूरशिक्षाकै माध्यमबाट मात्र चलाउनुपर्ने, साउन १५ गतेबाट होटल, रेष्टुरेण्ट, ट्राभल र ट्रेकिङ एजेन्सी र पर्वतारोहण सम्बन्धी कार्यालयहरू खुला गर्ने तर सेमिनार र भेला भने गर्न नपाइने निर्णय गरेको प्रवक्ताले बताए ।

भदौ १ गतेबाट स्वास्थ्य मन्त्रालयले तोकेका आवश्यक सुरक्षाका उपायहरू अपनाई लामो दूरीका सवारी साधन तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय हवाई उडान पनि सञ्चालन गर्ने, खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेलकुद पनि सञ्चालन गर्न पाइने भएको छ ।

अन्तर्राष्ट्रिय सीमा नाकाको हकमा साउन ३२ गतेसम्म आवतजावत बन्द गरिएको र स्वदेश आउनै पर्ने नागरिकहरूको हकमा तोकिएका सीमा विन्दुबाट आउन पाइने तर लुकिछिपी आएको खण्डमा कानून अनुसार कारबाही हुने पनि प्रवक्ताले बताए ।

नेपालमा कोरोना भाइरसका कारण ४० जनाले ज्यान गुमाएका छन् । सङ्क्रमितको सङ्ख्या भने १७ हजार ९ सय ५४ पुगेको छ । सङ्क्रमितमध्ये १२ हजार चार सय ७७ निको भएका छन् । साउन ६ गतेमात्र १५० जनामा कोरोना सङ्क्रमण पुष्टि भएको थियो ।

लकडाउन अन्त्यपछि देशका विभिन्न भागमा निषेधित क्षेत्र घोषणा गरिएबाट सरकारको निर्णय हचुवा भएको सर्वत्र अनुभव गरिएको छ ।

## कोरोना सङ्क्रमणबाट बच्न



# चिनियाँ कम्युनिष्ट पार्टीबाट प्राप्त सर्जिकल मास्क हस्तान्तरण

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले मित्र पार्टी चिनियाँ कम्युनिष्ट पार्टीबाट सहयोग प्राप्त स्वास्थ्य सुरक्षा सामग्री ५ हजार थान सर्जिकल मास्क भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई साउन ९ गते एक समारोहबीच हस्तान्तरण गर्नुभयो ।



नेमकिपाका सचिव प्रेम सुवाल द्वारा प्रमुख प्रजापतिलाई मास्क हस्तान्तरण गर्नुहुँदै

सोही समारोहमा नगर प्रमुख प्रजापतिले सहयोगस्वरूप प्राप्त मास्कहरू सहिद धर्मभक्त राष्ट्रिय अङ्ग प्रत्यारोपण केन्द्रलाई १ हजार थान, भक्तपुर क्यान्सर अस्पताललाई १ हजार थान, भक्तपुर अस्पताललाई १ हजार थान र भक्तपुर नपाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रलाई २ हजार थान हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् माननीय प्रतिनिधिसभा सांसद प्रेम सुवालले कोभिड- १९ रोग गत वर्षको अक्टोबरमा चीनको उहान सहरमा भएको अन्तर्राष्ट्रिय सैनिक खेलकुद प्रतियोगितामा भाग लिन गएका अमेरिकी सैनिकहरूबाट चीनमा सङ्क्रमण फैलिएको बताउनुहुँदै यो यथार्थलाई ढाकछोप गर्न संरा अमेरिकाले 'उहान भाइरस' र 'चिनियाँ भाइरस' जस्ता भ्रम फैलाइरहेको बताउनुभयो ।

चीनले कोभिड-१९ सङ्क्रमित एक सयभन्दा बढी देशहरूमा स्वास्थ्य स्वयम्सेवक र सामग्रीहरू सहयोग प्रदान गर्दै आइरहेको छ भन्नुहुँदै सांसद सुवालले नेपाल-भारत खुला सीमा र आवतजावतका कारण नेपालमा कोभिड सङ्क्रमणको खतरा बढेको बताउनुभयो ।

चीनमा धेरै जनसङ्ख्या भएर पनि समयमै आवश्यक सावधानी अपनाएकै कारण रोगको सङ्क्रमण नियन्त्रण भएको बताउनुहुँदै उहाँले कोभिड-१९ का कारण गरिब जनता बढी प्रभावित हुने गरेको छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा र नेमकिपाको तर्फबाट चिनियाँ सरकार, चिनियाँ कम्युनिष्ट पार्टी र चिनियाँ जनताप्रति धन्यवाद दिनुहुँदै भक्तपुर नपाले चीनलगायत अरु देशहरूले कोरोना भाइरस सङ्क्रमण नियन्त्रणमा गरिरहेको उपायबाट शिक्षा लिँदै काम गरिरहेको बताउनुभयो ।

लकडाउनको समयमा स्थानीय जनताबाट सकारात्मक साथ र सहयोग प्राप्त भएकै कारण भक्तपुरका जात्रा तथा पर्वहरू औपचारिकतामै सम्पन्न भएको बताउनुहुँदै प्रमुख प्रजापतिले विदेशबाट फर्केकाहरूको लागि नगरपालिकाले छुट्टै क्वारेन्टाइनको व्यवस्था गरेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर जिल्लाकाका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले कोभिड-१९ नियन्त्रणको लागि भक्तपुर नपाले गरेका गतिविधिहरू सराहनीय र अरु स्थानीय तहहरूको लागि उदाहरणीय रहेको बताउनुभयो । उहाँले भक्तपुर नपाका कोभिड-१९ नियन्त्रणका सबै गतिविधिहरूले गर्दा नगरमा कोभिड-१९ नियन्त्रण कार्य प्रभावकारी भइरहेको र सांस्कृतिक नगरको सांस्कृतिक गतिविधिहरूको औपचारिकतामा सीमित गर्न सकिएको बताउनुभयो ।

सहिद धर्मभक्त राष्ट्रिय अङ्ग प्रत्यारोपण केन्द्रका इन्चार्ज प्रा.डा. प्रेम ज्ञवालीले कोरोना भाइरसबाट जोगिन

व्यक्तिगत सुरक्षा उपाय र सामाजिक दूरी कायम गरी अनुशासन बस्नु नै उत्तम भएको बताउनुहुँदै लकडाउनको समयमा राष्ट्रिय प्रत्यारोपण केन्द्रले निरन्तर सेवा दिएको बताउनुभयो। केन्द्रले २०७७ भदौ १ गतेबाट मुटुसम्बन्धी सम्पूर्ण उपचार सेवाहरू शुरु गर्ने प्रा.डा. ज्ञवालीले जानकारी गराउनुभयो।

भक्तपुर क्यान्सर अस्पताल रेडिएसन अन्कोलोजिस्ट विभागीय प्रमुख उज्ज्वल चालिसेले सङ्कटको घडीमा अस्पतालले सञ्चालन गरेको सेवा र सुविधाहरूबारे अवगत गराउनुहुँदै लकडाउनको समयमा यातायात अभावका कारण बिरामीहरूलाई अप्ठ्यारो स्थिति सिर्जना भएको बताउनुभयो।

भक्तपुर अस्पतालका मे.सु. डा. सुमित्रा गौतमले कोभिड–१९ नियन्त्रणका लागि भक्तपुर नगरपालिकाले खेलेको भूमिका सराहनीय भएको र निजी अस्पतालले सबै सेवा बन्द गरेको अवस्थामा पनि भक्तपुर अस्पतालले सम्पूर्ण सेवाहरू सञ्चालन गरेको बताउनुभयो।

जनस्वास्थ्य केन्द्र भक्तपुरका प्रमुख डा. रत्नसुन्दर लासिवाले कोभिड–१९ नियन्त्रणका लागि केन्द्रबाट गरेको गतिविधिबारे अवगत गराउनुहुँदै लकडाउनमा पनि जनस्वास्थ्य केन्द्रले आकस्मिक सेवा निरन्तर सञ्चालन गरी आवश्यक सेवाहरू प्रदान गरिरहेको बताउनुभयो। २०७२ सालको विनाशकारी भूकम्पकोबेला चिनियाँ कम्युनिष्ट पार्टीले जनस्वास्थ्य सेवा केन्द्र भक्तपुरलाई १ लाख थान सर्जिकल मास्क सहयोग गरेको स्मरण गर्नुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले कोभिड–१९ रोकथामका लागि भक्तपुर नपाको प्रकोप व्यवस्थापन कोषमा विभिन्न सङ्घ संस्थाहरूले आर्थिक र भौतिक सहयोग प्रदान गरिरहेको बताउनुभयो।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति क्रमशः सहिद धर्मभक्त राष्ट्रिय अङ्ग प्रत्यारोपण केन्द्र, भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर अस्पताल र जनस्वास्थ्य सेवा केन्द्रलाई मास्क हस्तान्तरण गर्नुहुँदै



शहीद धर्मभक्त राष्ट्रिय अङ्ग प्रत्यारोपण केन्द्र



भक्तपुर अस्पताल



भक्तपुर क्यान्सर अस्पताल



जनस्वास्थ्य सेवा केन्द्र, भक्तपुर

# वडा नं. १० मा वडावासीको भेला

आर्थिक वर्ष २०७६/७७ मा भक्तपुर नपा वडा नं. १० कार्यालयबाट भएका विकास निर्माणका गतिविधिबारे वडावासीहरूलाई जानकारी दिने उद्देश्यले साउन ९ गते वडावासीहरूको भेला भयो ।




भेलामा नगर प्रमुख सुनिल प्रजापतिले लकडाउन खुलेसँगै कोभिड–१९ को सङ्क्रमणको खतरा रहेको हुँदा सबैले आफ्नो सुरक्षामा सचेत रहनुपर्ने बताउनुभयो ।

कोरोना सङ्क्रमण समुदायस्तरमा फैलिन नदिन भनपाले क्वारेन्टिनको व्यवस्था गरिरहेको जानकारी गराउनुहुँदै उहाँले सरकारी जग्गा संरक्षण गर्न नपाले आवश्यक पहल गरिरहेको बताउनुभयो ।

भनपाले १२० भन्दा बढी सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार गरिसकेको जानकारी दिनुहुँदै प्रमुख प्रजापतिले भनपाले अरू स्थानीय तहले भन्दा फरक कामहरूको सङ्कलन 'हाम्रो अभ्यास' पुस्तक र स्थानीय पाठ्यक्रमका विषयवस्तु समेटेर 'ख्वपको पहिचान' नामको सन्दर्भ सामग्री पुस्तक प्रकाशन गरेको छ भन्नुभयो ।

ङातापोल जीर्णोद्धारमा नगरवासीहरूको स्वत:स्फूर्त सहयोगले नपालाई सहयोग पुगेको बताउनुहुँदै उहाँले नगरवासीको साथ र सहयोगी भावनाकै कारण सम्पदा संरक्षण कार्य अगाडि बढिरहेको उल्लेख गर्नुभयो ।

जनस्वास्थ्य केन्द्र भक्तपुरले थाइराइडको जाँच पनि छिट्टै शुरू गर्दै छ । श्वास प्रश्वासमा पहिलो छाती पुन:स्थापना केन्द्र पनि भक्तपुरमा सञ्चालन गर्ने तयारी भइसकेको छ, प्रमुख प्रजापतिले जानकारी गराउनुभयो ।

कार्यक्रममा पूर्व उपप्रमुख चैत्यराज शाक्यले कोभिड–१९को बावजुद पनि विकास निर्माण कार्य निरन्तर हुनु सकारात्मक भएको बताउनुहुँदै शिक्षा र स्वास्थ्य सरकारको जिम्मेवारी भए पनि भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यमा जिम्मेवारी पूर्वक लागिरहेको बताउनुभयो ।

भनपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखाले आ.व. २०७६/७७ मा वडामा भएका विकास निर्माणका कार्यक्रमहरूको प्रतिवेदन पेश गर्नुहुँदै वडाले आत्मरक्षा, कौसी खेती, बीऊ वितरण, स्वास्थ्य सेवा आदिको तालिम नियमितरूपमा सञ्चालन गरिरहेको बताउनुभयो ।

कार्यक्रममा भनपाका पूर्व वडाध्यक्ष चन्द्रबहादुर उलक, वडा सदस्य जितेन्द्र मुनंकर्मी, ज्ञानकुमार मगजू र वडासचिव गोविन्दराम थुसाले पनि बोल्नुभएको थियो ।

# वन्ती पाटी शिलान्यास

भक्तपुर नरपालिका वडा नं. ६ का वडाध्यक्ष डा. हरिराम सुवालले वन्तीस्थित वन्ती पाटी–२ को पुन:निर्माणको लागि साउन १५ गते शिलान्यास गर्नुभयो ।

कार्यक्रममा वडाध्यक्ष डा. सुवालले भक्तपुर कला र संस्कृतिको नगर भएको चर्चा गर्नुहुँदै नगरभित्रका कला र संस्कृतिको जगेर्नामा भक्तपुर नगरपालिका कटिबद्धताकासाथ लागिरहेको बताउनुभयो ।

उहाँले भक्तपुरको कला–संस्कृति र सम्पदाको पुन:निर्माण र जीर्णोद्धारका लागि विदेशीहरूका अनुचित शर्तसहितको सहयोग भनपाले स्वीकार नगरेको बताउनुहुँदै ती कार्यका लागि भनपा र भक्तपुरका जनता नै सक्षम रहेको बताउनुभयो ।

भनपाले एकपछि अर्को मठमन्दिर पुन:निर्माण गरेर भूकम्पपछिको पुन:निर्माणमा उल्लेख्य सफलता मिलेको र ती कार्यमा भक्तपुरका सम्पदाप्रेमी जनताको पूर्ण साथ र सहयोग पाएको बताउनुभयो ।

# माहेश्वरी दूब्यंके फल्चाको शिलान्यास

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिका वडा नं ८ माहेश्वरीमा अवस्थि दूब्यंके फल्चाको शिलान्यास साउन १० गते गर्नुभयो ।

रु. १ अर्ब ८२ करोड रहेको र बजेटका रकम नगरको विकास निर्माणमा प्रयोग हुनुका साथै नगर र नगरवासीहरूको हितमा प्रयोग हुने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो ।






कार्यक्रममा नगर प्रमुख प्रजापतिले भक्तपुरको प्रसिद्ध ङातापोल मन्दिर जीर्णोद्धारका क्रममा प्राप्त जनश्रमदान र आर्थिक सहयोगका कारण अनुमानितभन्दा आधा बजेटमा जीर्णोद्धार सम्पन्न भएको बताउनुभयो । उहाँले भन्नुभयो – 'सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षणमा भक्तपुर नपाले गरेको काम र शैलीबाट अरु स्थानीय तहहरूले पनि सिक्न चाहेका छन् ।'

ठेकेदारमार्फत हुने विकास निर्माणका कार्यहरू कमजोर र कम गुणस्तरका हुने बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले भक्तपुरको वातावरण र कला संस्कृति संरक्षणको लागि आवश्यक कानुन बनाई अगाडि बढ्ने योजना रहेको बताउनुभयो ।

भक्तपुर नपाको आ.व. २०७७/७८ को वार्षिक बजेट

भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमलीले नयाँ आर्थिक वर्षको सुरुवातसँगै फल्चाको पुन:निर्माण कार्य सुरु हुने बताउनुहुँदै फल्चा निर्माणको लागि जनश्रमदान र आर्थिक सहयोगको लागि आह्वान गर्नुभयो ।

दूब्यंके फल्चा पुन:निर्माण उपभोक्ता समितिका अध्यक्ष लक्ष्मीनारायण दुवालले लामो समयदेखि जीर्ण अवस्थामा रहेको उक्त पाटीको पुन:निर्माण कार्य स्थानीय उपभोक्ता समितिमार्फत हुन लागेको अवगत गराउनुहुँदै भक्तपुरमा पहिलेदेखि सम्पदा निर्माण जनश्रमदानमार्फत हुने गरेको स्मरण गर्नुभयो ।

कार्यक्रममा नेमकिपा वडा नं. ८ का इन्चार्ज कृष्णप्रसाद कोजु र स्थानीय राजन फेलुले पनि बोल्नुभएको थियो ।

---

➲ कार्यक्रममा नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गोविन्द दुवालले देशमा पूँजीवादी व्यवस्थासँगसँगै समाजमा सामुदायिक हितको स्थान व्यक्तिगत र पारिवारिक स्वार्थले लिँदै गरेको चर्चा गर्नुहुँदै कतिपय स्वार्थी मानिसहरूले सार्वजनिक पाटी-पौवा, मठ मन्दिर र ढुङ्गेधारा म्हासेर घर उठाउने गरेको स्मरण गराउनुभयो ।

उहाँले सार्वजनिक पाटी-पौवा मासिएमा हाम्रो समाजको मौलिकता र मानवीयताको भावना पनि हराउने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा भनपा वडा नं. ६ वडा समन्वय समितिका संयोजक जीआर थुसाले भक्तपुर नगरपालिकाले नेमकिपाको नीति निर्देशनबमोजिम जनताको सेवा गरिरहेको र जनताको आवश्यकता र मागबमोजिम विकास निर्माण कार्य गर्दैआएको स्पष्ट पार्नुभयो ।

उहाँले जनताको साथ र सहयोगले मात्र कुनै पनि विकास निर्माण सफल हुने र उद्देश्य पूरा हुने बताउनुहुँदै त्यसका निम्ति हिसाब-किताब पारदर्शी र काममा इमानदारी जरुरी छ भन्नुभयो ।

वन्ती पाटी-२ पुन:निर्माण कार्य उपभोक्ता समितिका सल्लाहकार तुल्सीप्रसाद खाताखोको सभापतित्वमा सम्पन्न कार्यक्रममा समितिका अध्यक्ष प्रकाश थुसालगायतले पाटी पुन: निर्माण कार्य सम्पन्न गर्न सबैसित आर्थिक, जिन्सी तथा जनश्रमदान सहयोगका निम्ति अनुरोध गर्नुभयो ।

कोभिड-१९ महामारी र जनस्वास्थ्यबारे अन्तरक्रिया

# समाजवादी देश महामारी नियन्त्रणमा सफल

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रको आयोजनामा साउन ३ गते विभिन्न देशमा कोभिड-१९ प्रतिरोधको अनुभव र जनस्वास्थ्यको विषयमा अन्तरक्रिया कार्यक्रम भयो। कार्यक्रममा वक्ताहरूले संरा अमेरिकी 'ग्रिन सोसिएल थट'का सम्पादक मण्डल सदस्य डन फिट्जको लेख **'कोभिड-१९ प्रतिरोधमा क्युबालाई चे ग्वेभाराले के सिकाए ?'** लेखमा आधारित रहेर विभिन्न समाजवादी देशमा जनस्वास्थ्य अवस्था र नेपालको अवस्थाबारे आफ्ना भनाइ राख्नुभएको थियो।

अन्तरक्रिया कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव तथा प्रतिनिधिसभा सदस्य प्रेम सुवालले पूँजीवादी




व्यवस्थामा शासक वर्गले हरेक विपत्तिको घडीलाई अकूत सम्पत्ति कुम्ल्याउने अवसरको रूपमा लिने गरेको बताउनुभयो।

उहाँले पूँजीपति र उद्योगपतिको दबाबमा लकडाउन खुकुलो गर्दा मजदुरहरू सङ्क्रमित भएको बताउनुभयो।

'पूँजीपति वर्ग घरमा सुरक्षित बस्ने गर्छन्। कारखानामा काम गर्ने मजदुर सङ्क्रमित भइरहेका छन्', उहाँले भन्नुभयो।

नेपाल सरकारबाट तलब बुझ्ने दरबन्दीमा जम्मा १५ सयजना चिकित्सकमात्र भएको चर्चा गर्नुहुँदै उहाँले शिक्षा र स्वास्थ्यलाई निजी क्षेत्रको नाफा कमाउने क्षेत्र बनाउने पूँजीवादी सिद्धान्तकै आधारमा सरकारले स्वास्थ्य क्षेत्रमा लगानी कम गरेको बताउनुभयो।

सांसद सुवालले विश्वव्यापी महामारीको समयमा एक देशले अर्को देशलाई सहायता गर्नुपर्नेमा जोड दिनुहुँदै क्युबाले हरेक सङ्कटको समयमा विभिन्न देशमा चिकित्सक पठाएर आफ्नो अन्तर्राष्ट्रिय भूमिका निर्वाह गरेको बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख तथा जनस्वास्थ्य केन्द्र सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले कुनै पनि देशको स्वास्थ्य नीति त्यहाँको राजनीतिक व्यवस्थाले निर्धारण गर्ने चर्चा गर्नुहुँदै नाफा र कमिसनको खेलमा नेपालका सरकारी अस्पतालले प्रभावकारीरूपमा जनताको सेवा गर्न नसकेको धारणा राख्नुभयो।

'सरकारी र सार्वजनिक सम्पत्तिको बेवास्ता गर्ने र निजी नाफाको निम्ति काम गर्नु पूँजीवादी प्रवृत्ति हो', उहाँले भन्नुभयो।

उहाँले समाजवादी देश क्युबाले जनस्वास्थ्यमा हासिल गरेका उपलब्धिको चर्चा गर्नुहुँदै राजनीतिक व्यवस्था र नेतृत्व सही भए देशको भूगोल र जनसङ्ख्या सानो हुँदैमा फरक नपर्ने विचार राख्नुभयो।

नेपाल प्राध्यापक समाजका अध्यक्ष सरोजराज गोसाईले कोभिड-१९ को महामारीले संसारभर जनस्वास्थ्य जनताको अधिकार हो वा व्यापारको क्षेत्र हो भन्ने विषयमा बहस पेचिलो बनेको चर्चा गर्नुहुँदै समाजवादी देशले जनस्वास्थ्यलाई जनाधिकारको रूपमा स्वीकारेको हुनाले महामारी नियन्त्रणमा सफलता हासिल गरेको बताउनुभयो।

उहाँले कोभिड-१९ को महामारीले चीनको आजको पुस्ता पनि देश र जनताको निम्ति हिजोको पुस्ताजत्तिकै समर्पित भएको प्रमाणित गरेको धारणा राख्नुहुँदै समाजवादी देशहरूले शिक्षा र स्वास्थ्यमा उच्च प्राथमिकतासहित लगानी गरेको हुनाले त्यो व्यवस्थामा जनताको जीवन सहज हुने बताउनुभयो।

'मजदुर' दैनिकका सम्पादक नीरज लवजूले कोभिड-१९ महामारीले संसारलाई समाजवाद र पूँजीवादबीचको खास अन्तरबारे छर्लङ्ग बनाएको चर्चा गर्नुहुँदै पूँजीवादी देशहरूमा कोभिड-१९ नियन्त्रणमा भएको स्वार्थको खेल र समाजवादी देशमा भएको मानवीय कार्यबारे चर्चा गर्नुभयो।

अन्तरक्रिया कार्यक्रममा जनस्वास्थ्य केन्द्रका प्रमुख डा. रत्नसुन्दर लासिवा, डा.बालकृष्ण चाँगुभारीले क्युवा र नेपालमा जनस्वास्थ्यको तुलनात्मक अध्ययन, डा. सुमिता चोलेख्वले चे र क्युवाली समाजवादी चिकित्सा र स्वास्थ्यकर्मी कमलकेशरी राजचलले क्युवाले कोभिड-१९ विरुद्ध गरेको प्रतिरोधबारे आ-आफ्नो भनाइ राख्नुभयो।

# फोटो प्रतियोगिताको पुरस्कार वितरण

भक्तपुर नगरको कला, संस्कृति, सम्पदा, जीवनशैली, स्थानीय वातावरण झल्किने फोटोहरूको जिल्लास्तरीय प्रतियोगिताको पुरस्कार वितरण साउन ३ गते एक समारोहबीच सम्पन्न भयो। इन्फिनिटी फोटो वर्ल्डको आयोजनामा सम्पन्न उक्त प्रतियोगितामा जिल्लाका विभिन्न फोटोग्राफरहरूबाट ६० वटा उत्कृष्ट फोटोहरू दर्ता भएको र निर्णायक मण्डलबाट छनौट गरिएका सर्वोत्कृष्ट फोटोहरूको प्रदर्शनीसमेत गरिएको थियो।




कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले फोटोले तत्कालीन समाजको इतिहास बताउने र भविष्यका लागि सशक्त प्रमाण सावित हुने चर्चा गर्नुहुँदै सय वर्षअघिका फोटो र चित्रकै आधारमा नगरपालिकाले सम्पदा तथा मठ मन्दिर र दरबारहरू पुरानै शैलीमा पुनःनिर्माण गरिरहेको बताउनुभयो। उहाँले बेलायतको सङ्ग्रहालयमा सुरक्षित राखिएको दरबारक्षेत्रस्थित न्हेकं झ्यः दरबारको चित्रकै आधारमा मल्लकालीन शैलीमा पुनःनिर्माणको तयारी भइरहेको र पुरानो फोटोकै आधारमा लापाँ देगः पुनःनिर्माणको लागि अध्ययन भइरहेको उल्लेख गर्नुभयो।

एउटा फोटो पनि सिङ्गो लेख र हतियार हुने चर्चा गर्नुहुँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय थुप्रै राजनैतिक उथलपुथलको कारक तत्व तत्कालीन फोटो भएको उदाहरणहरू प्रस्तुत गर्नुभयो। फोटोकै कारण उच्चपदस्थ राजनैतिक व्यक्तित्वले पदबाट राजीनामा दिएका छन्, त कतिपय अवस्थामा फोटोले ठूलठूला परिवर्तनका लागि महत्त्वपूर्ण ऊर्जा प्रदान गर्दछ, उहाँले भन्नुभयो।

फोटोग्राफीमा युवा आकर्षण बढिरहेकोमा खुशी व्यक्त गर्नुहुँदै प्रमुख प्रजापतिले वर्तमान समाजको पत्र पत्र केलाएर फोटो सङ्कलन गर्न तथा दस्तावेज निर्माणमा योगदान दिन युवाहरूलाई आग्रह गर्नुभयो।

कार्यक्रममा वडाध्यक्ष रबिन्द्र ज्याख्वले राजनैतिक, सामाजिक र आर्थिक परिवर्तनको क्रममा कुनै पनि ठाउँको भूगोल र स्वरूप केही वर्षमा परिवर्तन हुने हुँदा प्रत्येक समयावधि झल्किनेगरी फोटोहरू सङ्ग्रह गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले विकासको नाममा सङ्घीय सरकारले स्थानीय संस्कृतिमाथि हमला गर्ने, सम्पदाहरू नष्ट गर्ने कार्य गरिरहेकोमा युवा पुस्ता सचेत हुनुपर्ने आवश्यकता औंल्याउनुभयो।

अर्का वडाध्यक्ष उकेश कवांले कोभिड १९ को महामारीबाट बच्न नगरपालिकाले यो वर्ष विभिन्न सांस्कृतिक चाडपर्वलाई औपचारिकतामा सीमित गर्न आग्रह गरिएको चर्चा गर्नुहुँदै यस समयमा हुने औपचारिक विधि विधानको फोटो सङ्ग्रह गर्न पाए नयाँ पुस्ताले सङ्कटको समयमा पनि संस्कृति जोगाउने अभ्यास गरिएको विषयमा जानकारी पाउने विश्वास व्यक्त गर्नुभयो।

आयोजक समितिका अध्यक्ष सुनिल सितिखूको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा सहभागी तथा उत्कृष्ट फोटोग्राफरहरूलाई प्रमुख प्रजापति एवं वडाध्यक्षहरूबाट पुरस्कार, ट्रफी, नगद तथा प्रमाणपत्र वितरण गरिएको थियो।

प्रतियोगितामा राम माक **प्रथम**, नेल्सन सुवाल **दोस्रो** र सुदिप सुवाल **तेस्रो** हुन सफल भएका थिए।

कार्यक्रममा आयोजक समितिका कृष्णश्वरी दुवाल र



विनय हाडाले नगरपालिकाको आयोजनामा हुने भक्तपुर महोत्सवलाई लक्षित गरी प्रतियोगिता सञ्चालन गरेको तर रोगको महामारीको कारण महोत्सव स्थगित भएसँगै पुरस्कार वितरण कार्यक्रम गर्न ढीलो भएको प्रष्ट पार्नुभयो।

# भक्तपुर नपालाई संस्थागत विद्यालयहरूको ध्यानाकर्षणपत्र

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई संस्थागत विद्यालय सङ्घ (एनप्याब्सन र प्याब्सन) का प्रतिनिधिमण्डलले निजी विद्यालय व्यवस्थापन र सञ्चालन सम्बन्धमा साउन २ गते ध्यानाकर्षण पत्र हस्तान्तरण गऱ्यो ।



सोही क्रममा नगर प्रमुख प्रजापतिले लकडाउनका कारण देशभरका विद्यालय, उद्योग–व्यवसायहरू ठप्प रहँदा देशको अर्थतन्त्र खस्किँदै गएको बताउनुहुँदै रोगको सम्भावित जोखिमलाई ध्यानमा राखी नेपाल सरकारले गरेको लकडाउनको पालना गर्नु सबैको साझा दायित्व भएको बताउनुभयो ।

उहाँले सिङ्गो समाजलाई कोभिड १९ को सङ्क्रमण फैलनबाट कसरी जोगाउने भन्ने विषयमा नगरपालिकाले गम्भीर तापूर्वक आवश्यक सतर्कता अपनाउँदै आएको बताउनुहुँदै सङ्कटको घडीमा कक्षामा विद्यार्थी भेला गरेर पढाउन भन्दा विद्युतीय माध्यमबाट कक्षा सञ्चालन गर्नु नै उचित हुने बताउनुभयो ।

सम्भावित जोखिमलाई ध्यानमा राखी भक्तपुर नपाले नजिकिँदै गरेको घण्टाकर्ण, गुंला पर्व, गाईजात्रालगायतका पर्वहरूलाई औपचारिकतामामात्र सीमित गर्न नगरवासीहरूमाझ अनुरोध गरिसकेको बताउनुहुँदै उहाँले कोभिड १९ को सङ्क्रमण समुदायस्तरमा फैलिन नदिन सम्बन्धित सबैले आ–आफ्नो ठाउँबाट सहयोगको लागि आग्रह गर्नुभयो ।

संस्थागत विद्यालय सङ्घले हस्तान्तरण गरेको ध्यानाकर्षण पत्रमा नयाँ विद्यार्थी भर्ना, अध्ययनरत विद्यार्थीहरूको अभिलेखीकरण गर ी पाठ्यपुस्तकलगायत शिक्षण सामग्रीहरू व्यवस्थापन गर्ने वातावरण निर्माण गरिदिन, विद्यालयहरूमा आवश्यक पूर्वाधार व्यवस्थापन सहित जोर–बिजोर वा आलोपालो प्रणालीमा कक्षा सञ्चालन गरी विद्यार्थीहरूको पठनपाठन गर्ने व्यवस्था मिलाइदिन, क्वारेन्टिनका लागि प्रयोग भएका विद्यालयहरूको स्थानान्तरण र निर्मलीकरणको व्यवस्थापन गरिदिन, शैक्षिक क्यालेन्डरका सार्वजनिक बिदा, जाडो बिदालगायत अन्य बिदा कटौती गरी नयाँ शैक्षिक क्यालेन्डर निर्माण, १ महिनाको मासिक पढाइ शुल्क छुट गरी अन्य शुल्कहरू सङ्कलन गर्न पाउने व्यवस्था, विद्यालयमा कार्यरत शिक्षक–कर्मचारीहरूको तलबभत्तालगायत अन्य खर्चको व्यवस्थपनको निम्ति उचित सहयोगको व्यवस्था र घर–जग्गा बहाल कर, व्यवसायिक करलगायत अन्य महसुलहरूमा छुटको व्यवस्थाको निम्ति भक्तपुर नगरपालिकालाई अनुरोध गरिएको छ ।

# ‘यो ‘ट्रम्प भाइरस’ हो’

अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्पले कोरोना भाइरसलाई ‘चिनियाँ भाइरस’ भनेर आलोचना गरिरहेका बेला अमेरिकाकै एक सांसदले यसलाई ‘ट्रम्प भाइरस’ को संज्ञा दिएका छन् ।

कोरोना महामारी नियन्त्रण गर्न नसकेको भन्दै अमेरिकाको तल्लो सदन (हाउस अफ रिप्रेजेन्टेटिभ्स) की प्रवक्ता नान्सी पलोसीले राष्ट्रपति ट्रम्पको आलोचना गरेकी हुन् ।

आफ्ना नागरिकलाई मास्क लगाउन अनुरोध गर्दै अवस्था राम्रो हुनुभन्दा अघि अझ खराब हुन्छ भन्ने राष्ट्रपति ट्रम्पको भनाइपछि वरिष्ठ डेमोक्रेट नेता पलोसीको यो अभिव्यक्ति आएको हो ।

सीएनएनसँग कुरा गर्दै असार ७ गते पलोसीले भनिन्, ‘राष्ट्रपतिको आजको भनाइ सुनेर यस्तो लाग्छ कि उनले आफ्नो गल्ती स्वीकार गर्नुभएको छ । आफूले मास्क लगाउँदै अरूलाई पनि लगाउन अपिल गर्नुले उहाँले कोरोना सङ्क्रमण ख्यालख्याल होइन भन्ने स्वीकार गरेको देखिन्छ । यो महामारी नियन्त्रण हुनुअघि अझ खराब यसकारण भइरहेको छ कि यसविरुद्ध कुनै ठोस कदम चालिएन ।’

उनले अगाडि भनिन्, ‘वास्तवमा यो ट्रम्प भाइरस हो ।’

# ख्वप इन्जिनियरिङ कलेजका नयाँ विद्यार्थीहरूलाई अनलाइन अभिमुखीकरण

'शिक्षाको माध्यमबाट समाज परिवर्तन गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले शिक्षालाई प्रमुख प्राथमिकतामा राखी शिशु स्याहारदेखि कलेजहरू स्थापना गरी सञ्चालन गरिरहेको हो ।'

उक्त कुरा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले साउन १ गते ख्वप इन्जिनियरिङ कलेजमा स्नातकोत्तर तहका 'भूकम्प इन्जिनियरिङ' र 'शहरी डिजाइन तथा संरक्षण' विषयमा अध्ययन गर्न भर्ना भएका नयाँ विद्यार्थीहरूको अभिमुखीकरण कार्यक्रममा बताउनुभएको हो ।



उहाँले कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गरी योग्य नागरिक तयार गर्ने लक्ष्यका साथ स्थापना भएका शैक्षिक संस्थाहरू आफ्नो लक्ष्य प्राप्तिमा अगाडि बढिरहेको बताउनुभयो । भक्तपुरका विकास कार्यहरू ठेक्काभन्दा उपभोक्ता समितिमार्फत जनसहभागितालाई प्राथमिकता दिई सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

विद्यार्थीहरूले समाज र देशलाई अगाडि बढाउने उद्देश्यले अध्ययन गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै उहाँले विकासको निम्ति विदेशीको मुख ताक्नु गलत भएको र आफ्नो क्षेत्रको विकास आफैले गर्ने भावनाका साथ काम गर्नुपर्नेमा जोड दिनुभयो ।

२०७२ सालको भूकम्पले क्षतिग्रस्त करीब १०० वटा सम्पदाहरू पुनःनिर्माण भइसकेको बताउनुहुँदै उहाँले महत्त्वपूर्ण सम्पदा संरक्षणका लागि भक्तपुर नगरपालिका लागिपरे पनि विभिन्न प्राविधिक र आर्थिक कारण कतिपय महत्त्वपूर्ण सम्पदाहरू पुनःनिर्माण अगाडि बढाउन असहज भएको बताउनुभयो ।

बिनाशर्त हुने विदेशी सहयोगलाई भनपाले अस्वीकार गर्नुपर्ने कुनै कारण नभएको प्रष्ट पार्नुहुँदै उहाँले नेपालीको स्वाभिमान र सार्वभौमिकतामा असर पर्ने गरी विदेशी सहयोग स्वीकार गर्न नसकिने बताउनुभयो ।

उहाँले स्थानीय जनताको साथ र सहयोगले मौलिक शैलीमा ङातापोल मन्दिर, भैरवनाथ मन्दिरलगायतका धेरै सम्पदाहरू जीर्णोद्धार गरिएको बताउनुहुँदै एमसीसीजस्तै जर्मन सहयोगमा पनि हाम्रो सार्वभौमिकता र स्वतन्त्रतामाथि आँच पुग्ने भएकोले जर्मन सहयोग स्वीकार नगरिएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख तथा कलेज सञ्चालक समितिका उपाध्यक्ष आ. रजनी श्रेष्ठ जोशीले भक्तपुरका शिक्षाप्रेमी तथा राजनीतिज्ञहरूको अथक प्रयासस्वरूप भक्तपुरलाई ज्ञानविज्ञान र सांस्कृतिक केन्द्रको रूपमा विकास गर्न ख्वप इन्जिनियरिङ कलेजलगायतका शैक्षिक संस्थाहरू शुरु गरिएको र विद्यार्थीहरूको अध्ययन क्षमताले यसलाई अगाडि बढाउने आशा व्यक्त गर्नुभयो ।

कलेजका प्राचार्य इ. सुजन माकले नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत गर्नुभएको सो कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य इ. सुनिल दुवाल, ख्वप इन्जिनियरिङका उपप्राचार्य इ. रविन्द्र फोजू, विभागीय प्रमुखहरू डा. मञ्जिप शाक्य, आ. लिवास फैजू र परीक्षा शाखाका प्रमुख इ. गणेशराम ध्वजूले पनि आफ्नो विचार राख्नुभएको थियो । कार्यक्रम अनलाइन माध्यमबाट भएको थियो ।

**नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको विज्ञप्ति**

## शुल्क नउठाउन र क्षतिपूर्ति दिन आग्रह

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घले असार २४ गते एक विज्ञप्ति जारी गरी पठनपाठन नगरी शुल्क नउठाउन निजी विद्यालयहरूलाई र निजी तथा कलेजका शिक्षक र कर्मचारीहरूको पारिश्रमिकको लागि सरकारले क्षतिपूर्ति दिनुपर्ने आग्रह गरेको छ ।

नेक्राविसङ्घका अध्यक्ष सविन ख्याजूले जारी गर्नुभएको वक्तव्यमा नेकपा सरकारले आव २०७७/७८ को लागि प्रस्तुत बजेटमा सामुदायिक विद्यालयहरूको भौतिक सुधारको जिम्मा निजी विद्यालयहरूलाई दिने कार्यक्रम पूर्णतः नवउदारवादी आर्थिक कार्यक्रम भएको उल्लेख छ । 'सरकारले शिक्षामा थोरै बजेट विनियोजन गर्ने र विद्यार्थीहरूलाई शिक्षाको अवसरबाट टाढा राख्ने सरकारको पञ्चायती शैलीको यो सङ्घ विरोध गर्दछ', वक्तव्यमा भनिएको छ ।

नेक्राविसङ्घको वक्तव्यमा भनिएको छ – 'अनलाइन कक्षाको लागि सम्पूर्ण विद्यार्थीहरूलाई इन्टरनेट प्रविधिको सेवा सजिलै उपभोग पाउने गरी व्यवस्था गर्न नेक्राविसङ्घ नेपाल सरकारसँग जोडदार माग गर्दछ । गरिब विद्यार्थी अनलाइन कक्षाबाट वञ्चित हुनुपर्ने वर्तमान अवस्था पनि अन्त्य हुनुपर्दछ ।'

# ३१८ वर्ष पुरानो ऐतिहासिक विश्वकर्मा आगंछेँको शिलान्यास

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिका वडा नं. ६ तुछिमलास्थित ऐतिहासिक विश्वकर्मा आगंछेँ (टेराकोटा झ्याल भएको) को शिलान्यास एक कार्यक्रमबीच असार ३० गते गर्नुभयो ।



शिलान्यास कार्यक्रममा नगर प्रमुख प्रजापतिले ३१८ वर्ष पुरानो आगंछेँ पुनःनिर्माण कार्यको ऐतिहासिक महत्त्वबारे प्रस्ट पार्नुहुँदै ऐतिहासिक महत्त्वका सम्पदा निर्माणमा विदेशीको मुख ताक्नुभन्दा नगरवासीकै पहल आवश्यक भएको बताउनुभयो । साथै भक्तपुरका सम्पदाहरु नगरपालिकाको बजेट, जनप्रतिनिधिको साथ र नगरवासी जनताको सहयोगमा बनिरहेको उहाँले बताउनुभयो ।

कोरोना रोगको जोखिमका कारण यस वर्ष धेरै मानिसहरु जम्मा हुने चाडपर्वहरुलाई औपचारिकतामै सीमित गर्ने निर्णय भक्तपुर नगरपालिकाले गरेको बताउनुहुँदै उहाँले भक्तपुर नगरको पुरानो मौलिक शैलीलाई जीवन्त राख्ने उद्देश्यले काम गरिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो – 'नगरका मुख्य बजार क्षेत्रमा ढुङ्गा



छपाइ कार्य लगभग सकिसकेको छ । अरनिको सभाभवन, थन्थु दरबार (नपाको पुरानो भवन) र न्ह्यकं झ्यः दरबार प्राप्त प्रमाणका आधारमा पुरानै शैलीमा पुनःनिर्माण गर्ने सोचले नगरपालिका अगाडि बढिरहेको छ ।'

भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले वडाका विकास निर्माणका गतिविधिबारे अवगत गराउनुहुँदै सम्पदा पुनःनिर्माण ठेक्कापट्टामा गर्न नहुनेमा जोड दिनुभयो । उहाँले कोरोना र डेंगुविरुद्ध लड्न आ–आफ्नो ठाउँ सफा गर्न आफै अघि सर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नपा कार्यपालिका सदस्य रोशनमैयाँ सुवालले २०७२ सालको भूकम्पबाट क्षति पुगेको टेराकोटा झ्यालसहितको आगंछेँ पुनःनिर्माणमा स्थानीयहरुको अगुवाइ र सहभागिता भए निर्धारितभन्दा कम समय र लागतमा सम्पन्न हुनेमा विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नपा वडा नं. ६ का वडा सदस्यद्वय गोविन्द दुवाल र सिद्धिराम अवालले भक्तपुरको ऐतिहासिक



सम्पदाहरुमध्येकै पुरानो आगंछेँको पुनःनिर्माणमा भक्तपुर नपाको अगुवाइ र सहयोगप्रति आभार प्रकट गर्नुहुँदै सांस्कृतिक सम्पदाहरुको पुनःनिर्माण र जीर्णोद्धारमा भक्तपुरका मजदुर तथा किसानहरुको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो । उहाँहरुले पुर्खाले छोडेको सम्पदाले नयाँ पुस्ताको सेवा गरिरहेको छ भन्नुभयो ।

कार्यक्रममा पुनःनिर्माण उपभोक्ता समितिका अध्यक्ष हरिशरण अवाल र स्थानीय रमिला प्रजापतिले पनि बोल्नुभएको थियो ।

भक्तपुर नगरपालिकाको बजेटमा उपभोक्ता समितिमार्फत बन्न लागेको प्रस्तावित श्री विश्वकर्मा आगंछेँ (टेराकोटा झ्याल) पुनःनिर्माणको लगत इस्टिमेट ९९ लाख ६८ हजार ५ सय २६ रुपैयाँ रहेको छ ।

# वाकुपति नारायणका पाटी र ढुङ्गेधाराको उद्घाटन

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले वाकुपति नारायण मन्दिर परिसरभित्र हालै पुन:निर्माण र जीर्णोद्धार सम्पन्न कार्यको एक कार्यक्रमबीच असार २७ गते उद्घाटन गर्नुभयो। मन्दिर परिसरमा द्यो पमी फल्चा पुन:निर्माण, वाकुपति नारायण दक्षिण सत्तलको भुइँ मर्मत, वाकुपति नारायण ढुङ्गेधारा मर्मत र उत्तरपूर्वमा अवस्थित दक्षिणाभिमुख वाकुपति नारायण पाटी पुन:निर्माण कार्य भएको थियो।



उद्घाटन कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले सांस्कृतिक तथा ऐतिहासिक महत्त्वका सम्पदाहरूको पुन:निर्माण तथा जीर्णोद्धार कार्य जनसहभागिता जुटाई उपभोक्ता समितिमार्फत गरिरहेको बताउनुभयो।

नाफाको निम्ति व्यापार गर्ने ठेकेदारहरूलाई सम्पदा जीर्णोद्धारको जिम्मा दिन नहुने बताउनुहुँदै उहाँले भक्तपुरको ङातापोल मन्दिर जीर्णोद्धार कार्यमा करिब ४ हजारभन्दा बढी नगरवासीहरूबाट जनश्रमदान प्राप्त हुनु गौरवको विषय भएको बताउनुभयो। साझा सम्पदाहरूको निर्माणमा सबैले साझा जिम्मेवारी बहन गर्नु आजको आवश्यकता भएको बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले गौरव गर्न लायक सम्पदाहरूको जीर्णोद्धार र मर्मत कार्यहरूलाई प्राथमिकताका साथ अगाडि बढाइरहेको छ भन्नुभयो।

भक्तपुर नगरपालिकाले ३ वर्षको अन्तरालमा करिब १ सयभन्दा बढी सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेको बताउनुहुँदै जीर्णोद्धार गर्न बाँकी रहेका भक्तपुरको कला सङ्ग्रहालय, अरनिको सभाभवन, भक्तपुर नपाको पुरानो भवन (थन्थु दरबार) लगायत पनि प्राप्त प्रमाणका आधारमा पुरानै शैलीमा गरिने बताउनुभयो।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले नयाँ पुस्तामा सामाजिक र नागरिक भावनाको विकास गराउँदै लानुपर्ने आवश्यकता बोध गराउनुहुँदै ज्येष्ठ नागरिकहरूको लागि आदर निकेतन बनाउने योजना नगरपालिकाको रहेको बताउनुभयो। कोरोनाको सङ्क्रमण भक्तपुरमा पनि बढ्दै गएको यथार्थबारे स्पष्ट पार्नुहुँदै उहाँले स्वस्थ र निरोगी व्यक्तिले समाजको हितमा बढी काम गर्ने बताउनुभयो।

वाकुपति चाँगुनारायण तामा छाना पुन:निर्माण उपभोक्ता समितिका अध्यक्ष लक्ष्मीप्रसाद प्रजापतिले उपभोक्ता समितिमा बसेर काम गर्दाको अनुभव सुनाउनुहुँदै सम्पदा पुन:निर्माणमा देखिएको जनश्रमदानले निकै कम समय र कम लागतमा पुन:निर्माण कार्य सम्पन्न भएको बताउनुभयो।

कार्यक्रममा नेमकिपा वडा नं. ९ प्रारम्भिक समितिका अध्यक्ष विष्णुभक्त कुसी र रबिन्द्र कुसीले पनि बोल्नुभएको थियो।

भक्तपुर नगरपालिकाको बजेटअन्तर्गत वाकुपति नारायण दक्षिण सत्तलको पहिलो भुइँ मर्मत रु. ५ लाख २० हजार ४ सय ८९ रूपैयाँ, द्यो पमी फल्चा रु. १४ लाख ९७ हजार ८ सय ९७ रूपैयाँ र उत्तरपूर्वमा अवस्थित दक्षिणाभिमुख वाकुपति नारायण पाटी पुन:निर्माण रु. १८ लाख २९ हजार २ सय ८० रूपैयाँ लागतमा सम्पन्न भएको जानकारी दिइएको छ।




पाटी पुन:निर्माण उपभोक्ता समितिका अध्यक्षहरूमा रबिन्द्र कुसी, गोपालकृष्ण श्रेष्ठ र कृष्णगोपाल प्रजापति क्रमश: रहनुभएको छ।

साथै वाकुपति नारायण ढुङ्गेधारा मर्मत कार्य दाताहरू स्व. सरस्वती प्रजापति र इन्द्रप्रसाद प्रजापतिबाट ७७ हजार ४ सय ७८ रूपैयाँ आर्थिक सहयोगमा सम्पन्न भएको थियो।

# पूर्व वडाध्यक्ष प्रद्युम्न प्रजापतिको निधन

भक्तपुर नगरपालिकाको साविक वडा नं १२ मा लामो समय वडाध्यक्ष रहनुभएका प्रद्युम्न प्रजापतिको ७२ वर्षको उमेरमा असार २० गते निधन भयो । छाती दुखेको उपचार गर्न असार १८ गते सानेपास्थित स्टार अस्पताल भर्ना हुनुभएका उहाँको राति निधन भएको थियो ।

प्रजापतिको असार २१ गते पशुपतिस्थित आर्यघाटमा अन्तिम संस्कार गरियो । उहाँप्रति श्रद्धाञ्जली व्यक्त गर्न नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवाल, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलगायत नेमकिपाका कार्यकर्ता र वडावासी पशुपति आर्यघात पुग्नुभएको थियो ।

दिवङ्गत प्रजापति विसं २०३९, २०४३ र २०४९ गरी तीन पटक स्थानीय निकायको निर्वाचनमा भक्तपुर नगरपालिका वडा नं १२ बाट वडाध्यक्ष निर्वाचित हुनुभएको थियो । उहाँले लामो समय नेमकिपा वडा नं १२ को अध्यक्ष भई पार्टी गतिविधिको नेतृत्व गर्नुभयो । नेपाल मजदुर किसान पार्टीका गतिविधिमा सक्रियतापूर्वक सहभागी बन्नुहुने प्रजापतिले तराईका विभिन्न जिल्लामा पार्टी सङ्गठन विस्तारमा मद्दत गर्दै आउनुभएको थियो । उहाँ विसं २०५६ सालको संसदीय निर्वाचनमा सिरहा जिल्लाबाट नेपाल मजदुर किसान पार्टीको तर्फबाट उम्मेदवार हुनुहुन्थ्यो ।



नेमकिपा सचिव एवं सांसद प्रेम सुवाल (दायाँ) र केन्द्रीय सदस्य एवं भक्तपुर नपा प्रमुख सुनिल प्रजापति (बायाँ) दिवंगत प्रद्युम्न प्रजापतिको पार्थिव शवमा पार्टीको झन्डा ओढाउँदै ।

प्रजापतिको जन्म विसं २००५ भाद्र १२ गते पिता समरबहादुर प्रजापति र माता आशमाया प्रजापतिको कोखबाट भक्तपुरको तालाक्वमा भएको थियो । उहाँको श्रीमतीसहित दुई छोरा र दुई छोरी हुनुहुन्छ ।

# श्रद्धाञ्जली सभा

नेपाल मजदुर किसान पार्टीका कार्यकर्ता एवं भक्तपुर नगरपालिका साविक वडा नं. १२ का पूर्व वडाध्यक्ष प्रद्युम्न प्रजापतिको श्रद्धाञ्जली सभा असार २५ गते आयोजना गरियो ।

नेपाल मजदुर किसान पार्टी ४ नं. वडा समन्वय समितिको आयोजनामा भएको सभामा प्रमुख अतिथि नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्व. प्रजापति पार्टीका एक असल कार्यकर्ता भएको बताउनुभयो ।

उहाँले पार्टीमा खुल्ला गतिविधिमा लाग्ने र भित्र बसेर सहयोग गर्ने फरक फरक कार्यकर्ता हुने बताउनुहुँदै भित्र बसेर सहयोग गर्नेमा उहाँ पनि एक हुनुहुन्थ्यो भन्नुभयो ।



'पार्टी भूमिगत भएको बेला प्रतिकृयावादी सङ्घसंस्था भित्र गएर जनताको सेवा गर्नु कम चुनौतीपूर्ण थिएन । उहाँ पार्टीको निर्देशनमा निर्वाचन लडेर पंचायतकालमा नेमकिपाबाट पटक पटक वडाध्यक्ष पदमा विजयी हुनुभयो । पार्टीको तर्फबाट उहाँ २०५६ सालमा सिराहा जिल्लाबाट सांसदको उम्मेदवार बन्नुभयो । २०४५ सालमा घटेको भक्तपुर काण्डमा पार्टीप्रतिको अटल विश्वास प्रकट गर्नुभयो र पार्टीलाई निरन्तर सहयोग गर्नुभयो । सङ्कटको बेला पार्टी कार्यकर्ताको परीक्षण हुन्छ ।' उहाँले भन्नुभयो ।

व्यक्तिगत फाइदाको निम्ति कहिल्यै कुरा नगर्ने स्वभावको स्व. प्रजापति निःस्वार्थी भावनाले देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने एक योद्धा भएको बताउनुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष नारायण बहादुर दुवालले निधन भएका व्यक्तिले गरेका असल कुराहरूको अनुशरण गर्नुपर्नेमा जोड दिनुभयो ।

'उहाँ धनी कुलमा जन्मेर पनि शोषित पीडित जनताको पक्षमा काम गर्ने पार्टीका एक सच्चा कार्यकर्ता हुनुहुन्थ्यो ।' उहाँले भन्नुभयो ।

नेमकिपा वडा नं. ४ का वडाध्यक्ष कुमार चवाल, स्थानीय न्हुछेराम भेले र राजाराम चवालले पनि स्व. प्रजापतिले गर्नुभएका समाज सेवाका कार्यहरूबारे चर्चा गर्नुभयो ।

नेमकिपा वडा नं. ४ समन्वय समितिका कृष्ण गोविन्द दुवालको सभापतित्वमा सम्पन्न कार्यक्रममा सहभागीहरूले स्व. प्रजापतिको तस्बिरमा माल्यार्पण गर्नुका साथै १ मिनेट मौन धारण गरिएको थियो ।

# यस वर्षको गुँला पर्व स्थगित

कोरोना भाइरस रोग सङ्क्रमणको जोखिम न्युनीकरण गर्ने ध्येयले भक्तपुर नगरपालिका क्षेत्रमा महिनैपिच्छे जस्तो हुने सांस्कृतिक गतिविधिलाई औपचारिक विधि विधानमामात्र सीमित गर्न भक्तपुर नगरपालिकाले आह्वान गरिरहेको सन्दर्भमा यही साउन ६ गतेदेखि एक महिनासम्म सञ्चालन गरिने गुँला धर्मअन्तर्गत गुँला धलँ एवम् गुँला बाजा परिक्रमालाई यो वर्ष स्थगित गर्ने निर्णय गऱ्यो ।



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा असार २५ गते सम्पन्न विभिन्न गुँला बाजा समूहका सरोकारवालाहरूसँगको बैठकले उक्त निर्णय गरेको हो ।

बैठकमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरमा कोरोना जोखिम बढ्दै गइरहेको र समुदाय स्तरमै कोरोना सङ्क्रमितहरू देखिएको अवस्थामा धेरै भीड हुने खालका गतिविधिहरू हुन नदिन आवश्यक पहलकदमी गरिरहेको बताउनुभयो ।

कार्यक्रममा सहभागी गुँला बाजाका प्रतिनिधिहरूले गुँला पर्वमा भक्तपुर बाहिरबाट पनि सहभागी हुने हुँदा यसले थप जोखिम बढाउने भन्दै यस वर्ष गुँला पर्व नमनाउने विषयमा सकारात्मक रहेको बताउनुभयो । उहाँहरूले सरकारले लगाएको लकडाउनलाई पालना गर्ने पक्षमा रहेको बताउनुभयो ।

सरोकारवालाहरूको बैठकमा विश्वकर्मा गुँला बाजं खलः, साकोलान गुँला धलं, कोनेया गुँला बाजंका प्रतिनिधिहरूको सहभागिता थियो ।

# सलह कीराबाट बालीमा हुने प्रकोपबारे प्रवचन

भक्तपुर नपाको वडा नं. ४ कृषि समितिको आयोजनामा सलह कीराबाट हुनसक्ने हानी नोक्सानी तथा रोकथामबारे असार १८ गते प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाको नगर कृषि समितिका संयोजक राजकृष्ण गोराले सलह कीराले देशभरिका किसानको बाली नोक्सानी हुनबाट जोगाउन सरकारले तयारी गर्न नसकेको हुँदा भोकमरीको सम्भावना भएको बताउनुभयो ।

अहिले नेपालको करिब ५२ जिल्लामा सलह कीरा फैलिसकेको अवस्थामा त्यसको नियन्त्रणको लागि केन्द्रीय सरकारबाट गम्भीरतापूर्वक रोकथामका पाइलाहरु चाल्नुपर्ने र सरकारले बजेटको व्यवस्था गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कोभिड १९ को विश्वव्यापी महामारीको कारण किसानहरूले धान बाली लगाउन बीऊ पाउने हो कि होइन भन्ने अन्योलको अवस्थामा भक्तपुर नगरपालिकाले धानको बीऊ वितरण गरेको स्मरण गर्नुहुँदै भक्तपुर नपा जनताको हरेक समस्या समाधान गर्न सक्रिय रहेको बताउनुभयो ।

कार्यक्रममा कृषि विशेषज्ञ सबिन ख्याजुले हरेक ६०, ७० वर्षको अन्तरालमा अफ्रिकी महादेशको मरुभूमिबाट सलह कीरा एसियाली देशहरूमा फैलिएको इतिहासबारे चर्चा गर्नुहुँदै विश्वव्यापी जलवायु परिवर्तनको कारण यस्तो महामारी हाल विश्वका ६० वटा देशमा यो सलह कीराको प्रकोप देखिएको बताउनुभयो । विश्वको तापक्रम बढ्ने क्रमलाई रोक्न सके यस्तो भयावह त्रासको वातावरणबाट मुक्त हुने विचार राख्नुहुँदै उहाँले विश्वका तीसवटा अफ्रिकी देशमा बाऱ्है महिना यसको समस्या देखिने भए पनि समुद्री आँधीको कारण नेपालमा सलह



कीराको प्रवेश गरेको विवरणसहित व्याख्या गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ४ का वडाअध्यक्ष कुमार चवाल, आयोजक समितिका सभापति राजेन्द्र माक, भक्तपुर नपाका कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवाल, न्हुछेराम भेले, कृष्णगोविन्द दुवाल, पन्चरत्न सैंजुलगायतले बोल्नुभएको थियो ।

# स्थानीय पाठ्यक्रमको सन्दर्भ सामग्री 'ख्वपको पहिचान' का लेखकहरूसँग छलफल

भक्तपुर नगरपालिकामा भक्तपुर नगरपालिकाको स्थानीय पाठ्यक्रमको सन्दर्भ सामग्री 'ख्वपको पहिचान' का लेखकहरूसँग असार २५ गते छलफल कार्यक्रम भयो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले नगरभित्र सञ्चालित सामुदायिक र संस्थागत गरी ९२ वटा विद्यालयहरूमा स्थानीय पाठ्यक्रमको पठनपाठन भइरहेको र पाठ्यक्रमलाई सहजीकरण गर्ने उद्देश्यले भक्तपुर नपाले सन्दर्भ सामग्रीको प्रकाशन गरेको बताउनुभयो ।



'ख्वपको पहिचान' पुस्तकमा अमूल्य लेखहरूको निम्ति धन्यवाद ज्ञापन गर्नुहुँदै उहाँले भक्तपुर जिल्लाको अध्ययन र अनुसन्धान गर्ने विद्यार्थी, शिक्षक, पत्रकार र अन्य अनुसन्धानकर्ताहरूको लागि यो पुस्तक पठनीय हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा सहभागी लेखकहरूले 'ख्वपको पहिचान' पुस्तकमाथि रचनात्मक सुझावहरू प्रस्तुत गर्नुभयो । उहाँहरूले पुस्तकमा समावेश लेखहरू भक्तपुरको पहिचान झल्काउने महत्त्वपूर्ण पुस्तक भएको, हरेक लेखलाई विज्ञानसँग जोड्नुपर्ने, मुद्राराक्षसमा भएका त्रुटिहरूलाई आगामी दिनहरूमा परिस्कृत गर्दै लानुपर्ने, लेखसँग सम्बन्धित तस्बिरहरू राखिनु उचित हुनेलगायतका सुझावहरू दिनुभयो ।

स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका संयोजक योगेन्द्रमान बिजुक्छेँले दोस्रो भाग पनि छिटै नै तयारी गर्ने बताउनुभयो । 'ख्वपको पहिचान' सन्दर्भ सामग्री भाग १ यही असार २३ गते सार्वजनिकीकरण गरिएको थियो ।

# कीटजन्य रोगहरूबारे अभिमुखीकरण

भक्तपुर नगरपालिका र जिल्ला स्वास्थ्य कार्यालय भक्तपुरको आयोजनामा कीटजन्य रोगहरूबारे अभिमुखीकरण कार्यक्रम असार २२ गते भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले लामखुट्टेबाट धेरै रोगहरू सर्ने हुँदा आवश्यक सावधानीका उपायहरू अवलम्बन गरी व्यक्तिगत सुरक्षा र सफाइमा ध्यान दिनुपर्ने बताउनुभयो ।

काठमाडौं उपत्यकामा बढ्दो सहरीकरण र जनसङ्ख्या वृद्धिसँगै सर्ने र नसर्ने रोगहरूको पनि जोखिम बढ्दै गएको छ भन्नुहुँदै प्रमुख प्रजापतिले देशको विभिन्न ठाउँहरूमा व्यवस्थित सुविधायुक्त स-साना सहर विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले विकासको अर्थ ठूलठूला भवन निर्माण गर्नु र चिल्ला सडकमात्र नभएको बताउनुहुँदै सांस्कृतिक र ऐतिहासिक महत्त्व बोकेका सहरहरूको मौलिक पहिचान र संस्कृतिलाई जोगाइराख्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सरुवा रोगहरूबाट बच्न आवश्यक सर्तकता अपनाउनुका साथै जनचेतना अभिवृद्धि कार्यक्रमहरू सञ्चालन आवश्यक भएको उहाँले बताउनुभयो ।

जनस्वास्थ्य सेवा केन्द्र भक्तपुरका प्रमुख डा. रत्नसुन्दर लासिवाले लामखुट्टेबाट सर्ने रोगबाट निकै सतर्कता अपनाउनुपर्ने भन्नुहुँदै सरसफाइमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।



कार्यक्रममा स्वास्थ्य कार्यालय भक्तपुरका प्रतिनिधि धनञ्जय अर्यालले कीटजन्य रोगबारे प्रस्तुतीकरण दिनुहुँदै नेपाल सरकारले कीटजन्य रोग जस्तै डेङ्गु, मलेरिया, हेपाटाइटिस, स्क्रब टाइफसलगायतका रोग नियन्त्रण कार्यक्रममा गरेको लगानीले सकारात्मक प्रतिफल दिएको बताउनुभयो ।

# 'ख्वपको पहिचान' सन्दर्भसामग्री सार्वजनिकीकरण

भक्तपुर नगरपालिकाबाट नगरपालिका क्षेत्रभित्रका विद्यालयहरूमा लागु गर्ने गरी स्थानीय पाठ्यक्रम प्रभावकारी ढङ्गले पाठपाठनको निम्ति 'ख्वपको पहिचान' सन्दर्भ सामग्री प्रकाशनमा ल्याएको छ ।

भक्तपुर नगरपालिकाका प्रमुख एवम् भक्तपुर नपाद्वारा गठित शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका संयोजक सुनिल प्रजापतिले 'ख्वपको पहिचान' नामक सन्दर्भ सामग्री पुस्तक असार २३ गते एक समारोहबीच सार्वजनिकीकरण गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले कम्प्युटरको माध्यमबाट पठनपाठन गरिने भर्चुअल कक्षा भक्तपुर नगरपालिकाको लागि नयाँ विषय भएको र नगरपालिकाले सञ्चालन गरेको कक्षा र प्रसारणले देशभरिका विद्यार्थीहरू लाभान्वित भएको बताउनुभयो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा व्यवस्था भएअनुसार भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरी कक्षा १ र ६, २ र ७ समेत गरी चारवटा कक्षामा स्थानीय पाठ्यक्रम तयार गरी सोहीअनुसार अध्ययन अध्यापन भइरहेको र आगामी दिनहरूमा थप कक्षाहरूको पाठ्यक्रम निर्माणको तयारी भइरहेको बताउनुभयो ।

नेपाल सरकारले लगाएको लकडाउनका कारण नगरपालिकालाई ठूलो आर्थिक भार पर्ने हुँदा भक्तपुर नपाका जनप्रतिनिधि तथा कर्मचारीहरूले बैठक भत्ता, पोशाक भत्ता र खाजाभत्ता बापतको भत्ता नलिने गरी गरेको सहयोगबारे अवगत गराउनुहुँदै प्रमुख प्रजापतिले नपाभित्र सञ्चालित विद्यालय र सङ्घसंस्थाहरूबाट सहयोगको लागि आग्रह गर्नुभयो ।

क्युबा, कोरियालगायतका समाजवादी देशहरूमा सङ्कटको समयमा कसरी काम गऱ्यो, कस्तो नीति अवलम्बन गऱ्यो, त्यसको पनि अध्ययन गरी त्यसबाट प्रेरणा लिन आवश्यक भएको बताउनुहुँदै उहाँले नगरको सरसफाइमा विद्यालयहरूबाट पनि आवश्यक सहयोगको लागि आह्वान गर्नुभयो ।

उहाँले नेपालकै अग्लो भक्तपुरको ऐतिहासिक पाँचतले मन्दिर जीर्णोद्धारमा चार हजारभन्दा बढी नगरवासीहरूबाट सहयोग र लाखौं रूपैयाँ आर्थिक सहयोग प्राप्त हुनु गर्व गर्न लायक भएको बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले स्थानीय पाठ्यक्रमलाई परिमार्जन गर्दै लाने उद्देश्यले सहयोगी पाठ्यपुस्तक तयार भएको बताउनुहुँदै नयाँ पुस्तामाझ भक्तपुरको संस्कृति र संस्कारबारे व्यवहारिक ज्ञान प्रदान गर्न यसको आवश्यक भएको बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले आर्थिक वर्ष २०७७/७८ को वार्षिक बजेटमा शिक्षा, स्वास्थ्य र सांस्कृतिक सम्पदामा विशेष प्राथमिकता दिएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पाठ्यक्रमलाई विस्तृत रूपमा पठनपाठन गराउन विज्ञसँग छलफलपश्चात 'ख्वपको पहिचान' पुस्तक प्रकाशन भएको बताउनुभयो ।



भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले कोभिड १९ को सङ्क्रमण जोखिमका कारण लामो समयसम्म विद्यालय नखोल्ने स्थिति सिर्जना भए विद्यालयहरूले वैकल्पिक शिक्षण विधि अपनाउनु पर्ने बताउनुभयो ।

स्थानीय पाठ्यक्रम कार्यदलका अध्यक्ष योगेन्द्रमान बिजुक्छेँले पाठ्यक्रमविना नै पठनपाठन गराउन सिकाउनु स्थानीय पाठ्यक्रमको विशेषता भएको बताउनुहुँदै 'ख्वपको पहिचान' पाठ्यक्रमलाई सहयोग पुग्ने सन्दर्भ सामग्री मात्र भएको बताउनुभयो ।

एसईई भर्चुअल कक्षा व्यवस्थापन गर्नुहुने वागेश्वरी माविका शिक्षक ज्ञानसागर प्रजापतिले भक्तपुर नपाले सञ्चालन गरेको एसईई लक्षित भर्चुअल कक्षा स्थानीय तहले गरेको उदाहरणीय कार्य भएको बताउनुभयो ।




कार्यक्रममा नगर शिक्षा प्रमुख हरिप्रसाद निरौलाले विद्यालय तहको सिकाइलाई सहजीकरण गर्न पाठ्यपुस्तकको आवश्यकता भएको बताउनुभयो ।

उक्त कार्यक्रममा प्रमुख प्रजापतिले एसईई विद्यार्थी लक्षित भर्चुअल कक्षा व्यवस्थापनको निम्ति सहयोग गर्ने व्यवस्थापक र १८ वटा विद्यालयका २५ जना शिक्षक-शिक्षिकाहरू र भर्चुअल कक्षा निःशुल्क प्रसारण गर्ने भादगाउँ टेलिभिजनलाई धन्यवादपत्र र मायाको चिनो प्रदान गर्नुभयो ।

# भक्तपुर नपा पूर्ण खोप सुनिश्चित घोषणा हुँदै

भक्तपुर नगरपालिकालाई पूर्ण खोप सुनिश्चित घोषणासम्बन्धी छलफल कार्यक्रम असार २१ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने ख्वप अस्पतालले विशेषतायुक्त सेवा प्रवाह गरिने बताउनुहुँदै नगरवासीहरूको करबाट सञ्चालित भक्तपुर नगरपालिकाले गरिब वर्गलाई लक्षित गरी विभिन्न स्वास्थ्य सेवाहरू सञ्चालन गरिने बताउनुभयो ।

विभिन्न खोप, औषधि र स्वास्थ्य सामग्रीहरू सस्तो भन्दा पनि गुणस्तरीय हुनुपर्नेमा जोड दिनुहुँदै उहाँले औषधि किनबेचमा बढी कमीसनको खेल र भ्रष्टाचार हुनेतर्फ सजग पार्नुभयो । स्वास्थ्यको पहुँचबाट टाढा रहेका जनताले अनाहकमा दु:ख पाउनेहुँदा ग्रामीण क्षेत्रहरूमा प्रभावकारी स्वास्थ्य सेवा सञ्चालन गर्नुपर्ने र अहिलेको परिप्रेक्ष्यमा घरेलु उपचार विधिलाई पनि जोगाइराख्नु आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा जनस्वास्थ्य सेवा केन्द्रका प्रमुख डा. रत्नसुन्दर लासिवाले भक्तपुरका सबै बालबालिकाहरूले खोप लिनबाट बञ्चित नहोस् भन्ने उद्देश्यले प्रभावकारी ढङ्गले खोप अभियान सञ्चालन गरिरहेको बताउनुभयो ।

कार्यक्रममा जनस्वास्थ्य कार्यालयका प्रतिनिधि नारायणप्रसाद के.सी.ले पूर्ण खोप सुनिश्चिचताबारे प्रस्तुतीकरण दिनुहुँदै नेपालमा रोटा भाइरसको जोखिम दिन प्रतिदिन बढ्दै गएको हुँदा नेपालमा साउनदेखि रोटा भाइरसको खोप सुरु हुने जानकारी दिनुभयो ।



त्यस्तै नगर स्वास्थ्य केन्द्र ब्यासीका कमलकेशरी राजचलले भक्तपुर नपाभित्रका वडाहरूको खोपको स्थितिबारे बताउनुहुँदै भक्तपुरमा बसोबास गर्ने सबै बालबालिकाहरूले पूर्ण खोप लिइरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका जनप्रतिनिधि र स्वास्थ्य कार्यालयका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

# महाकाली क्षेत्र संरक्षण समितिको साधारणसभा

'इमानदारीपूर्वक देश र जनताको सेवा गर्नु नै धर्म हो ।'

उक्त कुरा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले महाकाली क्षेत्र संरक्षण समितिको साधारणसभामा बताउनुभएको हो ।

महाकाली क्षेत्र संरक्षण समितिको असार २० गते सम्पन्न साधारणसभाको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले भक्तपुर नगरपालिकाले आफ्नो सम्पदा आफैले पुन:निर्माण र जीर्णोद्धार गर्ने नीतिलाई अगाडि बढाइरहेको स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो – भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरूको




पुन:निर्माण गर्न हामीले विदेश र केन्द्र तथा प्रदेश सरकारको मुख ताकेका छैनौं । जनतासँग सहयोगको लागि आग्रह गर्‍यौं । ङातापोल संरक्षणको लागि १२ लाख रूपैयाँभन्दा बढी आर्थिक सङ्कलन भयो । यो भक्तपुरवासीको विशेषता हो । त्यहाँ बचेको रकम हामी अन्य सम्पदा जीर्णोद्धारमा खर्च गर्दैनौं ।

भक्तपुर नपाले शिक्षा र स्वास्थ्यमा जोड दिँदै आएको बताउनुहुँदै उहाँले आ.व. २०७७/७८ देखि आदर निकेतन दिवा सेवा सुरु गर्ने नीति नगरपालिकाले पारित गरेको जानकारी दिनुभयो ।

किसान नेता गोविन्द दुवालले किसानहरूको जीवनस्तरमा परिवर्तन आउनुमा विगतका किसान आन्दोलनहरूको महत्त्वपूर्ण भूमिका रहेको चर्चा गर्नुहुँदै निरन्तर जनताको सेवामा लाग्नुपर्नेमा जोड दिनुभयो ।

भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले सबै मिलेर महाकाली क्षेत्रको सुधार गर्नुपर्नेमा जोड दिनुभयो ।

भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पुरुषोत्तम दथेपुथेले प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने सञ्चालक समितिका अध्यक्ष कृष्णप्रसाद दथेपुथे, सचिव गोपालराम थुसा, शिक्षक गणेशप्रसाद थुसालगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

साधारणसभाबाट गठित कार्यसमितिको अध्यक्षमा डा. हरिराम सुवाल, उपाध्यक्षमा सत्यनारायण बजिकों, सचिवमा गोपालराम थुसा, सहसचिवमा लक्ष्मीमैया दुवाल, कोषाध्यक्षमा न्हुछेरत्न खाइतु निर्वाचित भएका छन् । त्यस्तै सदस्यहरूमा पुरुषोत्तम दथेपुथे, रामभक्त लासिवा, गौतम थिके, राजेश दिस्ती, भीमलाल सुवाल, सुरेन्द्रप्रसाद दुवाल, कान्छी बासुकला र मञ्जु कुम्पाख निर्वाचित भएका छन् । उक्त समतिका सल्लाहकारहरूमा कृष्णप्रसाद दथेपुथे, गोविन्द दुवाल, गणेशराम थुसा, हरिप्रसाद बासुकला र कुलप्रसाद भण्डारी रहेका छन् ।

# भ्रष्टाचारविरोधी दिवसमा विविध कार्यक्रम

## भनपा वडा नं. १ मा भेला

भ्रष्टाचारविरोधी दिवस असार १९गते को अवसरमा भक्तपुर नगरपालिका वडा नं. १ को आयोजनामा एक भेला असार १९ सम्पन्न भयो ।



भनपा वडा नं. १ मा भ्रष्टाचारविरोधी दिवस

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आन्दोलनको उपलब्धि र आवश्यकता बारे नयाँ पुस्ताबीच छलफल गर्नुपर्ने र समाजमा भएको अनियमित भ्रष्टाचारबारे पनि अवगत गराउँदै लानुपर्ने बताउनुभयो ।

उहाँले परिश्रमविना आर्जन गरेको सम्पत्ति भ्रष्टाचार ठहर्ने बताउनुहुँदै देशमा अहिले विकासको नाममा अर्बौं रूपैयाँ भ्रष्टाचार भइरहेको जानकारी गराउनुभयो ।

अतिथि प्रजापतिले भक्तपुरको विशेषता भनेको आर्थिक पारदर्शिता र इमानदारिता भएको बताउनुहुँदै ङातापोल जीर्णोद्धारमा देखिएको जनलहरले देशभरि सकारात्मक सन्देश प्रभाव भइरहेको छ भन्नुभयो ।

उहाँले कोरोनाले गर्दा भक्तपुर नगरपालिकामा आर्थिक भार थपिएको बताउनुहुँदै भक्तपुर नगरपालिकाका कर्मचारीले पोशाक र खाजा भत्ता बापतको रकम नगरपालिकालाई दिई सहयोग गरेकोमा आभार प्रकट गर्नुभयो । उहाँले आन्तरिक स्रोत वृद्धि गरी आत्मनिर्भर बन्ने सोचका साथ भनपा लागेको बताउनुभयो ।

नेमकिपा भनपा वडा नं. १ का इन्चार्ज लक्ष्मीनारायण राजलवटले नेमकिपाले किसानको हकहितमा गरेको बाली काट्ने, भर्पाई जस्ता विभिन्न आन्दोलन बारे बताउनुहुँदै किसानहरू सङ्गठित हुनु आवश्यक भएको औंल्याउनुभयो । उहाँले खोना र बोङामा भएको खेतियोग्य जमिन अधिग्रहणका कारण त्यहाँका किसान आज पनि पीडित रहेको बताउनुभयो ।

कार्यक्रममा आयोजक समितिका संयोजक एवं भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, वडा सदस्य सूर्यप्रसाद श्रेष्ठ र राजन कोजुले पनि बोल्नुभएको थियो ।

## नगरपालिका कर्मचारी एसोसियशनको प्रवचन

भ्रष्टाचारविरोधी आन्दोलन संस्मरण दिवसको अवसर पारेर नेपाल नगरपालिका कर्मचारी एसोसियशन भक्तपुर नपा इकाइ समितिको आयोजनामा असार १९ गते एक प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले राज्यलाई ठग्नेहरूलाई भ्रष्टाचारीको संज्ञा दिनुहुँदै कर्मचारीहरू भनेको जनताको सेवकको रूपमा प्रस्तुत हुनुपर्ने बताउनुभयो । भक्तपुरमा विकास निर्माणका कार्यहरू उपभोक्ता समितिमार्फत भइरहेको र सम्पदा निर्माणमा उल्लेख्य जनश्रमदान र जनताको सहयोग प्राप्त भएको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले जनप्रतिनिधि र कर्मचारीको अथक मिहिनेत र प्रयासका कारण भक्तपुर सुन्दर नगरको रूपमा परिचित गर्न सफल भएको बताउनुभयो ।

पैसा कमाउने उद्देश्य हुनेहरूले भ्रष्टाचारलाई बढावा दिने बताउनुहुँदै प्रमुख प्रजापतिले कोभिड १९ को जटिल परिस्थितिमा पनि जनप्रतिनिधि र कर्मचारीहरूको संयुक्त प्रयासले कोरोना नियन्त्रणमा प्रभावकारी भूमिका खेलेको बताउनुभयो ।




कर्मचारी एसोसियशनको कार्यक्रम

भक्तपुर नगरपालिकालाई देशकै उत्कृष्ट नगरपालिका बनाउने उद्देश्यअनुरूप सन्तुलित रूपमा विकास निर्माण कार्यहरू अगाडि बढिरहेको बताउनुहुँदै निजीकरणको पक्ष लिनेहरू सच्चा कम्युनिष्ट हुन नसक्ने बताउनुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष ➲

# प्रमुख प्रजापतिद्वारा दुई दिने प्राथमिक उपचार तालिम उद्घाटन

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशु स्याहार तथा बालबालिका केन्द्रको आयोजनामा केन्द्रमा कार्यरत शिक्षिकाहरुको लागि दुईदिने प्राथमिक उपचारबारे तालिम सञ्चालन गरेको छ। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले असार १८ गते उक्त तालिमको उद्घाटन गर्नुभयो।



कार्यक्रममा नगर प्रमुख प्रजापतिले तालिम सफलताको कामना गर्नुहुँदै शिक्षालाई उच्च प्राथमिकतामा राख्दै सञ्चालित भक्तपुर नपाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूले अरु संस्थाको तुलनामा गुणस्तरीय र सस्तोमा शिक्षा प्रदान गर्दै आइरहेको बताउनुभयो। असल गुरु बन्न असल शिष्य बन्नुपर्छ भन्नुहुँदै उहाँले जीवनउपयोगी प्राथमिक उपचार तालिमको व्यवहारिक प्रयोगको निम्ति जोड दिनुपर्ने बताउनुभयो।

भक्तपुर नपाको हरेक गतिविधिहरूमा भक्तपुवासीहरूको स्वतःस्फूर्त साथ र सहयोग रहँदै आएको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले शिक्षिकाहरूमा समयअनुसारको प्राविधिक ज्ञानको खाँचो आवश्यक हुने बताउनुभयो।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले भक्तपुर नपाद्वारा सञ्चालित शिशु स्याहार केन्द्रहरूको स्तरोन्नति गर्दै बालबालिकाहरूलाई असल व्यवहार र भाषाहरू सिकाउन अभिप्रेरित गर्नुभयो। उहाँले भन्नुभयो 'अभिभावकले आफ्ना कलिलो बालबालिकाहरू हुर्काउने जिम्मा शिक्षिकाहरूलाई दिएको हुन्छ। त्यसैले अभिभावकमा सकारात्मक छाप छोड्ने राम्रो माध्यम शिशुस्याहार केन्द्रहरू हुनुपर्छ।'

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले शिशु स्याहार केन्द्र बालबालिकाको सर्वाङ्गीन विकास गर्ने थलो भएको हुँदा अभिभावकलाई नजिक राखेर काम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

कार्यक्रममा जनस्वास्थ्य सेवा केन्द्रका डा. बालकृष्ण चाँगुभारीले प्राथमिक उपचारबारे जानकारी दिनुभयो भने शिशु स्याहार तथा बालबालिका केन्द्रका प्रमुख दिपेन्द्र प्रजापतिले पनि आफ्नो धारणा व्यक्त गर्नुभएको थियो।

---

➲ नारायणबहादुर दुवालले व्यक्तिगत फाइदा र पारिवारिक हितलाई भन्दा सामूहिक हितलाई प्राथमिकतामा राखी सदाचारयुक्त नागरिक बन्न प्रेरित गर्नुहुँदै भक्तपुरमा भ्रष्टाचार गर्नेहरूलाई उल्टो टोपी लगाइदिएर कालोमोसो दली बजार परिक्रमा गरेको बताउनुभयो। पूँजीवादी व्यवस्थामा नेताहरू भ्रष्टाचारमा लिप्त हुने प्रसङ्ग जोड्नुहुँदै उहाँले राजनीतिक पार्टी ठूलो हुनुमा भ्रष्टाचारले पनि भूमिका खेलेको हुन्छ भन्नुभयो।

नेपाल नगरपालिका कर्मचारी एसोसियशन भक्तपुर नपा इकाइ समितिका अध्यक्ष गौतमप्रसाद लासिवाले भ्रष्ट आचरण त्यागनु नै असल नागरिकको कर्तव्य भएको बताउनुहुँदै भक्तपुर नगरपालिकाका कर्मचारीहरू व्यक्तिगतभन्दा पनि संस्थागत हितको निम्ति काम गरिरहेको बताउनुभयो।

कार्यक्रममा समितिका सहसचिव विकास प्रजापति र सदस्य रामकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो।

## सरिता गिरी पार्टीबाट निष्काशित

समाजवादी पार्टी नेपालले लिम्पियाधुरासहितको नेपालको अद्यावधिक नक्सा संविधानमा राख्ने संविधान संशोधन प्रस्तावमाथि पार्टी ह्वीप उल्लङ्घन गर्दै असहमति राख्ने सांसद सरिता गिरीलाई सांसद र पार्टीको साधारण सदस्यबाट हटाउने निर्णय गरेको छ।

पार्टी पदाधिकारी बैठकले गिरीलाई सांसद र पार्टीको साधारण सदस्यसमेत नरहने गरी हटाउने निर्णय गरिएको पार्टीका प्रचार विभाग उपप्रमुख विश्वदीप पाण्डेले जानकारी दिए।

# एमसीसीबाट अमेरिकी कानुनले बाँधिन्दैन रे !

सार्वभौम देश नेपालको निम्ति राष्ट्रघाती मानिएको एमसीसी सम्झौताको विरोध देशैभरि भइरहेको छ। तर अहिले त्यसको पक्षमा एउटा विज्ञापन प्रसारण हुन थालेको छ। त्यस विज्ञापनमा त्यो सम्झौता लागू भएमा **अमेरिकाको कानुन मान्नैपर्ने प्रावधान नरहेको** जिकीर गरिएको छ। तर 'DAINIKPAGE.COM' मा यस्तो लेखिएको छ –

१. MCC ले तयार पारेको प्रस्तावमा उल्लेखित **अवधारणा र ब्याख्यामा** नेपाल सरकारले छलफल गर्न, ब्याख्या बुझ्न वा ब्याख्या गर्न, स्पष्टिकरण **सोध्न नपाउने।**

२. MCC ले मागेको **भूभाग र श्रोत**हरू अर्को कुरा गर्न नपाउने गरी **कानूनी रूपमा हस्तान्तरण** गर्ने।

३. MCC प्रस्ताव संसदबाट पारित भएपछि नेपाल सरकारले यसबारे कुनै **जानकारी लिन** चाहेमा MCC बाट **अनुमति लिनुपर्ने।**

४. संसदबाट पारित हुनासाथ यसको **परिचालन MCC ले बनाएको बोर्डले मात्र गर्ने** तर यसमा नेपाल सरकारको **कुनै भूमिका नहुने।**

५. विद्युत ट्रान्समिशन लाईन र सडक सञ्जाललाई सञ्चालन गर्न MCC का नियमहरू अन्तर्गत् **समानान्तर स्वतन्त्र निकायहरू बन्ने।**

६. MCC का नाममा **नेपालको कानूनले नसमात्ने गरी छुट्टै खाता हुने** र त्यसले गर्ने अन्य शंकास्पद बैंकिङ कारोबार तथा त्यसबाट आउने **ब्याज अमेरिकाको हातमा हुने।**

७. MCC संसदबाट पारित भएपछि **अमेरिकी कानून सकृय हुने** र त्यससँग बाझिने **नेपालका कानूनहरू निष्कृय हुने।**

८. नेपालले हाल्ने भनिएको **१३० मिलियन डलरको विनियोजन पनि MCC ले आफ्नै योजनामा गर्ने,** नेपालले सोध्न नपाउने।

९. चीनका विरुद्धमा तयार गरिएको अमेरिकाको यो **युद्ध रणनीतिलाई नेपालले 'राष्ट्रिय गौरवको योजना'का रूपमा स्वीकृत गर्ने।**

१०. सडक र विद्युत सम्बन्धी वित्तिय नियम तथा परिचालनका नियमहरू MCC ले बनाउने, **नेपालका नियमहरूले काम नगर्ने।**

११. नेपालको सुशासन, आर्थिक विकास लगायतका **ढाँचाहरूलाई MCC को अवधारणा अन्तर्गत्** विकास गरेर लैजाने।

१२. परियोजना अन्तर्गत् आउने **सम्पूर्ण बौद्धिक सम्पत्तिमा अमेरिकाको एकलौटी अधिकार हुने** र नेपालले त्यस्ता सम्पत्तिमाथिको **हक पूरै छोड्ने।**

१३. परियोजनाका लागि आवश्यक सबै कथित **सामानहरू MCC को स्वविवेकमा खरिद गर्ने** (हतियार ल्याए पनि नेपालले सोध्न नपाउने)।

१४. परियोजना र त्यसको कामसँग सम्बन्धित कुनै प्रकारको संस्थागत वा व्यक्तिगत कर नतिर्न पूर्ण रूपमा छुट हुने अर्थात् **कुनै कर नलाग्ने।**

१५. परियोजनाको लेखापरीक्षण MCC ले वा एमसीसीको स्वीकृतिमा मात्र नियुक्त गर्नुपर्ने, नेपालले **खर्च विवरणका बारेमा चासो राख्न नपाउने।**

१६. MCC ले ओगट्ने क्षेत्रभित्र अमेरिकाको रोजगारीमा वा उत्पादनमा असर पुग्ने खालको **कुनै रोजगारी वा उत्पादनको काम नेपालले गर्न नपाउने।**

१७. परियोजनाका दौरानमा हुने यावत् प्रकारका सम्पूर्ण कामहरू अङ्ग्रेजी भाषामा हुने, **नेपाली भाषामा गर्न नपाईने।**

१८. यो **सम्झौता ईण्डियाले स्वीकृत गरेको हुनुपर्ने** (विद्युत ग्रीड लाईनमा सहमति मात्र होईन, सम्पूर्ण परियोजनामा स्वीकृति हो।)

१९. सो परियोजनामा कर्मचारी वा कामदारहरूको नियुक्ति MCC ले गर्ने, **नेपालले यौटा पनि नियुक्ति गर्न नपाउने।**

२०. परियोजनाका बारेमा कुनै जानकारी लिन चाहेमा **नेपाल सरकारले MCC सँग लिखित रूपमा अनुमति लिनुपर्ने,** अनुमति नपाए जानकारी लिन नपाउने।

भक्तपुर नगरपालिकाको
रेडियो कार्यक्रम
'ख्वप सः' अर्थात्
'भक्तपुर आवाज'
भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्
बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : साँझ ६:३० देखि ७:०० सम्म
सोमबार : बिहान ७:०० देखि ७:३० सम्म

# हार्दिक समवेदना



**जन्म**
**२००५ भाद्र १२**

**निधन**
**२०७७ असार २०**

यस नगरपालिकामा वि.सं. २०३९, २०४३ र २०४९ सालको स्थानीय निर्वाचनमा तत्कालीन वडा नं. १२ बाट वडाध्यक्ष पदमा विजय प्राप्त गरी जनताको इमानदारीपूर्वक सेवा गर्ने समाजसेवी एवम् नेपाल मजदुर किसान पार्टीका कार्यकर्ता **प्रद्युम्न प्रजापति**को असामयिक निधन भएकोमा मृतकप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ब्यासी–२, भक्तपुर**

## हार्दिक समवेदना



**स्व. चन्द्रकुमार ब्यान्जू**

**जन्म : २०३० असोज ०६ | निधन : २०७७ साउन १२**

भक्तपुर नगरपालिका वडा नं. २ (साविक १०) का पूर्व वडासदस्य **चन्द्रकुमार ब्यान्जू**को दुखद निधनमा मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

## हार्दिक समवेदना



**स्व. भक्तलाल सैंजू**

**जन्म : १९८९ भाद्र २७ | निधन : २०७७ असार ०७**

भक्तपुर नगरपालिका वडा नं. ४ (साविक १४) का पूर्व वडासदस्य किरण सैंजूका पुजनीय पिता **भक्तलाल सैंजू**को असामयिक निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवार जनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**




# ङातापोल निर्माण कथा (५)

- डा. जनकलाल वैद्य



## (अध्याय ३...)

कलि/न्याकल्मि अर्थात् फलामको काम गर्ने नकर्मीहरूको नियुक्ति-

प्रस्तुत अभिलेख ग्रन्थको पत्राङ्क १०७ क मा पाँचतले मन्दिर निर्माण कार्यका लागि न्या कल्मि अर्थात् नकर्मीहरू संवत् ८२२ मार्गशिर वदि १ तिथिका दिनदेखि काममा नियुक्त गरिएको भन्ने कुरा यसरी उल्लिखित गरिएको छ-

*सं. ८२२ मार्ग्गशिर वदि १ थ्व कुन्हनिसें, ङाता पोलल देवलयता, न्या कल्मि ज्या छुङा दिन ॥ ॥*

(संवत् ८२२/वि.सं. १७५९ मार्गशिर वदि १ का दिनदेखि न्यातपोलल देवल/पाँचतले मन्दिर बनाउन, नकर्मीहरू काममा नियुक्त गरेको)

प्रस्तुत अभिलेख ग्रन्थको पत्राङ्क २३० ख-२३१ ख मा नाम उल्लिखित ती ३४ जना नकर्मीहरूले काम गरेका दिन संख्या र तिनीहरूले **दैनिक जनही दम्म ४ का दर**ले पाएका एक मुष्ट ज्याला रकम ती पत्राङ्कहरूमै उल्लिखित छन्। तिनीहरूलाई ज्याला वापत तिरेका रकम जम्मा मो १०५ दं १९ देखिन आएको छ। तिनीहरूले अधिकतम दिन १३४ सम्म र कममा दिन १३ सम्म काम गरेका बुझिन्छ। तिनीहरू मध्ये अधिकतम दिनसम्म काम गर्ने नकर्मीहरूका नाम यस प्रकारका छन् -

| क्र.सं. | नाम | काम गरेका दिन |
|---|---|---|
| १,२ | पाङाया र गयाले | १३४/१३४ दिन |
| ३, | राम | १३२ दिन |
| ४, | धर्म्मसिं | १२९ दिन |
| ५, | धर्म्मसिं | १२० दिन |
| ६,७ | वासुदेव र मर्दरामले | १२८/१२८ दिन |
| ८,९ | तुलसी राम र सूर्यरामले | १२७/१२७ दिन |

उपर्युक्त कालिगड नकर्मीहरू भक्तपुरकै स्थानीय निवासी हुनुपर्छ। पुरस्कार उपकार पाउनेहरूका नाम सूचीमा तिनीहरू मध्ये कसैको पनि नाम उल्लिखित भइराखेको देखिदैन। गजूर चढाएको दिनमा न्याकल्मि (नकर्मीलाई) दम्म ६६ प्रदान गरिएको भन्ने मात्र उल्लेख छ। सो पाउनेको नाम लेखिएको पनि छैन, जनही सबैलाई दम्म ६६ प्रदान गरिएको भनेको हो कि स्पष्ट छैन। नकर्मीहरूले बनाएका वस्तुहरू (फलामे निर्माण सामग्री, गृह उपकरण सामग्री, गृह उपकरण सामग्री, जज्ञ होममा चाहिने फलामे वस्तुहरूका सूची विवरण यस अभिलेख ग्रन्थका पत्राङ्क १०७ क देखि ११० क, ख भित्र सविस्तार लेखिएका छन्। नकर्मीहरूले बनाएका वस्तुहरू र उनीहरूलाई चाहिने फलाम, गोल इत्यादि सामग्री उपलब्ध गराएको जस्तो सविस्तार वर्णन अरु कुनै कामदार कालिगडले बनाएका अथवा गरेका कामका विस्तृत वर्णन यस अभिलेख ग्रन्थमा देखिदैन। तै, उनीहरूका काम रेखदेख गर्ने चिताइदार अभिलेख टिपोट राख्नेहरूले ओझेलमा परेका उनीहरूका काम र उनीहरूले बनाइदिएका फलामे वस्तुहरूका विस्तृत सूची विवरण लिपिबद्ध गरेर उनीहरूले मजबुतसाथ किला ठोकी जडान गरेका कलापूर्ण विलंपौ, तोरण, कुंपा गोंगपा झिँगटी इँटहरू, बलेसीका घण्टीहरू, दलुथ (बत्ती भाँडो), गजूरका ध्वजा सिक्री नउप्किइकन स्थिर रहेर ती प्राचीन नकर्मीहरूका कार्य दक्षता प्रमाणित गरी प्रदर्शित गरिरहेकै हो- पुग नपुग ३०० वर्षसम्म। त्यस्ता सराहनीय नकर्मीहरूका नाम यस अभिलेख ग्रन्थका पत्राङ्क २३० ख- २३१ क मा लिपिबद्ध सुरक्षत भइरहेको पत्ता लगाई सर्वप्रथम यस अनुसन्धान अध्ययन पुस्तकबाट ती दक्ष कालिगडप्रति सादर सम्मानपूर्वक प्रकाशनमा ल्याउन पाएकोमा यस पंक्ति लेखकलाई सन्तोषको आनन्दानुभूति भएको छ। हेर्नुस्, यसै पुस्तकको पृष्ठ १४६-१४७ मा पनि।

अब यहाँ ती नकर्मीहरूले बनाई दिएका मुख्य मुख्य फलामे वस्तुहरू (उनीहरूले नै पाँचतले मन्दिरमा मजबूतसाथ जडान गरिराखेका मात्र) उल्लेख गरिन्छ–

१. देवी सिद्धि लक्ष्मीको शिला आसनका किला १६ ओटा
२. मन्दिरका ताला ५ जोर (ठूला ताला)
३. मन्दिरका खापाका फलामे पाताहरू
४. मन्दिरका खापाका फलामे सिक्रीहरू
५. दलुथ (झुण्डयाइने बत्ती भाँडो विशेष) को कवच र सिक्री
६. साना घण्टीहरूका (बलेसीमा झुण्ड्याइएका) फुली
७. बिलंपतिका कीला
८. जोलपति कीला
९. बत्तासे घण्टीहरू ५२८ का रालो र घेरा
१०. छेफल (क्षेत्रपाल ?) को तोरणको क्वता किलको घेरा
११. गोगल किला (गोंगःपा झिँगटी जडानमा प्रयुक्त एक प्रकारको कीला)
१२. मन्दिर भित्र बढाइ राखेको ठूलो घण्टाको घर, रालो, सिक्री र खैमल
१३. आनापतिहरू ६१५ वटा
१४. दलुथका खैमल
१५. भाताकिल भन्ने कीला ७१५ वटा
१६. खैमलहरू ६७० वटा
१७. हनुध्वजको भमल १
१८. हनुध्वजको बिँड १
१९. कोनपात छानाको कुना कुनाको जोडनीमा जडान गरिएका फलामे पाता (विशेष) १० ओटा
२०. गजूरको सिक्री

उनीहरूले बनाएका अन्य फलामे ज्यावल, गृह उपकरण, यज्ञ अनुष्ठान र बलिपूजा अनुष्ठानलाई चाहिने उपकरणहरू इत्यादि ।

**गजूर बनाउने काम**– पाँचतले मन्दिरको टुप्पामा स्थापना गरिराखेको सुनको मोलम्मा लगाइएको गजूर टाढैबाट चम्किरहेको देख्ता यात्रुहरू, दर्शकहरू र भक्तजनहरू प्रसन्न हुन्छन् । प्रस्तुत अभिलेख ग्रन्थमा सो गजूर निर्माण विषयको तथ्य विवरण पत्राङ्क ७२ ख र ७४ क, ख मा सीमित गरी साह्रै संक्षिप्तमा दिइएको छ । तर त्यसमा अरु विषय प्रसङ्गका हिसाव पनि मिसिएकोले अस्पष्ट र अलमल्याइने किसिमको रहेछ । पत्राङ्क ७२ ख को टिपोट अनुसार ने.सं. ८२२ फागुन वदि तिथि दिनदेखि उपर्युक्त गजूर बनाउने काम थालनी भएको बुझिन्छ । गजूर बनाउने कालिगडहरूका नाम सूची, उनीहरूलाई तिरेका ज्याला रकमका बारेमा स्पष्ट केही कुरा लेखेका देखिंदैन । यसै अभिलेख ग्रन्थको पत्राङ्क २३६ क, ख– मा उल्लिखित ४० जना तावत (टमोट) हरूले नै उक्त गजूर बनाएको हुनुपर्छ । उक्त गजूरको आकर्षक र कलापूर्ण स्वरूप बनोट यस्तो लाग्छ त्यस गजूरद्वारा नै ती प्रतिभाशाली कलाप्रवीण तावत (टमोट) हरूका अमर कृतित्व शदियौं वर्षसम्म उज्ज्वल र स्थिर पारी राख्न सकेको हो भन्ने लाग्छ । बसो गजूर चढाएको उपलक्ष्यमा मनाइएको हर्षोत्सवमा १/१ तोला सुन पुरस्कार उपहार पाउने सम्मानित कालिगडहरू मध्येका नमि (नवमिं सिं ?) तावत (टमोट) र उनका सहकर्मीहरू नै उपयुक्त गजूरका स्रष्टा निर्माता हुनुपर्छ । उक्त नाम सूचीमा 'नवमि सिं तावत' स्पष्टतः उल्लिखित छ । पत्राङ्क ७२ ख र ७४ मा यसो झ्वाट्ट हेर्दा कलाप्रवीण प्रतिभाशाली गजूर निर्माता कालिगडहरूलाई ओझेलमा राखे जतिकै लागे पनि गजूरबाटै तिनीहरूका यश कीर्ति सयौं वर्षसम्म चम्काइरहेको औ प्रदर्सित गरिरहेको प्रत्यक्षतः देख्न सकिन्छ । त्यस बेला सम्मानित पुरस्कृत भएका 'नवमिसिं तावत' लगायत अन्य पुरस्कृत कालिगडहरूका नाम–सूची लिपिबद्ध गरी अभिलेख राखेर (पत्राङ्क ७७ क को) तिनीहरूलाई अमर तुल्याएका छन् । त्यस्ता सम्मानित पुरस्कृत प्रतिभाशाली नवमिसिं तावतको परिचयको जानकारी पनि सर्व प्रथम यसै अनुसन्धान ग्रन्थबाट प्रकाशमा ल्याउन पाउँदा यस पंक्ति लेखकलाई हर्ष लागेको छ ।

ने.सं. ८२२ फाल्गुन कृष्ण पञ्चमी तिथि दिनदेखि बनाउन शुरु गरिएको उक्त गजूर ने.सं. ८२२ कै आषाढ शुल्क प्रतिपदाको तिथि दिनमा भव्य उत्सव समारोह बीच पाँचतले मन्दिर माथि टुप्पोमा जडान गरी स्थापित भएको थियो । त्यो समयावधिमै र ९९ दिनसम्म कालिगड तावत (टमोट) हरूले काम गर्दै गरेको विचार गर्दा उक्त गजूरका कलापूर्ण चुडामणि, गःचा, अम्वःसा, कलश, घटाकार र भागिल इत्यादि अङ्गहरू छुट्टाछुट्टै तयार गरी जोडने र त्यस गजूरमा सुनको मोलम्मा लगाउने जस्ता रासायनिक प्रक्रिया प्रविधिगत काम पनि गर्नु परेकाले त्यति समय लाग्नु स्वाभाविकै देखिन्छ । तर प्रस्तुत अभिलेख ग्रन्थमा उक्त गजूर बनाउने सूम्पूर्ण काममा खास कति जना तावत (टमोट)हरू लागेका थिए सो को पर्याप्त तथ्य विवरण उल्लिखित भएको देखिंदैन । यहाँनेर यो पनि विचारनीय छ– तावतहरूले तामा पित्तलका गृह उपकरण पनि बनाई दिएका तथ्य विवरण पत्राङ्क ७२ ख– ७४ क, ख मा सूचीकृत भएको देखिन्छन् । तिनीहरूलाई काम गर्नलाई चाहिने निर्माण सामग्री राजा श्रीश्री भूपतीन्द्र मल्लबाट र अन्य व्यक्तिबाट तथा किनमेल गरेर निम्न लिखित धातु उपलब्ध गराइएका थिए–

♦ तामा धार्नी १५४ कु १ तोला ७ र कु ४ अस्ता ३
काँचो तामा धार्नी २ कु १ अ २ (शङ्कर सिंबाट उपलब्ध भएको)
♦ सुन १ तोला १ मासा
सुन ६७ तोला द्र २ मोटं १५४५॥। मा किनेको

पारो धार्नी २ तोला ४ मं ९ मो ४२॥ ४ दं ७ द्रमा किनेको **जम्मा खर्च परेको रकम मोटं १६१२॥-थियो।**

तावत (टमोट) हरूलाई काम गर्नलाई उपलब्ध गराइएका अन्य सामग्री यी पनि थिए।

गालेको पित्तल धानी १ कु २॥ तो ७

काँस धानी ४ (मागअनुसार उपलब्ध गराएको)

खपोसत धार्नी ३ कु २॥ (धातु गाल्नलाई उपयोगी)

**तयार भइसेकपछि गजूरको जम्मा तौल धार्नी ४० कु २॥ तो ७** पुगेको रहेछ। त्यस्तै भागीलको तौल धार्नी ५० कु २। अ २ पुगेको रहेछ। दैनिक जनही दम्म १, २, ३ र ६ दरले तावतहरू ४० जनाले जम्मा ज्याला रकम **मो ६३**/पाएका थिए। उनीहरू मध्ये अधिकतम दिनसम्म काम गर्नेहरूका नाम र काम गरेका दिन यस प्रकारका छन्–

| **नाम** | **काम गरेका दिन** | **विशेष** |
|---|---|---|
| १. तमसिं | ९९ दिन | १ तोला सुन पुरस्कार पाएका (मोहर १६॥ मूल्य पर्ने) |
| २. धर्म्मसिं | ८३ दिन | |
| ३. भागि | ७३ दिन | |
| ४. जगन्नाथ | ७१ दिन | |
| ५. मणिधर | ७१ दिन | |
| ६. लगु मोचा | ७० दिन | |

पत्राङ्क ८३ क को टिपोट अनुसार गजूर चढाएको दिनमा तावतहरूले दक्षिणा भेटी दं ९४ (नाइकेलाई मात्र हो कि, तावतहरू सबै ४० जनालाई जनही दं ९४ हो कि स्पष्ट छैन।) सुन उपहार अथवा चाँदीका बाला उपहार पुरस्कार पाएका मध्ये नाम उलिखित धर्म्मसिङ र मणिधर भन्ने नाम तावतहरूका नाम सूचीमा र कलि (नकर्मी) हरूका नाम सूचीमा पनि भेटिएकाले खास कुन कालिगड समूहको धर्म सिं अथवा मणिधरले के के पुरस्कार उपहार पाएका थिए 'नमसिं तावत' र 'तुलसिं लोहो कल्मि' र 'शङ्कर आवाल' नाम तोके झैं स्पष्ट नाम नतोकिएकोले यकीन गर्न कठिन भएको छ। तावतहरूलाई पनि मुदि (पत्राङ्क २२४ख) र मिठाइ रोटी भाग (पत्राङ्क १०४ ख) दिएका थिए।

गजूर बनाउने काममा तावतहरू (टमोटहरू) को मुख्य हात रहेको निश्चित भयो। कलि (नकर्मी) हरूको कार्य विवरणमा (पत्राङ्क १०८ क) नकर्मीले गजूरको फलामे सिक्री बनाई दिएको कुरा उल्लिखित छ। प्रस्तुत अभिलेख ग्रन्थको पत्राङ्क २३६ ख मा १२ जना निवाहरू (सुनको जलप लगाउने कालिगडहरू) का काम सूची, उनीहरूले गरेका दिन सङ्ख्या जनही दैनिक दम्म ३ देखि ६ सम्मको ज्याला दरमा काम गरेका थिए भन्ने उल्लिखित छ। यताबाट गजूर बनाउने काममा नकर्मी र निवाहरू आंशिक सहभागी देखिन्छन्।

**अवालेहरूका काम**

प्रस्तुत अभिलेख ग्रन्थको पत्राङ्क २३५ क, ख मा दैनिक जनही दम्म ३ र ६ दरले काम गरेका २६ जना अवालेहरूका नाम र उनीहरूले काम गरेका दिन सङ्ख्या र उनीहरू प्रत्येकले मध्ये पाएका एकेक मुष्ट ज्याला रकम उल्लिखित देखिन्छन्। उनीहरूका काम बारेमा पनि यो अभिलेख ग्रन्थमा पर्याप्त र स्पष्ट तथ्य वर्णन लेखिएको देखिँदैन। उनीहरूलाई ज्याला वापत तिरेको जम्मा रकमः मो १६ X दं १२ थियो। ज्यालाबाहेक उनीहरूले प्रत्येक मुख्य मुख्य चरणको वास्तु पूजाहरूमा 'मित सोडा', तलै पिछेका छानामा झिँगटी ईँट, गोंगःपा कुंपा ईँट छाउँदा पूजा मान स्वरूप दक्षिणा भेटी पाएका थिए। उनीहरूले **'मित सोडा'** गरे वापत मो ११ X र छाना छाए वापतको पूजा अनुष्ठानमा मो १३ दं ५६ दक्षिणा पाएका थिए। उनीहरूलाई पनि मुदि र रोटी भाग दिएका थिए (पत्राङ्क २२३ क, १०४ क)। प्रायः सबैका ज्याला बराबर थिए। उनीहरू मध्ये सबभन्दा धेरै दिन काम गर्नेहरूका नामावली यस प्रकारका छन्–

| | |
|---|---|
| १. शङ्कर | २६१ दिन काम गरेको मोहर १५ मूल्य पर्ने २२ तोला तौल भएको चाँदीको बाला उपहार पुरस्कार पाएको। |
| २. मुनि | १८८ दिन काम गरेको |
| ३. धनराम | १६३ दिन काम गरेको |
| ४. हाकु | १५९ दिन काम गरेको |
| ५. भिम | १५६ दिन काम गरेको |

अवालेहरूले औसत १२२ दिन काम गरेका देखिन्छन्। तर प्रस्तुत अभिलेख ग्रन्थमा अवालेहरूले खास के के काम गरेका थिए स्पष्ट पूर्ण विवरण दिएको छैन। भक्तपुर बनेपातिर अवालेहरूले ईँट उत्पादन र बिक्री गर्ने, मन्दिर भवन बनाउँदा गारो बनाउने, छाना छाउने, बेला बखत छानामा उम्रेका घाँस झारपात उखेली सफा गर्ने, छाना मर्मत गर्ने जस्ता काम गर्ने कालिगडको रूपमा परिचित थिए अद्यापि छन्। ईँट बिक्रेताहरूको नाम सूचीमा (पत्राङ्क २६० ख, २६१ क, ख मा) आवालहरूका नाम पनि देखापरेका छन्। यसबाट अवालेहरूका काम ईँट बिक्री वितरण गर्ने पनि हो भन्ने बुझिन्छ। शङ्कर, मुनि, धनराम, हाकुहरूका नाम तेलिया ईँट बिक्रेताको रूपमा पनि देखापरेका छन् (पत्राङ्क १६२ क ख)। शङ्कर आवार ठिमिले तेलिया ईँट ल्याएकोको बुझ बुझारथको चिताइदार पनि थियो (पत्राङ्क १६३ क)। **'संकर आवार'** भन्ने स्पष्ट **नाम थर २२ तोलाको १ जोर चाँदीको बाला उपहार पुरस्कार पाउनेहरूका नामावलिमा समाविष्ट भएको देखिन्छ।** तर मनिधर नामका कालिगड व्यक्ति तावत (टमोट) हरूको नाम सूचीमा पनि देखापरेकोले कुन चाहि मनिधरले ८/८ मासाको

सुन उपहार पुरस्कार पाएको हो यकीन गर्न अप्ठ्यारो छ ।

अर्को कुरा, यस अभिलेख ग्रन्थमा न्यातपोल मन्दिरको पहिलो तलादेखि पाँचौ तलासम्मका गर्भगृहका गारो बनाउनेहरू अवालेहरू नै थिए कि ? डकर्मीहरूका नाम सूची, काम गरेका दिन, र ज्याला रकमका सूची यस अभिलेख ग्रन्थमा कतै नदेखिनाले डकर्मीले गर्ने काम अवालेहरूले नै गरेका थिए कि अथवा कर्मीहरू मध्येका (पत्राङ्क २२६ ख, २२७ क, ख र २२८ क) कालिगडहरूले गरेका थिए ? यो निश्चितकासाथ भन्न गाह्रो छ । प्रस्तुत अभिलेख ग्रन्थमा यसरी स्पष्टतः 'डकर्मी' र 'सिकर्मी' (९ जनाका बाहेक) कालिगडहरूका पर्याप्त र स्पष्ट तथ्य विवरण नदिएकाले ती दुई थरी कालिगडहरूका कार्य विवरण सम्बन्धी सही तथ्य बुझ्न गाह्रो परेको छ ।

त्यस्तै, **लुँज्यायाक** (सुनको काम गर्ने कालिगड) हरूका नाम र कार्य दिन ज्यालाको सूची मात्र (पत्राङ्क २३५ ख) र निवाहरूका पनि त्यस्तै सूची मात्र (पत्राङ्क २३६ ख) मा समाविष्ट छन् । तिनीहरूले गरेका कामका तथ्य विवरण छैन । **न्यातपोलल** पाँचतले मन्दिरको गजूर बनाउने कालिगडहरूको विषय प्रसङ्गमा निवाहरूको कुरा उठाएको माथि गइसकेको छ । निवा र लुँज्यायाक कालिगडहरूले देवदेवीलाई यज्ञादि पूजा गर्दा भेटी स्वरूप चढाइएका सुन चाँदीका गहना र उपकरण (पत्राङ्क ११४ क, ११५ क, ११६ क, ११९ क) बनाएका हुन् कि ? निवाहरूले बढिमा ३९ दिनसम्म लुँज्याकहरूले २१ दिनसम्म काम गरेका देखिनाले यो अनुमान मिल्ने सम्भव छ ।

नाम सूची, काम गरेका दिन सङ्ख्या र ज्याला बयका सूचीमात्र देखिने अन्य कालिगड कामदार ज्यामीहरू चैत्रकर (चित्रकार), **साल्मि, कासार, गाथा, बाला, उपाकर्मि, एघात** (एकहात, एघाट), म्होय, बितमि (पत्राङ्कहरू २३५ ख, २३६ क, २२९ क, २३६ क, १९९ क–२०० ख, २२८–२२९) हुन् । यी उपर्युक्त कालिगठ कामदारहरू मध्ये चैत्रकर अर्थात् चित्रकारहरूद्वारा पाँचतले मन्दिरको गाघलमा (पर्दा–द्वारहरूमा छेकवार राखिने) चित्र बनाउने काम गराएको मात्र उल्लिखित देखिन्छ । पाँचतले मन्दिरका मेठ, छुँडाल, तोरण, बिलंपौका काष्ठ कलामा चित्रकारीको कामबारे प्रस्तुत अभिलेख ग्रन्थमा केही तथ्य विवरण लेखिएको देखिएन । उनीहरूलाई चित्रकारी काम गर्नलाई चाहिने रंग तयार गर्ने सामग्री (पत्राङ्क १७३ क) उपलब्ध गराउँदा र चित्रकारीको ज्याला वापत भएको खर्च रकम दं ३० समेत जम्मा खर्च रकम **मो ५ Xदं ६** भएको उल्लिखित देखिन्छ । अभिलेख ग्रन्थमा यत्रतत्र छरपस्त रहेका तथ्य एकत्र गरी हेर्दा साल्मिहरूलाई चुन पोल्ने, काठ ढुवानी गर्ने, ढुंगा ढुवानी गर्ने, गजूर मन्दिर माथि लैजाने, चुन र चामल ढुवानी गर्ने काममा लगाएको देखिन्छ (पत्राङ्कहरू ८३ क, २५३ क, ख, २५९ क) । तोरीको तेल उत्पादन गर्ने र रथ औ खट बनाउने काममा साल्मिहरू लगाइएका तथ्य सूचना भने प्रस्तुत अभिलेख ग्रन्थमा देखिएन । यसरी साल्मिहरूको कार्य क्षेत्र र समाजमा उनीहरूको स्थान अचेलका भन्दा निकै फरक देखिन्छ । त्यस्तै स्थिति **कासार (कासाल)** हरूका पनि यस अभिलेख ग्रन्थमा देखिन्छन् । काँसका भाँडा वर्तन बनाउने काममा उनीहरू लागि रेहको यस अभिलेख ग्रन्थमा कतै संकेतसम्म देखिएन ।

म्होय (अचेल मोही भनिने) हरूलाई ङातापुल भन्ने पुरानो मन्दिर भत्काउने काममा (पत्राङ्क २५६ क), देवल छैं अर्थात् देव गृह भत्काउने काममा (पत्राङ्क २५६ ख), ईँट भट्टामा ईँट पोल्ने काममा, मन्दिरको पेटी फले बनाउने काममा र देवगृहको जग बनाउने काममा (पत्राङ्क २५६ ख) लगाइएका देखिन्छन् । यिनीहरूलाई कुनै किसिमका बय ज्याला तिरेको देखिएन, जग्गा कमाउने मोही भएकाले होला । बितमिको खास अर्थ स्पष्ट खुलिएको छैन । प्रस्तुत अभिलेख ग्रन्थका पत्राङ्कहरू २५६ र २५७ क का टिपोटअनुसार उनीहरूलाई पाँचतले मन्दिर र त्यसको पेटी फले बनाउने काममा लगाइएको त देखिन्छ तर खास के के काम गराएका हुन् अज्ञात छ ।

एघात (एकहात) हरू ईँट पोल्ने काममा खटिएका थिए ।

माथि ठाउँ ठाउँमा भनिसकिएको छ कि प्रस्तुत अभिलेख ग्रन्थमा पाँचतले मन्दिर र देवलछैं निर्माण कार्यका विस्तृत वर्णन गरिएको छैन । निर्माण कार्यका वास्तुशास्त्रीय प्राविधिक पक्षीय तथ्य वर्णन प्रस्तुत अभिलेख ग्रन्थमा अपर्याप्त रहेको खट्किंदो छ । उक्त मन्दिर निर्माण र सोको प्रतिष्ठाका अनुष्ठान कृत्यका खर्च, सामग्री सूची, सम्बन्धित कालिगड, पुरोहित वर्ग र अन्य सम्बन्धित व्यक्तिहरूका नाम सूची, हिसाव, बेसाहा भाउ, सहायता स्वरूप प्राप्त हुन आएका काठ ढुङ्गा, समीधा, इत्यादिका मात्र अभिलेख राख्नेहरूले पाँचतले मन्दिर निर्माणका तथ्य तथ्याङ्क तल लेखिएका स्थितिमा मात्र प्रसङ्गवश उल्लेख गर्ने गरेका बुझिन आएको छ–

१. निर्माण सामग्री खरीद गरिएको, कसैबाट कतैबाट उक्त निर्माण कार्यका सहायतार्थ प्राप्त हुन आएका सामग्री ल्याईपुऱ्याउनेहरूलाई बय ज्यालाका खर्च हिसाव टिप्नु पर्दा त्यस्ताका अभिलेख राख्नु पर्दा,

२. **पाँचतले मन्दिर** निर्माण कार्यमा नियुक्त गरिएका कालिगड व्यापारीहरू (कर्मी–सिकर्मी, नकर्मी, उपाकर्मी, अवाले, टमोट, म्होय, कासाल इत्यादिलाई ज्याला, बय, अन्न अनाज वितरण गरेको अभिलेख लिपिबद्ध गर्दा प्रसङ्गवश संवत् तिथि सहित पाँचतले मन्दिर निर्माण कार्यका कार्यक्रम विशेष पनि संकेत उल्लेख गरी गर्ने गर्थे ।**(क्रमशः)**

'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति'

# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## हार्दिक धन्यवाद !



वि.सं. २०७२ सालको विनाशकारी भूकम्पबाट क्षतिग्रस्त ऐतिहासिक ङतापोल्हँ मन्दिरको जीर्णोद्धार कार्य भक्तपुर नगरपालिकाको आर्थिक लागत अनुमान रु. ६५,१३,३५८।२७ भएकोमा दाताहरूबाट रु. १५,४७,५६१।- आर्थिक सहयोग, विभिन्न सङ्घसंस्था र व्यक्तिहरूबाट रु. ५,६३,७००।- बराबरको भौतिक सामग्री तथा ४,१८७ जनाबाट श्रमदान सहयोग प्राप्त गरी २०७६ कार्तिक महिनाबाट शुरु भई जम्मा रु. ३८,७७,६२८।२१ रूपैयाँ खर्च गरी मिति २०७७ असार मसान्तभित्र सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने स्थानीय जनता, उपभोक्ता तथा अनुगमन समितिमा रही सक्रियतापूर्वक जिम्मेवारी बहन गर्ने पदाधिकारीहरू, निर्देशक समिति र प्राविधिक समितिमा रहेर महत्त्वपूर्ण कार्य गर्ने पदाधिकारी र प्राविधिक सल्लाहकारहरू, जीर्णोद्धार कार्यमा खट्नु हुने दक्ष तथा अर्धदक्ष डकर्मी, सिकर्मी, पोलँकर्मी, ल्वहँकर्मी र ज्यामीहरू, जनश्रमदान एवम् आर्थिक सहयोग गर्ने विविन्न सङ्घसंस्था, दाफा, गुथि, टोलवासी र अन्य महानुभावहरू, सुरक्षाकर्मी र पत्रकार मित्रहरू तथा सहयोगी सम्पूर्ण नगरवासीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति'

# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## हार्दिक धन्यवाद !



महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) रोगको सङ्क्रमण काठमाडौं उपत्यकालगायत देशका विभिन्न स्थानहरूमा दिन प्रतिदिन बढिरहेको अवस्थामा सम्भावित जोखिमबाट भक्तपुरवासीलाई सुरक्षित राख्ने ध्येयले यो वर्षको सापारु (गाईजात्रा) लाई औपचारिकतामा मात्र सीमित राख्न तथा घिन्ताङ्घिसी, सांस्कृतिक प्रस्तुति, भजन तथा बाजागाजा प्रदर्शन नगर्न भक्तपुर नगरपालिकाले गरेको आग्रहलाई सहर्ष स्वीकार गरी शान्तिपूर्ण र मर्यादित ढङ्गले ताहामचा, साँचा र परालको भैरवनाथसमेत समयमै परिक्रमा गर्नुभएकोमा सम्पूर्ण भक्तपुरवासी दाजुभाइ तथा दिदीबहिनीहरूलाई भक्तपुर नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

साथै सापारुलाई अनुशासित र मर्यादित बनाउन अहोरात्र खट्नु हुने नगरपालिकाका जनप्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, महानगरीय प्रहरी परिसर, सशस्त्र प्रहरी गण, गुठी संस्थान, नगरपालिकाका कर्मचारी, सामाजिक तथा राजनैतिक अगुवाहरू, स्वास्थ्यकर्मीहरू, स्वयम्सेवकलगायत सम्बन्धित सङ्घ, संस्था र सहयोग समितिहरूप्रति कृतज्ञता व्यक्त गर्दछ ।

कोरोना सङ्कट टरेको छैन । तसर्थ आगामी दिनमा पनि गाईजात्रा अवधिभर धेरै मानिस जम्मा हुने घिन्ताङ्घिसी, परम्परागत र आधुनिक विधाका कुनै पनि सांस्कृतिक प्रदर्शन तथा बाजा प्रदर्शन नगर्न समेत भक्तपुर नगरपालिका सम्पूर्ण नगरवासीहरूमा हार्दिक अपिल गर्दछ ।

कोभिड-१९ बाट आफू बचौँ र अरुलाई पनि बचाऔँ ।

# स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (९)

**परिच्छेद - ३...**

**च. सामाजिक सुरक्षा र गरिबी निवारण**

(१) सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान,

(२) लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,

(३) सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,

(४) सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन,

(५) गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन,

(६) स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन ।

**छ. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क**

(१) व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,

(२) व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(३) व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन ।

**ज. स्थानीयस्तरमा पुरातत्त्व, प्राचीन स्मारक र सङ्ग्रहालय संरक्षण, सम्वर्द्धन र पुनः निर्माण ।**

**झ. सुकुम्बासी व्यवस्थापन**

(१) सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन,

(२) सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन ।

**ञ. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी**

(१) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन,

(२) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको सङ्कलन तथा बाँडफाँट ।

**ट. सवारी साधन अनुमति**

(१) यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन,

(३) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेद्य, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन ।

**(५)** उपदफा (१) र (३) मा उल्लिखित अधिकारका अतिरिक्त गाउँपालिका तथा नगरपालिकाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

**क. भूमि व्यवस्थापन**

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीयस्तरको भू–उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन,

(२) सङ्घीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन,

(३) स्थानीयस्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन ।

**ख. सञ्चार सेवा**

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन,

(२) स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास र प्रवर्द्धन गर्ने ।

**ग. यातायात सेवा**

(१) स्थानीय बस, ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शहरी रेल सेवाको सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, साझेदारी र सहकार्य ।

**(६)** सङ्घ वा प्रदेशले संविधान तथा प्रचलित कानून बमोजिम आफ्नो अधिकारक्षेत्रभित्रको कुनै विषय गाउँपालिका वा नगरपालिकालाई कानून बनाई निक्षेपण गर्न सक्नेछ ।

**(७)** गाउँपालिका वा नगरपालिकाले उपदफा (१), (३), (४) र (५) बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

**(८)** स्थानीय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशका कुनै स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गर्न सक्नेछ ।

**(ठ) सङ्घ, संस्था दर्ता तथा नवीकरण**

(१) सङ्घ, संस्था परिचालन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) स्थानीय स्तरका सङ्घ, संस्थाको दर्ता तथा नवीकरण ।

(क्रमशः)




Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 51

CHAPTER XXIV...

**INTRIGUES OF THE RANI.**

She thereupon calculated that, if she could succeed in bringing back Martabar Singh to Nipal and se curing to him the Premiership, a desire for vengeance on his own enemies, as well as a feeling of gratitude to her for effecting his restoration, would induce that statesman to join her party so cordially, that she hoped to make him a tool in her hands to. remove, in the first place, her and his political enemies, and after-wards to set aside the children of that Maharani who had been the cause of all his and his uncle's mis-fortunes.

Acting on these principles, she easily convinced her imbecile husband that the Thappas were the only party on whom reliance could be placed for the proper government of the country, and that he should lose no time in persuading Martabar Singh to return to Nipal and investing him with the office of Premier.

General Martabar Singh had been living in voluntary exile in the British territories ever since 1838.

Intimation was accordingly sent to him by the Rajah, that he and the whole country were now coninced of the gross injustice which had been perpetrated against Bhim Sen and the Thappas generally, and assurances were given to him that his return to Nipal would lead not only to his own appointment as Premier, but to the restoration, to himself, to his family, and to all their adherents, of their confiscated property and titles. At the same time that ho sent these messages to Martabar privately, the King publicly invested Fathe Jang Chautria with almost unlimited power as Minister, and professed the most abounded confidence in his talents and sagacity. The King wished to threw Fathe Jang off his guard, and, by betraying him into some unusual stretch of power, to make him unpopular, and so prepare the way for his downfall.

Martabar Singh was too well aware of the insincerity of the King, and the insecurity of everything in Nipal, to yield at once to these alluring promises. He, however, left Simla, where he had been residing for some time on a pension of R. 1,000 a. month from our Government, and came to Gorakhpur, the proximity of which place to the Nipalese frontier would enable him to communicate easily with his friends at Kathmandu, and to ascertain from their reports the real state of feeling in the country, and what reliance he could place on the specious promises and prospects held out to him by his royal master.

As soon as it was known that he was on his way to the frontier, great anxiety was exhibited among all classes of the community for his arrival at the capital. Everyone sympathised with him in the misfortunes which he had undergone, and felt eager to atone for the indignities which had so unjustly been heaped on his late illustrious uncle. There was a general reaction in favour of the Thappas.

**RETURN OP MARTABAR SINGH.**

In February 1843 a deputation was dispatched to Gorakhpur to meet him and escort him up to Nipal. In an evil hour Martabar accepted the invitation they brought him from the King, and quitting the protection of the British territories, he proceeded towards the capital of Nipal, accompanied by the deputation and a guard of honour. After halting for a few days on the confines of the valley, on the I7th of April lie entered the city of Kathmandu, where he had an audience of the King, by whom he was received with the greatest distinction. lie was attended on his entrance into Nipal by his nephew, Kaji Jung Bahadur, then quite a young man, who, since the downfall of Bhim Sen, had managed to elude the vengeance of the dominant party by leading a retired life, but who now took advantage of the recent change in public opinion to join his uncle on his way to Nipal, and, in attendance upon him, to come forward for the first time as a political character. This is the first appearance of Jang Bahadur on the stage of Nipalese politics, in which he has been destined to play so very prominent a part.

Martabar at once demanded to be confronted with the former accusers of his uncle, in order that the charge of poisoning, under which his family had been ruined, might be fairly investigated. After a full investigation by a council of chiefs, the charges against Bhim Sen were declared to have been groundless; and the character and conduct of Martabar, as well as of his uncle, were declared to be cleared of all reproach. During the investigation before the Council, certain of the Pandis confessed to having perjured themselves in the prosecution of Bhim Sen, and to having willfully deceived the King their statements of the case, with a view to leading to Bhim Sen's overthrow. These parties were denounced by the Court as deserving of death; and a proclamation was issued by the King, vindicating the memory of Bhim Sen, and promising reparation to the Thapas as a party, and restitution to Martabar and his family of all their confiscated property.

**(To be continued)**

# BHAKTAPUR MUNICIPALITY
## TOURIST SERVICE CENTRE
### PROGRESS REPORT
### 2076/77

| Month | 2075/76 | | | 2076/77 | | | Progress Report | | | Remarks (%) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Non SAARC | SAARC & China | Total | Non SAARC | SAARC & China | Total | Non SAARC | SAARC & China | Total | |
| Shrawon | 7515 | 8564 | 16079 | 8141 | 10256 | 18397 | 626 | 1692 | 2318 | 8.33<br>19.76<br>14.42 |
| Bhadra | 8094 | 7614 | 15708 | 7369 | 6863 | 14232 | -725 | -751 | -1476 | -8.96<br>-9.86<br>-9.40 |
| Aswin | 15271 | 9454 | 24725 | 14373 | 10327 | 24700 | -898 | 873 | -25 | -5.88<br>9.23<br>-0.10 |
| Kartik | 24285 | 10713 | 34998 | 23203 | 10000 | 33203 | -1082 | -713 | -1795 | -4.46<br>-6.66<br>-5.13 |
| Mansir | 14113 | 9522 | 23635 | 13774 | 9834 | 23608 | -339 | 312 | -27 | -2.40<br>3.28<br>-0.11 |
| Poush | 8861 | 9965 | 18826 | 8669 | 10823 | 19492 | -192 | 858 | 666 | -2.17<br>8.61<br>3.54 |
| Magh | 8092 | 8889 | 16981 | 6621 | 7052 | 13673 | -1471 | -1837 | -3308 | -18.18<br>-20.67<br>-19.48 |
| Fagun | 11921 | 9859 | 21780 | 10148 | 2535 | 12683 | -1773 | -7324 | -9097 | -14.87<br>-74.29<br>-41.77 |
| Chaitra | 15563 | 11931 | 27494 | 1136 | 371 | 1507 | -14427 | -11560 | -25987 | -92.70<br>-96.89<br>-94.52 |
| Baishakh | 16115 | 10029 | 26144 | LUCK | DOWN | 0 | | | 0 | #VALUE!<br>#VALUE!<br>-100.00 |
| Jestha | 6983 | 13077 | 20060 | LUCK | DOWN | 0 | | | 0 | #VALUE!<br>#VALUE!<br>-100.00 |
| Asar | 4403 | 7755 | 12158 | LUCK | DOWN | 0 | | | 0 | #VALUE!<br>#VALUE!<br>-100.00 |
| Total | 141216 | 117372 | 258588 | 93434 | 68061 | 161495 | -47782 | -49311 | -97093 | -33.84<br>-42.01<br>-37.55 |

# BHAKTAPUR MUNICIPALITY
## TOURIST SERVICE CENTRE
### *NON-SAARC TOURIST RECORD*

Gautam Prasad Lasiwa
Tourism Officer

| Month | 050/51 | 051/52 | 052/53 | 053/54 | 054/55 | 055/56 | 056/57 | 057/58 | 058/59 | 059/60 | 060/61 | 061/62 | 062/63 | 063/64 | 064/65 | 065/66 | 066/67 | 067/68 | 068/69 | 069/70 | 070/71 | 071/72 | 072/73 | 073/74 | 074/75 | 075/76 | 076/77 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Srawon | * | * | 8448 | 7958 | 8505 | 9289 | 9096 | 10589 | 6038 | 3371 | 5132 | 6564 | 5877 | 5644 | 9426 | 6417 | 7943 | 8564 | 9009 | 8271 | 9446 | 10104 | 2251 | 6350 | 7440 | 7515 | 8141 |
| Bhadra | * | * | 7123 | 7166 | 7714 | 8298 | 9700 | 8766 | 5485 | 3577 | 4929 | 5384 | 5478 | 4793 | 7702 | 6122 | 6870 | 8753 | 8432 | 8367 | 8406 | 8936 | 2710 | 6775 | 6831 | 8094 | 7369 |
| Aswin | * | * | 11984 | 11770 | 11874 | 15056 | 16333 | 15057 | 8979 | 5984 | 8046 | 7483 | 8545 | 8595 | 11734 | 11871 | 13185 | 14228 | 15319 | 17141 | 18135 | 17222 | 5646 | 10271 | 13445 | 15271 | 14373 |
| Kartik | * | * | 17867 | 18269 | 20156 | 24275 | 25467 | 26005 | 14329 | 8846 | 13609 | 13186 | 13015 | 13708 | 18571 | 20209 | 19126 | 23472 | 25793 | 27180 | 25970 | 26488 | 8222 | 16618 | 21416 | 24285 | 23203 |
| Mansir | * | * | 10227 | 11320 | 12295 | 13562 | 16123 | 16913 | 7744 | 5506 | 9539 | 7697 | 8601 | 8421 | 10590 | 11638 | 12019 | 13081 | 13924 | 16297 | 15039 | 15382 | 4906 | 10751 | 12222 | 14113 | 13774 |
| Poush | * | * | 8714 | 8442 | 9539 | 10400 | 9681 | 10304 | 4026 | 3910 | 6471 | 4677 | 5635 | 6100 | 7253 | 6547 | 6834 | 7564 | 7829 | 8506 | 9697 | 10156 | 3795 | 6631 | 7636 | 8861 | 8669 |
| Magh | * | * | 7207 | 6881 | 7892 | 8746 | 8844 | 8861 | 3213 | 3295 | 5883 | 3289 | 3404 | 5397 | 6616 | 5120 | 6046 | 7200 | 7680 | 8161 | 8379 | 8055 | 3402 | 6249 | 6798 | 8092 | 6621 |
| Fagun | * | * | 10859 | 11018 | 11578 | 13656 | 13818 | 13271 | 4782 | 4609 | 7839 | 4812 | 5524 | 8586 | 9758 | 8371 | 10054 | 10328 | 12578 | 12337 | 13807 | 13308 | 5583 | 9637 | 11557 | 11921 | 10148 |
| Chaitra | * | * | 12741 | 12742 | 13750 | 15625 | 14268 | 14540 | 6577 | 5907 | 9821 | 6001 | 5776 | 11500 | 11840 | 11087 | 13644 | 12517 | 15680 | 18033 | 16158 | 17428 | 8862 | 13464 | 16047 | 15563 | 1136 |
| Baishakh | * | * | 9457 | 8799 | 10359 | 11436 | 15310 | 11489 | 4658 | 5465 | 8368 | 5202 | 3282 | 8893 | 10550 | 9645 | 9045 | 13053 | 13275 | 13432 | 17026 | 6808 | 8486 | 12430 | 13265 | 16115 | Covid 19 |
| Jestha | * | * | 4602 | 3875 | 4553 | 6031 | 5830 | 3567 | 2538 | 2180 | 3160 | 2493 | 2200 | 4330 | 4291 | 4301 | 4537 | 5395 | 5914 | 6125 | 6737 | 11 | 4569 | 5401 | 6283 | 6983 | Luck |
| Asar | * | * | 3511 | 2612 | 3135 | 3703 | 3647 | 1950 | 1331 | 1911 | 2117 | 1679 | 2074 | 3270 | 2634 | 3015 | 3284 | 3919 | 4081 | 4048 | 5095 | 1117 | 3315 | 4276 | 4694 | 4403 | Down |
| Total | 87345 | 97757 | 112740 | 110852 | 121350 | 140077 | 148117 | 141312 | 69700 | 54561 | 84914 | 68467 | 69411 | 89237 | 110965 | 104343 | 112587 | 128074 | 139514 | 147898 | 153895 | 135015 | 61747 | 108853 | 127634 | 141216 | 93434 |

REMARKS: Rs 50. starting from 6th Srawon 2050 (21st July 1993). Rs 300.or $5. from 1st Srawon 2053 (16th July 1996). Rs 375.or $5. from 1st Bhadra 2057 (17th Augast 2001).

Rs750. or $10 from 17th Poush 2057 (1st Jan 2001). Rs 1100. or $ 15 from 17th Poush 2067 (1st Jan 2011). Rs 1500. or $ 15 effective from 17th Poush 2070 (1st Jan 2014).

# BHAKTAPUR MUNICIPALITY
## TOURIST SERVICE CENTRE
### SAARC & CHINA TOURIST RECORD

Gautam Prasad Lasiwa
Tourism Officer

| Month | 050/51 | 051/52 | 052/53 | 053/54 | 054/55 | 055/56 | 056/57 | 057/58 | 058/59 | 059/60 | 060/61 | 061/62 | 062/63 | 063/64 | 064/65 | 065/66 | 066/67 | 067/68 | 068/69 | 069/70 | 070/71 | 071/72 | 072/73 | 073/74 | 074/75 | 075/76 | 076/77 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Srawon | * | * | * | * | * | 3083 | 2441 | 2589 | 1100 | 2072 | 2376 | 2215 | 2004 | 1762 | 2867 | 1834 | 2850 | 3775 | 7362 | 9232 | 12507 | 13097 | 719 | 5427 | 7365 | 8564 | 10256 |
| Bhadra | * | * | * | * | * | 2587 | 2861 | 2571 | 1408 | 1943 | 1759 | 887 | 2496 | 1266 | 2537 | 1593 | 2044 | 3131 | 6581 | 7425 | 8862 | 8712 | 876 | 4257 | 5536 | 7614 | 6863 |
| Aswin | * | * | * | * | * | 5529 | 3972 | 5457 | 1583 | 1892 | 3787 | 1585 | 2949 | 3283 | 3578 | 5195 | 7398 | 6562 | 10660 | 12261 | 14663 | 14167 | 1885 | 6634 | 8261 | 9454 | 10327 |
| Kartik | * | * | * | * | * | 7051 | 7151 | 6934 | 2639 | 2629 | 4300 | 1899 | 2559 | 3045 | 4352 | 4556 | 4083 | 7057 | 8816 | 10043 | 11201 | 12567 | 1046 | 4848 | 7406 | 10713 | 10000 |
| Mansir | * | * | * | * | * | 3075 | 5063 | 2846 | 1521 | 1858 | 2248 | 1754 | 1773 | 1551 | 3297 | 2582 | 2623 | 4482 | 6404 | 8214 | 9119 | 8911 | 1596 | 4556 | 6307 | 9522 | 9834 |
| Poush | * | * | * | * | 1375 | 5920 | 4494 | 2866 | 800 | 2216 | 2652 | 1669 | 2062 | 2967 | 3350 | 3925 | 3306 | 5476 | 6628 | 8060 | 9361 | 9240 | 2200 | 4774 | 8772 | 9965 | 10823 |
| Magh | * | * | * | * | 2332 | 2926 | 1313 | 1638 | 815 | 1482 | 2191 | 962 | 1708 | 1530 | 2470 | 3626 | 2536 | 5410 | 8084 | 6547 | 10546 | 8485 | 2793 | 6267 | 7606 | 8889 | 7052 |
| Fagun | * | * | * | * | 2949 | 3875 | 1943 | 1803 | 943 | 1749 | 2093 | 547 | 1173 | 2719 | 1986 | 1970 | 4590 | 4495 | 5355 | 9175 | 8871 | 15187 | 2913 | 5764 | 10608 | 9859 | 2535 |
| Chaitra | * | * | * | * | 3000 | 3608 | 2096 | 2183 | 1194 | 1549 | 2207 | 626 | 897 | 2173 | 2499 | 2931 | 4326 | 5397 | 7519 | 9278 | 9781 | 12624 | 3903 | 7025 | 8724 | 11931 | 371 |
| Baishakh | * | * | * | * | 6093 | 5470 | 4941 | 4218 | 2349 | 2979 | 3422 | 1585 | 538 | 4257 | 2856 | 3253 | 3729 | 7335 | 8249 | 9041 | 11541 | 5738 | 4754 | 7394 | 10543 | 10029 | Covid 19 |
| Jestha | * | * | * | * | 9893 | 10162 | 9102 | 4565 | 4096 | 6335 | 4500 | 3053 | 2455 | 4854 | 4669 | 5297 | 4584 | 8140 | 10015 | 12016 | 17514 | 9 | 5800 | 9076 | 11665 | 13077 | Luck |
| Asar | * | * | * | * | 6238 | 4442 | 4387 | 1071 | 3652 | 3888 | 2590 | 2356 | 2305 | 2787 | 1919 | 2138 | 2671 | 6513 | 7151 | 9054 | 13030 | 392 | 4824 | 6475 | 7187 | 7755 | Down |
| Total | * | * | * | * | 31880 | 57728 | 49764 | 38741 | 22100 | 30592 | 34125 | 19138 | 22919 | 32194 | 36380 | 38900 | 44740 | 67773 | 92824 | 110346 | 136996 | 109129 | 33309 | 72497 | 99980 | 117372 | 68061 |

REMARKS : Rs 30 from 17th Poush 2054 (1st Jan 1998). Rs.50. from 17th Poush 2057 (1st Jan 2001). Rs 100. effective from 17th Poush 2067 (1st Jan 2011).

Rs 500 effective from 1st Srawon 2071 (17th July 2014).

# BHAKTAPUR MUNICIPALITY

## TOURIST SERVICE CENTRE

### TOURIST RECORD

Gautam Prasad Lasiwa
Tourism Officer

| Month | 050/51 | 051/52 | 052/53 | 053/54 | 054/55 | 055/56 | 056/57 | 057/58 | 058/59 | 059/60 | 060/61 | 061/62 | 062/63 | 063/64 | 064/65 | 065/66 | 066/67 | 067/68 | 068/69 | 069/70 | 070/71 | 071/72 | 072/73 | 073/74 | 074/75 | 075/76 | 076/77 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Srawon | * | * | 8448 | 7958 | 8505 | 12372 | 11537 | 13178 | 7138 | 5443 | 7508 | 8779 | 7881 | 7406 | 12293 | 8251 | 10793 | 12339 | 16371 | 17503 | 21953 | 23201 | 2970 | 11777 | 14805 | 16079 | 18397 |
| Bhadra | * | * | 7123 | 7166 | 7714 | 10885 | 12561 | 11337 | 6893 | 5520 | 6688 | 6271 | 7974 | 6059 | 10239 | 7715 | 8914 | 11884 | 15013 | 15792 | 17268 | 17648 | 3586 | 11032 | 12367 | 15708 | 14232 |
| Aswin | * | * | 11984 | 11770 | 11874 | 20585 | 20305 | 20514 | 10562 | 7876 | 11833 | 9068 | 11494 | 11878 | 15312 | 17066 | 20583 | 20790 | 25979 | 29402 | 32798 | 31389 | 7531 | 16905 | 21706 | 24725 | 24700 |
| Kartik | * | * | 17867 | 18269 | 20156 | 31326 | 32618 | 32939 | 16968 | 11475 | 17909 | 15085 | 15574 | 16753 | 22923 | 24765 | 23209 | 30529 | 34609 | 37223 | 37171 | 39055 | 9268 | 21466 | 28822 | 34998 | 33203 |
| Mansir | * | * | 10227 | 11320 | 12295 | 16637 | 21186 | 19759 | 9265 | 7364 | 11787 | 9451 | 10374 | 9972 | 13887 | 14220 | 14642 | 17563 | 20328 | 24511 | 24158 | 24293 | 6502 | 15307 | 18529 | 23635 | 23608 |
| Poush | * | * | 8714 | 8442 | 10914 | 16320 | 14175 | 13170 | 4826 | 6126 | 9123 | 6346 | 7697 | 9067 | 10603 | 10472 | 10140 | 13040 | 14457 | 16566 | 19058 | 19396 | 5995 | 11405 | 16408 | 18826 | 19492 |
| Magh | * | * | 7207 | 6881 | 10224 | 11672 | 10157 | 10499 | 4028 | 4777 | 8074 | 4251 | 5112 | 6927 | 9086 | 8746 | 8582 | 12610 | 15764 | 14708 | 18925 | 16540 | 6195 | 12516 | 14404 | 16981 | 13673 |
| Fagun | * | * | 10859 | 11018 | 14527 | 17531 | 15761 | 15074 | 5725 | 6358 | 9932 | 5359 | 6697 | 11305 | 11744 | 10341 | 14644 | 14823 | 17933 | 21512 | 22678 | 28495 | 8496 | 15401 | 22165 | 21780 | 12683 |
| Chaitra | * | * | 12741 | 12742 | 16750 | 19233 | 16364 | 16723 | 7771 | 7456 | 12028 | 6627 | 6673 | 13673 | 14339 | 14018 | 17970 | 17914 | 23199 | 27311 | 25939 | 30052 | 12765 | 20489 | 24771 | 27494 | 1507 |
| Baishakh | * | * | 9457 | 8799 | 16452 | 16906 | 20251 | 15707 | 7007 | 8444 | 11790 | 6787 | 3820 | 13150 | 13406 | 12898 | 12774 | 20388 | 21524 | 22473 | 28567 | 12546 | 13240 | 19824 | 23808 | 26144 | Covid 19 |
| Jestha | * | * | 4602 | 3875 | 14446 | 16193 | 14932 | 8132 | 6634 | 8515 | 7660 | 5546 | 4655 | 9184 | 8960 | 9598 | 9121 | 13535 | 15929 | 18141 | 24251 | 20 | 10369 | 14477 | 17948 | 20060 | Luck |
| Asar | * | * | 3511 | 2612 | 9373 | 8145 | 8034 | 3021 | 4983 | 5799 | 4707 | 4035 | 4379 | 6057 | 4553 | 5153 | 5955 | 10432 | 11232 | 13102 | 18125 | 1509 | 8139 | 10751 | 11881 | 12158 | Down |
| Total | 87345 | 97757 | 112740 | 110852 | 153230 | 197805 | 197881 | 180053 | 91800 | 85153 | 119039 | 87605 | 92330 | 121431 | 147345 | 143243 | 157327 | 195847 | 232338 | 258244 | 290891 | 244144 | 95056 | 181350 | 227614 | 258588 | 161495 |

REMARKS: Rs 50. starting from 6th Srawon 2050 (21st July 1993). Rs 300.or $5. from 1st Srawon 2053 (16th July 1996). Rs 375.or $5. from 1st Bhadra 2057 (17th Augast 2001).

Rs750. or $10 from 17th Poush 2057 (1st Jan 2001). Rs 1100. or $ 15 from 17th Poush 2067 (1st Jan 2011). Rs 1500. or $ 15 effective from 17th Poush 2070 (1st Jan 2014).

For SAARC & China : Rs 30 from 17th Poush 2054 (1st Jan 1998). Rs.50. from 17th Poush 2057 (1st Jan 2001). Rs 100. effective from 17th Poush 2067 (1st Jan 2011).

Rs 500 effective from 1st Srawon 2071 (17th July 2014).

# BHAKTAPUR MUNICIPALITY

## TOURIST SERVICE CENTRE

### INCOME ACCOUNT ( 2076/77 )

| Post & Centre | N. C. | Voucher (NC) | Total | SAARC | G.Total | Dollar ($) | Voucher ($) | G.Total |
|---|---|---|---|---|---|---|---|---|
| KHAUMA | 56064000 | 4000500 | **60064500** | 15679500 | **75744000** | 9135 | 0 | **9135** |
| SANOBYASI | 34486500 | 2803500 | **37290000** | 13523000 | **50813000** | 6870 | 0 | **6870** |
| THULOBYASI | 1257000 | 48000 | **1305000** | 156000 | **1461000** | 60 | 0 | **60** |
| MAHAKALI | 462000 | 39000 | **501000** | 109000 | **610000** | 30 | 0 | **30** |
| BEKHAL | 976500 | 58500 | **1035000** | 164500 | **1199500** | 60 | 0 | **60** |
| MULDHOKA | 286500 | 0 | **286500** | 29000 | **315500** | 0 | 0 | **0** |
| KAMALBINAYAK | 1602000 | 48000 | **1650000** | 151000 | **1801000** | 240 | 0 | **240** |
| CHYAMHASINHA | 18759000 | 3033000 | **21792000** | 3084500 | **24876500** | 2550 | 0 | **2550** |
| JAGATI | 478500 | 0 | **478500** | 61500 | **540000** | 30 | 0 | **30** |
| BHELUKHEL | 649500 | 3000 | **652500** | 33000 | **685500** | 135 | 0 | **135** |
| RAMMANDIR | 5704500 | 301500 | **6006000** | 591500 | **6597500** | 750 | 0 | **750** |
| BARAHI | 1188000 | 21000 | **1209000** | 66000 | **1275000** | 150 | 0 | **150** |
| BANSHGOPAL | 414000 | 3000 | **417000** | 40000 | **457000** | 150 | 0 | **150** |
| BHARVACHO | 5103000 | 277500 | **5380500** | 341500 | **5722000** | 630 | 0 | **630** |
| Running | 4500 | 0 | **4500** | 500 | **5000** | 0 | 0 | **0** |
| TOTAL | **127435500** | **10636500** | **138072000** | **34030500** | **172102500** | **20790** | **0** | **20790** |

Gautam Prasad Lasiwa
Tourism Officer

# BHAKTAPUR MUNICIPALITY

## TOURIST RECORD

## ANNUAL 2076/2077

| Post & Centre | N. C. | Voucher (NC) | Dollar ($) | Total | SAARC | G.Total | Remarks |
|---|---|---|---|---|---|---|---|
| KHAUMA | 37376 | 2667 | 609 | **40652** | 31359 | **72011** | |
| SANOBYASI | 22991 | 1869 | 458 | **25318** | 27046 | **52364** | |
| THULOBYASI | 838 | 32 | 4 | **874** | 312 | **1186** | |
| MAHAKALI | 308 | 26 | 2 | **336** | 218 | **554** | |
| BEKHAL | 651 | 39 | 4 | **694** | 329 | **9** | |
| MULDHOKA | 191 | 0 | 0 | **191** | 58 | **249** | |
| KAMALBINAYAK | 1068 | 32 | 16 | **1116** | 302 | **1418** | |
| CHYAMHASINHA | 12506 | 2022 | 170 | **14698** | 6169 | **20867** | |
| JAGATI | 319 | 0 | 2 | **321** | 123 | **444** | |
| BHELUKHEL | 433 | 2 | 9 | **444** | 66 | **510** | |
| RAMMANDIR | 3803 | 201 | 50 | **4054** | 1183 | **5237** | |
| BARAHI | 792 | 14 | 10 | **816** | 132 | **948** | |
| BANSHGOPAL | 276 | 2 | 10 | **288** | 80 | **368** | |
| BHARVACHO | 3402 | 185 | 42 | **3629** | 683 | **4312** | |
| Running | 3 | 0 | 0 | **3** | 1 | **4** | |
| TOTAL | **84957** | **7091** | **1386** | **93434** | **68061** | **161495** | |

| | Non SAARC | | SAARC & China | | Total |
|---|---|---|---|---|---|
| 2076 / 77 | 93434 | 2076 / 77 | 68061 | 2076 / 77 | 161495 |
| 2075 / 76 | 141216 | 2075 / 76 | 117372 | 2075 / 76 | 258588 |
| | -47782 | | -49311 | | -97093 |
| | 33.84% decreased | | 42.01% decreased | | 37.55% decreased |

**Gautam Prasad Lasiwa**
**Tourism Officer**

# BHAKTAPUR MUNICIPALITY
## TOURIST SERVICE CENTRE
## ANNUAL PROGRESS REPORT OF 2076/77

| Particular | No. of Tourist F.Y.076/77 | Income Amount F.Y.076/77 | No. of Tourist F.Y.075/76 | Income Amount F.Y.075/76 | Progress No. of Tourist | Progress Amount | Remarks |
|---|---|---|---|---|---|---|---|
| N.C.<br>Rs.1500 | 84957 | Rs. 127435500 | 128458 | Rs. 192687000 | -43501 | -Rs. 65251500 | |
| NC Voucher<br>Rs.1500 | 7091 | Rs. 10636500 | 10693 | Rs. 16039500 | -3602 | -Rs. 5403000 | |
| Dollar ($)<br>$15 | 1386 | $20,790 | 1964 | $29,460 | -578 | - $ 8670 | |
| Voucher ($)<br>$15 | 0 | $0 | 101 | $1,515 | -101 | - $ 1515 | LUCK DOWN 2076 Chaitra 11 to 2077 Asar 31 |
| Non SAARC Total | 93434 | Rs. 138072000 + $20,790 | 141216 | Rs. 208726500 + $30,975 | -47782 | -Rs. 70654500 + - $ 10185 | Non SAARC 47782 pax decreased (33.84%) |
| SAARC/China<br>Rs.500 | 68061 | Rs.34030500 | 117372 | Rs.58686000 | -49311 | -Rs. 24655500 | SAARC/China 49311pax decreased (42.01%) |
| Total | 161495 | Rs. 172102500 + $20,790 | 258588 | Rs. 267412500 + $30,975 | -97093 | -Rs. 95310000 + - $ 10185 | Total 97093 pax decreased (37.55%) |

Gautam Prasad Lasiwa

Tourism Officer

सम्पादकको पृष्ठ

# सरकारको कार्य उल्टो ?

देशका विभिन्न न.पा. र गा.पा.मा निषेधाज्ञा जारी गरियो, फलानो वडा सील गरियो जस्ता खबर निरन्तर आउन थालेको छ।

यो स्थिति सरकारले चैत ११ गते देशैंभरि जारी गरेको लकडाउन साउन ६ गते मध्यरातदेखि अन्त्य गरेपछि देखिएको छ। लकडाउन जारी हुँदा पनि कोभिड-१९ का सङ्क्रमितहरूको सङ्ख्या बढिरहेको थियो। तर लकडाउन अन्त्यपछि सङ्क्रमितको सङ्ख्यामा झन् वृद्धि भएको स्वास्थ्य मन्त्रालयले नै तथ्याङ्क दिएको छ।

विश्वका विभिन्न देशको अनुभवमा लकडाउनले सङ्क्रमण व्यापक रूपमा फैलनबाट नियन्त्रण गर्न प्रभावकारी भएको छ। नेपालमा पनि लकडाउन प्रभावकारी भएको तथ्याङ्कले पुष्टि गरेको छ। यद्यपि सरकारले महामारी फैलिएका देशहरूबाट ठूलो सङ्ख्यामा नेपालीहरू भित्र्याउँदै गर्दा र लुकीचोरी हुलका हुल भित्रिन थालेपछि लकडाउन अन्त्य गरेको छ। त्यसैको परिणाम सङ्क्रमितको सङ्ख्या बढेको छ, निषेधाज्ञा जारी र सील गरिएको समाचार आएको देखिन्छ। त्यसैले अधिकांश विज्ञहरूले सरकारको कार्यलाई उचित ठानेका छैनन्। महामारी नियन्त्रण भएकोले होइन दबाबमा सरकारले लकडाउन अन्त्य गरेको भन्दै विमति जनाएका छन्, आलोचना गरेका छन्।

हुन पनि देशमा विदेशबाट आएका एकजना सङ्क्रमित निको भएका र अर्को एकजना फेला पर्दा देशैंभरि लकडाउन गर्ने सरकारले साउन ६ गते झन्डै १८ हजार सङ्क्रमित भएको, ४० जनाको मृत्यु भइसकेको र २१ हजारभन्दा बढी क्वारेन्टाइनमा रहेको अवस्थामा लकडाउन अन्त्य गरेर आफ्नै कार्यलाई विवादास्पद बनाएको छ। विश्वका विभिन्न देशमा कोरोना भाइरसको महामारी भएपनि त्यसबेला नेपालमा फैलिएको थिएन। त्यसैले चैत ११ गते देशैंभरि लकडाउन गर्नु लहडी थियो अथवा साउन ६ गतेको घोषणा हचुवा ? सरकार आफैंले पुनर्विचार गर्नुपर्ने देखिन्छ।

त्यसबेला सङ्क्रमण फैलिएको क्षेत्रमा मात्र निषेधाज्ञा र सील गरी अन्यत्र सावधानी अपनाउनु पर्ने र अहिले ७७ वटै जिल्लामा फैलिएको अवस्थामा देशैंभरि लकडाउन गर्नुपर्ने थियो। यहाँ स्थिति र कार्य विपरीत देखिएको धेरैलाई लागेको छ।

लकडाउन अन्त्य गर्नुपर्नाको कारणमा आर्थिक गतिविधिमा नकारात्मक असर परेको बताइएको छ। त्यो स्थिति विश्वभरि नै छ। तर आत्मनिर्भर देशमा भन्दा परनिर्भर देशमा स्थिति जटिल रहेको छ। यो यथार्थलाई आत्मसात् गरी देशलाई आत्मनिर्भर बनाउन सत्तामा बस्ने र जानेहरूले चिन्तन गर्ने आशा सर्वत्र गरिएको छ। तर, ४६ सालको जनआन्दोलनले सत्तामा जाने अवसर पाएका दल र नेताहरू 'कुर्सीको लागि कुकुर झगडा गर्ने' चरित्र र प्रवृत्तिबाट कहिले मुक्त हुने हो ? अज्ञात छ।



भक्तपुर नपाबाट वत्सला मन्दिरको पुन:निर्माण सम्पन्न ।



भक्तपुर नपाबाट उलेख्य जनश्रमदानसहित देशकै अग्लो ङातापोल मन्दिरको जीर्णोद्धार सम्पन्न